विदेशमा फिल्म
'शब्द' अस्ट्रेलियामा लाग्दै । ११



शरदको अलराउन्ड प्रदर्शन
एपीएफ स्तब्ध । १९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipur.ekantipur.com

काठमाडौं, विराटनगर, भरतपुर र नेपालगन्जबाट एकैसाथ प्रकाशित

वर्ष २४ अंक ३२४ काठमाडौं | २९ पुस २०७३ शुक्रबार माघ कृष्णपक्ष प्रतिपदा | नेपाल संवत् ११३७ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, January 13, 2017 | पृष्ठ १२+८+४ | १० रुपैयाँ

गरिबी परिचयपत्र वैशाखबाट

काठमाडौं (कास)- सरकारले ४ लाख परिवारलाई सामाजिक सुरक्षाको प्रबन्ध निर्धारण गरी वैशाखदेखि गरिबी परिचयपत्र दिने भएको छ ।

छानिएका २५ जिल्लाबाट ३ लाख ९५ हजार परिवारले यस्तो सहुलियतयुक्त परिचयपत्र पाउनेछन् । छानिएका घरधुरीभित्र अनुमानित १८ लाख व्यक्ति पर्नेछन् ।

'आयमूलक कार्यक्रम, सीपमूलक योजना, निःशुल्क स्वास्थ्योपचार, शिक्षामा पहुँच र खाद्यान्नको प्रबन्धजस्ता सामाजिक सुरक्षाका विषयमा सहमति जुटेपछि गरिबी पहिचान-पत्र वितरण थालिने सहकारी तथा गरिबी निवारण मन्त्री हृदयराम थानीले बताए । उनले भने, 'सामाजिक सुरक्षा आधार के-कसरी र कुन निकायबाट निर्धारण गर्ने भनेर अन्तिम चरणमा छलफल चलिरहेको छ ।' पहिलो चरणमा सामान्य र पछि विशिष्ट खालको परिचयपत्र वितरण हुने स्रोतले जनायो ।

मानव विकास सूचकांक, प्रतिव्यक्ति आयसहितका आधारमा तथ्यांक विभागले निकालेको गरिब जिल्लाको सूचीलाई पछ्याउँदै गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालयले गरेको पछिल्लो सर्वेक्षणमा बाजुरा जिल्ला गरिबीको सूचीमा सबैभन्दा पछाडि छ । बाजुरामा ६४ प्रतिशत बासिन्दा गरिबीको रेखामुनि छन् । बाजुरापछिको गरिबी सूचकांकमा कालीकोट (५७ दशमलव ९), बझाङ (५६ दशमलव ८), हुम्ला (५६), जुम्ला (४९), अछाम (४७ दशमलव २), मुगु (४७ दशमलव १) र डोल्पा (४२ दशमलव ८) रहेका छन् । मधेसको सिरहामा ३४ दशमलव ६ र रौतहटमा ३३ दशमलव ४ प्रतिशत नागरिक गरिबीको रेखामुनि छन् ।



श्री स्वस्थानी व्रतको पहिलो दिन बिहीबार शालीनदीमा स्नान गर्ने क्रममा हिन्दु नारीहरू । हरेक वर्षको पौष पूर्णिमादेखि माघ पूर्णिमासम्म शालीनदीमा नुहाउनेको भीड लाग्ने गर्छ । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

सरकारी खातामा २ खर्ब, बजारमा चरम अभाव

यही अवस्था कायम रहे अर्थतन्त्रमा ठूलो समस्या आउँछ
– अनिल शाह, अध्यक्ष, बैंकर्स संघ

■ यज्ञ बज्राचार्य



काठमाडौं- सरकारी खातामा अहिले करिब २ खर्ब रुपैयाँ थन्किएको छ । वित्तीय प्रणालीमा भने लगानी गर्ने रकमको चर्को अभाव छ ।

चालु आर्थिक वर्षमा २ खर्ब ८ अर्ब रुपैयाँ पुँजीगत खर्चने लक्ष्य भए पनि बुधबारसम्म १०.७३ प्रतिशत मात्र खर्च भएको छ । आर्थिक वर्षको आधा समय सकिँदा पनि करिब ८९ प्रतिशत विकास त्यत्तिकै थन्किएको छ । लगानी गर्ने रकमको नभएपछि बैंकहरूले सरकारलाई खर्च बढाउन आग्रह गरेका छन् । पुस मसान्त आयकरको पहिलो किस्ता बुझाउने समय भएकाले बजारबाट थप ४० देखि ४५ अर्ब रुपैयाँ सरकारको ढुकुटीमा जाने भएपछि वित्तीय संस्थाहरू थप आत्तिएका हुन् । ब्याज बढाएर सर्वसाधारणको निक्षेप तान्ने र राष्ट्र बैंकबाट रिपोमार्फत ऋण लिँदा पनि पर्याप्त रकम नभएपछि वित्तीय क्षेत्रको यस्तो हालत भएको हो । सरकारले खर्च नबढाएसम्म बैंकहरू ऋण प्रवाहमा कटौती गर्ने अनौपचारिक सहमतिमा पुगिसकेका छन् ।

बैंकर्स संघका अध्यक्ष अनिल शाहले भने, 'सरकारले खर्च बढाउनुपर्‍यो । यदि खर्च बढाउन सकिँदैन भने राष्ट्र बैंकले सरकारी सुरक्षण धितो राखेर भए पनि हामीलाई रकम दिनुपर्‍यो । नत्र हामीसँग ऋण लगानी कम गर्नुको विकल्प छैन ।' संघले सुरक्षण (ट्रेजरी बिल्स लगायत) धितो राखेर पुनर्कर्जा सुविधा दिन आग्रह नै गरिसकेको छ । पैसा नभएकै कारण ऋण दिन नसक्ने अवस्था आएपछि आउँदो साउनसम्मका लागि पुनर्कर्जामार्फत रकम माग गरिएको संघका कार्यकारी सदस्य भुवन दाहालले बताए । 'यसरी आएको रकम रियल इस्टेट, मार्जिन लेन्डिङ, निजी सवारी साधन खरिदलगायत अनुत्पादक क्षेत्रमा प्रवाह नगर्ने प्रतिबद्धता जनाएका छौं,' उनले भने, 'मागमा राष्ट्र बैंक सकारात्मक छ ।'

लगानीयोग्य रकम (तरलता) कमी भएपछि अधिकांश बैंकहरू ऋण दिन असक्षम भएका छन् । अपेक्षित रूपमा सरकारी खर्च हुन नसक्दा बजारमा रकम अभाव भएको हो । निक्षेप संकलनको तुलनामा कर्जा प्रवाह दर बढी भएको, बैंकहरूले जथाभावी ऋण लगानी गरेको लगायत कारणले गर्दा पनि बैंकहरूसँग रकमको कमी छ ।

यसपटक वित्तीय बजारमा विगतभन्दा भिन्दैखाले समस्या देखिएको छ । ठूला करिब ५ बैंकमा यो समस्या देखिँदैन । यस्ता बैंकबाट ऋण लिँदा तिर्नुपर्ने ब्याज ४ प्रतिशत नजिक पुगेको बैंकर बताउँछन् । राष्ट्र बैंकले जारी गरेको रिपोको पनि माग कम छ । केन्द्रीय बैंक राष्ट्र ऋण व्यवस्थापन विभाग प्रमुख त्रिलोचन पंगेनीका अनुसार वित्तीय क्षेत्रमा चाहिनेभन्दा करिब एक अर्ब ८३ करोड रुपैयाँ बढी छ । तर संघका पूर्वअध्यक्ष उपेन्द्र पौड्याल भने राष्ट्र बैंकको तथ्यांकमा कम देखिए पनि बजारमा ऋण दिन सक्ने रकम भने नभएको बताउँछन् । करिब ८० प्रतिशत बैंकहरू तरलताको चरम अभाव भोगिरहेका छन् । यो विगतभन्दा फरक प्रवृत्ति हो । तरलता अभाव हुँदा साधारणतया अन्तर बैंक दर अकासिन्छ भने रिपोको अत्यधिक माग हुन्छ । ठूला बैंकहरूसँग दीर्घकालीन निक्षेपको स्रोत भए पनि अन्य बैंकलाई बजारमा पर्याप्त रकम नहुँदा समस्या भएको छ ।

बाँकी पृष्ठ ८ ▸▸

गजब छ बा !

– अविन –



...भने'सि अब 'पुनरावलोकन दिवस'मा नि बिदा पाइने भो, हैन त मासांप ?!

NMB BANK एनएमबि बैंक
१७० दिन ८.२५%
८०% ओभरड्राफ्ट
टोल फ्रि नं. १६६०० १२५२५२

शीतल निवासमा राजनीतिक छलफल

निर्वाचनको 'अन्तिम तयारी'

कान्तिपुर संवाददाता



काठमाडौं- प्रधानमन्त्री पुष्पकमल दाहालले सरकार चुनाव घोषणाको अन्तिम तयारीमा रहेकाले प्रमुख प्रतिपक्षी दलको साथ चाहिएको बताएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमुख ३ दलका शीर्ष नेतालाई बिहीबार बोलाएको 'डिनर वार्ता'मा दाहालले स्थानीय तहको चुनावको गृहकार्यमा सरकार रहेको बताएका हुन् ।

प्रमुख विपक्षी दलका नेता एवं एमाले अध्यक्ष केपी ओलीले भने आफूहरूले सुरुदेखि नै चुनावको माग गरे पनि सत्तारूढ गठबन्धनले नै वातावरण बिगारेको दाबी गरेका थिए । राष्ट्रपति भण्डारीले प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष ओलीलाई साँझ साढे पाँच बजे शीतल निवास बोलाएकी थिइन् । सरकारले अघि बढाएको संविधान संशोधन विधेयक, स्थानीय चुनाव, लोकमान प्रकरणलगायतमा ३ प्रमुख नेतावीच छलफल भएको स्रोतले बतायो । राष्ट्रपति भण्डारीको मुख्य चासो चुनावमार्फत संविधान कार्यान्वयन कसरी हुन सक्छ भन्नेमै केन्द्रित थियो । प्रधानमन्त्री दाहालले एक साताभित्रै चुनाव मिति घोषणा गर्ने पक्षमा सरकार रहेको बताएका थिए । उनले त्यसको वातावरण बनाउन संशोधन विधेयकमा समर्थन गरिदिन ओलीसमक्ष आग्रहसमेत गरेका थिए । देउवाले पनि विधेयकलाई समर्थन गर्न ओलीलाई आग्रह गरेका थिए । ओलीले भने चुनावका लागि संशोधन विधेयक अघि सार्ने नपर्ने भन्दै अन्य सहयोग हुने बताएको स्रोतले जानकारी दियो ।



'सरकारकै कारण ढिलो'

'तपाईंहरू संविधान कार्यान्वयनलाई अलमल्याउन थोरै सिट भएका मोर्चाको पछि धेरै लाग्नुभयो । यति धेरै जनप्रतिनिधि भएको एमालेसहितका विपक्षीलाई सहमत गराउनतिर लाग्नुभएन,' चुनावी ढिलाइमा सरकारकै कमजोरी रहेको औंल्याउँदै ओलीले भने, 'जतिसक्दो चाँडो चुनावी प्रस्ताव ल्याउनुहोस् । हाम्रो साथ हुनेछ ।' दाहालले शुक्रबारै व्यवस्थापिका संसद्मा चुनावसम्बन्धी विधेयक पास गर्ने तयारी रहेको बताएका थिए ।

स्रोतका अनुसार शीर्ष नेताको संवादमा सर्वोच्च अदालतले हटाएका अख्तियार प्रमुख लोकमानसिंह कार्कीको प्रसंगसमेत उठेको थियो । दाहालले जनप्रतिनिधिहरूकै संस्था संसद्बाट लोकमानलाई महाअभियोग प्रस्ताव पारित गर्नुपर्नेमा दलहरू चुकेको बताएका थिए । 'अदालतले हटाइदियो राम्रो भयो, तर, संसद्बाटै महाअभियोग लगाउनुपर्थ्यो,' उनले भने । ओलीले भने अहिले आएर यस्तो भन्नुको तुक नरहेको बताएका थिए ।

देउवाले विधेयकमा अलमल गर्नु चुनावमा ढिलाइ हुनु हो भन्दै ओलीको ध्यानाकर्षण गराएको स्रोतले बतायो । प्रधानमन्त्री दाहालका प्रेस सल्लाहकार गोविन्द आचार्यले राष्ट्रपति भण्डारीले ३ दलका शीर्ष नेतालाई समसामयिक राजनीतिक विषयमा छलफल गर्न बोलाएको बताए । यसैबीच राष्ट्रपति भण्डारीले कान्छी छोरीको यही माघ ३ गते हुने बिहेमा उपस्थित भइदिन शीर्ष नेतृत्वलाई निम्तोसमेत गरेकी छन् । भण्डारीकी छोरी निशाकुसुमको विहे प्रथम राष्ट्रपति रामवरण यादवका नाति अभिषेकसँग हुन लागेको हो । उनीहरूको शीतल निवासमै टीकाटालो भएको थियो । अभिषेक पूर्वराष्ट्रपति यादवकी भतिजी एवं महोत्तरीबाट निर्वाचित सांसद किरण यादवका छोरा हुन् । अभिषेक र निशाकुसुम स्कुलदेखिकै सहपाठी हुन् ।



चुनावबारे छलफल गर्न मोर्चालाई बोलाइयो

कान्तिपुर संवाददाता

काठमाडौं- सरकारले माघ पहिलो साता स्थानीय चुनाव घोषणा गर्ने संकेत पाएपछि मधेसी मोर्चाभित्र यसको बहस सुरु भएको छ। एक साताअघि स्थानीय तह पुनःसंरचना आयोग प्रतिवेदन बुझेका प्रधानमन्त्री पुष्पकमल दाहालले त्यसैका आधारमा चुनाव घोषणा गर्ने गरी मोर्चा प्रतिनिधिलाई छनक दिएका छन्। दाहालले संविधान संशोधन विधेयक र स्थानीय निर्वाचनबारे छलफल गर्न शुक्रबार बिहान ९ बजे बालुवाटारमा बैठक बोलाएको मोर्चा नेताहरूले बताए।

'संशोधन विधेयक हाम्रो परिमार्जनसहित पारित नहुँदासम्म कुनै पनि निर्वाचन हुन सक्दैन भन्ने हाम्रो अडान यथावत् छ,' संघीय समाजवादी फोरम अध्यक्ष उपेन्द्र यादवले भने, 'मोर्चाको यो अडान भोलि पनि प्रधानमन्त्रीसँगको बैठकमा राख्छौं।'

तमलोपा अध्यक्ष महन्थ ठाकुरले बैठकमा संविधान संशोधन विधेयक र स्थानीय निर्वाचनबारे छलफल हुने जानकारी दिए। 'पुनःसंरचना आयोगको प्रतिवेदनमा हाम्रो असहमति छ भनी यसअघि नै उहाँ (दाहाल) लाई भनिसकेका छौं, उहाँले हाम्रो फरक मत विचारणीय छ भन्नुभएको छ,' ठाकुरले भने, 'प्रदेशको मातहतमा स्थानीय तह, जनसंख्याको अनुपातमा क्षेत्र निर्धारण र निर्वाचनको मोडालिटीबारे हामी धारणा बनाउँछौं।'

प्रधानमन्त्रीका मुख्य राजनीतिक सल्लाहकार चन्द्रप्रकाश खनालले माघ पहिलो साताभित्र चुनाव घोषणा भइसक्ने बिहीबारै एक कार्यक्रममार्फत बताएका छन्। उनले जेठ दोस्रो साताभित्र चुनाव गर्ने गरी घोषणा हुन लागेको सरकारी तयारी खुलाए। स्रोतका अनुसार अनौपचारिक सूत्रमार्फत मोर्चा नेतालाई यसबारे जानकारी दिइसकिएको छ।

ठाकुरले संशोधन विधेयकले निष्कर्ष पाएपछि तीनै तहको चुनावको स्वामित्व लिन सकिने बताएका छन्। अहिलेको संरचनामा जाँदा मधेसीको प्रतिनिधित्व कम हुन जाने भन्दै उनले सुरुमै ध्यानाकर्षण गराउन चाहेको बताए। 'स्थानीय तहको निर्वाचन पनि संविधानसँगै जोडिएको विषय हो, किनकि स्थानीय तहका निर्वाचित प्रतिनिधि राष्ट्रपति चुनावमा समेत मत दिन पाउँछन्, हामी एकैपटक यी विषय सम्बोधन होस् भन्ने चाहन्छौं,' ठाकुरले भने, 'त्यसैले हाम्रो प्राथमिकतामा संशोधन विधेयक नै छ।'

सरकारमा जाँदैनौं : फोरम लोकतान्त्रिक विजयकुमार गच्छदार नेतृत्वको मधेसी जनअधिकार फोरम लोकतान्त्रिक सरकारमा जाने चर्चा चलिरहेका बेला उच्च नेताहरूले भने त्यसको खण्डन गरेका छन्। प्रधानमन्त्रीनिकट स्रोतले गच्छदार उपप्रधानमन्त्रीसहित सञ्चार वा अरू कुनै मन्त्रालय पाउन सक्ने भनी दाबी गरेको भन्दै सञ्चार माध्यममा सार्वजनिक भए पनि पार्टी नेताहरूले त्यस्तो सम्भावना नै नरहेको जिकिर गरे।

'यो सरकार कति दिनसम्म हो भन्ने प्रस्ट छैन, यस्तो बुझीबुझी अन्तिम समयतिर किन जाने?' फोरम लोकतान्त्रिकका एक नेताले भने, 'सरकार गठन गर्ने बेला हामीसँग प्रधानमन्त्री प्रचण्डले सोध्नुभएको थियो, तर शेरबहादुर देउवा अपमानित ढंगले प्रस्तुत भएपछि हामीले त्यसमा मतलब गरेनौं।'

फोरम लोकतान्त्रिक महासचिव रामजनम चौधरीले पनि संविधान संशोधनलगायत विषयमा राजनीतिक सहमति जुटाउनुपर्ने पार्टीको प्राथमिकता रहे पनि सत्तारोहणसँग त्यसको सम्बन्ध नभएको दाबी गरे। 'हामी सरकारमा जाने भए सुरुमै जान्थ्यौं, यो बेला होइन,' उनले भने। कसैले चर्चा गऱ्यो होला, तर पार्टी यो बेला आएर सरकारमा नजाने भन्नेमा प्रस्ट छ।'

दाहाल यूएई जाँदै



काठमाडौं (कास)- प्रधानमन्त्री पुष्पकमल दाहाल ऊर्जा भविष्यबारे विश्व सम्मेलनमा भाग लिन शनिबार युनाइटेड अरब इमिरेट्स (यूएई) जाने भएका छन्। प्रतिपक्षी दलहरूको लामो अवरोधपछि संविधान संशोधन विधेयक संसद्मा प्रस्तुत भएका बेला उनी चार दिनका लागि त्यता जान लागेका हुन्। प्रस्ताव संसद्मा प्रस्तुत भए पनि पास गराउन आवश्यक संसदको दुई तिहाइ बहुमत सत्तापक्षसँग छैन। प्रस्तावका पक्षमा सहमति वा आवश्यक बहुमत जुटाउने दायित्व प्रधानमन्त्री र सत्तारूढ दलहरूको हो।

दाहाल सहभागी हुन लागेको सम्मेलनमा कुनै पनि देशका प्रधानमन्त्री वा राष्ट्रपति/राष्ट्रप्रमुख सहभागी हुने सूची यूएईको आधिकारिक वेबसाइटमा उल्लेख छैन। सम्मेलनमा ऊर्जामन्त्री जनार्दन शर्मा पनि सहभागी हुँदै छन्। तर, वेबसाइटमा उनको नाम पनि वक्ता सूचीमा छैन। परराष्ट्र मन्त्रालयका अनुसार दाहाललाई सम्मेलनमा मुख्य वक्ताका रूपमा निम्त्याइएको छ। यूएईका युवराज शेख मोहम्मद विन जायद अल नाह्येनले दाहाललाई यो सम्मेलनमा सहभागी हुन निम्तो गरेका थिए।

प्रधानमन्त्री दाहालसँग १३ सदस्यीय टोली रहनेछ भने ऊर्जा मन्त्रालयको अर्को छुट्टै टोली पनि हुनेछ। परराष्ट्र मन्त्रालयले यसै वर्ष यूएईले नेपालमा दूतावास स्थापना गरेको र दूतावास उद्घाटनका लागि त्यहाँका विदेश मन्त्रीले नेपाल भ्रमण गरेकाले प्रधानमन्त्रीलाई जान सुझाएको बताइएको छ। 'यो भ्रमणमा उच्चस्तरको सहभागिता रहन्छ र महत्त्वपूर्ण छ भन्ने परराष्ट्र मन्त्रालयको सल्लाह र राय रहेकाले प्रधानमन्त्री जान लाग्नुभएको हो,' प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले भने।

सम्मेलनमा छिमेकी भारतबाट उक्त सम्मेलनमा नवीकरणीय ऊर्जामन्त्री पीयूष गोयल सहभागी हुने भएका छन्। ऊर्जा सम्मेलनका आलावा नेपालीको ठूलो संख्या यूएईमा भएकाले पनि दुईपक्षीय भ्रमण आवश्यक भएर दाहाल जान लागेको परराष्ट्र मन्त्रालयलका अधिकारी बताउँछन्। दाहालले सोमबार सम्मेलनमा सम्बोधन गर्नेछन्। सम्बोधनको भोलिपल्ट काठमाडौं फर्कने तालिका छ।

सरकारी छात्रवृत्ति दूतावासबाटै

मकर श्रेष्ठ

काठमाडौं- बंगलादेश सरकारले नेपाल सरकारलाई उपलब्ध गराएको एमबीबीएस अध्ययनको छात्रवृत्ति कोटामा बंगलादेशी दूतावास आफैंले छनोट गरेर पठाउने तयारी गरेको छ। बंगलादेश सरकार र नेपाल सरकारबीच भएको सम्झौताबमोजिम दूतावासले बाँड्ने छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको छनोट शिक्षा मन्त्रालयले गर्नुपर्थ्यो।

दूतावासले यस वर्ष छनोट गरेका १३ जना विद्यार्थीले अध्ययन अनुमति पत्रका लागि मेडिकल काउन्सिलमा निवेदन दिइसकेका छन्। परराष्ट्र मन्त्रालयले गत वर्ष माघ २१ को मन्त्रीस्तरीय निर्णय गरेर बंगलादेशी दूतावासले छनोट गरिसकेका विद्यार्थीलाई 'यस वर्षका लागि मात्रै' अध्ययन अनुमति पत्र दिने भनिएको थियो। यही पत्रको आधारमा शिक्षा मन्त्रालयले पनि गत माघ २५ मा दूतावासले छनोट गरेका विद्यार्थीलाई मेडिकल काउन्सिलबाट एमबीबीएस अध्ययन गर्न योग्य भएको पत्र (इलिजिबिलिटी सर्टिफिकेट) का आधारमा 'एक पटकका लागि मात्रै नो अब्जेक्सन सर्टिफिकेट' उपलब्ध गराउने मन्त्रीस्तरीय निर्णय गरेको थियो। त्यस्तै नेपाल सरकारलाई प्रदान गरिएको छात्रवृत्ति कोटा उपलब्ध गराउन परराष्ट्र मन्त्रालयमार्फत माग गरेको थियो।

यस वर्षदेखि दूतावासले छनोट गरेका विद्यार्थीलाई अध्ययन अनुमति पत्र नदिने निर्णयको जानकारी शिक्षालेपरराष्ट्र मन्त्रालयमार्फत बंगलादेशी दूतावासलाई पनि दिइसकेको छ। यो निर्णयको बेवास्ता गर्दै दूतावासले यस वर्ष पनि १३ जना विद्यार्थी छनोट गरिसकेको पाइएको मेडिकल काउन्सिलले जनाएको छ। दूतावासका अधिकारीहरूले मेरिटकै आधारमा विद्यार्थी छनोट हुने बताएका छन्। 'हामीले दिने कोटा हो। ढाकाले मेरिटको आधारमा छान्ने गरेको छ,' एक अधिकारीले भने। काउन्सिल स्रोतका अनुसार दूतावासले छनोट गरेका विद्यार्थीले एलिजिबिलिटी सर्टिफिकेट लिन मेडिकल काउन्सिलमा पेस गरेको अफर लेटरमा सार्क कोटा बंगलादेश दूतावास भन्ने उल्लेख छ।

गत वर्ष शिक्षा मन्त्रालयको निर्णयलाई आधार मानेर काउन्सिलले एलिजिबिलिटी



सर्टिफिकेट दिएको छैन। काउन्सिलले थप स्पष्ट पारिदिन भन्दै मन्त्रालयलाई बुधबार पत्र समेत पठाएको छ। मन्त्रालयले काउन्सिलको पत्रको जवाफ पठाएको छैन। 'छात्रवृत्तिमा अध्ययन गर्न विदेश जाने विद्यार्थी शिक्षा मन्त्रालयले छनोट गरेर मात्रै पठाउनुपर्छ,' शिक्षा मन्त्रालयको उच्च तथा प्राविधिक शिक्षा महाशाखा प्रमुख सूर्यप्रसाद गौतमले भने, 'सरकारका नाममा आएको सबै छात्रवृत्तिलाई 'सिस्टम' बाट पठाउने व्यवस्था गर्न परराष्ट्र मन्त्रालयसँग सहकार्यको प्रक्रिया अघि बढाइसकेका छौं।' परराष्ट्रले पनि बंगलादेश सरकारद्वारा नेपाली विद्यार्थीका लागि छुट्याएको छात्रवृत्ति कोटा नेपालको सरकारी संयन्त्रमार्फत कार्यान्वयन गराउन कूटनीतिक पहल गर्न प्राथमिकतामा राख्ने गत वर्ष नै निर्णय गरिसकेको छ। परराष्ट्रले माघ २१ मा मन्त्रीस्तरीय निर्णय गरेर दूतावासले छनोट गरेको विद्यार्थी त्यस वर्षदेखि अध्ययन अनुमति पत्र जारी नगर्न शिक्षा मन्त्रालयलाई राय दिएको थियो। परराष्ट्र मन्त्रालयले बंगलादेशको सरकारी मेडिकल कलेजमा जान शिक्षा मन्त्रालयबाट छनोट भएका विद्यार्थी मात्र पठाउन सकिने ०७० वैशाखमा निर्णय गरेको थियो।

मेडिकल काउन्सिलका एक सदस्यले शिक्षा र परराष्ट्र मन्त्रालयको लाचारीको फाइदा उठाउँदै नेपालमा रहेका दूतावासहरूले आफू अनुकूलका व्यक्तिलाई छात्रवृत्ति बाँडिरहेको बताए। पाकिस्तान र इजिप्टले अहिले शिक्षा मन्त्रालयले छनोट गरेका विद्यार्थीलाई एमबीबीएस अध्ययनमा पठाउने गरेका छन्। नेपाल सरकारको नाममा आएको छात्रवृत्ति आफैं बाँड्नेमा बंगलादेश, श्रीलंका, भारत, दक्षिण कोरिया लगायतका दूतावास छन्।

मधेस आन्दोलनका ६ सय उजुरी



काठमाडौं (कास)- मधेस आन्दोलनमा भएका हिंसात्मक घटनाका सम्बन्धमा उजुरी पर्ने क्रम बढेको छ। उच्चस्तरीय जाँचबुझ आयोगका अध्यक्ष गिरीशचन्द्र लालले बिहीबारसम्म ६ सय ३ उजुरी प्राप्त भएको जानकारी दिए। जिल्लास्थित सम्पर्कस्थल, आयोगमा सिधा र अनलाइनमार्फत ती उजुरी संकलन भएका हुन्।

आयोगले माघ २ सम्म उजुरी लिनेछ। आयोगले उजुरी दर्ताका लागि मंसिर १६ गतेबाट एक महिनाको अवधि तोकेकामा पछि १५ दिन थप गरेको हो। आयोगका अनुसार हत्या, कुटपिट, तोडफोड, आगजनी र लुटपाटका घटना जोडिएका उजुरी परेका छन्। त्यसमा राज्य पक्षबाट बढी बल प्रयोग भएको र दमन भएको सन्दर्भका उजुरी उल्लेख्य छन्। 'सबभन्दा बढी कैलालीको टीकापुरबाट आएको छ,' अध्यक्ष लालले भने, 'एकै दिन १ सय ३० उजुरी त्यहाँबाट आएको हो। त्यहाँबाट उजुरीको संख्या डेढ सय नाघेको छ।' उजुरीकर्ताहरू अधिकांश थारू समुदायका छन्। उनीहरूले झूटा मुद्दा लगाएर फसाइएको, राज्यबाट दमन गरिएको जस्ता आरोपमा अनुसन्धान चाहेका छन्।

गत वर्ष भदौ ८ मा थारू समुदायको आन्दोलनका क्रममा हिंसा भडकेर नेपाल प्रहरीका एसएसपीसहित आठ सुरक्षाकर्मी र एक बालकको त्यहाँ ज्यान गएको थियो। त्यसपछि लामो अवधि त्यहाँ कर्फ्यु लगाइएको र त्यसक्रममा प्रहरीले थारू समुदायसँग ज्यादती गरेको आरोप छ। टीकापुरपछि मोरङबाट आएका उजुरीको संख्या एक सय हाराहारी छ। त्यसपछि रूपन्देही, बारा र पर्साबाट उजुरीको संख्या बढी छन्।

सञ्चारकर्मीमाथि प्रहरीबाट भएका आक्रमणको पनि कतिपय उजुरी आयोगमा परेको छ। आफ्नो पार्टी कार्यालयमा आन्दोलनकारी पक्षबाट तोडफोड र आगजनी भएको भन्दै पर्सा एमालेले उजुरी गरेको छ। आयोग स्रोतका अनुसार बाराका कांग्रेस नेता फरमुल्लाह मन्सुर र पर्साका एमाले नेता राजकुमार गुप्ताले पनि आफ्नो घरमा आन्दोलनकारी पक्षबाट आक्रमण र लुटपाट भएको भन्दै उजुरी गरेका छन्। आन्दोलनकारी संयुक्त लोकतान्त्रिक मधेसी मोर्चालाई आरोपित बनाएर पनि उजुरीहरू आएको अध्यक्ष लालले जनाए। सवारी साधन तथा पसलमा तोडफोड आगजनीजस्ता घटना आन्दोलनकारीबाट भएको भन्दै उजुरी परेका छन्।

टीकापुरका एक उजुरीकर्ताले आरोपितमा कांग्रेस नेता शेरबहादुर देउवा, रमेश लेखक र एमाले नेता भीम रावलसमेतलाई मुछेका छन्। पीडित सर्वसाधारणदेखि आन्दोलनकारी पक्षले समेत आयोगमा घटना र क्षति विवरणसहितको उजुरी दिए पनि सरकारी पक्षबाट भने हालसम्म कुनै उजुरी वा जानकारी आयोगमा आएको छैन।

अध्यक्ष लालले सार्वजनिक सम्पत्ति हानिनोक्सानीबारे कुनै पनि उजुरी नआएको बताए। टीकापुरबाट ठूलो संख्यामा उजुरी परे पनि त्यसमा मारिएका प्रहरी परिवारका तर्फबाट वा सम्बन्धित निकायबाट कुनै पनि उजुरी छैनन्। महोत्तरीमा पनि प्रहरीको हत्या भएको थियो। तर, त्यसको पनि कुनै उजुरी छैन। राष्ट्रिय मानव अधिकार आयोगको जिपमा गरिएको आगजनी घटनाबारे पनि जाँचबुझ आयोगमा जानकारी दिइएको छैन।

सुन प्रकरणमा दुई अधिकृत पक्राउ

काठमाडौं (कास)- त्रिभुवन विमानस्थल भन्सार हुँदै गत बिहीबार बाहिरिएको ३३ किलो अवैध सुन तस्करीमा संलग्न भएको आशंकामा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले दुई भन्सार अधिकृतलाई पक्राउ गरेको छ। विमानस्थलमा कार्यरत भन्सार अधिकृत श्रीनारायण यादव र राजकुमार ढकाल बिहीबार पक्राउ परेका हुन्। त्यही प्रकरणमा यसअघि पाँच जना पक्राउ परेका थिए।

स्रोतका अनुसार यादव र ढकालले तस्करीको सुनलाई भन्सार बाहिर पुऱ्याउन सहयोगी भूमिका खेलेको देखिएको छ। आठ वर्षभन्दा लामो समयदेखि विमानस्थलमा कार्यरत यादव तथ्यांक अधिकृत हुन् भने प्राविधिक कर्मचारी ढकाल करारमा नियुक्त हुन्। यसअघि प्रहरीले यूएईबाट सुन लिएर आएका गोपालबहादुर शाही र सुन लिन आएका दीनबन्धु थापा र सन्तोष काफ्लेलाई पक्राउ गरिसकेको छ। उनीहरूकै बयानका आधारमा प्रहरीले मंगलबार राति काभ्रेको पनौतीबाट थप दुई सुनका 'रिसिभर' लाई पक्राउ गरेको थियो। काभ्रे चलाल गणेशस्थान घर भई दरबारमार्गमा रोधी घर सञ्चालन गरेर बस्ने रामहरि कार्कीसहित अर्का एक पक्राउ गरे पनि त्यसबारे प्रहरीले सूचना गोप्य राखेको छ। स्रोतले दुई भन्सार अधिकृतको पक्राउपछि तस्करीको घटनामा भन्सार अधिकारीको मिलेमतोतर्फ औंला सोझिएको दाबी गरेको छ।

भन्सार पास भएर आएको सुन बरामदको भोलिपल्ट अर्थात् २२ गते भन्सार विभागले पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो। भन्सार विभागका उपमहानिर्देशक सुमन दाहालको संयोजकत्वमा गठित समितिलाई दस दिनभित्र छानबिन सकेर प्रतिवेदन बुझाउने जिम्मा दिइएको छ। विभागले गत शुक्रबार विमानस्थल भन्सारमा कार्यरत २९ जनालाई जिम्मेवारीविहीन गरेको थियो भने त्यसको भोलिपल्टै थप ९ कर्मचारीलाई जिम्मेवारीविहीन बनाएको छ। भन्सार विभागका महानिर्देशक शिशिर ढुंगानाका अनुसार घटनाको दिन एक्सरे विभागमा काम गर्ने स्थायी प्राविधिक कर्मचारी प्रद्युम्नहरि श्रेष्ठ र श्याम श्रेष्ठसहित अन्य चार अस्थायी कर्मचारीलाई निलम्बन गरिएको छ। विमानस्थलमा भन्सार विभागका अस्थायी र स्थायी गरी करिब १ सय ५० कर्मचारी कार्यरत छन्।

समितिले अहिले विमानस्थलको भन्सार शाखाको एक महिनाको सीसीटीभी फुटेज ल्याएर अनुसन्धान थालेको छ भने केही कर्मचारीको बयान पनि लिइरहेको छ। समितिका संयोजक उपमहानिर्देशक दाहालले समितिले प्रशासनिक रूपमा भएका त्रुटि मात्रै पत्ता लगाउने स्पष्ट पारे। 'त्यो दिन को-को ड्युटीमा थिए? तिनीहरूले आफ्नो जिम्मेवारी राम्ररी निर्वाह गरे कि गरेनन् भन्ने प्रश्नमा हाम्रो अनुसन्धान केन्द्रित हुनेछ,' दाहालले भने, 'यो प्रशासनिक अडिट मात्रै हो।' दाहालले त्यस दिन ड्युटीमा नभएका कर्मचारी पनि कार्यस्थलमा खटिएका थिए भन्ने कुरा सुनिएको भन्दै त्यसबारे पनि बुझिरहेको बताए।



छानबिन समितिले दुईपटक स्थलगत अध्ययन नै गरेर तथ्यको संकलन गरिरहेको छ। दाहालका अनुसार प्लेनको ढोका खुलेपछि यात्रुले टेक्ने भन्याङ क्षेत्रको जिम्मेवारी वायुसेवा निगमका कर्मचारीको मातहतमा हुन्छ भने, जमिनमा यात्रुले टेकेपछिको जिम्मेवारी नागरिक उड्डयन प्राधिकरणको। त्यस्तै लगेज ओसार्ने जिम्मेवारी निगम कर्मचारीको हुन्छ। 'प्रत्येक पाइलामा फरक-फरक निकायको कार्यक्षेत्र पर्छ र भूमिका पनि तिनैको हुन्छ,' उनले भने, 'पूरै तथ्य बुझ्न विमानस्थलमा कार्यरत सबै निकायको सहभागितामै अनुसन्धान गर्नुपर्छ।'

बुधबार बसेको संसदको अर्थ समितिको बैठकले विमानस्थलमा हुने राजस्व चुहावट र सुन तस्करीबारे छानबिन तथा जाँचबुझ गर्न अधिकार सम्पन्न समिति गठन गर्न निर्देशन दिएको थियो।

मालपोतका दुई कर्मचारी निलम्बित

ललितपुर (कास)- भूमिसुधार तथा व्यवस्था विभागले जिल्ला मालपोत कार्यालय ललितपुरका अधिकृत लोकप्रसाद रेग्मी र नासु चन्द्रमणि पोखरेललाई निलम्बन गरेको छ। न्यूनतम मूल्यांकनअनुसार रजिस्ट्रेसन र पुँजीगत लाभकर दस्तुर असुलउपरमा कैफियत भेटिएको भन्दै उनीहरूलाई निलम्बन गरिएको हो।

भूमिसुधार मन्त्रालय र विभागका अधिकारीले बिहीबार जिल्ला मालपोत कार्यालयमा छडके जाँच गरेका थिए। बिचौलिया र कर्मचारीको मिलेमतोमा व्यापक लाभकर छलीलगायत अनियमितता भइरहेको उजुरी परेपछि मन्त्रालय र विभागका अधिकारीले छडके गरेका हुन्।

भूमिसुधार विभागका महानिर्देशक टीकाराम घिमिरेले अन्य कार्यालयमा पनि छानबिन गर्न उपसचिवको नेतृत्वमा ५ वटा टोली गठन गरिएको बताए। 'टोलीलाई १५ दिनभित्र छानबिन प्रतिवेदन पेस गर्न निर्देशन दिएका छौं,' उनले भने, 'ललितपुरमा थप निरीक्षण गर्न केही कर्मचारी छाडेका छौं।'

मन्त्रालय र विभागको टोलीले दिनभर कार्यालयका अधिकृत, नासुस्तरका कर्मचारीलाई सँगै राखेर फाइल जाँच गरेको थियो। सेवाग्राहीले मन्त्रालयस्तरीय छडके स्वागतयोग्य भएको बताएका छन्। मालपोतमा भेटिएका सेवाग्राहीले यस्तो छडके नियमित हुनुपर्ने बताए। 'यस्तो जाँच अन्य कार्यालयमा पनि गर्नुपर्छ,' मालपोतमा भेटिएका एक व्यक्तिले भने। कार्यालयको हेल्प डेस्कमा प्रायः कर्मचारी नदेखिने र बिचौलियामार्फत जुनसुकै काम पनि सहज हुने र आफैं गए २/४ दिन लगाइदिनेजस्ता गुनासा सेवाग्राहीका छन्।

कार्यालयमा एउटै फाँटबाट पास गर्नुपर्ने लिखत भिन्नाभिन्नैबाट गर्ने, न्यूनतम मूल्यभन्दा घटी राखी जग्गा किनबेच गराउने, जग्गाको वर्गअनुसार मूल्य नराखी पारित गर्ने, एकै व्यक्तिको जग्गा कित्ताकाट गरी एक दिनमा एक कित्ता जग्गाका दरले २/४ दिन लगाएर जग्गा बिक्री गरी दैनिक एक लाखभन्दा बढी राजस्व छली गरिरहेको स्रोतको दाबी छ। कार्यालयले एकै व्यक्तिले आर्थिक वर्षमा कति कारोबार गरेको रेकर्ड राख्ने गरेको छैन। यसबाट समेत राजस्व छली हुने गरेको सेवाग्राही बताउँछन्।

केही दिनअघि महाराजगन्जस्थित कुष्ठरोग कार्यालयको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरेको र चितवनको करोडौं पर्ने जग्गा किर्ते जग्गाधनी खडा गरी मालपोत कार्यालय डिल्लीबजारबाट पारित गर्न संलग्न भएको आरोपमा जिल्ला मालपोत कार्यालय ललितपुरका अधिकृत मीनबहादुर भट्टराईलाई सीआईबीले पक्राउ गरेको थियो। अहिले भट्टराई कार्यरत फाँटमा भएको अनियमितता बाहिर आउने डरले ४/५ जना अधिकृत स्तरका कर्मचारी भए पनि नायब सुब्बा स्तरको कर्मचारी राखी काम गराइरहेको स्रोतको भनाइ छ।

निरीक्षण डरले डेढ लाख असुली

जिल्ला मालपोत कार्यालय ललितपुरले दुई छुट्टाछुट्टै रजिस्ट्रेसन फाँटबाट जग्गा बिक्री गरेर लाभकर छली गरेको विषयमा निरीक्षण हुने डरले छली गरिसकेको डेढ लाख रुपैयाँ राजस्व पछि असुली गरेको पाइएको छ। महालक्ष्मी नगरपालिका इमाडोलको जग्गा बिक्री गर्दा २०७३ असार २० मा रजिस्ट्रेसन फाँट 'ग' र 'ख' बाट रजिस्ट्रेसन नम्बर ६२०५ 'ग' र ७०३९ 'ख' बाट एउटै कित्ता जग्गा २९ लाख ९५ हजारका दरले बिक्री गरेको देखाएर डेढ लाख राजस्व छली गरिएको थियो। नियमअनुसार इमाडोलको जग्गा फाँट 'ग' बाट मात्र जग्गा बिक्री गर्न पाइन्छ।

तस्करी छानबिन गर्न टोली

गुलरिया (कास)- स्थानीय प्रशासनले भारतसँग सीमा जोडिएका जिल्लाका जमुनी र राजापुर नाकामा भइरहेको तस्करी छानबिन गर्न चार सदस्यीय टोली गठन गरेको छ। जिल्लाको जमुनी नाकामा तस्करी बढेको समाचार कान्तिपुरमा प्रकाशित भएपछि जिल्ला प्रशासन कार्यालयका शाखा अधिकृत डण्डीराज पोखरेल संयोजकत्वमा समिति बनेको हो। प्रमुख जिल्ला अधिकारी विष्णुबहादुर थापाका अनुसार टोलीमा सशस्त्र र नेपाल प्रहरीका निरीक्षक तथा राष्ट्रिय अनुसन्धानका सई पनि सदस्य छन्। टोलीले जिल्लाको पूर्वी जमुनीदेखि पश्चिम राजापुर नाकासम्मै पुगेर छानबिन गर्नेछ। १५ दिनभित्र छानबिन गरेर प्रतिवेदन प्रमुख जिल्ला अधिकारीसमक्ष बुझाउन टोलीलाई निर्देशन दिइएको छ।

छोटकरी

'नेपालले समस्या आफैं समाधान गर्छ'

काठमाडौं (कास)- चिनियाँ राजदूत यु होउले नेपालले आफ्नो आन्तरिक मामिला आफैंले सम्हाल्न सक्ने बताएकी छन्। पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग बिहीबार शिष्टाचार भेटवार्ता गर्दै उनले नेपालले सफलतापूर्वक संविधान जारी गरेको स्मरण गर्दै कार्यान्वयन पनि हुनेमा विश्वास व्यक्त गरिन्। कोटेश्वरस्थित नेपाल निवासमा भएको भेटवार्तामा उनले चीन नेपालको शुभचिन्तक रहेको बताइन्।

भेटमा नेता नेपालले चिनियाँ राष्ट्रपति सी चिनफिङको वान बेल्ट वान रोड अवधारणाको प्रशंसा गर्दै यसबाट नेपाल पनि लाभान्वित हुने बताएका थिए। उनले नेपालले चीनबाट उच्चस्तरको भ्रमणको अपेक्षा गरिरहेको पनि बताएका थिए। राजदूत युले नेपालमा उच्चस्तरको भ्रमण हुनेमा विश्वास व्यक्त गर्दै यसमा छलफल भइरहेको जानकारी दिएकी थिइन्।

कार्कीले अख्तियार छाडे



काठमाडौं (कास)- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुखका लागि अयोग्य ठहर भएका लोकमानसिंह कार्कीले बिहीबार अख्तियारको सरकारी निवास छाडेका छन्। बिहीबार दिनभर सरकारी निवासबाट सामान सारेको कार्कीको परिवार अपराहन बाहिरिएको अख्तियारसम्बद्ध प्रहरी स्रोतले बताएको थियो। 'उहाँ (कार्की) को परिवारले दिनभर सामान र झिटिगुन्टा सारेको थियो, वृद्ध आमालगायत परिवारका सबै सदस्यलाई पठाएपछि साँझ उहाँ पनि जानुभयो,' अख्तियारमा कार्यरत एक प्रहरी निरीक्षकले भने। अख्तियारको सवारीसाधन त्यहीं छाडेर कार्की निजी गाडीमा बाहिरिएका थिए। उनले आफ्ले प्रयोग गरेका सबै सवारीसाधन अख्तियार परिसरस्थित निवासमै छाडेका छन्। तर तिनको औपचारिक बरबुझारथ भने नगरिएको स्रोतले बतायो। कार्कीको सुरक्षाका लागि सई उत्तम भण्डारी नेतृत्वको प्रहरी टोलीसहितको पछुवा गाडी उनीसँग गएको छ। प्रहरी टोली शुक्रबार फर्किने गरी उनको घरमा गएको अख्तियार स्रोतले बतायो। उनले सुरक्षाका लागि मौखिक रूपमा गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयमा प्रहरी टोली माग गरेको स्रोतले बतायो। पुरानो बानेश्वरस्थित आफ्नो घर सामसुङ कम्पनीलाई भाडामा दिएका कार्की तत्कालका लागि आफ्नो घरसँगै जोडिएको भाइ बालमानसिंह कार्कीको घरमा बस्ने भएका छन्।





नेपाल रेडक्रस सोसाइटीको अनुरोध

नेपाल रेडक्रस सोसाइटीले भूकम्पबाट अति प्रभावित क्षेत्रहरूमा सञ्चालन गर्दै आएको पुनर्लाभ कार्यक्रमको विषयलाई लिएर केही पत्रपत्रिका र सामाजिक सञ्जालले उठाएका प्रश्नका विषयमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। जीवन रक्षा, स्वास्थ्य सुरक्षा, मानवीय मूल्य प्रवर्धनका क्षेत्रमा विगत ५३ वर्षदेखि कार्यरत नेपाल रेडक्रसले २०७२ वैशाखको भूकम्पपश्चात गरेको तत्काल राहत उद्दार लगायत भूकम्पबाट अति प्रभावित १४ जिल्लामा सञ्चालन गरिरहेको पुनर्लाभका गतिविधिहरू प्रभावकारी रुपमा सञ्चालन भइरहेका र त्यसको विवरण हामीले विभिन्न माध्यमबाट प्रकाशन र प्रशारण गरिरहेका छौं। त्यसैगरी प्रश्न, जिज्ञाशा र गुनासोको सुनुवाइ र सम्बोधन गर्न ११३० को हटलाइन सेवा पनि शुरु गरेका छौं। समुदायस्तरमा नै गुनासा व्यवस्थापनको पनि व्यवस्था गरिएको छ। रेडक्रसको आधिकारिक निकायसँग तथ्याङ्क र स्रोतका बारेमा नसोधी आधारहीन समाचार सम्प्रेषण भएको र त्यसले जनमानसमा संस्थाप्रति भ्रम पैदा गर्ने र नकारात्मक धारणा विकास हुने भएकोले निम्नानुसार स्पष्ट गर्न चाहान्छौं।

नेपाल रेडक्रस सोसाइटीबाट सञ्चालित ९० भन्दा बढी कार्यक्रम र परियोजनाहरूमध्ये गतवर्ष विपद् व्यवस्थापन क्षेत्रका सेवामार्फत् २७ लाख ८० हजार, स्वास्थ्य क्षेत्रका सेवामार्फत् करिब १२ लाख र २०७२ वैशाखको भूकम्प पश्चातको आकस्मिक सेवामार्फत ३५ लाख मानिसहरू र अन्य विविध सेवा समेतबाट ८५ लाख व्यक्तिहरू लाभान्वित भएका थिए।

भूकम्पबाट अति प्रभावित 'क' वर्गका १४ जिल्लाहरूमा एकीकृत पुनर्लाभ कार्यक्रमको लागि रेडक्रसको अन्तर्राष्ट्रिय महासङ्घ र १२ वटा साझेदार राष्ट्रिय सोसाइटीहरूले नेपालमै रहेर आर्थिक र प्राविधिक सहयोग गर्दै आइरहेका छन्। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र अरु सरकारी निकायहरूसँग समन्वय गरेर ७,००० सुरक्षित आवास लगायत नेपाल सरकारको विपद्पछिको पुनर्लाभ कार्यढाँचा अनुसार सरसफाइ र स्वच्छता, स्वास्थ्य, जीविकोपार्जन र संस्थागत विकासका कार्यक्रमहरू समावेश गरी एकीकृत पुनर्लाभ कार्यक्रम सञ्चालन भइरहेको छ। एकीकृत ढाँचा (Framework) अनुकुल हुने गरी नेपाल रेडक्रस सोसाइटीले कार्यक्रमको योजना, बजेट तर्जुमा र कार्यान्वयन साझेदार समेतको सहभागितामा गर्ने गरिएको व्यहोरा स्पष्ट पार्न चाहन्छौं।

१४ जिल्लाका विभिन्न गाविस र वडाहरूमा कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्थामा कार्यक्रमको प्रभावकारी व्यवस्थापनका लागि जनशक्ति, बन्दोबस्तीका सामानहरू (जस्तैः यातायात, सञ्चार, कम्प्यूटर, प्रिन्टर आदि) अनिवार्य कुराहरू हुन् र तिनले कार्यक्रम व्यवस्थापनमा सहयोग पुग्ने भएकाले नै योजना बनाउँदा कार्यक्रममा, जनशक्ति र बन्दोबस्तीका सामानहरू (Logistics) का छुट्टाछुट्टै र समग्र योजना र बजेट तर्जुमा गरिएको हुन्छ। जसका कारण एकीकृत कार्यक्रमलाई थप सहयोग पुगेको छ। त्यसैगरी, आयोजकको निमन्त्रणा र खर्च व्यवस्थापनमा विदेश भ्रमणहरू हुने जानकारी गराउँन चाहन्छौं।

पुनर्लाभ कार्यक्रमको लागि साझेदारहरूसँग सम्झौता भएको कुल बजेट ७ अर्ब ४२ करोड ५७ लाख २२ हजार ५ सय ३० मध्ये अक्टुबर २०१६ सम्ममा २ अर्ब ९५ करोड ४३ लाख ३७ हजार १ सय ३० रुपैया प्राप्त भएको छ। जसमध्ये नेपाल रेडक्रसको आर्थिक नियमावली तथा विभिन्न दाता साझेदारसँग गरिएको सम्झौता वमोजिम २ अर्ब १९ करोड ५३ लाख ४० हजार ७ सय ११ रुपैया खर्च भएको छ। व्यापक रूपमा समेटिएका एकीकृत गतिविधिहरूबाट आशातीत उपलब्धि प्राप्त गर्न आवश्यक स्वयंसेवक र कर्मचारी परिचालन हुने सन्दर्भमा दिइने तलबभत्ता र बन्दोबस्ती खर्च पारदर्शि रुपमा संस्थागत निर्णयबाट हुने गर्दछ।

उपरोक्त प्रयासबाट हासिल गरिएका उपलब्धिहरू ग्राफमा देखाइएको छ।

यसका अतिरिक्त विभिन्न समाचार माध्यमबाट प्रकाशित समाचार विवरणहरू तथा गाडी साइकललगायत बन्दोबस्तीका सामग्री र उपकरणहरूका बारेमा वास्तविक तथ्यपूर्ण जानकारी लिन संस्थामा सम्पर्क राख्नुहुन अनुरोध छ। साथै, सत्य तथ्य र सकारात्मक समाचार प्रकाशन गरी नेपाल रेडक्रसलाई सहयोग गरिदिनुहुन हार्दिक आग्रह गर्दछौं।

नेपाल रेडक्रस सोसाइटी
फोन : ०१-४२८५०८९, फ्याक्स: ०१-४०३०६८६
www.nrcs.org
www.facebook.com/nepalredcross

नेपाल रेडक्रस सोसाइटी - भूकम्प प्रतिकार्य कार्यक्रम

आवास , बसोबास र गैर-खाद्य सामग्री

- १७,३४६ जनालाई सुरक्षित आवास सम्बन्धी अभिमुखीकरण तालिम प्रदान
- २,९१,७५० हजार आवास निर्माणको लागि ५,८३५ परिवारलाई पहिलो किस्ताको नगद प्रदान
- ६८ जना सब / इन्जिनियरलाई भूकम्प प्रतिरोधी घर निर्माण तालिम प्रदान
- ४,०५३ डकर्मीलाई भूकम्प प्रतिरोधी घर निर्माण तालिम प्रदान
- १,२२,६३५ परिवारलाई सौर्य बत्ती प्रदान
- ११८ घरको निर्माण सम्पन्न

जीविकोपार्जन

- ६,४८१ परिवारलाई जीविकोपार्जन गतिविधिको लागि नगद प्रदान
- ७७४ जनालाई जीबिकोपर्जन सीप बिकास तालिम प्रदान
- १६० परिवारका लागि ४ वटा सिंचाइ कुलो निर्माण
- १,५३९ परिवार "नगदका लागि काम" कार्यक्रमद्वारा लाभान्वित
- ७० परिवार सुधरिएको आरन घर द्वारा लाभान्वित
- १८,४३६ परिवारलाई सुधारिएको चुलो प्रदान

स्वास्थ्य

- ४ स्वास्थ्य चौकी निर्माण सम्पन्न
- १ अस्पताल निर्माणाधिन
- २५ स्वास्थ्य चौकी निर्माणाधिन
- ३ स्वास्थ्य चौकी काठमाडौँ उपत्यकामा निर्माण गर्ने योजना
- ३,१६० शिशु र आमा लाई न्यानो लुगा प्रदान
- २,१६१ गर्भवती महिला लाई औषधियुक्त झुल प्रदान
- ५१ जनालाई मनोसामाजिक परामर्श प्रदान
- ५१,४७६ जना स्वास्थ्य शिविर सेवा द्वारा लाभान्वित
- ४५० महिलालाई "Dignity Kits" प्रदान
- ६०२ स्वयंसेवकलाई प्राथमिक उपचारको तालिम प्रदान
- ७ प्रसुति केन्द्रलाई सामग्री सहयोग
- ७ + १ गा. बि. स र नगरपालिका पूर्ण खोपयुक्त घोषणा

खानेपानी,सरसफाइ र स्वच्छता प्रवर्धन

- २७,४०२ जना स्वच्छता तालिम द्वारा लाभान्वित
- १२ वटा खानेपानी परियोजना निर्माण सम्पन्न , १२ निर्माणाधिन र ३६८ सम्भाव्यता अध्ययन सम्पन्न
- २८० चर्पी निर्माण सम्पन्न ८२६ चर्पी निर्माणाधिन
- ४,३५२ जना खानेपानीको पहुँचद्वारा लाभान्वित

Design and Developed by: NRCS / ERO, PMER & IM Team

shanker
TVS
EXPLORE THE EXCITING RANGE OF TVS SCOOTER DESIGNED FOR YOU AND YOUR FAMILY.
Discover the World of Joy
ALL NEW TVS Jupiter ZX
फाइदा अझै धेरै...
PREMIUM BEIGE PANELS
SYNC BRAKING SYSTEM
EXCLUSIVE COLORS
Stallion Brown
Matte Blue
wego 110 your we time
• Combi brakes • Body balance
Scooty Zest 110 LIVE FULL. BE YOU.
• Led tail lights • Easy road handling
TVS DAZZ Indonesian Product
• Digitech - R engine • Lock Bracking
Authorised Sole Distributor
JAGDAMBA MOTORS
01-4231057 | 01-4423228 | 01-5529388 | 01-4277049 | 9802071236
Toll Free Number: 16600131337
Viber Hotline Number: 9801101072
Whatsapp Number: 9801101072
Jagdamba Motors-TVS
5 YEARS EXTENDED WARRANTY PROGRAM
TVS MOTOR CO GENUINE PARTS
TVS Xchange 9802071170
The 1 Hour Service Promise
ON THE SPOT FINANCE AVAILABLE 9849987045
JAGDAMBA CREDIT
* Applicable for Kathmandu only. Conditions apply

बढ्यो माटो तस्करी

■ लीला श्रेष्ठ



नगरकोट २, ताथलीस्थित अवैध रूपमा सञ्चालित पाँगो माटो खानी । *तस्बिर : लीला/कान्तिपुर*

भक्तपुर- जिविसको निर्देशन विपरीत ताथली क्षेत्रमा अवैध रूपमा माटो तस्करी मौलाउँदै गएको छ । प्राकृतिक सम्पदाको अवैध उत्खनन भए कारबाही गर्नुपर्ने निकाय मौन हुँदा तस्करी मौलाएको स्थानीयको आरोप छ । जिविसले ईंटा भट्टाका नाममा व्यक्तिको जग्गाबाट माटो ओसारपसार गर्न स्वीकृति दिएको छ, त्यही मौका छोप्दै तस्करहरूले खानी सञ्चालन गरेको ताथलीका देवेन्द्र थापाले बताए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०७१ चैतमा जिल्लामा सञ्चालित खानीहरूको फाइल अनुसन्धानका लागि लगेपछि जिविसले कुनै पनि खानी सञ्चालनका लागि स्वीकृति तथा नवीकरण गरेको छैन । 'ईंटा भट्टालाई माटो ओसारपसारको अनुमति दिइएको नाममा स्काभेटर प्रयोग गरी माटो उत्खनन गरिरहेको छ,' ताथलीका रामजी खडकाले भने । माटो उत्खननका कारण नगरकोट २, ताथलीका बासिन्दाले उपभोग गर्दै आएको खानेपानीको ट्यांकी जोखिममा परेको उनले बताए ।

जिविसले भने गत जेठ २७ गते नै ताथली क्षेत्रको माटो उत्खनन रोक्न खानी सञ्चालकहरूलाई बोलाई निर्देशन दिएको र कारबाही प्रक्रिया थालिएको जनाएको छ । तर, सञ्चालक तथा व्यापारीले जिविसलाई अटेर गर्दै माटो बिक्री गरिरहेका छन् । विभिन्न समयमा अनुगमन गर्दा नगरकोट २ का सीताराम सैंजूले अवैध रूपमा माटो उत्खनन गरी बिक्री गरेको पाइएको जिविसले जनाएको छ । सैंजूको पाँगोमाटो खानी क्षेत्र ०७१/७२ मा जिविसले खानी सञ्चालन स्वीकृति दिएको र त्यसपछि नवीकरण तथा सञ्चालन स्वीकृति नदिएको स्थानबाट ठूलो परिणाममा माटो बिक्री गरेको पाइएको जिविस खानी शाखाले जनाएको छ । उनको खानीको करिब ५ सय मिटर दूरीमा रहेको केदार बुढाथोकी, भुवन बुढाथोकीको जग्गाबाट ठूलो परिणाममा माटो उत्खनन गरी जगातीस्थित चाइनिज ईंटा उद्योगमा लैजाने गरिएको छ ।

खानी सञ्चालकले भने जिविसले ईंटा उद्योगलाई माटो खरिद गर्ने अनुमति दिएको तर, खानीको स्वीकृति नदिएकोमा आक्रोश जनाउँछन् । 'वर्षौंदेखि अनुमति प्राप्त खानीलाई रोकेर जिविसले अन्याय गरेको छ,' पाँगोमाटो खानी सञ्चालक कृष्णराम बासुकलाले भने, 'अख्तियारले फाइल लगेकै नाममा खानीको स्वीकृति नदिने तर ईंटा उद्योगलाई माटो खरिदको अनुमति दिनु गलत हो । हामीले जिविसलाई भने नियमित कर बुझाइरहेका छौं ।'

जिविस भक्तपुरले भने कर तिरेर स्वीकृति लिएका ईंटा उद्योगलाई माटो ओसारपसार गर्ने गाडी नम्बर उल्लेख गरी व्यक्तिको जग्गाबाट माटो खरिद गर्ने अनुमति दिएको जनाएको छ । जिविस भक्तपुरका प्रशासकीय अधिकृत भरतकुमार थापाले भने, 'ईंटा उद्योगले स्वीकृति नदिइएका खानीबाट माटो खरिद गर्न पाईदैन ।'

जिल्लाको नगरकोट, चाँगुनारायण, सूर्यविनायक, मध्यपुरथिमी, अनन्तलिंगेश्वर नगरपालिकाका विभिन्न स्थानमा माटो उत्खनन गरी बिक्री गरी बिनास्वीकृति जग्गा प्लटिङसमेत गरिएको छ ।

उपत्यकामा सरकारले बस चलाउने

■ दीपेन्द्र विष्ट

काठमाडौं- सरकारले राजधानी उपत्यका क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको सुविधासम्पन्न बस चलाउने तयारी थालेको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले उपत्यकाका २२ वटा नगरपालिकामा सार्वजनिक यातायात सञ्चालन गर्ने तयारी गरेको हो । सार्वजनिक यातायातलाई भरपर्दो, स्तरीय र व्यवस्थित बनाउन 'उपत्यका नगर यातायात लिमिटेड' कम्पनी दर्ता गरी ठूला र स्तरीय बस सञ्चालन ल्याउने तयारी मन्त्रालयले गरेको हो । यो लिमिटेडमा मन्त्रालय र उपत्यकाका २२ वटै नगरपालिकाको सेयर हुनेछ ।

काठमाडौं महानगरपालिकाका राजस्व महाशाखा प्रमुख राज्यप्रकाश प्रधानाङ्गका अनुसार बस सञ्चालनका लागि सरकारले दिएको ६८ करोड र नगरपालिकाको सेयरबापत जम्मा गरेको १० करोड रुपैयाँको कोष बनाइनेछ । ६८ करोड रुपैयाँबाट बस खरिद गरिने र १० करोड प्रशासनिक लागयत अन्य क्षेत्रमा खर्च गरिने उनले बताए । नगरपालिकाहरूको १० करोड सेयरमध्ये २ करोड काठमाडौं महानगरले व्यहोर्ने पनि उनले बताए । 'हालसम्म बहुमत सेयर महानगर र त्यसपछि ललितपुर उपमहानगरको हुने छलफल भएको छ,' उनले भने, 'बृहतरूपमा छलफल गरेर केही दिनभित्र अन्तिम चरणमा पुग्छौं, कम्पनीको प्रबन्ध पत्र र नियमावली मस्यौदा तयार भइसकेको छ ।'

कीर्तिपुर, गोकर्णेश्वर, बूढानीलकण्ठ, टोखा र नागार्जुन नगरपालिकाको ३५/३५ लाख, चन्द्रागिरि, दक्षिणकाली, शंखरापुर, कागेश्वरी मनोहरा र तारकेश्वर नगरपालिकाको १०/१० लाख सेयर हुने उनले बताए । भक्तपुरले ६० लाख, मध्यपुरठिमिले ३५ लाख, अनन्तलिङ्गेश्वर, सूर्यविनायक, चाँगुनारायण र महामञ्जुश्री नगरकोट नगरपालिकाले

पहिलो चरणमा रत्नपार्कलाई केन्द्र मानेर ५० बस सञ्चालन हुने

१०/१० लाख सेयरबारे छलफल भइरहेको उनले बताए ।

उपत्यकामा पहिलो चरणमा ५० वटा प्रविधिमैत्री, अत्याधुनिक र ठूला बस सञ्चालन गरिने तयारी सरकारको छ । प्रत्येक नगरपालिकाबाट रत्नपार्कलाई केन्द्र मानेर बस चलाइनेछ । 'त्यसपछि त्यहीबाट आ-आफ्नो रुटमा बस सञ्चालन हुनेछन्,' उनले भने, 'अब यात्रुले बसपार्कमा बस कुरेर बस्नु पर्दैन ।' यी सबै बस अपाङ्गमैत्री हुनेछन् । अपाङ्गता भएका यात्रुको सुविधाका लागि 'डिस्प्ले बोर्ड' र 'अडियो नोटिस बोर्ड' समेत राखिने प्रधानाङ्गले बताए ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले केही दिन अघि प्रधानाङ्ग, ललितपुरका वरिष्ठ इन्जिनियर रुद्र गौतम, मध्यपुर थिमीका कानुन अधिकृत केशव सिलवाल र बूढानीलकण्ठ नगरपालिका माधव गौतमसम्मिलित एक समिति गठन गरी १५ दिनभित्र कम्पनी दर्ता गरि प्रक्रिया अघि बढाउन निर्देशन दिएको थियो । समितिलाई कम्पनीको कार्यालय सञ्चालन र जनशक्तिको व्यवस्थापन गर्ने जिम्मेवारी पनि दिइसकेको समितिका सदश्य गौतमले बताए । उनका अनुसार कामनापाका मेकानिकल इन्जिनियर पुरुषोत्तम शाक्यको संयोजकत्वमा 'स्फेसिफिकेसन र बोलपत्र पुस्तिका' बनाउन प्राविधिक समितिसमेत गठन भइसकेको छ ।

समितिको सदस्यमा यातायात व्यवस्था विभागका मोहनप्रसाद भट्टराई र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका मेकानिकल इन्जिनियर निशा ठाकुर पनि छन् । प्रधानमन्त्री पुष्पकमल दाहालले गत भदौमा व्यवस्थापिका संसदमार्फत जनताका नाममा सम्बोधन गर्दै छ महिनाभित्र मुलुकका विभिन्न सहरमा एक सय जति लामा र ठूला बस सञ्चालन गर्ने प्रतिबद्धता जनाएका थिए ।

छोटकरी

प्रहरीका नाममा ठगी गर्ने पक्राउ

काठमाडौं (कास)- आफूलाई प्रहरी बताउँदै ठगी गर्ने एक जनालाई महानगरीय अपराध अनुसन्धान महाशाखाले पक्राउ गरेको छ । विहीबार प्रहरीले सिन्धुपाल्चोकको सिन्धुकोट घर भई मूलपानी बस्दै आएका २६ वर्षीय गोपीकृष्ण खतिवडालाई पक्राउ गरेको हो । उनले ६ जना महिलालाई जागिर र अन्य प्रलोभन देखाई पैसा उठाएको प्रहरी अनुसन्धानबाट देखिएको छ । एक व्यक्तिले राष्ट्रिय अनुसन्धानमा जागिर लगाइदिने भन्दै डेढ लाख ठगी गरेको थाहा पाएपछि आफूले पनि त्यस्तै गरेको उनले प्रहरीलाई बताएका छन् । उनले आफू अपराध अनुसन्धानमा कार्यरत प्रहरी भन्दै ठगी गर्ने गरेको प्रहरीलाई बताएका छन् ।

लायन्स पत्रिका 'सिर्जना'

ललितपुर (कास)- लायन्स क्लब अफ काठमाडौं क्रिएशनद्वारा प्रकाशित लायन्स वार्षिक पत्रिका 'सिर्जना' अनावरण गरिएको छ । धोविघाटमा एक समारोहबीच बिहीबार सूचना तथा सञ्चार मन्त्री सुरेन्द्रकुमार कार्कीले आवरण गरेका हुन् । कार्यक्रममा पदस्थापना भएका प्रथम उपाध्यक्ष बद्री नेपाल, उपाध्यक्ष प्रमेश कुवर, प्रेसल दाहाल, सचिव फडिन्द्र ढकाल र कोषाध्यक्ष ठाकुर प्रसाद लम्साललाई सपथग्रहण पनि गराइएको छ । मन्त्री कार्कीले लायन्स तथा लियोका सदस्यलाई समाजसेवा गर्न प्रेरणा दिएको लायन क्लबआफ काठमाडौंका संस्थापक अध्यक्ष कृष्णप्रसाद सापकोटाले जनाएको छ ।

काँडाघारी समाजमा पोखरेल

काठमाडौं (कास)- कागेश्वरी मनहरा नगरपालिका १३ स्थित काँडाघारी टोल सेवा समाजको ११ औं साधारण सभाले डोलनाथ पोखरेलको अध्यक्षताका ११ सदस्यीय कार्य समिति चयन गरेको छ । उपाध्यक्ष, सचिव र कोषाध्यक्षमा क्रमशः भागरथी पन्त (सेढाई), केशवराज आचार्य र रविन्द्र ढुंगाना, सदस्यमा किशोर बस्नेत, ध्रुवराम कार्की, विष्णुहरि सापकोटा, सिता पौडेल, अम्बिका तिमिल्सिना, राजेन्द्र श्रेष्ठ, भूमिका न्यौपाने सर्वसम्मत चयन भएका छन् ।

इन्टरपोलको सम्मेलन काठमाडौंमा हुने

काठमाडौं (कास)- इन्टरपोलका २३ औं क्षेत्रीय सम्मेलन काठमाडौंमा हुने भएको छ । माघ ७, ८ र ९ मा हुने सम्मेलनमा ५५ देशका २ सय ५० कानुन कार्यान्वयन निकायका उच्च अधिकृत सहभागी हुनेछन् ।

अपराध अनुसन्धान विभागका एआईजी विज्ञानराज शर्माका अनुसार सम्मेलनमा एसिया प्यासिफिक क्षेत्रमा हुने अपराध र त्यससँग सम्बन्धित घटनाबारे अनुभव आदानप्रदान हुनेछ । २०१६ नोभेम्बरमा भएको इन्टरपोलको चुनावबाट सभापतिमा निर्वाचित भएका चिनियाँ अधिकारी मेङ होङवि पनि सम्मेलनमा सहभागी हुनेछन् ।

सम्मेलनमा नेपाल प्रहरीले मानव तस्करीको मुद्दालाई प्रमुखताका साथ उठाउनेछ । एआईजी शर्माका अनुसार सम्मेलनमा आठदेखि दस देशका सुरक्षा प्रमुख नै उपस्थित हुने सम्भावना छ । सम्मेलनमा मानव बेचबिखन, बालबालिका विरुद्ध हुने अपराध, सीमा सुरक्षा व्यवस्थापन, एसिया प्यासिफक क्षेत्रमा प्रतिआतंकवाद नियन्त्रणको प्रयास, साइबर अपराध, संगिठत अपराधमाथिको कार्वाहीको अवस्था, वन्यजन्तुसम्बन्धी अपराध र म्याच फिक्सिङबारे छलफल केन्द्रित हुनेछ ।

एकमहिने माधवनारायण मेला सुरु

भक्तपुर (कास)- भक्तपुर नगरपालिका हनुमानघाटस्थित त्रिवेणीघाटमा एक महिने माधवनारायण मेला एवं व्रत सुरु भएको छ । पौषशुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना लाग्ने माधवनारायण मेला बिहीबारबाट त्रिवेणीघाटमा सुरु भएको हो ।

नेपाल संवत् ७२२ मा रणजित मल्ले व्रतको व्यवस्थापन गरेको शिलालेखमा उल्लेख छ । त्रिवेणीघाटमा स्नान गरे आत्माले चिताएको पुग्ने जनविश्वास रहेको पुजारी चिरञ्जनराज राजोपाध्यायले बताए ।

माधवनारायणको व्रत बस्ने व्रतालुले पूर्णिमाको अघिल्लो दिन हात/गोडाको नङ्ग काटी, एकचित्त भई, निराहार बस्ने, पूर्णिमाको बिहानै त्रिवेणी नदीमा स्नान गरी पूजा गर्ने, शङ्खजल ग्रहण गरी मन्त्रोच्चारण गर्ने प्रचलन छ ।



भक्तपुर नगरपालिका हनुमानघाटस्थित त्रिवेणी नदीमा बिहीबार माधवनारायण व्रत शुभारम्भका क्रममा स्नान गर्दै व्रतालु । *तस्बिर : कान्तिपुर*

मन्त्रोच्चारण गरेपछि शङ्खजल ग्रहण गरेपछि कसैलाई छुन नहुने तथा जुत्ता लगाउन नहुने परम्परा रहेको राजोपाध्यायले बताए ।

राम, लक्ष्मण वनबास आउँदा दही चिउरा खाने क्रममा पानीको व्यवस्था गर्न हनुमानले आफ्नो पुच्छरले खाल्डो बनाएर पानी निकालेको र उत्तर, दक्षिणबाट आएको खोला एवं हनुमानले पुच्छरबाट पानी निकालेपछि आएको मूलको पानी मिश्रित हुने भएकाले पनि यस क्षेत्रलाई त्रिवेणी घाट भन्ने प्रचलन रहेको समितिले जनाएको छ ।

व्रतालुले औंसीदेखि नै खाली खुट्टा पैदल नै तीलमाधवबाट तलेजु भवानीसम्म, सप्तमीमा पनौती गएर त्रिवेणीमा बसेर स्नान गरी इन्द्रेश्वर महादेवको दर्शन गरी अष्टमीमा फर्कने, दशमीमा पशुपति गएर स्नान गरी जल चढाएर जयबागेश्वरी ताम्रेश्वर महादेवसम्म कलश यात्रा गर्ने, द्वादशीमा चाँगुनारायण शंखदहमा स्नानगरी कलश लिएर चाँगुनारायणको दर्शन गर्ने र माघ शुक्ल पूर्णिमाका दिन नगरपरिक्रमा गरेर भूपतिन्द्र मल्लको मूर्तिमा इन्द्रकलश चढाएर व्रत समापन गर्ने परम्परा रहेको छ ।

मुस्लिम आयोगका पदाधिकारी कार्यालय जाँदैनन्

■ फातिमा बानु

काठमाडौं- मुख्य पदाधिकारीहरू नै लामो समयदेखि कार्यालयमा अनुपस्थित रहेका कारण राष्ट्रिय मुस्लिम आयोगको काम ठप्प भएको छ । आयोगका पूर्णकालीन दुई पदाधिकारी अध्यक्ष नसरुदिन शेख र सदस्यसचिव खालिद इकवाल इराकी तीन महिनादेखि कार्यालय नै आएका छैनन् ।

शेख गत जेठमा मुस्लिम आयोगको अध्यक्ष पदमा नियुक्त भएका हुन् । कानुनअनुसार अध्यक्ष आयोगको कार्यालयमा पूरै समय बस्नुपर्छ । तर उनी कार्यकालको सुरुदेखि नै कार्यालयमा नियमित नआउने गरेको आयोग स्रोतले बतायो । उनी अधिकांश समय घरमै बस्ने गरेका छन् । आयोगका कर्मचारीका अनुसार अध्यक्ष र सचिव नहुँदा आयोगको कुनै कामकारबाही अघि बढ्न सकेको छैन । 'फोन गर्दा उठैन,' आयोगका एक कर्मचारीले भने, 'आयोग बोर्डमा १३ जना सदस्य छन् कोही आउँदैनन् ।'

आयोगका उपसचिव विष्णुप्रसाद भुसालका अनुसार अध्यक्ष शेख र सचिव इराकी आयोगको बैठक हुँदा मात्रै कार्यालयमा उपस्थित हुन्छन्, अन्य समयमा आउँदैनन् । उनले भने, 'तीन महिनामा मुस्किलले एउटा बैठक हुने गरेको छ, धेरै काम थाती छन् ।'

पदाधिकारीको निष्क्रियताले मुस्लिम समुदायको उत्थान र विकासका लागि सरकारले लागू गरेका योजना प्रभावकारी कार्यान्वयन भए, नभएको अनुसन्धान गर्ने, आयोगका वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतका लागि पेस गर्ने, समुदायको आर्थिक, सामाजिक, शैक्षिकलगायत विभिन्न पक्षहरूको अन्वेषण, अनुसन्धान गर्ने लगायतका थुप्रै काम थाती रहेको आयोगका कर्मचारीले दिए । संविधानमा मुस्लिम आयोग संवैधानिक हुने व्यवस्था छ । आयोग संवैधानिक भएलगत्तै बहालवाला सबै पदाधिकारी स्वत पदमुक्त हुने संवैधानिक नियम छ । छिट्टै पदमुक्त हुनुपर्ने भएकाले पदाधिकारीले आयोग सञ्चालनमा चासो नदेखाएको जानकारी स्रोतले दिएको छ ।

अध्यक्ष शेखले शारीरिक अस्वस्थताका कारण कार्यालय आउन नसकेको दावी गरे । 'शरीरले नसकेपछि कार्यालय आउन छाडिदिएको हुँ' उनले टेलिफोनमा कान्तिपुरसँग भने । तीन महिनादेखि गृह जिल्ला बर्दियामै बस्दै आएको उनले बताए ।

सदस्यसचिव इराकीले तीन महिनासम्म कार्यालय नआएका बारेमा केही बताउन चाहेनन् । 'अब नियमित कार्यालय आउँछु' उनले भने । पदाधिकारी नभएकाले आयोगका कर्मचारीहरूसमेत कार्यालयमा हाजिरमात्र गरेर हिँड्ने गरेको स्रोतले जनाएको छ । अघिल्लो आर्थिक वर्षमा आयोगको ४० लाख रुपैयाँ विकास बजेटमध्ये ३० लाख फ्रिज भएको थियो ।







तपाईंको आज

मेष	खटपट	तुला	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रसन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पूर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७३ साल माघ १ गते शनिबार तदनुरुप १४ जनवरी २०१७ माघ कृष्णपक्ष द्वितीया तिथि दिनको २:५८ बजेसम्म उप्रान्त तृतीया तिथि, अश्लेषा नक्षत्र रात्रिको १:३२ बजेसम्म उप्रान्त मघा नक्षत्र, प्रीति योग रात्रिको ७:८ बजेसम्म उप्रान्त आयुष्मान् योग वणिजकरण रात्रिको २:३३ बजेसम्म उप्रान्त भद्रा करण कर्कट राशिमा रात्रिको १:३२ बजेसम्म उप्रान्त सिंह राशिमा । ज्यो. राम प्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर/अमृत वाणी
६:००	जीवन विज्ञान/ज्योतिष मन्थन
६:४०	स्काइ सप
७:००	कान्तिपुर समाचार
८:००	कान्तिपुर न्यूज
८:३०	राइज एण्ड साइन
९:००	हेडलाइन न्यूज
९:०५	मार्गदर्शन
१०:००	कान्तिपुर समाचार
१०:३०	एमघनघस
११:००	हेडलाइन न्यूज
११:०५	समाकन २
१२:००	कान्तिपुर समाचार
१२:३०	हर्के हलदार
१:००	हेडलाइन न्यूज
१:०५	डिठ्ठासाब
१:३०	किलो टेंगो माइक
२:००	मुभी
५:००	हेडलाइन न्यूज
५:०५	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	म्युजिक समिट
७:००	कान्तिपुर समाचार
७:३०	इन्फो प्लस
८:००	कान्तिपुर समाचार
९:००	डिठ्ठासाब
९:३०	परिवर्तन
१०:३०	कान्तिपुर न्यूज
११:००	कान्तिपुर समाचार
११:३०	इन्फो प्लस
१२:००	कल कान्तिपुर
१:००	कान्तिपुर न्यूज
१:३०	डिठ्ठा साब
२:००	कान्तिपुर समाचार
२:३०	म्युजिक समिट
३:००	कान्तिपुर समाचार
३:३०	परिवर्तन
४:३०	डिठ्ठा साब

रेडियो कान्तिपुर ९६.१

हरेक दिन २४ सै घन्टा हरपलको साथी

00:०१	ननस्टप नेपाली आधुनिक सहस
०१:०२	ननस्टप नेपाली पप सहस
०२:०८	ननस्टप हिन्दी सहस
०८:०५	ननस्टप भजन
६:२५	भक्ति अनुष्ठान (जनार्दन)
०६:५५	कान्तिपुर डायरी
०७:३०	द हेड लाइनर्स
८:००	मानसिक स्वास्थ्यमा कोसिस
९:००	गुडमर्निङ शो (गिरिश)
९:१०	कान्तिपुर डायरी
०९:१५	ट्राफिक अपडेट (नेपाल प्रहरी)
१०:००	किक स्टार्ट (सञ्जय)
११:००	न्यू रिलिज (रेमन)
१२:००	फेमिना (चाँदनी)
१२:१०	कान्तिपुर डायरी
१३:००	ब्रन्च विफ मूनिका (भूमिका)
१५:००	के छ नेपाल (रेमन)
१५:१५	कान्तिपुर डायरी
१६:००	सौराइ (कृष्ण)
१७:००	सिने विज्ञ (चाँदनी)
१८:००	फेनाटिक फ्राइडे (रिस्ता/महेश)
१८:३०	हेप्पी लाइफ (हेम सुवेदी)
१९:००	कान्तिपुर डायरी
२०:००	प्लेट्रोनिक्स (सञ्जय)
२१:००	वेल नो टेन्सन (दीपक/अनिबका)
२१:३०	कान्तिपुर डायरी
२२:००	इन्द्रेणी
२३:००	क्लब मिक्स (गिरिश)
२४:००	इलिवेन्थ हावर (सञ्जय)

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२०५३४४
वीर अस्पताल	४२०२९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१४७९८/४४७४५२
प्रसूति गृह	४२५३२७६
ट्रेकु अस्पताल	४२५३२७६
पाटन अस्पताल	५५०२२७८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७९३२०/४३७९३७४
मानसिक अस्पताल	५५०२३३३
नेपाल आँखा बैंक	४४०३४८४
नेपाल आँखा अस्पताल	४२५०६२९
तिलगंगा आँखा अस्पताल	४४०३४८४
नेपाल अर्थोपेडिक अस्पताल	४९२९७२५
भक्तपुर अस्पताल	६६१०६०६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९१५००८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४०६१५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३२०६
मेडीकेयर मेरोनल अस्पताल	४४६०८६०
मेडीकेयर मेरोनल अस्पताल (इमर्जेन्स)	४४६०८६०
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४९९९२५०/८५८
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर	४४०६२२५
नर्भिक, थापाथली	४२५८५४४
लाइफ केयर अस्पताल	४२२७०३५
मितेरी अस्पताल	६६३१०३६/६६४४०१६
क्याथिएल हस्पिटल (प्रा.) लि.	४२४४०२२
भक्तपुर रेडक्रस	६६९२२६६
नेशनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०९६०
नुवानस अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१४७
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह (प्रा.) लि., सामाखुशी	४३५४५३७/४३८९०६२
ओर्थो अस्पताल र रिसर्च इन्टिच्यूट	४२५८५४२/४२५८५४१
मनमोहन मेमोरियल अस्पताल	४४१९६०४/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४०४०६८/४४८९८९१
सामुदायिक मानसिक स्वा. से. केन्द्र, डांडी	०१ ६२९२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६३३०१-०५
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
विनायक अस्पताल तथा प्रसूति गृह	४३८३५२०/४३८०८४८
केन्द्रीय पशु चिकित्सालय	४२६९३८२/४२२०८६४/४२६८२९३
हेटिण्ड हेल्थ सामुदायिक अस्पताल	४४०३५९८/४४०८६५५
शहीद मेमोरियल अस्पताल	४४०२२३४/०१६२०८६०२
स्पार्क हेल्थ होम अस्पताल	४२७३०२४, ४२७०२२३
ओम समाज अस्पताल, कलंकी	४३९३५२२
स्टार अस्पताल,सानेपा	५५५०१९०, ५५५०१९८
अल्का अस्पताल, जावलाखेल	५५५५५५५
नागरिक सामुदायिक अस्पताल	६६३७०८००, ५६३२१८४
हिमाल अस्पताल/इमर्जेन्स	४४१५०८६, ४४१२६०२
रणाइलल इन्जरी पुनस्थापना केन्द्र	०१५-६६०८४०/६६०८४८
काठमाडौं अस्पताल	४२२२२२२
अन्तराष्ट्रिय मैत्री बाल अस्पताल	४४१९९३४, ४४१५४६१
बी.पी. स्मृति अस्पताल, बसुन्धारा	४३८७०२४, ४३८७०२६
सुनेत्र अस्पताल, थापाखेल	०१ ५००३३७७/८८/९९
वेलकेयर हस्पिटल, रातोपुल	४४२६१३५, ४४२६१८४
एभरेष्ट हस्पिटल, नर्जीबानेश्वर	४७८२०२४, ४७८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५४४, ४२२६७३०
ग्रान्डी इन्टरनेशनल हस्पिटल, थापासी	५१५२०६५, ५१५२०६६
ग्रिन सिटी हस्पिटल, थापासी	४३५२२४८, ४३५०४५२
शुभेक्षा इन्टरनेशनल हस्पिटल	४२८५४३४, ४२८५५३५
कान्तिपुर जनरल हस्पिटल	४३८५२९०, ४३८५२९१
निःशुल्क होमियो दातव्य	४२५५५४०/४२५५५४१

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४४/४२६९७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२२२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुनेत्र एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२२२
देव कर्नर निःशुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६००६
नेपाल मिहर दत्तात्रेयी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

स्थानीय तह पुनःसंरचना विवाद

गौंडा ढुकेर प्रहरीलाई अवरोध



गाउँपालिका हटाएको विरोधमा बिहीबार खोटाङ, महुरेगढीमा प्रदर्शन गरिँदै । *तस्बिर : डम्बरसिं राई/कान्तिपुर*

■ वसन्तप्रताप सिंह

बक्ताङ- स्थानीय तह पुनःसंरचना विवादले बढेको तनाव अझै साम्य भएको छैन । उत्तरी चीनसँग सीमा जोडिएको जिल्लाकै ठूलो काँडा गाविसमा विवादले उग्र रूप लिएको छ । छुट्टै गाउँपालिका मागेदै स्थानीय आन्दोलनमा उत्रेपछि त्यहाँ परिचालित थप सुरक्षाकर्मीको टोली गाउँ छिर्न सकेको छैन ।

आक्रोशित स्थानीयले सोमबार सीमा प्रहरी चौकीमा आगजनी गरेपछि बिग्रेको परिस्थिति नियन्त्रणका लागि सदरमुकामबाट गएको प्रहरी टोली काँडा गाविस प्रवेश गर्न नसकेको हो । गाविस प्रवेश गर्ने बाटोमा स्थानीयले गौंडा ढुकेर ढुंगा प्रहार गर्न थालेपछि पछि हटेको छ । 'रातभर आगो बालेर स्थानीय गौंडा कुरेर बसेका छन्,' जिल्ला प्रहरी प्रमुख डीएसपी नरेन्द्र चन्दले भने, 'प्रहरी अगाडि बढ्न खोजे माथिबाट ढुंगा प्रहार गर्छन् । त्यसैले जान सकेको छैन ।' मंगलबार सदरमुकामबाट हिँडेको प्रहरी काँडा र मेलबिसौनाको सीमा जाइलेकमै बसिरहेको छ । काँडास्थित प्रहरी चौकीमा आक्रमण थालिएपछि प्रहरी निरीक्षक रामबहादुर चन्दको नेतृत्वमा २१ जनाको थप टोली त्यता गएको थियो ।

छुट्टै गाउँपालिका माग गर्दै स्थानीयले धुलिस्थित सीमा प्रहरी चौकीमा दबाब बढाएका छन् । उनीहरूले चौकी घेराउलाई निरन्तरता दिएका हुन् । यसअघि भान्सा घरमा आगो लगाएका थिए । सोलार पनि तोडफोड गरेका छन् । बुधबार पनि स्थानीय र प्रहरीबीच झडप हुँदा दुई प्रहरी र एक स्थानीयवासी घाइते भएका थिए । धौल्या बोहरा घाइते भएको आन्दोलनकारीले बताए पनि प्रहरीले यसको पुष्टि गरेको छैन । स्थानीयले खाद्यान्नलगायत उपभोग्य सामग्री

स्थानीयले थप प्रहरी टोलीलाई गाविस प्रवेश गर्न दिएका छैनन्, प्रशासनले त्यहाँ बढेको 'सुरक्षा खतरा' गृहमा जानकारी गरायो

आपूर्तिमा अवरोध गरिरहेका छन् । खाद्यान्न रोकेपछि प्रहरी चौकीमा कार्यरत ११ जनालाई खानाकै समस्या भएको छ ।

चौकी नै हटाउने तयारी

सदरमुकामबाट निरीक्षकको कमान्डमा गएको टोलीलाई गाविस प्रवेश नदिएपछि त्यहाँस्थित सीमा चौकीका प्रहरीमा सुरक्षा खतरा बढेको छ । जिल्ला प्रशासन अन्तिम विकल्पका रूपमा चौकी नै हटाउने मनस्थितिमा पुगेको छ । 'काँडावासीलाई प्रहरीको सुरक्षा आवश्यक छैन भने चौकी नै हटाइदिन्छौं,' प्रमुख जिल्ला अधिकारी सुनिल खनालले भने, 'अनावश्यक बल प्रयोग गरेर घटना निम्त्याउनुभन्दा केही समयका लागि चौकी नै हटाउँदा राम्रो हुन्छ कि भन्ने निष्कर्षमा पुगेका छौं ।'

चौकीमा भएको सुरक्षा खतराबारे गृहमन्त्रालयमा समेत जानकारी गराइएको छ । जिल्ला सुरक्षा समितिको बैठकको निर्णयपछि गृहलाई ग्रेटका बारेमा जानकारी गराइसकेको प्रशासनले जनाएको छ । चौकीमा भएका मालसामान पोको पारेर प्रहरी फिर्ता हुने तयारीमा रहेको प्रजिअ खनालले जानकारी दिए । चौकीमा रहेका मालसामान ओसार्न पनि स्थानीयको सहयोग चाहिने भएकाले त्यसका लागि समन्वय भइरहेको उनको भनाइ छ ।

चौकी हटे पनि आन्दोलन जारी रहने गाउँपालिका संघर्ष समितिका संयोजक मानबहादुर बोहराले बताए । आयोग, प्रधानमन्त्री र मुख्य दलका नेताहरूले छुट्टै गाउँपालिका दिने आश्वासन दिएर आफूहरूलाई झुक्याएको उनको आरोप छ । आन्दोलनका कारण गाविस परिषद्समेत हुन सकेको छैन । स्थानीयले अहिले कायम भएको तीन दिन टाढाको गाउँपालिकामा जान नसकिने भन्दै छुट्टै गाउँपालिका माग गर्दै आएका छन् ।

आयोगले निर्णय उल्टाएपछि आन्दोलन

खोटाङ (कास)- पुनःसंरचना आयोगले जिल्लाबाट प्रस्तावित महुरेगढी गाउँपालिका हटाएको विरोधमा सुरु भएको आन्दोलन मत्थर नहुँदा सर्वसाधारणले सास्ती खेप्नुपरेको छ । ६ दिनदेखिको लगातारको यातायात बन्दले जनजीवन कष्टकर बन्दै गएको हो ।

आयोगले महुरेगढी गाउँपालिका हटाएर खार्पालाई लामीडाँडा गाउँपालिका बनाएको छ । आन्दोलनकारीले मध्यपहाडी र सगरमाथा लोकमार्गमा यातायात सञ्चालन हुन दिएका छैनन् । केही व्यक्तिको प्रभावमा परेर आयोगले महुरेगढी गाउँपालिकालाई हटाएर खार्पामा केन्द्र बनाएको भन्दै बिहीबार पनि स्थानीयले प्रदर्शन जारी राखे । ऐंसेलुखर्क गाउँपालिकामा सिफारिस गरिएको डुम्रेधारापानी र दुवेकोल गाविसलाई पनि खार्पा केन्द्रमा राखिएको भन्दै रावापारिका ९ गाविसवासी पनि आन्दोलनमा जोडिएका छन् ।

उनीहरूले त्यस क्षेत्रका गाविस भवनमा ताला लगाउनुका साथै ऐंसेलुखर्क बजारसमेत बन्द गराए । त्यहाँको वित्तीय क्षेत्र बन्द हुँदा सेवाग्राही मारमा परे । लगातारको बन्दले हजारौं यात्रु अलपत्र परेका छन् । बन्दले बिरामी बढी सास्तीमा छन् । सहरसँग सीधा यातायात सम्बन्ध विच्छेद भएपछि जिल्ला अस्पतालबाट रेफर भएका बिरामीले महँगो खर्च तिरेर हेलिकप्टरको सहारा लिनुपरेको छ । आन्दोलनकारीले जिल्लास्थित राजनीतिक दलको सहमतिमा सिफारिस गरिएको महुरेगढी गाउँपालिका कायम नराखेसम्म आन्दोलन जारी राख्ने बताए । जिल्लाको जनजीवन कष्टकर बन्दै गएपछि प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्कीले बन्द खोल्न आग्रह गरे पनि आन्दोलनकारीले मानेका छैनन् । बरु थप आन्दोलन चर्काउने र त्यसका लागि शान्तिसुरक्षा र सहयोग गर्न माग गरेका छन् ।

स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समितिले बुइपा, विजयखर्क, राजापानी, नुनथला, खार्पा र कुभिन्डे गाविस समेटेर नुनथलाको महुरेमा केन्द्र रहने गरी सिफारिस गरेको गाउँपालिकालाई हटाएर अन्यत्र सारिएकाले आन्दोलन गर्नुपरेको संघर्ष समितिका अध्यक्ष उदयबहादुर कार्कीले बताए । जिल्लाबाट सिफारिस गरेको विपरीत आयोगले बुइपा, नुनथला र विजयखर्क गाविसलाई रूपाकोट मझुवागढी नगरपालिकामा राखेको छ । रूपाकोट मझुवागढी नगरपालिकामा समेटिएको हौचुर गाविसलाई लामीडाँडा केन्द्रमा राखिएको छ । यस्तै ऐंसेलुखर्क गाउँपालिकामा समेटिएको दुवेकोल र डुम्रेधारापानीलाई पनि खार्पा केन्द्रमा राखिएकाले आन्दोलनमा उत्रनु परेको डुम्रेधारापानीका सीताराम अधिकारीले बताए ।

सीमांकन विवादले नेतामाथि ढुंगामुढा

कान्तिपुर संवाददाता

कास्की- ऊर्जामन्त्री जनार्दन शर्मालगायत नेता सहभागी अर्घाखाँची महोत्सव उद्घाटन कार्यक्रममा ढुंगामुढा भएको छ । मञ्चमै प्रदेश हेरफेरबारे नेताहरूबीच आरोप-प्रत्यारोप भएपछि सहभागीले ढुंगा र जुत्ता-चप्पल प्रहार गरेका हुन् ।

सन्धिखर्कस्थित महोत्सव स्थलमा कांग्रेस, एमाले, माओवादी केन्द्र र राजमोलगायत दलका स्थानीय नेताले ५ नम्बर प्रदेश टुक्राउने गरी सरकारले ल्याएको संशोधन प्रस्ताव फिर्ता लिन मन्त्री शर्मालाई आग्रह गरेका थिए । शर्माभन्दा अगाडि बोलेका माओवादी केन्द्रका नेता डिलाराम आचार्यले ५ नम्बर टुक्राएर ठीक गरेको भनाइ राखे । 'तराई र पहाड टुक्रिएर के भो र देश त सिंगो छ नि' भन्दै गर्दा सहभागी होहल्ला गर्दै उठे । त्यसपछि मञ्चतिर ढुंगा र जुत्ता-चप्पल हिर्काएका हुन् ।

मञ्चमा बसेका नेताहरूलाई नलागे पनि घटनापछि केहीबेर तनाव भएको थियो । भागदौडमा किमडाँडाका मानबहादुर भुसाल र डिभर्नाका प्रेम खड्का घाइते भएका छन् । उनीहरूको जिल्ला अस्पतालमा उपचार भइरहेको छ । बिहीबार बिहान नै प्रेस सेन्टरले गरेको पत्रकार सम्मेलनमा मन्त्री शर्माले अर्घाखाँचीका बासिन्दालाई ४ नम्बर प्रदेशको राजधानी पोखरा जान असजिलो भए सरकारले सुरुङ मार्ग

स्थिति तनावग्रस्त भएपछि ऊर्जामन्त्री जनार्दन शर्मालाई कडा सुरक्षासाथ राजधानी पठाइयो

बनाइदिने बताएका थिए ।

दिउँसोको महोत्सव उद्घाटनमा आचार्यले लुम्बिनीका तराई र पहाडी जिल्ला टुक्राउँदैमा केही फरक नपर्ने भाषण गर्दा सहभागी एक्कासि आक्रोशित भएर ढुंगा र जुत्ता हिर्काएका हुन् । पूर्वसांसद आचार्य अर्घाखाँचीकै हुन् । आचार्य र मन्त्री शर्माले माफी माग्नुपर्ने भन्दै भीडले नाराबाजी गरेको थियो ।

जिल्लाकै माओवादीका नेता टोपबहादुर रायमाझीलाई भने कार्यक्रममा बोलाइएको थिएन । स्थिति तनावग्रस्त भएपछि मन्त्री शर्मा भाषण नगरी काठमाडौं फर्किए ।

सहभागी सबै उठेर मन्चतर्फ जान थालेपछि भीड नियन्त्रण गर्न सुरक्षाकर्मीलाई हम्मेहम्मे परेको थियो । ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेर अप्रिय घटना हुन नदिएको जिल्ला प्रहरीका डीएसपी नवरत्न पौडेलले बताए । कडा सुरक्षासाथ मन्त्री शर्मालाई कार्यक्रमस्थलबाट बाहिर निकालेर काठमाडौं पठाइएको थियो । आचार्यलाई सुरक्षा दिएर राखिएको छ । तनाव भएपछि महोत्सवको उद्घाटन कार्यक्रम स्थगित भएको छ ।

सरकारले ५ नम्बर प्रदेशका अर्घाखाँची, पाल्पा र गुल्मीलाई तराईका जिल्लाबाट अलग बनाई ४ नम्बर प्रदेशमा लैजाने प्रस्ताव संसद्मा दर्ता गरेको दोस्रो दिनदेखि नै यी जिल्लामा विरोध प्रदर्शन भएका थिए । सरकारले प्रस्ताव फिर्ता नलिएको विरोधमा बुधबार पनि सत्ताधारी र प्रतिपक्षी दलका नेता तथा कार्यकर्ताले सन्धिखर्कमा विरोध प्रदर्शन र सभा गरेका थिए ।

हत्या आरोपमा ८ लाई थुना

कान्तिपुर संवाददाता

कपिलवस्तु- विद्यानगर ४ बसवरियामा तनाव कायमै छ । मुन्नुलाल यादव हत्या घटनापछि गाउँबाट भागेकाहरू अझै फर्किन सकेका छैनन् । ५५ वर्षीय यादव हत्या आरोपमा अदालतले बिहीबार ८ जनालाई पुर्पक्षका लागि थुनामा पठाएको छ ।

घटनामा संलग्न आरोप लागेका गाउँकै आरिफ रजानुरी, सलिम बढई, अनवर मुस्तफा र अब्दुलजमिर बढईलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको हो । त्यस्तै सिराज बढई, जाफर अली, जुबेर खाँ र अमिरूल हक पनि थुनामा परेका छ । अतिरिक्त जिल्ला न्यायाधीश कृष्णप्रसाद पौडेलको इजलासले उक्त आदेश गरेको हो । गाउँका हिन्दु र मुस्लिम समुदायबीचको झगडामा यादवको ज्यान गएको थियो ।

प्रहरीले २४ जनाविरुद्ध मुद्दा दायर गरेको छ । तीमध्ये फरार १६ जनालाई पनि शीघ्र पक्राउ गर्न अदालतले प्रहरीलाई आदेश गरेको छ । मंसिर २७ गते बिहान ७ बजे दाजु तिलकरामलाई स्थानीयले कुटपिट गरेको खबर थाहा पाएपछि गएका मुन्नुलालमाथि सांघातिक आक्रमण भएको थियो । उनको भैरहवामा उपचार क्रममा मृत्यु भएको थियो । घटनापछि पक्राउ पर्ने डरले गाउँका मुस्लिम पुरुष भागेका छन् । मृतकका छोरा विक्रमले थुप्रैलाई दोषी बनाउँदै प्रहरीमा हत्याको जाहेरी दिएका थिए ।

हत्या घटनापछि सुनसान बनेको गाउँमा पुरानो रौनक अझै फर्केको छैन । गाउँ छाड्ने १ सयभन्दा बढी मुस्लिम समुदायका युवा, वयस्क र वृद्ध भागेका छन् । गाउँमा मुस्लिम महिला, वृद्धवृद्धा र ८/१० वर्षे नाबालक मात्र छन् ।

'गाउँमा एक-अर्कासँग बोल्न डराउने अवस्था छ,' स्थानीय नाजिमा बढईले भनिन्, 'यस्तो तनावको अवस्थामा सहज जीवनयापन कष्टकर बनेको छ ।'

इलाका प्रहरी गणेशपुरले गाउँमा हवल्दारको कमान्डमा ५ प्रहरी दिनरात खटाएको छ । घटनाको मानव अधिकारीकर्मीदेखि लिएर राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय बुटवलले समेत अनुगमन गरेको थियो ।



सम्पादकीय

संसदीय समितिको निष्क्रियता

प्रमुख राजनीतिक दलहरूबीच सहमति नजुटेकै कारण संसद्को लेखा समिति विगत साढे पाँच महिनादेखि नेतृत्वविहीन हुनु संसदीय लोकतन्त्रलाई अलोकप्रिय बनाउने दुष्प्रयास हो । संसदीय लोकतन्त्रमा संसदीय समितिको सभापति आफैंमा सम्मानित र गरिमामय पद हो । त्यसमाथि लेखा समितिले सरकारी खर्चमा अनियमितता सम्बन्धी अनुगमन गर्ने भएकाले यसको सभापतिको सवालमा त गरिमासँगै शक्ति पनि उत्तिकै रहन्छ जसले गर्दा यो आफैंमा आकर्षणको पद हो । त्यसैका कारण पनि यो समितिमा दलहरूबीच सहमति जुट्न नसकेको हो । समितिका तत्कालीन सभापति जनार्दन शर्मा, पुष्पकमल दाहाल नेतृत्वको सरकारमा मन्त्री बनेसँगै लेखा समिति नेतृत्वविहीन हुन पुगेको हो । र, यसरी मन्त्री हुन जाँदा रिक्त भएको लेखा समितिको सभापतिमा सत्तारूढ दलहरूले नै दाबी गर्नु सुहाउने विषय होइन । मूलत: लेखा समितिको नेतृत्व विपक्षीलाई दिने प्रचलन छ । सरकारको गलत कामकारबाहीविरुद्ध खबरदारी गरिरहनुपर्ने समिति भएको हिसाबले पनि यो समितिको नेतृत्व प्रतिपक्षलाई दिने चलन स्थापित भएको हो । तर, अहिले भने लेखा समितिको सभापति सत्तापक्ष या प्रतिपक्ष कसले लिने भन्ने विषयमा नै विवाद देखिनु र त्यसैका कारण लामो समयदेखि नेतृत्वविहीन हुनु आफैंमा दुर्भाग्यपूर्ण अवस्था हो ।

शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तअनुसार लेखा समितिको नेतृत्व आफूले पाउनुपर्ने प्रमुख प्रतिपक्षी एमालेको अडान छ । यता, सत्ता साझेदार दलहरू कांग्रेस र माओवादी भने एमालेले कुनै अर्को समितिको नेतृत्व छाड्न तयार हुनुपर्ने र त्यसबापत एमालेलाई लेखा समितिको नेतृत्व दिन सकिने पक्षमा छन् । एमालेले अर्को समितिको नेतृत्व छाड्न तयार नभए लेखा समितिमा माओवादी र महाअभियोग सिफारिस समितिमा कांग्रेसले नेतृत्व लिने सत्तारूढ दलहरूबीचको समझदारी छ । यसरी लेखा समितिको नेतृत्व प्रधानमन्त्रीकै दलले लिन खोज्नु संसदीय लोकतन्त्रमा कुनै हिसाबले पनि सुहाउने विषय होइन । त्यसो त यसअघि १२ संसदीय समितिमध्ये दलीय भागबन्डाका आधारमा कांग्रेसले ४, एमालेले ३, माओवादी केन्द्रले २ र अन्य साना दलले ३ वटा समितिको नेतृत्व पाएका थिए । यतिखेर भने लेखा, महाअभियोग सिफारिस र संविधान अनुगमन तथा कार्यान्वयन समितिको नेतृत्व खाली छ । यस हिसाबले प्रमुख दलहरूबीच दलीय भागबन्डा नै गरे पनि लेखा समितिको नेतृत्व भने विपक्षी दललाई नै दिनु उपयुक्त हुन्छ ।

विगतमा दलहरूबीच दलीय भागबन्डा र सहमतिकै आधारमा समितिका सभापतिहरू चयन भएको लुकेको विषय होइन । र, प्रमुख विपक्षी एमालेले विगतको यही नजिरलाई आधार मान्दै यसपटक पनि सहमतिकै आधारमा सभापति चयन हुनुपर्ने माग गरे पनि सत्ता साझेदार दलहरूचाहिँ निर्वाचनमार्फत छनोट गर्ने पक्षमा छन् । लेखा समितिको सभापति निर्वाचनबाट छनोट गर्ने भन्दै निर्वाचन कार्यतालिकासमेत सार्वजनिक गरिसकिएको थियो । तर, यसरी निर्वाचन कार्यतालिका सार्वजनिक गरिसकेपछि समितिमा भने सदस्य थप गरियो जसप्रति एमालेले आपत्तिसमेत जनाएको छ । निर्वाचन कार्यतालिका आइसकेपछि कांग्रेस सांसद ध्रुव वाग्लेलाई लेखा समितिमा सरुवा गरेकै कारण एमालेले आपत्ति जनाएको हो जसले गर्दा तत्कालका लागि समिति सभापतिको निर्वाचन स्थगित भएको छ । यस हिसाबले दलहरूबीच सहमति नभएको अवस्थामा लेखा समिति सभापति छनोट प्रक्रिया अझै लम्बिने भएको छ ।

त्यति मात्र होइन, पछिल्लो समय संसदीय समितिका कामकारबाही प्रभावकारीसमेत हुन सकिरहेका छैनन् । संसदीय समितिहरू जति सक्रिय र प्रभावकारी भयो, त्यति नै संसदीय लोकतन्त्र मजबुत बन्दै जाने हो । एक हिसाबले भन्ने हो भने सरकारले गरेका गलत कामकारबाहीलाई लगाम लगाउने काम संसदीय समितिहरूकै हो । संसदीय समितिहरूको भूमिका महत्त्वपूर्ण हुने भएकै कारण यसलाई 'मिनी पार्लियामेन्ट' समेत भनिन्छ । तर, संसदीय समितिहरूकै कामकारबाहीचाहिँ आफ्नो मर्यादाको ओजन बढाउने किसिमको छैन । यो अवस्थामा संसदीय समितिहरूले आफ्नो कामकारबाहीलाई प्रभावकारी बनाउँदै सरकारलाई उत्तरदायी बनाउने पहलकदमी लिन जरुरी छ । समितिहरूले आफूलाई जति सक्रिय र प्रभावकारी बनायो, त्यति नै यसको ओजन बढ्दै जाने हो । त्यसैले पनि समितिहरूले यसतर्फ हेक्का राख्नैपर्छ ।

निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने पक्ष



नीलकण्ठ उप्रेती

अब गरिने निर्वाचनमा पहिलो हुने निर्वाचित हुने र समानुपातिक गरी दुवै प्रणालीका लागि एउटा मात्र मतपत्र प्रयोग गर्ने विषयमा विचार गर्ने कि ?

देशको राजनीतिक, आर्थिक एवं शैक्षिक स्थितिलाई ध्यानमा राखी निर्वाचन प्रणाली निर्धारण गर्ने गरिन्छ । त्यतिकै ध्यान दिनुपर्ने महत्त्वपूर्ण विषय हुन्, प्रणाली प्रयोगमा सरलता, सहजता, कम खर्चिलो र सम्भव भएसम्म सबै वर्ग एवं क्षेत्रको प्रतिनिधित्वको सुनिश्चितता । संघीय तथा प्रादेशिक निर्वाचनका लागि आगामी चारवटा आवधिक निर्वाचन अर्थात करिब बीस वर्षसम्म 'बहुनिर्वाचन क्षेत्रगत बहुसदस्यीय पूर्ण समानुपातिक निर्वाचन प्रणाली' अवलम्बन गर्न सहमति गर्ने प्रयास गरेको देखिएन । यो प्रणालीले युगौंदेखि पछाडि परेका सबै समूहको प्रतिनिधित्व सुनिश्चित गर्न सकिने र निरन्तर चार पूर्णावधिक निर्वाचनमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीको प्रयोग हुँदा सबै वर्ग र समूहको प्रतिनिधित्व गर्ने क्षमता विकास भई कुनै पनि वर्गको लागि निर्वाचनमा कोटाको विशेष व्यवस्था गर्न नपर्ने स्थितिको परिकल्पना गर्न सकिन्छ । पहिलो हुनेले जित्ने निर्वाचन प्रणालीबाट समानुपातिक प्रतिनिधित्वको परिकल्पना गर्दा निर्वाचन प्रणालीलाई तोडमोड गर्नुपर्ने हुँदा अलोकतान्त्रिक हुने अवस्था आउँछ । तसर्थ पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्न सुझाव दिइएको हो ।

आम मतदाताको प्रत्यक्ष मतदानबाट एक स्थानको लागिमात्र गरिने निर्वाचन प्राय: दुई चरणवाला पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली नै प्रयोग गरिन्छ, जसमा कुनै उम्मेदवारले पनि पहिलो चरणमा पूर्ण बहुमत प्राप्त नगरेको अवस्थामा पहिलो र दोस्रो स्थान प्राप्त गर्ने उम्मेदवारका बीच पुन: मतदान गराई बहुमत प्राप्त उम्मेदवारलाई विजयी घोषणा गर्ने व्यवस्था गरिन्छ । पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा सहमति गर्न नसकिएको भए तापनि आगामी संघीय तथा प्रादेशिक निर्वाचनमा निम्न अनुसारको निर्वाचन प्रणालीलाई अवलम्बन गर्न सहमति गर्नसकेको भए प्रयोगमा सहजता, दलहरूले प्राप्त गर्ने मतमा बढी समानुपातिकता र निर्वाचन प्रणालीमा प्रवेश भएका विकृतिहरू पनि हट्न सक्ने थिए ।

मिश्रित निर्वाचन प्रणाली

संसारमा दुई प्रकारका मिश्रित निर्वाचन प्रणाली प्रयोगमा छन् । पहिलो, संविधानसभाका दुवै निर्वाचनमा नेपालले प्रयोगमा ल्याएको समानान्तर मिश्रित निर्वाचन प्रणाली हो । यस प्रणालीबाट राजनीतिक दलको हकमा पनि अर्धसमानुपातिक परिणाम मात्र आउन सक्छ । अर्को मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली, जसमा राजनीतिक दलले प्राप्त गर्ने परिणाम पूर्ण समानुपातिक हुन्छ, यद्यपि त्यो समानुपातिकता दलहरूले प्राप्त गरेको मतको हदसम्म मात्र सीमित रहन्छ । उम्मेदवार मनोनयनको दृष्टिबाट मतदाताका लागि दुवै प्रणाली उस्तै देखिन्छन् । समानुपातिकतर्फको प्राप्त मतलाई स्थानमा परिणत गर्ने सन्दर्भमा मात्र फरक महसुस हुन्छ । कुन प्रणाली छनोट गर्ने भन्ने राजनीतिक सहमतिको विषय हो तापनि संविधानसभाको निर्वाचनमा प्रयोगमा ल्याइएको समानुपातिक निर्वाचन प्रणालीमा भित्र्याइएका विकृतिहरू हटाउन र दलले प्राप्त गरेको मतलाई न्यायपूर्वक स्थानमा परिणत गरी राजनीतिक दलको हकमा पूर्ण समानुपातिक बनाउनका लागि मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली प्रयोग गर्दा बढी उपयुक्त हुने थियो ।

उम्मेदवारको बन्दसूची

संविधानसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फको उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको क्रमसंख्या अनुसार विजयी घोषणा नगरी राजनीतिक दलले प्राप्त गर्ने कुल स्थानमा बन्दसूचीका जुनसुकै उम्मेदवारलाई विजयी घोषणा गर्न पाउने व्यवस्था गरियो । यस्तो व्यवस्था लोकतान्त्रिक निर्वाचनमा गरिँदैन । द्वन्द्व व्यवस्थापनको नाममा सम्झौतास्वरूप भित्र्याइएका विकृति र विसंगतिहरू सच्याउने समय निर्वाचन सम्बन्धी कानुन निर्माणको समय पनि हो । आगामी निर्वाचनहरूमा निर्वाचन प्रणालीमा रहे/भएका विकृतिलाई सदाको लागि हटाउन उम्मेदवारको बन्दसूचीमा पूर्व निश्चित क्रम राखी निर्वाचन आयोगले नै राजनीतिक दलका उम्मेदवार विजयी भएको घोषणा गर्ने व्यवस्था गर्नुपर्छ । मतदाताले कसलाई मत दिएको भन्ने थाहा नहुने व्यवस्था लोकतान्त्रिक हुँदै होइन । त्यसमा पनि क्रमसंख्या नतोकिएको बन्दसूचीमा रहेका उम्मेदवारहरूका बीच नकारात्मक प्रतिस्पर्धा हुनगई निर्वाचन प्रणाली विकृत पारिएको महसुस भएको छ ।

अन्य देशहरूमा समानुपातिकतर्फका उम्मेदवारहरूको बन्दसूचीमा समाविष्ट उम्मेदवारहरूको क्रम पहिले सूची तयार गर्दा नै निश्चित गरी निर्वाचन व्यवस्थापन निकायमा पेस गरिन्छ । सो सूचीको क्रम संख्याअनुसार निर्वाचन गराउने निकायले निर्वाचनको परिणाम घोषणा गर्दा राजनीतिक दललाई सोधिरहन पर्दैन । मतदाताले आफ्नो अनुमानअनुसार मनपराएको दलले ११ स्थान प्राप्त गर्छ भन्ने उसलाई लागेमा १ देखि ११ भित्रका उम्मेदवारलाई आफूले मत दिएको महसुस गर्छ । यो महसुस गर्न पाउनु लोकतान्त्रिक अधिकार हो । यसले गर्दा उम्मेदवार र मतदाता बीचको सम्बन्ध कायम भई निर्वाचनमा पारदर्शिता कायम हुने र मतपरिणाम घोषणा गर्न पनि सहज हुन्छ । यस्तो अवस्थामा राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची बनाउँदा र त्यसको क्रम निश्चित गर्दा विशेष ध्यान पुऱ्याउन जरुरी छ । बन्दसूची निर्माण गर्दा महिलासहित संविधानले तोकेका कोटा समूहको स्थान उपयुक्त किसिमले ठिक क्रममा निश्चित गरी तय गर्नुपर्ने हुन्छ, जसले गर्दा ती वर्गको लागि तोकिएको कोटा अनुसारको संख्यामा उम्मेदवार निर्वाचित हुन सकुन् ।

संविधानसभा निर्वाचनमा समानुपातिक प्रतिनिधित्वको लागि महिलासहित ६ समूहमा कोटा निर्धारण गरिएकोमा समावेशिता बढाउने उद्देश्यले होला, प्रादेशिक सन्तुलन र भूगोलका अतिरिक्त संविधानमा नौ समूहमा कोटा निर्धारण गर्ने प्रावधान राखिएको छ । सबै वर्ग र क्षेत्रको समावेशी प्रतिनिधित्वको लागि १२५ जातजातिमा विभक्त हाम्रो जनसंख्याको बनोटलाई कति मसिनोसम्म विभाजन गर्दै जाने हो, त्यो संवेदनशील विषय बन्न पुगेको छ । २०४८ साल यताका सबै निर्वाचनमा सहजै प्रतिनिधित्व गर्नसकेका समूहलाई कोटाको व्यवस्था नगरी पछाडि परेका समूहहरूको लागिमात्र उचित व्यवस्था गर्न पाए वर्ग तथा जात विभाजन गर्ने काम कम भई न्यायपूर्ण प्रतिनिधित्व पनि हुने र निर्वाचन प्रणाली पनि सहज हुने थियो । संविधानमा व्यवस्था भए अनुसारका संघीय तथा प्रादेशिक सभाको निर्वाचन प्रणाली सम्बन्धी कानुन बनाउनभन्दा पनि कार्यान्वयन गर्न सम्बन्धित निकायहरूलाई हम्मेहम्मे पर्ने देखिन्छ । संविधानसभाको निर्वाचनमा राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची तालिका बनाई निर्वाचन आयोगमा पेस गर्ने समय समाप्त भैसक्दा पनि ठिक प्रकारले सूची तयार गर्न नसकेको स्थिति थियो ।



बहिष्करणमा परेकाहरूको प्रतिनिधित्व

संविधानसभाका दुवै निर्वाचनमा ऐनमा व्यवस्था भएअनुसार समानुपातिकतर्फका उम्मेदवारहरूलाई महिला, दलित, मधेसी, जनजाति तथा पिछडिएको क्षेत्र र खस–आर्य गरी कोटा निर्धारण गरिएको थियो । यस अघिका निर्वाचनहरू पहिलो हुने निर्वाचित हुने र समानुपातिकतर्फ पनि सहजै प्रतिनिधित्व गर्न नसकेका समूहहरूलाई समेत आगामी निर्वाचनमा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने भएकाले नै संविधानमा महिला, दलित, आदिवासी जनजाति, खस–आर्य, मधेसी, थारु, मुस्लिम र पिछडिएको क्षेत्रसमेत नौ समूहमा समानुपातिक प्रतिनिधित्व गराउन कोटाको व्यवस्था गरिएको छ ।

त्यसको अतिरिक्त बन्दसूची तयार गर्दा भूगोल र प्रादेशिक सन्तुलन पनि कायम गर्नुपर्ने र सूचीमा अपांगता भएका व्यक्ति समेतको प्रतिनिधित्व निश्चित गर्नु पर्नेछ । यस्तो जटिल व्यवस्थालाई सम्बन्धित ऐनमा रूपान्तरित गरी निर्वाचनमा प्रयोगमा ल्याउन अत्यन्त जटिल हुने महसुस गरिएको छ । राजनीतिक दल तथा निर्वाचन आयोगले पनि विशेष प्रकारको कम्प्युटर सफ्टवेयर बनाई दुवै थरीले राम्रोसँग प्रशिक्षण लिनु पर्नेछ ।

महिला तथा असमावेशीहरूको प्रतिनिधित्व

प्रतिनिधित्व न्युन रहेका महिला तथा अन्य तोकिएको समूहहरूको प्रतिनिधित्वलाई सुनिश्चित गर्न समानुपातिक निर्वाचनको लागि बन्दसूची निर्माण गर्दा प्रथमत: तोकिएको कोटाअनुसार प्रत्येक दलले निर्वाचन आयोगमा पेस गर्ने प्रत्येक समूहका उम्मेदवारलाई त्यो समूहको कोटाको प्रतिशतका आधारमा बन्दसूचीको निश्चित क्रममा राख्ने व्यवस्था बाध्यकारी हुनुपर्छ । यसो हुँदा पनि महिला तथा समावेश हुनुपर्ने समूहहरूको निर्वाचित हुनैपर्ने संख्यामा विजयी हुन नसकेको खण्डमा बन्दसूचीको क्रमअनुसार निश्चित कोटा समूहका महिला तथा पछि परेका अन्य समूहका उम्मेदवार विजयी गराउन सूचीको क्रममा भएका अन्य सम्भावित उम्मेदवारलाई छाडी क्रमिक रूपमा क्रमभङ्ग गरी त्यस्ता समूहका उम्मेदवार विजयी भएको मानी सो समूहको प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था पनि गर्न सकिन्छ । यसका लागि कुनै पनि किसिमको द्विविधा नहुनेगरी कानुनमा व्यवस्था गर्नुपर्ने हुन्छ ।

प्रतिनिधित्वका लागि थ्रेसहोल्ड

संविधानसभाको २०७० मंसिर ४ गते सम्पन्न निर्वाचनमा ३० राजनीतिक दलहरूले संविधानसभामा प्रतिनिधित्व गर्नसके । त्यसमध्ये १० दलले त १/१ स्थानमात्र प्राप्त गर्नसकेका छन् । समानुपातिक प्रणालीमा थ्रेसहोल्ड नराखिएको कारणबाट ०.२२ प्रतिशतमात्र मत ल्याउनेले पनि संविधानसभामा एक स्थान प्राप्त गरेको अवस्था छ । संसारका प्राय: सबै समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने देशहरूले निर्वाचित सभामा प्रतिनिधित्वका लागि थ्रेसहोल्ड तोकेका हुन्छन् । यो व्यवस्थाले निर्वाचित सभा धेरै दल वा समूहमा विभाजन हुनबाट बचाउन सकिने र सरकार निर्माणका लागि दलहरूबीच तालमेल गर्न पनि सहज हुन्छ । निर्वाचन थ्रेसहोल्ड नराख्नाले राजनीतिक दलहरू साना–सानामा विभाजन भई निर्वाचित प्रतिनिधिसभामा धेरै दल हुने तर सबै वर्ग र क्षेत्रको समानुपातिक तथा समावेशी सभा बन्नका लागि असम्भवप्राय: स्थिति सिर्जना गर्छ । थ्रेसहोल्ड राखेमा समान सिद्धान्त वा विचार निकट दलहरू गाभिने प्रवृत्ति बढ्न गई सशक्त एवं समावेशी दलहरू निर्माण हुन्छन् ।

यस अघि सम्पन्न भएको संविधानसभा निर्वाचनका लागि एक प्रतिशतमात्र पनि सहमति भएको भए संविधानसभामा ११ दलले मात्र समानुपातिक तर्फबाट प्रतिनिधित्व गर्ने थिए । सबैभन्दा सानो दलले पाँच स्थानमात्र पाउने थियो । दुई प्रतिशत थ्रेसहोल्ड राखिएको भए सात दलले मात्र समानुपातिकतर्फको स्थान प्राप्त गर्ने थिए । त्यस्तै तीन प्रतिशत थ्रेसहोल्ड राखिएको भए चार दलले मात्र समानुपातिकतर्फको स्थान प्राप्त गर्ने र सबैभन्दा सानो राजनीतिक दल वा समूहले ३१ स्थान प्राप्त गर्ने सम्भावना थियो । थ्रेसहोल्डको व्यवस्था गरी निर्वाचन प्रणाली प्रयोगमा ल्याइएको भए संविधानसभामा भाग लिने दलहरूले निर्वाचनपूर्व नै गठबन्धन गरी तोकिएको थ्रेसहोल्ड पार गर्ने प्रयत्न गर्ने थिए ।

मतपत्रको किसिम

मिश्रित निर्वाचन प्रणालीमा पहिलो हुने निर्वाचित हुनेरसूची समानुपातिक प्रणालीको मिश्रण गरिएको हुन्छ । साधारणतया मतदातालाई दुवै प्रणालीका भिन्न-भिन्न मतपत्रमा एक–एक मत दिनुपर्ने अवस्था हुन्छ । संविधानसभाका दुवै निर्वाचनमा दुई प्रकारका मतपत्र भएकाले मतदातालाई बुझ्न र मतदान गर्न जटिल भएका थियो, जसको कारण पहिलो हुने निर्वाचित हुनेतर्फ करिब–करिब ५ प्रतिशत मत बदर भएको थियो । मतदाताले दिएको मत खेर नजाने प्रयास गर्न, मतदान सरल र कम खर्चिलो बनाउनका लागि पहिलो हुने निर्वाचित हुनेतर्फ राजनीतिक दलका उम्मेदवारलाई दिइएको मतलाई नै समानुपातिकतर्फ दललाई दिएको मत मानेर गणना गर्ने व्यवस्था गर्न सकिन्छ । यसको मुख्य अवगुण मतदाताले आफ्नो एक मत फरक दलको उम्मेदवार वा मनपरेको अर्को दललाई दिने स्वतन्त्रतामा भने सम्झौता गर्नुपर्ने हुन्छ । त्यस्तै स्वतन्त्र उम्मेदवारले प्राप्त गरेको मत समानुपातिकतर्फ नजोडिने स्वत: सिद्ध छ । मतदाताको लागि सहज, कम खर्चिलो एवं व्यवस्थापकीय दृष्टिले पनि सरल हुने भएकाले अब गरिने निर्वाचनमा पहिलो हुने निर्वाचित हुने र समानुपातिक गरी दुवै प्रणालीको लागि एउटामात्र मतपत्र प्रयोग गर्ने विषयमा विचार गर्ने कि ?

उप्रेती पूर्व प्रमुख निर्वाचन आयुक्त हुन् ।

पाठक मञ्च

● लायक को ?



हेर्दाहेर्दै राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको सालिक तोडफोड गरेर आत्मरतिमा रमाउनेहरू, यस धर्तीमा उनको कृति नामेट गराउने धन्दामा संलग्न राजनीतिक खेलाडीहरू, प्रायश्चित र पश्चातापले गर्दा पृथ्वी जयन्तीको महत्त्व बखान गर्न व्यग्र देखिए । पुस २७ गते राष्ट्रिय एकता दिवस मनाउने परिपाटी बन्द गर्दैमा राष्ट्रिय गौरव र एकताको अनुभूति हुन सक्तैन । आफ्नो अस्तित्व कायम गरिसकेको अमर व्यक्तित्वलाई एकदिन बिदा होस् वा नहोस्, केही फरक पर्दैन । पृथ्वीनारायण शाहजस्ता विभूतिको अस्तित्व चिरकाल पर्यन्त रहिरहन्छ । मुलुकको राजनीतिक इतिहासको लामो उतार–चढावमा राजनीतिक स्वार्थ उन्मुखहरूले भावावेशमा आएर गरेका निर्णय सच्याएका उदाहरण धेरै छन् । लोकमान प्रकरण त्यसैको निरन्तरता मात्रै हो ।

१०४ वर्षसम्म एकछत्र शासन गरेका राणाहरू नेपालीको नजरमा नालायक भए, बिलाए । तीन दशककै अन्तरालमा राजतन्त्र टुङ्गियो । राजाहरू स्वेच्छाचारी, निरङ्कुश र नाकाम प्रमाणित भए । देशको सबैभन्दा ठूलो र लामो इतिहास बोकेको राजनीतिक दल नेपाली कांग्रेसका वर्तमान सभापति शेरबहादुर देउवा समयक्रमसँगै असक्षम भएर सत्ताच्युत भएकै हुन् । यसरी हेर्दा समयको कालखण्डमा के ठेगान शासक वर्गको कोपभाजनमा को पर्छ, को पर्दैन ? बदलावको भावना, राजनीतिक कुसंस्कार र कानुन मिचेर काम गर्ने अहिलेकै प्रवृत्ति हावी हुँदै गयो भने हजारौं लोकमानले हिँड्ने बाटो एउटै हुनसक्छ ।

– मधुसूदन ओझा
विराटनगर

● 'सीईओ' र राजनीतिक नियुक्ति

सरकार गठन भएदेखि आँखा लागेको वा पुनर्निर्माण प्राधिकरणमा केही दिनदेखि एकाएक चलेको प्रमुख कार्यकारी अधिकृत/'सीईओ' बर्खास्तीको 'ड्रामा' समाप्त भएको छ । पहिला–पहिला यस्ता राजनीतिक नियुक्तिमा अदालती झमेला आउने वा अदालतमा ढोका ढकढकाएपछि 'स्टेअर्डर'ले थमौती हुने वा केही गर्न नसकिने भएकोले यो पटक सरकारका सल्लाहकार महान्यायाधिवक्ताकै सल्लाह, सुझावमा पहिलो स्पष्टीकरण र त्यसलाई चित्त नबुझेको भन्दै अर्को २४ घन्टे दोस्रो स्पष्टीकरण काटेर ३६ पाने जवाफ दिएको २४ घन्टापछि मन्त्रिपरिषदले अयोग्य भन्दै विदा दिएको छ । खासमा यो प्राधिकरण गठनदेखि नै यसको प्रमुख हुन डा.बाबुराम भट्टराईसम्मले रुचि देखाएको पढ्दा साँच्चिकै शानकै 'सीईओ' पद भन्ने लागेको थियो । तर नाम प्राधिकरण भए पनि विभिन्न मन्त्रालय, निकायदेखि स्थानीय जनतासम्मलाई समन्वय गर्नुपर्ने निकाय राजनीतिको छायाले कहिलेसम्म छायामा परिरहने हो ? अहिले नियुक्त डा.गोविन्द पोखरेल वैकल्पिक ऊर्जाबाट 'करिअर' सुरु गरेर राष्ट्रिय योजना आयोगको उपाध्यक्ष हुँदै यही प्राधिकरणको स्थापना भएसँगै नियुक्त भए पनि सरकार परिवर्तन भएपछि कानुन नबनेकाले पदमुक्त भएका थिए । उनको योग्यता र क्षमतामाथि मेरो प्रश्नभन्दा यस्ता दलीय दरिद्र चिन्तन र व्यवहारले लक्षित वर्ग वा समुदायले के राहत पाउला ?


– श्रीकृष्ण राजवंशी
सिन्धुली

● 'हायर एन्ड फायर' मा केटाकेटी पारा

सरकारद्वारा बर्खास्तमा परेका पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत /'सीईओ' सुशील ज्ञवाली सरकारको निर्णयविरुद्ध अदालत जाने समाचार आएको छ । नियमित आकस्मिकता भनेको जस्तो म्याद नपुगी सरकारले बर्खास्त गर्ने, त्यसपछि अदालत जाने र अदालतले पहिलो व्यक्तिलाई पुनर्बहाली गरेपछि पछिल्लो व्यक्ति घर जाने गरेका छन् । यस्तो क्रम तत्कालीन प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेललाई एमालेको अल्पमतको सरकारले हटाएर सुरु गरेको हो । त्यसपछि पनि यस्ता घटना विभिन्न निकायमा अनेकौंपटक भइसकेको छ । यस्तो क्रियाकलापले नियुक्त भएको व्यक्तिले पनि मनमा मलाई कहिले हटाउने हो भन्ने डर पालेर कसरी काम गर्न सक्लान् ? अत: यस्तो केटाकेटीको खेलजस्तो क्रियाकलाप बन्द गर्न नेपाल सरकारसँग अनुरोध छ ।

– बनिता थापा
अमेरिका

● स्वास्थ्यमन्त्री थापालाई सुझाव



१. अल्पकालीन र दिगो नहुने काम गरेर प्रशंसा बटुल्नभन्दा दीर्घकालीन, निरन्तरता पाइरहन सक्ने काम गर्दा उचित हुन्छ । राजनीतिमा ठूलो उद्देश्य राखेको युवामन्त्री हुनुको नाताले उनीबाट यस्तो काम हुनुपर्छ, जुन दिगो, निरन्तर र दीर्घकालीन हुन सकोस्, जसले गर्दा मन्त्रीबाट निवृत्त भएपछि पनि उनलाई आत्मसन्तुष्टि मिल्नेछ, भविष्यमा पनि त्यसको उच्च मूल्यांकन हुनेछ ।
२. सञ्चार माध्यममार्फत उनको प्रस्तुति आवश्यकभन्दा बढी भयो कि ?
३. राजधानी र मोफसलका सार्वजनिक समारोहमा हुने गरेका नयाँ–नयाँ घोषणा आवश्यक तयारीमा नभएको देखिन्छ । बहिरंग सेवामा वृद्धि गर्ने निर्णय र विगतमा राजनीतिक स्टन्टबाजी र अव्यावहारिक बन्नपुगेको निशुल्क औषधि खरिदलाई तत्कालै कार्यान्वयन गर्ने उनको निर्णय कार्यान्वयन गर्न कठिनमात्रै होइन, अव्यावहारिक पनि देखिन्छ । विगतमा कतिपय ठाउँमा अनावश्यक भनी प्रमाणित भइसकेका तर खरिद सूचीमा तोकिएका औषधिहरू नै सामान्य रूपमा वितरण गर्नभन्दा असहाय र गरिबलाई आवश्यक पर्ने औषधिहरू कुनै पनि अस्पताल या स्वास्थ संस्थामार्फत निशुल्क रूपमा वितरण गर्नु उपयुक्त हुन्थ्यो कि ? निशुल्क औषधिको नाममा ठूलै चलखेल हुने गरेको मात्रै होइन, व्यापक दुरुपयोग हुने गरेको छ ।
४. पदीय जिम्मेवारी दिँदा सकेसम्म कालो कपाल भएका तन्नेरीहरू मात्रै खोज्नभन्दा अनुभव र वरिष्ठतालाई पनि आधार बनाउनुपर्छ ।
५. मन्त्री र सचिवालयसँग सहज पहुँच भएका दल र समूहसँग आबद्धहरू बाहेक मन्त्रालय धाउन नचाहने अरु पनि सक्षम र इमानदार छन् भन्ने कुरामा हेक्का राखेको देखिएन । त्यसैले केन्द्रदेखि मोफसलमा इमानदारी र सक्षमतापूर्वक काम गरिरहेकाहरूको उच्च मूल्यांकन हुनुपर्ने हो । दुर्भाग्यको कुरा, त्यसो हुनसकेको छैन ।
६. गरिब र असहायका हातखुटा भाचिँदा, सुत्केरी बेथा जटिल हुनलाग्दा, आकस्मिक रोगहरू लाग्दा जिल्लामा सम्पादित हुनुपर्ने आकस्मिक शल्यक्रियाको व्यवस्था नहुँदा अझै पनि अकालमा मर्नुपर्ने बाध्यता छ । यसको पनि व्यवस्था हुनसकेको छैन ।
७. तयारी अन्तिम अवस्थामा पुगिसकेको भए पनि आफ्नै कार्यकालमा कलेजो प्रत्यारोपण, कान्तिको आईसीयु शैयामा वृद्धि, अस्पताल फार्मेसी सञ्चालन आदिमा उनको सक्रियता प्रशंसनीय नै छ । तर सुरुवात भइसकेका यी सेवा दिगो रूपमा सञ्चालित भइरहुन् ।
८. स्वास्थ्यमन्त्रीले जिल्लाका स्वास्थ्य संस्थाहरू भ्रमण गर्दा बहुसंख्यक चिकित्सक अनुपस्थित रहेको पत्ता लगाएका छन् र आदेश पनि जारी गरेको समाचार सम्प्रेषित भएको छ । उनको भ्रमणको सुईंको पाउने वित्तिकै पदाधिकारीहरूले चिकित्सक पठाउने हतारो गर्छन् भन्ने खबर पनि सुनिन्छ । आफै जिल्ला–जिल्ला घुमेर बुझ्नुभन्दा चिकित्सकहरू कार्यक्षेत्रमा भए, नभएबारे संयन्त्रबाट बुझी चिकित्सकहरूको आवश्यक व्यवस्था गर्नु पो उपयुक्त हुन्थ्यो कि ?

– डा. सुजन शर्मा
sujan_paudel2035@yahoo.com

मधेस–पहाड नजोड्ने विद्रोह

नेपालको जीवन पद्धतिमा गाँसिएको उत्तर–दक्षिण प्रवाहको भूधरातलीय यथार्थ र आवश्यकता र देशको बाध्यतालाई नबुझी चन्द्रकिशोर जस्ता स्तम्भकार र बालकृष्ण माबुहाङ जस्ता वरिष्ठ अध्यापकहरूले संघीयता र यसको सिमानाबारे लेखिएका लेखले केही क्षेत्र र केही जातीय पक्षलाई मात्र प्रतिनिधित्व गरेको पाइयो । चन्द्रकिशोरको लेखमा विमति छ । किनकि २०६८ सालको जनगणना अनुसार नेपालको सम्म जमिन जसलाई लेखकले मधेस भन्नुभएको छ । त्यहाँ ५४ लाख मधेस मूलका नेपाली बस्छन् र साढे ५१ लाख पहाडी मूलका नेपाली बस्छन् । बाँकी १६ लाख थारु र ११ लाख मुस्लिम बस्छन् । थारु र मुस्लिमले तराई, पहाड, हिमाल अलग गर्नु हुँदैन भन्ने मान्यता राख्छन् । यो वास्तविकताको सांगोपांग परिस्थितिमा अधिकांश मधेसी मूलका नेपाली बस्ने २ प्रदेश अलग पारिसकेपछि अझ थप प्रदेशलाई पहाडमुक्त बनाउनु कुन अर्थमा जायज देख्नुभयो ? बुझ्न सकिएन । चन्द्रकिशोर जस्ता लेखकले देश बोल्नुपर्छ, क्षेत्र र रंग बोल्ने होइन । मधेसी मूलका नेपालीको मात्र आत्म र मर्म हुन्छ, त्यही तराईमा बस्ने पहाडी मूलका नेपालीको भावना र आत्मा हुँदैन ? यदि हुन्छ भने ५४ लाखकै पछि–पछि साढे ५१ लाखको भावना पनि लेखकले बुझेको भए । सायद राष्ट्रियता थप बलियो हुन्छ कि ?

बालकृष्ण माबुहाङको लेखमा विमति यसकारण छ कि नेपाल कुनै प्रकारको राज्यवाद अर्थात 'स्टेटहुड'को बाध्यताले संघीयतामा जाँदै छैन । यो केवल देशवाद अर्थात 'कन्ट्रीहुड'बाट अख्तियार निक्षेपणसहित प्रशासनिक प्रदेश पुन:संरचनामा जाँदैछ । तसर्थ ३० वर्षको क्रिस्चियन धर्मका २ गुट बीचको गृहयुद्ध अन्त्य गर्न सम्पन्न सन् १६४८ को वेष्टफालिया सन्धिसँग नेपालको संघीयता कतै पनि जोडिँदैन । यद्यपि वेष्टफेलियाको सान्दर्भिकता पछिल्ला दिनमा युरोपमा नै अमान्य भएका

सर्वोच्चको सल्लाह



श्रीकृष्ण अनिरुद्ध गौतम

योपुस, कठ्याङ्ग्रिँदो चिसोका बाबजुद निकै घटनापूर्ण रह्यो । यसबीच संसद् प्रायश निष्क्रिय तर सर्वोच्च अदालत सक्रिय रहेको थियो । फलस्वरुप अदालतले संविधान संशोधन विधेयकलाई के गर्ने भन्ने बारेको अलमल चिर्न एउटा सल्लाह दियो । धन्य हो, नेपालको सर्वोच्च विधायिका अर्थात् सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको प्रतिनिधि संस्थालाई अदालतले बाटो देखायो । पहिलो, संविधान संशोधनको विषय । दोस्रो, लोकमानसिंह कार्की प्रकरण । संशोधन के गर्ने भनेर निष्कर्षमा नपुगेको संसद् अदालतको सल्लाहपछि हलचलमा आयो । अख्तियार प्रमुखका रूपमा लोकमानका अतिका विरुद्धको महाअभियोगमाथि संसद्मा विमर्श–परामर्श नै रोकिएका बेला अदालतद्वारा उनको नियुक्ति बदर भएको छ ।

म यहाँ लोकमान प्रकरणबारे पछि चर्चा गर्नेछु । पहिला संविधान संशोधनका विषयमा संसद्को सकस कसरी तोडियो, यसैको चर्चा गर्नु सापेक्ष हुनेछ । अदालतको सल्लाह आएपछि प्रमुख प्रतिपक्ष एमालेको सक्रिय संसद् अवरोध अकस्मात र आश्चर्यजनक रूपमा प्रतीकात्मक बन्न पुग्यो । अझ अदालतकै सल्लाहपछि संशोधनलाई यथानुरुप नमान्ने झापा, मोरङ, सुनसरी, कैलाली र कञ्चनपुर लिइछाड्ने जिकिर गरिरहेका मधेस केन्द्रित दलहरूको मन पनि सङ्लियो । त्यसमाथि थप अझ रोचक, प्रस्तावित संशोधनका पक्षमा समर्थन जुटाउन मधेस केन्द्रित नेताहरू स्वयं सक्रिय हुनपुगे । नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र, मधेस केन्द्रितका विभिन्न घटकले अदालतको सल्लाहको प्रशंसा र त्यो सल्लाहलाई आआफ्नै अनुकूलता प्रेरित भएर अर्थ्याए ।

यता एमालेको विरोधका पक्षमा उभिने सर्वसाधारण संसद्मा संशोधन प्रस्ताव पेस हुँदा जिल परे । उसका वरिपरि गोलबद्ध कांग्रेस र माओवादी सांसद र कार्यकर्ता यता न उताका, पार्टी नेतृत्वका आँखामा कसिंगर बन्न पुगे । तर कम जिल परेनन्, मधेस केन्द्रितका पक्षमा उभिनेहरू पनि । वास्तवमा मुद्दा एकातिर तर कुनै नेता विशेष, राजनीतिक दलको अडानलाई आफ्नो ध्येय बनाउँदाको नियति यही हो । किनभने विशेष गरेर नेपालको वर्तमान राजनीतिक परिवेशमा कुन नेताले अँध्यारैमा कता कोल्टे फेर्छ, कुनचाहिँ राजनीतिक दल आफ्नो निष्ठामा दृढ रहन्छ, विलकुलै अनुमान बाहिरको विषय बन्न गएको छ । यहाँ केमा के साटासाट हुन्छ, को कस्तो प्रलोभनमा फँस्छ, भन्नै सकिँदैन । राजनीतिमा ठूलो नैतिक समस्या, निष्ठा र विश्वासको विकट समस्या छ । आज जे बोल्यो, भोलिपल्ट बोलेकै होइन भनेर जिल्नेहरूको बोलबाला छ । जस्तो कि कसैले नेताका वाणी, तिनका भनाइ समर्थन गर्नुलाई आफ्नो प्रतिष्ठा बनाएको रहेछ, तर नेताचाहिँ रातारात प्रलोभनमा फँसेछ, बिकेछ भने उसले के गर्नु ? यथार्थमा यहाँ प्रबुद्ध नागरिक र प्राज्ञिक पक्ष निम्सारो हुनाको कारण पनि यही हो । यहाँ धेरैजसो प्राज्ञहरू, विद्वत् समूह प्रायश निश्चित चिन्तनका आधारमा नभएर नेताले रुचाएका एजेन्डा बोकेर हिँडेका हुन्छन् । जबकि उता नेताले भने बर्खे खोला-नालाले जस्तै रात नछिप्पिँदै आफ्नो छोटकरी बाटो पहिल्याइसकेका हुन्छन् । स्वार्थ साटासाट गर्छन् । बाझे जस्तो गर्छन्, तर उनीहरू भित्रभित्रै मिलिसकेका हुन्छन् ।

यता विद्वान् बिचरो सिद्धान्तका ठेली पल्टाएर हेर्छ । कुन सिद्धान्तका आधारमा दिशा परिवर्तन भयो, खोज्न थाल्छ । थमस हब्स प्रेरित राजनीतिशास्त्री भन्छ, 'राजनीति एकाधिकार उन्मुख हुँदै गएकाले यस्तो भएको हो ।' त्यहीं जन लक पक्षधर भन्छ, 'हेर्नुहोस् यो मार्ग संविधानवादका खिलाफ गएको छ, त्यसैले यो टिक्दैन । असफल हुन्छ ।' तर नेताहरूको दिशा परिवर्तनमा न हब्सको सिद्धान्त छ, नत लक नै हुन्छन् । कार्लमार्क्स र भ्लादिमिर लेनिन कम्युनिस्ट पार्टीका कार्यालयका भित्तामा सीमित छन्, त्यो पनि संक्षेपमा । अरु त अरु लोकतन्त्र नै केवल प्रतिनिधित्वका लागि वैधता प्राप्त गर्ने साधनमा सीमित हुनपुगेको छ । अर्थात् सिद्धान्त शून्यता मूलभूत राजनीतिक चरित्र बन्न पुगेको छ । राजनीति जनता झुक्याउने, छक्याउने खेल बन्न पुगेको छ । तर निराश नहुनु किनभने सम्भवतः यही हो, नेपालको उत्तरसैद्धान्तिक काल अर्थात् 'पोस्ट आइडियोलजिकल एरा' । सम्भवतः राजनीतिमा यतिञ्जेल पढिआएको इतिहास सिद्धिएको हो । जहाँ सबै राजनीतिक दल एउटै धाराको पानी खान्छन्, तर केवल सत्ता र शक्तिमा आफ्नो स्थान सुरक्षित राख्न पृथक बोली प्रस्फुटित गरिरहेका हुन्छन् ।

कोही देखिनलाई देशको पक्षमा राष्ट्रवादी भएर उभिन्छन् । अहिले भइरहेको त्यही छ । कोही मधेसलाई पृथक राष्ट्र बताएर आफ्नो मर्दो राजनीति ज्युँदो राख्न तल्लिन छन् । धर्मले भोट बटुल्छ भने धर्मनिरपेक्षतामा हस्ताक्षर गर्नेहरू नै हिन्दुत्वका पक्षमा वकालत गर्न पछि पर्दैनन्, त्यस्ता पात्रहरू कुनै दल विशेषमा अधिक तर हरेक दलमा छन् । संविधान जारी गर्दा ९० प्रतिशत पुऱ्याउने तिनै हुन् । यस्तो प्रतीत हुन्छ, व्यक्तित्व विचारले नभएर जसरी–तसरी शीर्षस्थानमा पुगे स्वतः बन्ने प्रथा स्थापित भएको छ । पुगेपछि जे गरे पनि हुने, आफ्नो अनुकूलतामा सबै एकैनासे पूर्वपञ्च जस्ता छन् । संघीयता पक्षधर र विपक्षीहरू परस्पर विरोधी मत बाँडिचुँडी बटुल्छन् र राज्यको शीर्षस्थानमा आसीन हुन्छन् । त्यसैले हुनुपर्छ, हरेक उच्चस्थ निर्णय अदालतको पटांगिनीमा पुग्छ । अदालत के गरोस्, उसलाई पनि थाहा छ, उसले विधायिकाको क्षेत्राधिकारमा प्रवेश गर्न मिल्दैन । ऊ परामर्श दिन्छ । उसको परामर्शलाई अनि राजनीतिज्ञहरू आफ्नै अनुकूलतामा अर्थ्याउन थाल्छन् ।

संशोधनको विषय त्यस्तै भयो । जबकि यिनै दलहरूले लेखेर आफ्नो कथित ९० प्रतिशतले पारित गरेको संविधानले प्रदेशको सीमा फेरबदल गर्न प्रदेशसभाको अनुमोदन चाहिन्छ भनेको छ । अदालतले त्योभन्दा पृथक भाषा बोलेको छैन र बोल्न पनि मिल्दैन । तर संविधानकै खिलाफ हुने प्रस्ताव अन्यत्र उनीहरूले संसद्मा भित्र्याउने, पारित गराउने वाचा गरेर आएका थिए । अदालतको सल्लाह आएपछि त्यसलाई उनीहरूले उही अन्यत्र गरिएको वाचा बमोजिम नै अर्थ्याए, संसद्मा भित्र्याए ।

अब लोकमान प्रकरण हेरौं । संसद्मा उनका विरुद्ध महाअभियोग प्रस्ताव दर्ता भएको तर उता अदालतमा मुद्दा पनि चलिरहेको थियो । यसै बीच अदालतले लोकमानलाई अयोग्य घोषित गर्दै उनको नियुक्ति बदर गरिदियो । अदालतको आदेशपछि उनी पदच्युत भइसके । अब संसद्ले महाअभियोग प्रस्तावलाई के गर्ने ? के अब एउटा पदच्युतमाथि पुनः पदच्युत गर्न संसद्मा महाअभियोगमाथि बहस हुनसक्छ ? के पदच्युत भइसकेको व्यक्तिलाई पुनः पदच्युत गर्ने ? मानिलिउँ नहोला, तर कथं महाअभियोग प्रस्ताव विफल भएमा के फेरि उनको पुनःस्थापन हुनसक्छ ? यसले त सोझै शक्ति पृथकीकरणको सिद्धान्तलाई चुनौती दिएको ठहर्छ । वास्तवमा सर्वोच्चले नियुक्ति नै बदर गरिसकेपछि लोकमान अध्यायमा संसद्को प्रवेश हुनसक्ने कतै देखिँदैन । महाअभियोग प्रस्ताव स्वतः मृत भइसकेको छ ।

यहाँ प्रश्न संसद् र अदालतमा को उच्च अथवा सर्वोच्च भन्ने होइन । विधायिका र न्यायालयका आआफ्ना क्षेत्र र अधिकारहरू हुन्छन् र छन् । संविधानका सम्बन्धमा अदालतले हस्तक्षेप गर्न मिल्दैन । सम्बन्धितले अथवा नागरिकले रित पुऱ्याएर मागेका बखत उसले अक्षर र त्यसको भावनाको व्याख्या गरिदिन्छ । कुनै संशोधन संविधानको अंग बन्ने अथवा नबन्ने, गर्न मिल्ने अथवा नमिल्ने संविधानमै लेखिएको हुन्छ । जस्तै– प्रदेशको सिमाना हेरफेर गर्ने विषयको संशोधन प्रस्तावले प्रदेशसभालाई आकर्षित गर्छ । प्रदेशको निर्वाचन नै नभएको हुँदा त्यहाँ सभा हुने प्रश्नै भएन । त्यसकारण प्रदेशसभा नै नभई त्यसमाथि संसद्मा बहस चल्नु स्वतः निरर्थक प्रलाप हुन जान्छ । तर संसद्को बहुमूल्य समय प्रलापमा व्यतीत गर्न उत्सुक भइसकेपछि, रोक्नेले रोक्दैन भने कसैको केही लाग्दैन ।

त्यस्तै महाअभियोगको विषयमा यसको प्राधिकार संसद्मा रहेको हुन्छ । तर संसद्ले जोखाना हेरिरहँदा अदालतले लोकमानको फैसला नै गरिदिएपछि महाअभियोग प्रस्ताव माथि भनिएझैं स्वतः मृत हुनपुगेको छ । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार यसलाई के भन्ने र कसरी लिने, एउटा नयाँ प्रश्न उपस्थित भएको छ । तर सबैलाई थाहा छ, स्वार्थ साटासाटमा चल्ने राजनीतिक नेताहरूले यसको के कस्तो दूरगामी प्रभाव पर्छ, त्यता सोच्लान् भनेर नठाने हुन्छ । निश्चय नै यो प्रबुद्ध नागरिक तथा विषय विज्ञ विद्वत् समुदायद्वारा गम्भीर विमर्श गरिनुपर्ने विषय हो, ताकि भावी समयमा व्यवस्थापिका र न्यायपालिकाको कार्यक्षेत्र नजुध्योस् । तर माथि पनि भनियो, नेपालको विद्वत् समुदाय राजनीति आश्रित हुनपुगेकाले निम्सरो छ । विधि व्यवस्थामा विचलन बढ्दै जाने सम्भावना प्रबल छ । फलस्वरुप, अन्यत्रका स्वार्थहरू विधि मिचेर लादिन सक्छन् र लादिएका छन् । जस्तै– दृष्टान्त सम्मुखै छ, संविधान कार्यान्वयन गर्ने भन्दै संविधानकै खिलाफ संशोधनको प्रस्तावले संसद्मा प्रवेश पाएको छ । सत्तानिहित आआफ्नै स्वार्थ पुरा गर्न अदालतले दिएको सल्लाहलाई आआफ्ना स्वार्थका अनुकूल हुनेगरी अर्थ्याइएको छ ।

सत्तानिहित आ–आफ्नै स्वार्थ पूरा गर्न अदालतले दिएको सल्लाहलाई आ–आफ्ना स्वार्थका अनुकूल हुने गरी अर्थ्याइएको छ ।



संविधानमा दलित अधिकार



हीरा विश्वकर्मा

नेपालको संविधानमा बहुजातीय, बहुभाषिक बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त विविधताको सम्मान (धारा ३) रहने भनिएको छ । संघीयता, गणतन्त्र, धर्म निरपेक्षता, समावेशी लोकतन्त्र, समाजवाद उन्मुख राज्य (धारा ४) ले प्रस्ट् याएको छ । समानुपातिक समावेशीकरण (प्रस्तावना, धारा ३८, ४०, ४१ र २८५) का साथै सकारात्मक उपायको अवलम्बन (धारा १८, धारा ३८) को पनि व्यवस्था गरेको छ । यस्ता सकारात्मक कुराहरूका बावजुद केही नकारात्मक विशेषता पनि बोकेको देखिन्छ । त्यसमा मूलतः सकारात्मक उपायको लाभदायी समूहमा विगतदेखि वर्तमानसम्मका शासक जात, जाति र वर्गको समग्र सूचीकरण गरेको छ, अन्य कुनै जातजातिको परिभाषा नगरिकन केवल खस–आर्यको मात्र परिभाषा दिई आफ्नो हित सुनिश्चित गरेको देखिन्छ । रूपमा समानुपातिक समावेशीकरण भने पनि सारमा आधाको पनि आधा दिइने व्यवस्था छ । रूपमा धर्म निरपेक्षता भने पनि सारमा धर्म सापेक्षतालाई जोड दिइएको छ र धर्म परिवर्तन गर्न नपाउने भनिनु त्यसकै अर्थमा बुझिएको छ । विशेष व्यवस्था, सकारात्मक कदम, समानुपातिक समावेशी र समावेशी सिद्धान्त जस्ता पदावलीहरूको परिभाषा नगरिनुले जसको लाठी उसैको भैंसी भन्ने उखानलाई चरीतार्थ गर्न खोजेको देखिन्छ ।

यी सबै कुराका बाबजुद दलित अधिकारको क्षेत्रमा यसले स्पष्ट व्यवस्थाहरू गरेको छ, जुन यस प्रकार छन् । अविभेद तथा छुवाछूत विरुद्धको व्यवस्थाहरू (धारा २४) दलितका लागि कोशेढुंगा मान्न सकिन्छ, किनभने दलितहरूले भारतीय उपमहाद्वीपमा करिब ३ हजार वर्षदेखि भोग्दै आएको छुवाछूतको व्यवस्थाबाट पीडित दलित समुदायको सम्मानजनक अवस्थातर्फ उन्मुख गराउन कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव नगरिने, कुनै सार्वजनिक स्थल, वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरणमा भेदभाव नगरिने, जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार–प्रसार गर्न–गराउन नपाइने, कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न नपाइने, सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुन बमोजिम दण्डनीय हुने र पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने भन्ने उल्लेख छ । क्षतिपूर्ति पाउने व्यवस्था आफैमा अत्यन्त प्रगतिशील व्यवस्था हो ।

दलितका लागि व्यवस्था भएको अर्को महत्त्वपूर्ण धारा ४० हो, यसले आर्थिक–सामाजिक हितको सुनिश्चितता गरेको देखिन्छ । यसमा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक प्रदान गरेको छ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने भनेको छ । दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरिने उल्लेख छ । दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिने भनिएको छ । धारा ४० मा नै दलित समुदायको परम्परागत सीपको सन्दर्भमा आफ्नो परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुने भनिएको छ । राज्यले दलित समुदायका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउने उल्लेख छ । तराईमा ४४ र पहाडमा १५ प्रतिशत दलित भूमिहीन भएको र मध्य र सुदूर पश्चिममा भएका अधिकांश हलियाहरू दलित भएको सन्दर्भमा राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्ने भनेको छ । त्यस्तै राज्यले आवासविहीन दलितलाई कानुन बमोजिम बसोबासको व्यवस्था गर्ने भनेको छ । त्यस्तै दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गरी न्यायोचित वितरण गर्नुपर्नेसम्म भनेको छ ।

दलित लगायत अन्य सीमान्तकृत समुदायको राज्यका विभिन्न निकायहरूमा प्रतिनिधित्व तथा समावेशीकरणलाई सुनिश्चित गर्न धारा ४० को १ र धारा ४२ को १ मा राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको हक हुने भन्ने उल्लेख छ । धारा ७६ को ९ मा समावेशी सिद्धान्त बमोजिम संघीय मन्त्रिपरिषदको गठन गर्ने, धारा ११६ को ८ र ९ मा प्रदेश मन्त्रिपरिषदको गठन पनि समावेशी सिद्धान्तको आधारमा गरिने, धारा २१५ को ४ मा दलित वा अल्पसंख्यकबाट २ जना गाउँपालिकाको सदस्य हुने, धारा २१६ को ४ मा दलित वा अल्पसंख्यकबाट ३ जना नगर कार्यपालिकाको सदस्य हुने भन्दै स्थानीय निकायमा पनि प्रतिनिधित्वको व्यवस्था गरेको छ ।

धारा ८४ को २ र ८ मा प्रतिनिधिसभाको सिटमा ४० प्रतिशत समानुपातिक प्रतिनिधित्व हुने भनेकोमा यसले संविधानमा उल्लेख भएका समूहबाट प्रतिशतको आधारमा प्रतिनिधित्व गराउने भनिएको छ । धारा ८६ को २ को क र ख मा राष्ट्रियसभाको गठनमा १२ प्रतिशतको सहभागिता हुने भनेको छ । त्यस्तै धारा १७६ को ६ र ९ मा प्रदेशसभाको सिटमा पनि ४० प्रतिशत सिट समानुपातिकबाट हुने भनेको छ । त्यस्तै धारा २२२ को २ र ३ मा गाउँसभामा दलित वा अल्पसंख्यकबाट ३ जना सदस्य रहने त्यस्तै २२३ को २ र ३ मा नगरसभामा पनि त्यस्तै व्यवस्था हुने भनिएको छ । धारा २६७ को ३ मा नेपाली सेनामा समानता र समावेशी सिद्धान्तको आधारमा समावेशीकरण हुने उल्लेख गरिएको छ ।

संविधानले निर्दिष्ट गरेको व्यवस्थाको कार्यान्वयन हुन्छ भन्ने कुरामा शंका पैदा गरेको छ ।

धारा २६९ को ४ गमा राजनीतिक दलका विभिन्न तहका कार्यकारी समितिमा समावेशी प्रतिनिधित्व गर्ने, धारा २८२ को १ मा समावेशी सिद्धान्तको आधारमा राजदूत र विशेष प्रतिनिधि नियुक्त गरिने, धारा २८३ मा सबै संवैधानिक निकायका पदाधिकारी समावेशी हुने, धारा २८५ को २ मा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सरकारी सेवाको पदपूर्ति गरिने र धारा २५५ ले दलित आयोगका गठन तथा सञ्चालनको व्यवस्था गरेको छ । माथि उल्लेखित फेहरिस्तलाई हेर्दा दलित समुदायले धेरै गुनासो गर्ने ठाउँ छैन, किनभने धारा २४ ले दलितलाई छुवाछूतबाट मुक्त गर्नेमात्र नभई पीडित भएमा क्षतिपूर्ति समेतको व्यवस्था गरिने उल्लेख छ । तर व्यवहारमा छुवाछूत कसुर सजाय ऐन २०६८ लागु भइसकेको अवस्थामा २०७३ सालसम्म आउँदा त्यसको नियमावली बनेको छैन । अधिकांश छुवाछूतको मुद्दा फौजदारी भई मेलमिलाप गर्न नमिल्ने कानुनी व्यवस्था हुँदाहुँदै पनि सबैलाई मेलमिलापमा टुंग्याउन खोज्नु र अदालतसम्म पुगे पनि अत्यन्त न्युन सजाय हुनु विडम्बनापूर्ण छ । दलितलाई उच्च शिक्षासम्म छात्रवृत्ति सहितको निशुल्क शिक्षाको व्यवस्था भनिँदा हालसालै पारित भएको शिक्षा ऐनमा त्यसलाई बेवास्ता गरिनु, भूमिहीन दलितलाई एकपटक कानुन बनाएर भूमि प्रदान गर्ने भनिएकोमा भूमिसुधार मन्त्रालयले त्यसमा तदारुकता देखाउनुको सट्टा अध्ययन गरिनुपर्ने भनी पन्छाउने काम गरेको छ । मन्त्रिपरिषददेखि राज्यका हरेका निकायमा समावेशी हुने भनिएकोमा ओली सरकारमा एमाले पार्टीको तर्फबाट एकजना पनि दलित मन्त्री नपर्नु, निजामती सेवामा भर्ना खुल्दा टुक्रा–टुक्रा पारी खोल्नु र त्यसमा भरसक समावेशी कोटा नपार्नु, राजदूत लगायत अन्य क्षेत्रमा नियुक्ति गर्दा दलित समुदायलाई पुरै बेवास्ता गर्नुले अहिलेको संविधानले निर्दिष्ट गरेको व्यवस्थाको कार्यान्वयन हुन्छ भन्ने कुरामा शंका पैदा गरेको छ ।

खोइ नागरिक समाज ?



शान्ता मरासिनी

राज्य लामो समयसम्म आन्तरिक द्वन्द्वमा फँसेका बेला राज्यको वैधतामै संकट उत्पन्न हुने अवस्था सिर्जना भएपछि नागरिक समाजको मध्यस्थतामा शान्ति प्रक्रिया अगाडि बढेको हो । तर आज नागरिक समाजको त्यो गुनलाई बिर्सिएर राजनीतिक दलले 'खोला तर्‍यो लौरो बिर्स्यो' उखान चरितार्थ गरेका छन् ।

विद्यमान संवैधानिक एवं राजनीतिक गतिरोधबीच मूल्ययुक्त नागरिक समाजको खोजी भएको छ । तर नागरिक समाज भने मौन छ, पखँ र हेरको अवस्थामा देखिन्छ । नागरिक समाजको परिभाषा ४ सय वर्षअघि नै भएको हो । त्यतिबेलै दर्शनशास्त्री सिसिरोले समाजमा असमान क्षमता भएका तर स्वतन्त्र र समान रूपमा सहभागी हुनसक्ने नागरिकको समूहलाई नागरिक समाज हुन् भनेको पाइन्छ । परिभाषाकै क्रममा मार्क्सिसहरूले सत्ताको विपरीत रहेको बुर्जुवा स्पेसका रूपमा लिएका थिए भने लिबरलहरूले सरकार र बजार बीचको स्पेसका रूपमा स्वीकारे ।

समग्र शासकीय प्रणालीलाई जनताप्रति जवाफदेही र जिम्मेवार बनाउने उद्देश्यले राज्यका संयन्त्रभन्दा पृथक, गैरनाफामुखी, सेवाभावी सर्वसाधारणबाट संरचित, निष्पक्ष, स्वतन्त्र, साझा मानवीय मूल्य, सामाजिक नैतिकताका प्रवर्द्धक जस्ता विशेषता भएको मैलिक र स्वायत्त र बाह्य प्रभाव र आग्रहबाट मुक्तहरू सम्मिलित समूहरू नागरिक समाजका स्वरुप हुन् । जुन राज्यसत्ताबाट हुनसक्ने स्वच्छचारिता विरुद्धका नागरिकका रक्षाकवच हुन् । सिद्धान्ततः नागरिक समाज नागरिकका मानव मौलिक अधिकारको रक्षा, नागरिक स्वतन्त्रता, सामाजिक न्याय र ऐक्यबद्धताका लागि लड्छन् । यिनको आदर्श, भूमिका, मूल्य र औचित्यलाई हेर्ने हो भने अन्याय विरुद्ध सामूहिक आवाज उठाउने, अधिनायकवाद विरुद्ध जनमत सिर्जना गर्ने, द्वन्द्व समाधानमा मध्यस्थता, पारदर्शिता प्रवर्द्धन, गैरदलीय व्यवहार, सहभागितामूलक पद्धतिको अवलम्बन, समाजका आवाजविहीन र शक्तिविहीनका हक–अधिकारबारे वकालत गर्ने, सामाजिक विकृति र भ्रष्टाचार विरुद्ध निगरानी र खबरदारी गर्ने, सरकारका जनहितकारी नीतिहरूको वकालत गर्ने र कार्यान्वयनमा जनमत सिर्जना गराउने एवं जनताको राजनीतिक, सामाजिक सशक्तीकरण गरी सरकारका सबै अंगलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउनेतर्फ केन्द्रित छन् र हुनुपर्छ ।

विद्वान डेविड कोर्टेनले नागरिक समाजको विकास साविकको रिलिफ र वयलफेयर एप्रोचबाट, कम्युनिटी डेभलपमेन्ट, दिगो विकास हुँदै नागरिक सशक्तीकरण र नागरिकको अधिकारमुखी अवधारणाको वकालत गर्ने तहमा पुगेको विश्लेषण गरेका छन् ।

विगतमा विश्वयुद्धको शान्तिपूर्ण समाधानदेखि राष्ट्रहरूमा भएका गृहयुद्ध र द्वन्द्वको शान्तिपूर्ण समाधानदेखि अन्तर्राष्ट्रिय रूपमै मानव, मौलिक अधिकारको रक्षा लगायत विषयमा नागरिक समाज (लिग अफ नेसन्स स्थापना, युएन, अन्तर्राष्ट्रिय मानवअधिकार समिति, रेडक्रस) ले खेलेको भूमिकालाई स्वीकार गरिएकै कारण यिनको महत्त्व र भूमिका अझ सशक्त भएर आएको विषयलाई नर्कान सकिँदैन । यसै सन्दर्भ नेपालको शान्ति प्रक्रियामा द्वन्द्वरत पक्ष र सत्तापक्षलाई एकैथलोमा ल्याई शान्ति स्थापनामा खेलेको विशिष्ठ भूमिकाकै कारण राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा जश पाएको नागरिक समाजको पहिचानलाई अन्तरिम संविधान २०६३ को राज्यको दायित्व अन्तर्गत अन्य लोकतान्त्रिक मूल्यका अतिरिक्त नागरिक समाजको अनुगमन भन्ने शब्दलाई स्वीकारिएको थियो । तर नेपालको संविधान २०७२ ले यो कुरालाई बिर्सिएको छ ।

नागरिक समाजले विगतमा खेलेका र विधमानमा खेल्न सक्ने गर्विला भूमिकालाई स्वीकार्दै गर्दा यसमा संलग्न पात्र र प्रवृत्तिमा केही विचलन भने नदेखिएको होइन । हाम्रोमा लोकतान्त्रिक नागरिक समाज गुट, उपगुट, पार्टी, जातजाति र समूहमा विभक्त भई राजनीतिक विचार बोकेर हिँड्न थालेका कारण संगठित आवाज सानो बन्दै गएको र (राजकुमार लेखीले भने डीएफआईडीको सहयोगले गर्दा हामी तीन टुक्रा भयौं, कान्तिपुर दैनिक) नागरिक समाजको मूल्य क्षयीकरण हुँदै गएको कुरा नकार्न सकिन्न ।

पछिल्लो समय अन्तर्राष्ट्रिय समुदायले विकासमा नागरिक समाज, सामुदायिक संगठनहरूलाई सँगसँगै लिएर हिँड्न थालेपछि परनिर्भरताले त्यस्ता संस्थाहरू नराम्ररी प्रभावित हुँदै गए । जसका कारण विगतदेखि हामीले निस्वार्थी भावनाले गर्दै आएका सामाजिक सेवा, स्वयम्सेवी भूमिका, सार्वजनिक दायित्व, व्यक्तिगत त्याग, व्यावसायिक धर्म, सामाजिक सहिष्णुता र ऐक्यबद्धता जस्ता सामाजिक पुँजी सहायता परियोजनाका नाममा विस्थापन गरिरहेका छौं । सहायताको सही ट्रयाकिङ गर्न नसक्दा यसले भावी पुस्तामा समेत अझ परनिर्भरता बढाउँदै लगी मानवीय, सामाजिक मूल्य र पुँजीविहीन बन्दै जाने खतरा बढेको छ ।

विद्यमान अवस्थामा औंल्याइएका कमी–कमजोरीलाई सुधार गरी नागरिकलाई परनिर्भर होइन, जागरुक बनाई अधिकारसँगै दायित्वबोधी नागरिक निर्माण गर्ने, समुदायमा आधारित भई दिगोपना गराउने, जनताका लागि नभई जनतासँगै जस्ता विषयमा जोड दिई नागरिक समाजका मूल्य एवं भूमिकालाई अझ प्रभावकारी बनाउँदै विचलित राजनीतिक व्यवस्था एवं चिन्तित समाजलाई ट्रयाकमा ल्याउन नागरिकका पक्षमा निष्पक्ष भूमिका खेल्न नागरिक समाज पुनः जागृत हुनु आवश्यक छ । राज्यले नागरिक समाजको अनुगमनलाई स्वीकार गर्नु आजको आवश्यकता हो ।

विद्यमान राजनीतिक गतिरोधको निकास, संविधान कार्यान्वयन, संघीयताको सुखद अवतरण, शान्ति प्रक्रियाका बाँकी काम टुङ्गयाउन सत्यनिरुपण तथा मेलमिलाप कार्यमा सहयोग गर्ने, नागरिक सशक्तीकरण, आवधिक निर्वाचनको सुनिश्चितता, राष्ट्रिय एकता र अखण्डता सबल बनाउने, नागरिक मौलिक मानवअधिकारको रक्षा, सूचनाको हकको प्रत्याभूतिका विषयमा नागरिक समाजको सशक्त भूमिका पुनःजागरण जरुरी देखिन्छ ।

परराष्ट्र मस्यौदा विधेयक कमजोर



चन्द्रशेखर अधिकारी

पछिल्लो एक दशकको राजनीतिक घटनाक्रम नियाल्दा सरकार परिवर्तन भएलगत्तै निकै बहसमा आउने विषय हो- 'मुलुकको परराष्ट्र नीतिको अध्यावधिक र परराष्ट्र मन्त्रालयको पुनःसंरचना ।' परिवर्तित विश्वमा प्रभावकारी परराष्ट्र नीति र मन्त्रालयको पुनःसंरचना यतिबेला पुनः चर्चामा छ । नेपाल जस्तो भू-राजनीतिक अवस्था भएको मुलुकको परिवर्तित विश्वमा परराष्ट्र नीति कस्तो हुनुपर्छ भनी चासो रहनु स्वाभाविक हो । बहस गरिएझैं नेपालको परराष्ट्र नीति नै नभएको भने होइन । नीति परिमार्जन र व्यवस्थित भन्नुपर्नेमा छुट्टै परराष्ट्र नीति निर्माणको रूपमा व्याख्या हुनुले समस्या देखिएको छ । विश्व परिवेशलाई ध्यान दिँदै सरकारले नयाँ परराष्ट्र नीति तर्जुमा गर्ने बताएको छ ।

विश्व रहनजेल प्रभुत्वको राजनीति रहिरहनेछ । पहिलो विश्वयुद्ध अघि र पछिका युद्ध अध्ययन गर्ने हो भने प्रभुत्वान्मिस्त लडाइँ भए । त्यो आन्तरिक होस् या सीमापार । त्यससँगै शान्तिको पहल पनि समानान्तर ढंगले बढेको हो । विश्व यतिबेला 'वासिङटन कन्सेन्सस'बाट फर्किएको छ । कुनै बेला 'उदारवाद'को प्रतिपादक मुलुकहरू 'अनुदार-लोकतन्त्र'को बाटो कोर्न कम्मर कस्दैछन् । यस्तो अवस्थामा नेपालजस्तो रणनीतिक-भौगोलिक अवस्थामा रहेको र विश्वको आँखा परेको मुलुकको परराष्ट्र नीति र कस्तो हुने भन्ने विषयमा बहस हुनु स्वाभाविक हो ।

परराष्ट्र मन्त्रायलले संस्थागत सुधारर्नामस्त प्रस्तावित गरेको विधेयक मस्यौदा अध्ययन गर्ने हो भने भद्रगोल देखिन्छ । मस्यौदामा राजनीतिक क्षेत्रबाट जाने राजदूत रोक्ने बाहेक अन्य नयाँ सुधारको विषय छैन । राजनीतिक पात्रहरूलाई पूर्णतः नियन्त्रण गर्न त्यस्तो मापदण्ड लागु गर्न लागेको स्पष्ट छ । संस्थागत रूपले परराष्ट्रमा मन्त्रीभन्दा सचिव बलवान छन् । सानो समूह बीचको आन्तरिक प्रतिस्पर्धाले अब्बल दर्जाका कूटनीतिज्ञ जन्मन सक्दैनन् । मन्त्रालयभित्र अतिरिक्त संरचनामा सुधारको सट्टा राजदूत बन्ने विषयमात्र प्रमुख मापदण्ड योजनाअनुरुप विधेयक बढेको छ । सुधारको लागि मन्त्रालयमा अतिरिक्त सचिव वा विशेष पद तय गर्ने, त्यस अन्तर्गत सहसचिवहरू महाशाखा प्रमुख बनाउने, हरेक सहसचिव मातहत कम्तीमा २ उपसचिव, ४ अधिकृत र ४ नासुसहितको संरचनाको खाँचो छ । अहिले तय महाशाखा पनि व्यावहारिक छैनन् । प्रधानमन्त्री कार्यालयमा पनि परराष्ट्रको छुट्टै इकाइ आवश्यक छ । परराष्ट्र सचिवलाई त्यही इकाइमार्फत ब्रिफिङ हुनेगरी व्यवस्थापन अर्को टड्कारो विषय हो । जुन विश्वका अन्य मुलुकमा अभ्यासमा छ । विदेशसँगको सबै पत्राचार परराष्ट्रमार्फत नै गर्ने अवस्था सिर्जना गर्न आवश्यक छ । त्यता खासै ध्यान गएको छैन ।

नयाँ कर्मचारील

वन रक्षक परिवारलाई राहत

जाजरकोट (कास)- वन मन्त्री शंकर भण्डारी मंगलबार ताप्लेजुङ, खोप्लिडमा हत्या गरिएका गणेशबहादुर शाहीको दशेरा ८, बडाबनस्थित घरमै पुगे। उनले पीडित परिवारलाई समवेदना मात्र दिएनन्, मृतककी पत्नीलाई सरकारी जागिरको नियुक्ति र १ लाख रुपैयाँ नगदसमेत सहयोग गरेका छन्।

मन्त्री भण्डारीले शाहीको ११ औं पुन्यतिथिमा मृतककी पत्नी, ६५ वर्षीया आमा, नाबालक २ भाइ छोरालगायतसँग भेटघाट गरे। किरिया बसेकी शाहीकी पत्नी पवित्रालाई १ लाख नगद सहयोग उपलब्ध गराए। उनलाई वन रक्षक पदकै करार नियुक्तिसमेत दिएका हुन्। गर्भवती अवस्थामा रहेकी पवित्रालाई घरपायक पर्ने इलाका वन कार्यालयमा हाजिर हुने व्यवस्था मिलाउन जिल्ला वन अधिकृत उपेन्द्रप्रसाद पट्टेललाई निर्देशन गरेका छन्।

इलाका वन कार्यालयमा कार्यरत शाहीको केही दिनअघि हत्या गरिएको थियो। कर्तव्य पालनको सिलसिलामा भएको उनको हत्यासँग मर्माहत भएको मन्त्री भण्डारीले बताए। 'हत्यारालाई मौजुदा कानुन अनुसार हदैसम्मको कारबाही गर्न लागि पर्नेछ,' उनले भने। सरकारले पीडित परिवारको लालनपालन र बालबालिकाको पठनपाठन तथा सुरक्षाको जिम्मा लिने पनि उनले जनाए। मन्त्री भण्डारीसँगै सांसद राजीवविक्रम शाह, वन विभागका महानिर्देशक कृष्ण आचार्यलगायत पनि पीडित परिवारलाई समवेदना दिन घरमा पुगेको थियो।

वैकल्पिक राजमार्ग

धरान-हेटौंडा ३ वर्षभित्रै

बेल्टारबसाहा नगरपालिकाको वीरेन्द्र चोकदेखि भिमानसम्म माघबाट काम अघि बढाइने

■ डिल्लीराम खतिवडा

बेल्टार (उदयपुर)- पूर्वपश्चिम वैकल्पिक राजमार्गको पूर्वी खण्ड निर्माण माघबाट सुरु हुने भएको छ। धरानबाट चतरा, गाईघाट, कटारी, सिन्धुली हुँदै हेटौंडा जोड्ने आयोजनाअन्तर्गत बेल्टारबसाहा नगरपालिकाको वीरेन्द्र चोकदेखि भिमानसम्म काम अघि बढाइने भएको हो।

यो खण्डको १ सय ३५ किमि सडक जेडआईईसी लामा एन्ड शर्मा जोइन्ट भेन्चर निर्माण कम्पनीले जिम्मा लिएको छ। कम्पनीले विभिन्न खोलामा पक्की पुलबाहेक ६ अर्ब रुपैयाँको लागतमा तीन वर्षभित्र सक्ने गरी काम थालेको छ। यस खण्डमा पर्ने ४३ पुल निर्माणको ठेक्का भने रसुवा कन्स्ट्रक्सनले लिएको छ।

'सडक निर्माणका लागि कम्पनीले सर्भे पूरा गरिसकेको छ,' सडक आयोजनाका डेपुटी प्रोजेक्ट म्यानेजर सीताराम दाहालले भने, 'माघ पहिलो साता काम सुरु हुन्छ।' पुलको ठेक्का रसुवाले लिए पनि स्ल्याब, कल्भर्ट र कजवे भने जोइन्ट भेन्चरले नै निर्माण गर्ने उनले बताए। 'हरेक १० किलोमिटरमा क्लस्टर राखेर काम सुरु गरिएको हो,' साइड इन्जिनियर राजकुमार यादव भने, '२०७६ सम्म सडक तयार पार्ने गरी योजना बनाइएको छ।' निर्माण कम्पनीले उदयपुरको रिस्कु गाविसमा मुख्य कार्यालय स्थापना गरी क्लस्टर निर्माण थालेको उनले बताए।

सवारी साधनका लागि ७ मिटर र दायाँ-बायाँ सोल्जर क्षेत्र २/२ मिटर गरी ११ मिटर फराकिलो कालोपत्रे सडक बनाइने प्रोजेक्ट म्यानेजर निर्माण पोखरेलले बताए। बजार क्षेत्रमा भने सडकको दायाँ-बायाँ २० मिटर र अन्य स्थानमा ३० मिटर तोकिएको छ। 'सडक निर्माणका लागि बजार क्षेत्रमा पनि समस्या छैन,' उनले भने, 'बजार क्षेत्रका केही स्थानीयले मुआब्जाको आशा गरेका छन् तर दिने योजना छैन।' सहरी क्षेत्रका बासिन्दालाई मर्का नपरोस् भनेरै हाल सञ्चालित सडकको बीच भागबाट १०/१० मिटर कायम गर्ने सरकारी निर्णय रहेको पोखरेलले जानकारी दिए।

'वैकल्पिक राजमार्गको पूर्वी खण्ड निर्माण सुरु भएको छ,' जिविस उदयपुरका पूर्व क्षेत्रीय सदस्य भोजराज खतिवडाले भने, 'बेल्टारबसाहा नगरपालिकाको वीरेन्द्र चोकदेखि क्लस्टर निर्माण गरिँदै छ।' रसुवा कन्स्ट्रक्सनले समेत पुलको काम थालेकाले अब सडक बन्नेमा स्थानीय दुक्क रहेको उनले बताए। पूर्वी क्षेत्रलाई मुलुकका विभिन्न भागसँग जोड्ने पूर्व-पश्चिम राजमार्गको विकल्पमा यो राजमार्ग बनाउन लागिएको हो। पुलपुलेसा, कल्भर्ट र अन्य संरचना पनि सँगै बन्ने भएकाले ठेक्का अवधिभित्रै सडक तयार हुने प्रोजेक्ट म्यानेजर पोखरेलले बताए।

सरकारी खातामा...

आगामी असारसम्म बैंकको चुक्ता पुँजी ८ अर्ब रुपैयाँ पुऱ्याइसक्नुपर्ने छ। लगानीकर्ताले पुँजी थप्नुपरेपछि उनीहरूलाई प्रतिफल दिन पछिल्लो ६ महिनामा यी बैंकले धेरै लगानी गरे। तर सोही अनुपातमा बचत बढ्न सकेन। सरकारले खर्च गरे सबैतिर रकम छरिने र त्यो रकम अन्ततः बैंकमा आएर सहज हुने आशा यी बैंकहरूको छ।

फेरि निक्षेपको ८० प्रतिशतभन्दा बढी कर्जा लगानी गर्न नपाउने सीमा पनि छ। बैंकहरूको औसत कर्जा निक्षेप अनुपात (सीसीडी रेसियो) ७९ प्रतिशतमाथि छ। छुट्टाछुट्टै बैंकहरूको तथ्यांक हेर्दा केही बैंकको यस्तो अनुपात ८० प्रतिशत बढी देखिन्छ। ८० प्रतिशतभन्दा बढी लगानी भए राष्ट्र बैंकको कारबाही भोग्नुपर्छ। यही कारण बैंकहरूले कर्जा प्रवाह रोक्नु परेको बैंकरहरूले बताएका छन्। बैंकहरूबाट ऋण पाउन छोडेपछि उद्योग व्यवसाय सञ्चालनमै समस्या भएको व्यवसायीहरूको गुनासो पनि आउन थालिसकेको छ।

'बैंकहरूबाट कर्जा पाउन एकदमै गाह्रो छ,' उद्योग वाणिज्य महासंघका अध्यक्ष पशुपति मुरारकाले भने, 'ऋण लिन बैंकमा गयो, पैसा छैन भन्छन्।' कम्पनीले ऋण पाउन सक्ने सीमा बाँकी रहँदा पनि बैंकहरूले कर्जा नदिएपछि नयाँ लगानी गर्न नसकिएको उनको गुनासो छ। 'एकतिर ब्याजदर बढेको छ, अर्कोतिर ऋण पाईदैन। यस्तो अवस्थामा उद्योग व्यवसाय कसरी चलाउने ?' उनले प्रतिप्रश्न गरे। उनका अनुसार अहिले बैंकहरूले कर्जाको ब्याजदर २ देखि साढे ४ प्रतिशत विन्दुले बढाएका छन्।

बैंकहरूको लगानी क्षमतामा कमी आएको र यही अवस्था कायम रहे अर्थतन्त्रमा ठूलो समस्या आउने बैंकर्स संघका अध्यक्ष शाहले बताए। 'अहिले अधिकांश बैंकहरू कर्जा प्रवाह गर्न सक्ने अवस्थामा छैनन्,' संघका कार्यकारी सदस्य दाहालले भने। बैंकहरूसँग लगानीयोग्य रकम घटेपछि यस्तो अवस्था आएको उनको भनाइ छ। उनले भने, '२/३ वटा बैंकबाहेक अधिकांश बैंकहरूसँग लगानीयोग्य रकम नै छैन।' ठूलो रकम सरकारी ढुकुटीमा थन्किएकै कारण वित्तीय प्रणालीमा यस्तो समस्या आएको दाहालले जनाए। राष्ट्र बैंकका प्रवक्ता नारायण पौडेलले भने दैनिक बैंकहरूबाट आउने जानकारी अनुसार तरलताको अभाव नदेखिएको दाबी गरे। 'दैनिक रूपमा हेर्दा केही बैंकको सीसीडी रेसियो ८० प्रतिशतभन्दा माथि पुगेको देखिन्छ,' उनले भने।

बचतमा कमी आएपछि बैंकहरूले निक्षेपको ब्याजदर बढाएका छन्। एक/दुई दिनअघि एक वाणिज्य बैंकले १२ दशमलव २५ प्रतिशतमा संस्थागत मुद्दती निक्षेप लिएको छ। यो क्रम दिनानुदिन तीव्र रूपले बढिरहेको छ। करिब ७ वर्षअघि २०६६/६७ मा बैंकहरूको निक्षेपको ब्याजदर १४ प्रतिशत पुगेको थियो। अझै केही दिन अहिलेको अवस्था कायम रहे ब्याजदरले ७ वर्षअघिको रेकर्ड पनि तोडिने विज्ञहरूको अनुमान छ। तर, यस्तो अवस्थामा पनि बैंकहरूले साधारण बचतमा नबढाई मुद्दती खातामा मात्रै ब्याज बढाएका छन्।

दुर्घटनामा मृत्यु

धादिङ (कास)- सहचालकले चलाएको ट्राक्टर दुर्घटना हुँदा बिहीबार बुढाथुम ५ स्थित बाघमारेमा एक जनाको मृत्यु भएको छ। ढलान गर्ने काठ बोकेर आउँदै गरेको गा१च १११४ नम्बरको ट्राक्टर अनियन्त्रित भएर सडकबाट १० मिटर तल खस्दा सिकर्मी काम गर्ने गोरखा, मान्बु ८ का १९ वर्षीय कुमार गुरुङको च्यापिएर घटनास्थलमै मृत्यु भएको हो। चालक घरबिदामा गएका बेला सहचालक पूर्ण नेपालीले ट्राक्टर चलाएका थिए।

कतार RETURN HEARY DRIVER चाहियो

१. कम्पनी: ALMARABE TRADING & SERVICE WLL, Doha

पूर्व स्विकृति मिति: २०७३/०२/०५ चलानी नं. ९३५६ LT No.: 161514

सि.नं.	कामदारको पद	माग संख्या	कामदारको न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने.रू.	ओ.टी. हुने वा नहुने	प्रति दिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाने/बस्ने सुविधा	करार अवधी	कामदारको छनौटको तरिका
1.	Heavy Driver	20	सम्बन्धित कामका दक्ष	2500	७३१७५	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	२ वर्ष	अन्तरवार्ता
2.	Driver	10		1700	४९७६०		,,	,,			,,	,,
3.	Crain Operator	10		3500	१०२४४५		,,	,,			,,	,,

२. कम्पनी: ELITE MIDDLE EAST HEAVY INDUSTRY, Doha

पूर्व स्विकृति मिति: २०७३/०२/०५ चलानी नं. ९३५८ LT No.: 161515

सि.नं.	कामदारको पद	माग संख्या	कामदारको न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने.रू.	ओ.टी. हुने वा नहुने	प्रति दिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाने/बस्ने सुविधा	करार अवधी	कामदारको छनौटको तरिका
1.	Heavy Driver	20	सम्बन्धित कामका दक्ष	2500	७३१७५	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	२ वर्ष	अन्तरवार्ता
2.	Driver	10		1700	४९७६०		,,	,,			,,	,,
3.	Crain Operator	10		3500	१०२४४५		,,	,,			,,	,,

कतारी लाईसन Expiry भएको वा फोटोकपी भएका हरूले पनि अन्तरवार्तामा भाग लिन सक्नेछन् ।

स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियर कस्ले व्यहोर्ने	हवाई टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कसले व्यहोर्ने	भिषा स्टाम्पी शुल्क कसले व्यहोर्ने	अभिमुखिकरण शुल्क कसले व्यहोने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदार आफै	कम्पनीले	कामदार आफै	हुने रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	कामदार आफै	रु. १,०००/- कम्पनीले	९०,०००/-

फाईनल अन्तरवार्ता धमाधम भईरहेको छ ।

अल-खालिज इन्टरनेशनल प्रा.लि.
कानदेबस्थान, कुपण्डोल-०१, ललितपुर, नेपाल
श्रम इजाजत नं. १३३/०५५/५६
फोन: ५५४४१५६, ५५४४१४१, मो.: ९८५१०१०९०४
९८५१०१०६६१, ९८५१०१२४५५, ९८४६०३२५२२
E-mail: akipl133@gmail.com

Saudi मा रोजगारको अवसर

Jaddarah Workforce Services Company

पूर्व स्वीकृती मितिः २०७३/०९/२८ LT. No. 179232 चलानी नं. ६०१०१७९७

सि. नं.	कामदारको पद	माग संख्या	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
1	Equipment Helper	200	800	२३,२३७	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	SR 300	छ	२ वर्ष

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सेवा शुल्क
कामदार आफैले	दिने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	नि:शुल्क	नि:शुल्क	नि:शुल्क

फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट
२०७३ माघ १ , ३ , ४ र ५ गते (15, 16, 17 & 18 January 2017)मा हुनेछ ।

ऐनट भई भिसा प्राप्त गरी सकेका व्यक्तिहरुले रोजगारमा जान नचाहेमा भिषावापतको शुल्क क्षतिपूर्ति दिनु पर्नेछ । – कुल लागत खर्च रु.१०,०००

वैदेशिक रोजगार विभागबाट जराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नुहोला । आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रोसँग बुझ्नुपर्ने छ । सोको १ (एक) प्रति आफ्नुसँग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, तीनकुनेमा सम्पर्क गर्नुहोला ।

Need Employment Services (P.) Ltd.
Ultimate Solution
P.O.Box: 20478, Dhapasi-8, Kathmandu Nepal
Lic No.: 284/058/59
Tel.: 4384251, 4384248, Fax: 4366175
Mob: 9851076834, 9818859087, 9851020300
Email: needemploymentservices@gmail.com, webside : www.ultimatesolutionnepal.com

कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KUWAIT RESOURCES HOUSE शहर: SAFAT

पूर्व स्वीकृत मितिः २०७३/०५/३८ चलानी नं.: ६०१०१८३० LT. No.: 179304

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
1.	Mechanical Technicians	30	0	सम्बन्धित कामका दक्ष	120	४२,७७५	क.नि अनुसार	८ घण्टा	६ दिन	क.नि अनुसार	छ		२ वर्ष
2.	Security Guard	6	0		100	३५,६४५							
3.	Telephone Operator	25	0		120	४२,७७५							
4.	Telephone Operator (Female)	0	5		120	४२,७७५							

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्याद जाँचमा बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीड शुल्क कति लाग्ने कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,०००/- कामदारले तिर्ने	नि:शुल्क

फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिद्वारा
२०७३ पुस २९, माघ १ र २ (13, 14 & 15 Jan. 2016)गते हुनेछ ।
शनिबार पनि कार्यालय खुल्ला रहने छ ।

नोट: यसै कम्पनीको लागि AC Mechanic, Accounting Clerk, Data Entry Operator, Forklift Operator(GCC), Generator Mechanic, Powerplant Operator, Store Keeper, Warehouseman, Water Treatment Plant Operator, Safety Officer, Store Clerk, Denter Automobile Body Repair, Waire House Man, Custodial Supervisor , Tyre Repairer, Supply Technician हरुको पनि मागहरु आएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

वैदेशिक रोजगार विभागबाट जराएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईसके निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नुहोला । आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतामा पसमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफ् सँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, तातोपलमा सम्पर्क गर्नुहोला ।

Lulu International Pvt.ltd.
Govt. Lic. No. 1035/072/073
Samakhushi-29, Kathmandu, Tel: 4351637, 4350151
Mob.: 9801062863, 9802825127, 9868926318, 9808804853

मलेशियामा रोजगारको अवसर

RIVERSTONE RESOURCES SDN. BHD., SELANGOR

पुर्व स्विकृति मितिः २०७३।९।२८ चलानी नं. ६०१०१८३३ LT No. 179307

सि. नं.	कामदारको पद	माग संख्या	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने.रू	ओभर टाईम सुविधा	प्रतिदिन कामगर्ने घण्टा	हप्तामा कामगर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
1	Factory Worker (Male)	100	कामका दक्ष	1000	25000	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छैन	छ	३ वर्ष

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्ट्याम्पिड शुल्क कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था
कामदार आफै	दिने	कामदार आफै	हुने/रोजगारदाता कम्पनीले	कामदारले	रोजगारदाता कम्पनीले	रु. ७००/- कामदार आफैले	कामदार आफैले	रु. १०००/- कामदार आफैले

फाइनल अन्तरवार्ता २०७३ माघ ८, ९ र १० गते हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जराइएको जानकारी १. आफ्नो नामका भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले जाई रकम बुझाउनुहोला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अनिवार्य तालिम लिनुपर्नेछ । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रोसँग बुझ्नुपर्नेछ । सोको १ (एक) प्रति आफ्नुसँग राख्नुहोला । ६. कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, बबरमहलमा सम्पर्क गर्नुहोला । लागत खर्च ०

DOS LINK PVT. LTD.
Samakhusi-29, Ktm., Nepal, Lic. No.: 991/067/68
Phone No: 4360929, 4360780, 9808712709, 9851074709

MULTIPLEX INTERNATIONAL WE BUILD BRANDS

UAE मा SALES GIRL हरूको लागि रोजगारको अवसर

Multiplex International LLC

पुनःविज्ञापन मितिः २०७३/०९/२८ LT. No. 173705 चलानी नं. २००५

सि. नं.	कामदारको पद	माग संख्या	मासिक तलब AED	मासिक तलब ने.रू	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
1	Sales Girl	8	1400	४१,५२३	कं.नि. अनुसार	८ घण्टा	६ दिन	कं.नि. अनुसार	छ	छ	२ वर्ष

स्वदेशमा गरिने प्रि मेडिकल खर्च गर्ने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सेवा शुल्क
कामदार आफैले	दिने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	नि:शुल्क	नि:शुल्क	पहिलो महिनाको तलबको २५% लाग्ने

NOTE
1. Candidates should be presentable and fluent in English.
2. Candidates should have Experience in Retail Sales.


फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७३ माघ ३ गते (16 Jan 2017) का दिन हुनेछ ।

■ छनोट भै भीसा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भीसावापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ । – कुल लागत खर्च नि:शुल्क

वैदेशिक रोजगार विभागबाट जराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रोसँग बुझ्नुपर्नेछ । सोको १ (एक) प्रति आफ्नुसँग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, तीनकुनेमा सम्पर्क गर्नुहोला ।

SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
श्रम ईजाजत नं. २६१/०५८/०५९
Tel.: 4441707 (6 Line), www.shikharmanpower.com.np

हार्दिक श्रद्धाञ्जली



जन्म सन २०३५ पौष १० गते
स्वर्गारोहण सन २०७३-५-१३

स्व रुमी ताम्राकार

यस पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तरगत पाटन अस्पतालको नर्सिङ विभागमा कार्यरत स्टार्फ नर्स श्री रुमी ताम्राकार को मिति २०७३ पौष १३ गते अल्पायुमै असमायिक निधन भएको हुदा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं साथै निजको परिवारजन प्रति हुन गएको अपुरणिय क्षति प्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना गर्दछौ ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
पाटन अस्पताल परिवार

हार्दिक समवेदना



जन्मः- २०४६/५/२२ स्वर्गारोहणः- २०७३/९/१७

स्व. गणेश बहादुर शाही

जिल्ला वन कार्यालय, ताप्लेजुङका वन रक्षक **गणेश बहादुर शाही** मिति २०७३/९/१७ गतेका दिन आफ्नो कार्यक्षेत्रमा कर्तव्य पालनाकै सिलसिलामा अपराधिक समूहबाट विभत्स हत्या भएको आज १३औं दिनको पुण्यतिथिमा मृतआत्माको चिरशान्ति एवं शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

कृष्ण प्रसाद आचार्य
महानिर्देशक
तथा
वन विभाग परिवार

मन बहादुर खड्का
महानिर्देशक
तथा
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म मितिः १९८६/०२/१८
स्वर्गारोहण मितिः २०७३/०९/१७

स्व. मणिराम पोखरेल

हाम्रा मित्र, आम्दा-नेपालका संस्थापक अध्यक्ष डा. रामेश्वर प्रसाद पोखरेल ज्यू का पूजनिय पिता श्री **मणिराम पोखरेल**को मिति २०७३ पुष १७ गतेका दिन निधन भएकोमा आज १३ औं दिनको पुण्य तीथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण एवं दिवङ्गतको आत्माको चीरशान्तिको कामनाको साथ शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

आम्दा-नेपाल परिवार
गोकर्णेश्वर-१३, जोरपाटी, काठमाडौं

हार्दिक समवेदना



जन्मः १९८७ भाद्र ३
स्वर्गारोहणः २०७३ पौष १७

स्व. जुन नारायण श्रेष्ठ

यस विश्वविद्यालय स्कुल अफ साइन्सको प्रशासकीय अधिकृत श्री भरतकुमार श्रेष्ठका पिता **जुन नारायण श्रेष्ठ**को असामयिक निधन भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनहरुप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

काठमाडौं विश्वविद्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं. १९९१ आश्विन २३ गते
स्वर्गारोहणः वि.सं. २०७३ मंसिर १५ गते

(स्व. श्रीमती रमादेवी डंगोल)

यस संस्थाकी बयोबृद्ध संस्थापक सदस्य एवं समाजसेवी, मृदुभाषी ममतामयी माता **श्रीमती रमादेवी डंगोल**को मिति २०७३ साल मंसिर १५ गतेका दिन ८२ वर्षको उमेरमा स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुःखद घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि प्रार्थना गर्दछौं ।

हाम्रो चाहना बचत तथा ऋण सहकारी संस्था लिमिटेड
परिवार, बागबजार, काठमाडौं

कागजमै सीमित स्वास्थ्यचौकी

■ नगेन्द्र अधिकारी

काभ्रे- अचानक वेहोस भएपछि दाप्चा काशीखण्डकी नवीना अधिकारीलाई उपचारका लागि डराउनेपोखरी स्वास्थ्यचौकी पुऱ्याउँदा त्यहाँ सुताउने वेडसमेत उपलब्ध भएन । वेहोसीमा छटपटाइरहेकी उनलाई दुईवटा बस्ने मेच जोडेर उपचार गरियो । 'भएको एउटा वेड भाँचिएपछि प्रयोग गर्न मिल्दैन, अर्को आएकै छैन,' इन्चार्ज हेल्थ असिस्टेन्ट झमप्रसाद आचार्यले भने, 'स्वास्थ्यचौकी स्तरोन्नति भए पनि पर्याप्त पूर्वाधार छैन ।'

उपस्वास्थ्यचौकी नै रहेका बेला एक गैरसरकारी संस्थाले बनाइदिएको भवनको ३ वटा कोठामा स्वास्थ्यचौकी सञ्चालनमा छ । हेल्थ असिस्टेन्टसहित २ अहेव, १ अनमी र कार्यालय सहयोगी कार्यरत रहे पनि पर्याप्त कोठा छैनन् । 'गर्भवती जाँच गर्ने समस्या छ,' अहेव राज्यलक्ष्मी पलकर्मीले भनिन्, 'भवन र अरू पूर्वाधारको पनि अभाव भयो ।'

स्तरोन्नति भएका स्वास्थ्यचौकीले उपस्वास्थ्यचौकीकै संरचना र दरबन्दीमा सेवा दिइरहेका छन् ।

जिल्लामा अहिले ८६ स्वास्थ्यचौकी र ३ उपस्वास्थ्यचौकी छन् । कोसीदेखा स्वास्थ्यचौकीका इन्चार्ज हेल्थ असिस्टेन्ट पृथ्वी शाहीले स्तरोन्नति भएपछि छाप र लेटरप्याडबाहेक केही परिवर्तन नभएको गुनासो गरे । ६ जनाको दरबन्दी हुने स्वास्थ्यचौकीमा उनी र एक अनमीसहित २ जनामात्रै कार्यरत छन् ।

स्वास्थ्यचौकी भएपछि ५८ प्रकारका औषधि सरकारले उपलब्ध गराउने भए पनि हाल ३५ वटा मात्रै उपलब्ध हुने गरेका छन्, त्यो पनि नियमित छैन । जिल्ला स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख डा. अर्जुन सापकोटा नीतिगत रूपमा स्तरोन्नति भए पनि पूर्वाधार नबन्दा समस्या भएको स्विकार्छन् । 'स्वास्थ्यचौकी भएपछि भवनलगायत पूर्वाधार बढ्नुपर्ने भए पनि जग्गाका कारण भवन बन्न सकेको छैन,' उनले भने, 'जग्गामात्रै उपलब्ध भए पनि विभाग र मन्त्रालयले भवन बनाइदिने बताएका छन् ।'

काभ्रे आएका स्वास्थ्यमन्त्री गगनकुमार थापाले औषधि अभाव र पूर्वाधार मन्त्रालयको पुरानै समस्या रहेको स्विकारे । उनले भने, 'आवश्यक औषधिको परिमाण र बजेट सबै जिल्ला स्वास्थ्य कार्यालयसँग मागेका छौं, माघ मसान्तसम्म उपलब्ध गराउन नसक्ने जिल्ला प्रमुखलाई कारबाही हुन्छ ।'

दुई वर्षदेखि छाप्रोमै

रामेछाप (कास)- सानो पर्दाभित्र विरामी जाँच्ने एउटा खाट । त्यस नजिकै कुर्ची, कागजका ठेली र असरल्ल औषधि । एक जना विरामी जाँच्नेबाहेक उभिने ठाउँसमेत छैन । सैपुको स्वास्थ्य चौकीले यसरी सेवा दिन थालेको करिब दुई वर्ष हुन लाग्यो । भूकम्पले चारकोठे कच्ची भवन भत्काएपछि स्वास्थ्य चौकी प्लास्टिकको छानो हालेर बनाएको छाप्रोबाट सञ्चालन हुँदै आएको छ । 'यही छाप्रोमा २१ महिना बिते,' स्वास्थ्य चौकी प्रमुख जयप्रकाश रायले भने, 'सम्बन्धित निकायले चासो नदिँदा स्वास्थ्यकर्मी र विरामीले धेरै कठिनाइ बेहोर्नुपरेको छ ।'

स्वीस संस्थाको लगानीमा सुविधायुक्त भवन बनाउने योजना अघि बढाए पनि त्यो जगमै सीमित छ । चोटपटक र संवेदनशील रोगका विरामीलाई जाँच्ने ठाउँ नहुँदा समस्या हुने गरेको छ । राय भन्छन्, 'दुर्घटनाका घाइते आए राख्ने ठाउँसम्म छैन ।' स्वास्थ्य चौकीमा दैनिक सरदर १५ जना विरामी आउँछन् । भुइँचालोका कारण जिल्लाका स्वास्थ्य संस्थाको अवस्था नाजुक छ । सैपुको मात्र होइन, जिल्लाका २७ स्वास्थ्य संस्थाको अवस्था उस्तैउस्तै छ । सरकारले क्षतिग्रस्त भवन निर्माणमा अझै ध्यान दिएको छैन । युनिसेफले जिल्लाका १३ वटा स्वास्थ्य चौकीमा अस्थायी प्रिफ्याब बनाउने कार्यक्रम अघि सारे पनि त्यो अधुरै छ । जिल्ला स्वास्थ्य प्रमुख डा. प्रकाशप्रसाद शाहका अनुसार छाप्रामा सञ्चालन भइरहेका स्वास्थ्य संस्थालाई भाडाको घरमा राख्ने विषयमा छलफल भइरहेको छ । भूकम्पले भत्काएको जिल्ला अस्पताल भने केही महिनाअघि अस्थायी रूपमा प्रिफ्याब भवनमा सरेको छ ।



२१ महिनायता प्लास्टिकको छाप्रोबाट सेवा दिँदै आएको रामेछापको सैपु स्वास्थ्यचौकी । *तस्बिर : टीकाप्रसाद भट्ट/कान्तिपुर*

'दोषीमाथि कारबाही हुन्छ'

पोखरा (कास)- सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष सूर्यकिरण गुरुङले द्वन्द्वकालका गम्भीर मानव अधिकार उलंघनका घटनाका दोषीलाई कारबाही हुने बताएका छन् । नागरिक समाजसँग बिहीबार आयोजित अन्तर्क्रियामा उनले आयोग विफल भए देशमा अनिष्ट निम्तिने भन्दै यसका लागि सरकार र राजनीतिक दल गम्भीर हुनुपर्ने बताए । सन्तुलित ढंगले काम गर्ने भन्दै उनले यसका लागि सरकारले सक्दो सहयोग गर्नुपर्नेमा जोड दिए । 'प्रमाणका आधारमा गम्भीर प्रकृतिका घटनाका दोषीलाई कारबाहीको सिफारिस गरिनेछ,' उनले भने, 'मेलमिलापमा पनि जोड दिइनेछ ।' आयोग विफल भएमा देशमा संयुक्त राष्ट्र संघलगायत आएर मानव अधिकार उलङ्घनका घटना हेर्न सक्नेतर्फ उनले सचेत गराए ।

Call for Expression of Interest (EOI)

Nepal Water for Health (NEWAH), Lohasal, Kathmandu is seeking an Expression of Interest (EOI) from eligible suppliers for the supply of GI Fittings, tools, equipment and hardware items for its projects.

Mandatory requirements for eligibility:

- A covering letter with the Company Profile (Including clients' list) with valid company registration certificate
- VAT registered certificate
- Tax clearance certificate (latest for FY 2072/073)
- Audit report for last 3 years
- At least two reference letter from past clients
- A signed and stamped Self Declaration Form(self-declaration form can be downloaded from website: **www.newah.org.np/notices**
- *The Photocopies of all submitted documents must be notarized and should reach to us in a sealed envelope in the address given below not later than 19th January, 2017 by 4 PM*

Failing to meet the above requirements, NEWAH reserve the right to reject any submission without mentioning reason whatsoever

Please submit to:
The Procurement Committee
Nepal Water for Health (NEWAH)
P.O Box 4231, Lohasal, Kathmandu
Tel: 4015508, 4015707

NEWAH Nepal Water for Health

Vacancy Announcement

A reputed manpower company is looking for qualified, energetic, experienced and trained individuals to employ on following positions;

S.N	Position	Nos	Qualification
1	RECEPTIONIST	2 Female	+2 Pass
2..	LOCAL AGENT HANDLER	2 Male / 2 Female	Bachelor
3.	OFFICE RUNNER	2 Male	SLC PASS

Interested candidates can apply via E-mail or visit our office along with updated CV, Application Letter and Academic Testimonials within 03 working days.
Note: Bike License is compulsory for S.N. 03 applicant.

Need Employment Services (P) Ltd.
Ultimate Solution
Lic No.: 284/058/59
P.O.Box: 20478, Dhapasi-8, Kathmandu Nepal
Tel.: 4384251, 4384248, Fax:4366175
Email: needemploymentservices@gmail.com
Webside : www.ultimatesolutionnepal.com

उपचारै नपाएर थलिए राउटे

■ प्रकाश अधिकारी

नाडा (अछाम)- ७० वर्षीय नेरी शाही लामो समयदेखि मुटु र पेट दुख्ने समस्याले थलिएकी छन् । उपचार र स्याहार अभावमा उनको स्वास्थ्य दिनप्रतिदिन बिग्रँदै गएको छ । 'छोरीसँग बसेकी छु,' उनले भनिन्, 'आफू एक्लै भएकाले घर बनाएकी छैन ।'

श्रीमानको ६ वर्षअघि मृत्यु भएपछि उनले पर्याप्त स्याहार पाउन सकिनन् । बिरामीले थला परेकी उनी बस्तीमा नयाँ व्यक्ति देख्नेबित्तिकै औषधि माग्छिन् । नजिकै अर्को छाप्रोमा खगेन्द्रबहादुर शाही पनि त्यसरी नै थलिएका छन् । कर्णाली किनारको कोल्लीमोरा जंगल छेउमा अवस्थित बस्तीका अधिकांश महिला तथा बालबालिकाको स्वास्थ्यमा विभिन्न समस्या छन् ।

अछामकै तुर्माखाँदबाट यहाँ सरेका राउटेहरूको जनजीवन चिसोले झन् कष्टकर बन्दै गएको छ । महामुखिया महिनबहादुर शाहीका अनुसार साउनयता समुदायका चार जनाको अकालमा मृत्यु भइसकेको छ । दुई बालक कुपोषण, एक महिला रोगले थलिएर तथा अर्का एकको भीरबाट लडेर मृत्यु भएको हो । अत्यधिक मदिरा सेवन गरेका कारण भीरबाट खसेका घटना पनि छन् । गत वर्ष दैलेखको तल्लो डुंगेश्वरमा सहायक मुखिया ऐनबहादुर शाहीको पनि भीरबाटै खसेर ज्यान गयो । कुलत, आधुनिक जीवनशैली, जलवायुमा आएको फेरबदलका कारण अचेल राउटेहरूको स्वास्थ्यमा थुप्रै समस्या देखिन थालेको हो । बालकदेखि वृद्धसम्मले काठको काम गर्छन् । काठबाट कोसी, आरी, मुधुसजस्ता सामग्री बनाएर अनाजसँग साट्नु र बिक्री गर्नु उनीहरूको मुख्य पेसा हो । काठका यी सामग्री बनाउँदा थुप्रैको बासुलोले हात, खुट्टा काटिने समस्या छ । 'काटिएको उपचार गर्दैनन् । घाउ निको नभई बल्झिएर क्यान्सरको रूप लिइसकेका बिरामी पनि छन्,' तुर्माखाँदका स्थानीय धनबहादुर बुढाले भने, 'हरेक राउटेको स्वास्थ्यलाई हेर्ने हो भने कुनै न कुनै समस्याले पीडित छन् ।'



अछाम, नाडाको कोल्लीमोरास्थित राउटे बस्ती । *तस्बिर : प्रकाश/कान्तिपुर*

Good Neighbors International

VACANCY ANNOUNCEMENT

Good Neighbors International (GNI) Nepal is an international non-governmental organization working in Nepal since 2002 with the objective of improving the lives of people, especially children through education, income generating activities, health services, WASH, advocacy, network building and disaster risk reduction. GNI Nepal invites application for the following position:

Position: IT Officer, Head Office (one)

Job Description :

- Design, develop, implement and coordinate IT systems, policies and procedures.
- Install and configure computer hardware, software, systems, networks, printers and scanners.
- Conduct electrical safety checks on IT equipment.
- Plan and undertake scheduled maintenance upgrades.
- Support the roll-out of new computer and mobile applications.
- Troubleshoot IT systems and network problems, diagnose and solve hardware or software faults and respond to breakdowns.
- Ensure security of data, network access and backup systems.

Eligible and interested candidates are requested to send the most recent CV along with the duly filled EMPLOYMENT APPLICATION FORM (which can be downloaded at http://gnnepal.org/about-us/career/) to vacancy.gni@goodneighbors.org

Detailed TOR including salary information can be downloaded at http://gnnepal.org/about-us/career/

GNI Nepal offers competitive salary for the position.

Deadline: 27 January 2017

Only applicants who are short-listed will be contacted for further recruitment process. Applications received after the deadline will not be considered.

We encourage women and candidates from ethnic and marginalized communities to apply.

Canvassing at any stage of the process shall lead to automatic disqualification.

actionaid NEPAL

एक्सनएड नेपालको सवारी साधन बिक्री सम्बन्धी सूचना

एक्सनएड नेपालको स्वामित्वमा रहेका तपसिल बमोजिमका सवारी साधनहरू जे, जस्तो अवस्थामा छन् सोही अवस्थामा एक्सनएड नेपालको केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाडौबाट बिक्री गरिने भएकोले शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । यस कार्यालयबाट उपलब्ध गराइएको फारम रू. १००० (एक हजार रूपैयाँ) फिर्ता नहुने गरी प्राप्त गर्न सकिने छ ।

इच्छुक महानुभाव तथा संघ-संस्थाहरूले बोलपत्र फारम १६ जनवरी २०१७ (३ माघ २०७३) देखि २३ जनवरी २०१७ (१० माघ २०७३) कार्यालय खुलेको समयमा बिहान १० देखि १ बजे सम्म प्राप्त गर्न सक्नु हुने छ । फोनबाट जानकारी गराइने छैन ।

क्र.सं.	विवरण	रजिष्ट्रेशन	बनेको साल	कैफियत
१.	ल्यान्ड क्रुजर प्राडो	बा १३ च ४७७६	२००३	भन्सार महसुल भुक्तानी गरिसकेको
२.	हुण्डाई गेज	बा ५ च ७४६१	२००६	भन्सार महसुल भुक्तानी गरिसकेको
३.	टाटा सुमो	बा ५ च ६७२७	२००६	भन्सार महसुल भुक्तानी गरिसकेको
४.	मोटरसाइकल होण्डा वेभ	बा २१ प ८६९९	२००६	भन्सार महसुल भुक्तानी गरिसकेको

सम्पर्क ठेगना :
वित्त, प्रशासन सूचना तथा प्रविधि विभाग
एक्सनएड नेपाल
अप्सरामार्ग, लाजिम्पाट, काठमाण्डौं ।
पोष्ट बक्स नं. ६२५७, फोन नं. ०१-४००२१७७

छोटकरी

ट्राक्टर खस्दा मृत्यु

जाजरकोट (कास)- ढिमे १ चुइकमा भेरीत ५७०७ नम्बरको ट्राक्टर दुर्घटना हुँदा भेरीमालिका नगरपालिका २ पोखराका २६ वर्षीय हरिबहादुर पुनको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा अन्य दुई घाइते छन् । सदरमुकाम खलंगाबाट 'शिक्षाका लागि खाद्य कार्यक्रम' अन्तर्गत पौष्टिक आहार लिएर खुर्पातर्फ गएको ट्राक्टर दुर्घटना भएको हो । ट्राक्टर सडकबाट सय मिटर तल खसेको प्रहरीले जनाएको छ ।

'प्रदेश आन्दोलन रोकिन्न'

प्यूठान (कास)- कांग्रेस केन्द्रीय सदस्य चन्द्र भण्डारीले सीमांकन हेरफेरविरुद्धको आन्दोलन नरोकिने बताएका छन् । विहीबार संयुक्त संघर्ष समिति प्यूठानले बिजुवारमा आयोजना गरेको अन्तर्क्रियामा उनले ५ नम्बर प्रदेशका जनताको चाहना नै अखण्ड ५ नम्बर रहेकाले यसलाई सार्थक बनाएरै छाड्ने दाबी गरे ।

नि:शुल्क जग्गा

रुकुम (कास)- स्यालापाखा र खाराका २ जना स्थानीयले खोप केन्द्र र गाउँघर क्लिनिक भवन निर्माणका लागि बेग्लाबेग्लै ठाउँमा नि:शुल्क जग्गा दान गरेका छन् । स्यालापाखा ९ की गणकुमारी रावतले २ सय ६० वर्गमिटर जग्गा नि:शुल्क उपलब्ध गराएकी हुन् । यस्तै, खारा ७ का ८२ वर्षीय हर्के कामीले पनि १ लाख ५० हजार मूल्य बराबरको जग्गा खारा स्वास्थ्य चौकीलाई नि:शुल्क उपलब्ध गराएका छन् । उनले ८५ वर्गमिटर जग्गा उपलब्ध गराएका हुन् ।

ट्रक दुर्घटनामा दुईको मृत्यु

रामेछाप (कास)- जिल्लाको पकरवास गाविसमा बुधबार राति बालुवा बोकेको मिनीट्रक दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । दुर्घटनामा भीरापानी १ सित्खाका २० वर्षीय दिनेश माझी र सोही ठाउँका १९ वर्षीय कुमार माझीको मृत्यु भएको हो ।

तामाकोसीबाट बालुवा लिएर गाल्वातर्फ जाँदै गरेको बा४ख १७५५ नम्बरको मिनीट्रक पकरवासको ठाँटी नजिक दुर्घटना भएको प्रहरीले जनाएको छ । सित्खाकै घाइते जुगल मगरको मन्थलीस्थित तामाकोसी सहकारी अस्पतालमा उपचार भइरहेको छ ।

URGENTLY WANTED

1) ARCHITECT (3 Nos.)

One year experience.

2) CIVIL ENGINEER (4 Nos.)

Supervision inside the valley **(1 Nos)**, outside the valley **(2 Nos).** **(1 Nos)** office based engineer having the knowledge of quantity survey.
(Applicant with motorcycle driving license will be given priority.)

3) INTERIOR DESIGNER (1 Nos.)

One year experience.

Interested applicants can submit their CVs in the following email address:-

vacancyoffice2073@gmail.com

Short listed candidates will be called for an interview.

VACANCY ANNOUNCEMENT

(First date of Publication: 13 January 2017)

Patan Academy of Health Sciences (PAHS) is seeking qualified Nepali citizen for the following position on contract basis.


Vacant Positions	Minimal Qualification	Exam Date, Time & Venue
Medical Officer : Medicine	MBBS plus certificate of NMC licensing exam	21 January 2017 at 10:00 am in PAHS auditorium
Junior Research Fellow	MBBS with NMC licensing exam plus one year experience	
Anesthesia Assistant	Certificate level in HA or nursing or Ophthalmo Assistant plus one year anesthesia assistant course completed and one year experience in similar job	

Candidates meeting the above requirements may apply with their certificates, curriculum vitae, recent passport sized photographs and a covering letter along with application form. Application form can be obtained from the office of PAHS or download it from PAHS website (www.pahs.edu.np). Last date for application submission is no later than 20 January 2017 to the following address:

Patan Academy of Health Sciences (PAHS)
Lagankhel-5, Lalitpur
Phone: 01-5539003/5545152

घडेरी बिक्रीमा

कालिका नगरपालिका चितवन (सावित्रिक पदमपुर, जुटपानी) मा आकर्षक घडेरी बिक्रीमा



बुकिङ्गको लागि सम्पर्क:
९८४५२०२८९६, ९८४५१४५१०३
फोन: ९८४५७३७८५७, ९८४५०५०७९२
९८०८२७२३३८

वित्तिय सहयोगको लागि:
पशुपति सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. Pashupati Savings & Credit Co-Operative Ltd.
सदस्य सेवा केन्द्र: कान्तिपथ, काठमाडौं
फोन: ४२२२८६१, ४२२०६४९, ४२३१९९८

भूकम्पपीडितको हिउँद

टहरामा ज्यान जोगाउनै हम्मे

सुकेकोटमा चिसोकै कारण दुई जनाको ज्यान गएको स्थानीयको दाबी

■ माधव अर्याल



पाल्पाको सदरमुकाम तानसेनदेखि ८० किलोमिटर पूर्व सहलकोट ९ सुकेकोटस्थित टहरामा भूकम्पपीडित सुत्केरी मीना राना । तस्बिर : माधव/कान्तिपुर

सहलकोट (पाल्पा)- सरकारले कम प्रभावित जिल्लामा आवास अनुदान वितरण ढिलाइ गर्दा भूकम्पपीडितको कष्ट लम्बिएको छ । डेढ वर्ष नाघ्दा पनि टिनको टहरो छाड्ने विकल्प नहुँदा चिसोले पिरोलिएका छन् उनीहरू । छानाबाट खस्ने शीत र मुटु छेड्ने स्याँठले निदाउन दिँदैन । टहरामा बिरामी थपिँदै गएका छन् ।

चिसोकै कारण जिल्लाको सहलकोट ९ सुकेकोटमा दुई जनाको ज्यान गएको स्थानीय बताउँछन् । उनीहरूका अनुसार ६५ वर्षीय चन्द्रबहादुर राना र ८० वर्षीय मोतीलाल दमैको मृत्यु भएको हो । चिसो बढेसँगै यी दुवै व्यक्ति रुघाखोकी, दम, निमोनियाले ग्रस्त थिए । 'रोगले ग्रस्त पारेपछि बचाउन सकिएन,' मोतीलालका छोरा धनबहादुरले भने, 'चिसो टहरामुनि सुत्दा झनै च्याप्यो र मृत्यु भयो ।' चिसोले गाउँका धेरै वृद्धवृद्धा बिरामी परेको उनले जानकारी दिए ।

सदरमुकामदेखि ८० किलोमिटर टाढाको बस्ती सुकेकोटकी सुत्केरी २२ वर्षीया मीना रानाको दैनिकी उस्तै कष्टकर छ । आफू त थलिएकै छिन्, त्योभन्दा पनि ठूलो चिन्ता नवजात छोरालाई कसरी जोगाउने भन्ने छ । टिनको टहरामुनि सुतेकी उनको ११ दिने छोरालाई निमोनिया र जन्डिस देखापरिसकेको छ । 'सुत्केरी भएपछि आफैंलाई सन्चो छैन,' उनले भनिन्, 'चिसोले छोरालाई बिरामी बनाएको छ ।' गाउँका प्रायः सबै सुत्केरी उही पीडामा छन् ।

टिनको छानामुनि सुत्नुपर्दा भूकम्पपीडितलाई रातमा निन्द्रा लाग्दैन । 'रातभरि शीत चुहिन्छ, सिरक भिज्छ अनि कसरी निदाउनु ?' सुकेकोटका डुलबहादुर सोतीले भने, 'चिसोले दिनभर खोकी लाग्छ । दम बढेको छ । निमोनिया पनि हुने हो कि भन्ने डर लाग्छ ।' लेकको बस्ती सुकेकोटमा चिसोले दर्जनभन्दा बढी वृद्धवृद्धा बिरामी छन् । बालबालिका, सुत्केरीलाई झनै समस्या पारेको छ । सुकेकोट जिल्लाकै सबैभन्दा बढी भूकम्पबाट प्रभावित गाउँ हो । यहाँका दुई घरबाहेक ४६ घर भत्केका छन् । ३९ घर पूर्णरूपमा ढले, बाँकीसमेत बस्न मिल्ने अवस्थाका छैनन् ।

७२ वर्षीय गोवर्द्धन दमाईको १९ जनाको परिवार छ । उनका १२ जना नातिनातिना छन् । 'तीनतले घर थियो, भूकम्पले भत्कायो,' उनले भग्नावशेष देखाउँदै भने, 'डेढ मोहर ज्याला दिएर बनाएको घर हो, अहिले केही छैन ।' रात छिप्पिउन्जेल आगो बालेर बस्ने अनि निन्द्रा लागेपछि टहरामा पसेर पल्टन्छन् । तर, छानाबाट शीत खस्न थालेपछि कसै गरी निद्रा पर्दैन । फेरि आगो बाल्न थाल्छन् । चर्केको एउटा घर छ तर पानी पर्दा त्यहाँ सुत्न डराउँछन् । हिउँदमा भुइँतलामा छोराबुहारी सुत्ने गर्छन् । 'त्यही पनि डर लाग्छ, कतै फेरि भूकम्प आइहाल्ने हो कि भन्ने हुन्छ,' उनले भने ।

लामो समय पालमुनि बसेका उनीहरूले सरकारले १५ हजार दिएपछि टिनको टहरा बनाएका हुन् । 'सरकारले दिएको पैसाले केही कपडा पनि किनियो,' स्थानीय भूकम्पपीडित ७४ वर्षीय डुलबहादुर सोतीले भने, 'अहिले यही टहरामा बसेका छौं, राहत कुर्दाकुर्दै मरिने हो कि भन्ने लागेको छ ।' कतिपयले भत्किएको घरबाट टिन झिकेर अलि फराकिलो टहरो बनाएका छन् । 'यसो नगरे चल्दै चलेन,' स्थानीय शिक्षक उमेशकुमार गाहाले भने, 'खाद्यान्न, लत्ताकपडा राख्ने ठाउँ पुगेन ।'

अहिलेसम्म गाउँमा सरकारी अधिकारी कोही आएका छैनन् । कम प्रभावित जिल्लामा सरकारले नै इन्जिनियर खटाउन सकेको छैन । 'पैसा पाए घर बनाउन हुन्थ्यो, आफैं बनाउन सक्ने अवस्था छैन,' स्थानीय तिलिसरा रानाले भनिन्, 'पैसा पाउने कहिले हो, घर बनाउने सपना पूरा नहोलाजस्तो छ ।' अधिकांश परिवार सगोलमै बस्छन् । १० देखि २२ जनासम्मको परिवार टहरामै गुजारा गरिरहेका छन् । सबैलाई एकै स्थानमा सुत्न, बस्न, खाना पकाउन ठाउँ साँघुरो भएको वडा नागरिक मञ्चका संयोजक भूमबहादुर रानाले बताए । 'ठूलो पानी पर्दा होस् वा घाम चर्कंदा, समस्या नै छ,' उनले भने, 'अहिले चिसोले झनै समस्या पारेको छ ।' आर्थिक रूपले विपन्न परिवार बढी सकसमा छन् । कतिपय बालबालिका त्रासमै छन् ।

जिल्ला लगत संकलन व्यवस्थापन कार्यालय स्थापना भएर यहाँ भर्खरै काम अघि बढेको छ । कार्यालय प्रमुख अनिरुद्रप्रसाद उपाध्यायले लगत संकलनमा ३२ जना इन्जिनियर सहभागी हुने बताए । उनीहरूले ४५ दिनसम्म ६० गाविस र दुई नगरपालिकामा लगत संकलन गर्नेछन् । 'टोलीले भूकम्पपीडितको सामाजिक तथा आर्थिक प्रभावबारे समेत लगत लिनेछ,' उनले भने । जिल्लाका ११ हजार ३ सय ४५ घर भूकम्पबाट प्रभावित भएको तथ्यांक छ ।

एनजीओले काम गरेनन्

■ हरिहरसिंह राठौर

धादिङ- जिल्लामा भूकम्पले क्षतिग्रस्त विद्यालय भवन पुनर्निर्माणको जिम्मा लिएका गैरसरकारी संस्था (एनजीओ) अधिकांशले अझै काम थालेका छैनन् । भवन बनाउने सम्झौता गरेका एनजीओ गाउँ नफर्केपछि धेरै विद्यालय डेढ वर्षयता त्रिपाल र टहरामै छन् ।

प्रमुख जिल्ला अधिकारी उमेश ढकाल विद्यालय पुनर्निर्माणमा ढिलाइ भइरहेकाले काम अघि बढाउन छलफल भइरहेको बताउँछन् । भूकम्पले जिल्लाका चार हजार कक्षाकोठा क्षतिग्रस्त छन् । भूकम्पपछि ९६ विद्यालयका १ सय ९२ वटा कक्षाकोठा मात्र पुनर्निर्माण भएका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाले पुनर्निर्माण प्राधिकरणसँग १ हजार ४ कक्षा कोठा बनाइदिन सम्झौता गरेकामा एक वर्षमा १ सय ३० वटा मात्र बनेका छन् । ती पनि हस्तान्तरण गरिएका छैनन् ।

भारतीय राजदूतावासले जिम्मा लिएको दार्खा, कम्पुर, ढोला, चैनपुर गाविस लगायतका १० वटा विद्यालय निर्माण सुरु गरिएको छैन । रुम टु रिडले जिम्मा लिएका १४ विद्यालयको निर्माण पनि अलपत्र छ । आर्थिक स्रोत संकलन भइरहेको बताउँदै आएको उक्त संस्थाले २०१८ मा मात्रै निर्माण पूरा गर्ने जानकारी शिक्षा कार्यालयलाई गराएको छ ।

जिल्ला शिक्षा अधिकारी दामोदर आचार्यका अनुसार सामान्य क्षति भएका पाँच सय कोठाहरू भने मर्मत भइरहेका छन् । एनजीओले जिम्मा लिएका विद्यालय कहिले बन्छन्, यकिन छैन । जिल्लामा पुनर्निर्माणका लागि स्थापित आयोजना कार्यान्वयन इकाई प्रमुख ईश्वरी ज्ञवालीका अनुसार आवश्यकता अनुसारको स्रोत प्राप्त नभएकाले निर्माणमा झन् ढिलाइ भएको छ । 'विद्यालय पुनर्निर्माणका लागि प्रभावित जिल्लामा २० देखि ४२ करोडसम्म विनियोजन गरिएको छ,' ज्ञवालीले भने, 'उक्त बजेट यता आएन ।' गणेश हिमाल फाउन्डेसन र ममता भोलिन्टियर्सले सरकारको स्वीकृतिबिना नै दार्खा, सल्यानकोट, त्रिपुरेश्वर र सत्यदेवीका ७ विद्यालयका ३६ कक्षाकोठा निर्माण गरिरहेको उनले जानकारी दिए । 'आफूखुसी बनाएको भन्ने सूचना आएको छ,' उनले भने ।

वन मासेर खोटो

■ प्रकाश अधिकारी

सुर्खेत- स्वस्तिक रोजिन एन्ड टर्पेन्टाइन इन्डस्ट्रिज प्रालिले दैलेखका विन्ध्यवासिनी, पगनाथ, बडाभैरव र कट्टी गाविसका सामुदायिक वनबाट सात वर्षयता लगातार खोटो संकलन गरिरहेको छ । खोटो संकलन कार्यविधि (निर्देशिका) २०६४ अनुसार एक हजार टनभन्दा मुनि संकलन गर्नेले पाँच हेक्टर वन क्षेत्रमा वृक्षरोपण गर्नुपर्छ । त्यस भेगका ६ वटा सामुदायिक वनबाट खोटो संकलन गरिरहेको कम्पनीले भने वृक्षरोपण गर्नुको साटो भएको वनक्षेत्र झन् उजाड पार्दै छ ।

निर्देशिका मिच्ने स्वस्तिक एक्लो होइन, मध्यपश्चिमका १० जिल्लामा कार्यरत १२ मध्ये अधिकांश कम्पनीले वर्षौंदेखि मनोमानीमै खोटो संकलन गरिरहेका छन् । उनीहरूले सामुदायिक वनका पदाधिकारी र जिल्ला वनका प्राविधिकको मिलेमतोमा उन्मुक्ति पाइरहेका छन् ।

पगनाथको वासुधारा सामुदायिक वनका एक पूर्वपदाधिकारीले हचुवाका भरमा खोटो संकलन भइरहेको बताए । 'कमजोरी वन समितिकै छ । समितिका जिम्मेवार पदाधिकारीलाई खोटो संकलनको विधि प्रक्रियाबारे कुनै जानकारी छैन,' उनले भने, 'त्यही भएर कम्पनीका कर्मचारी वन प्राविधिक, समितिका केही टाठाबाठासँग मिलेर गुपचुपमै खोटो संकलन गरी फर्किन्छन् ।'

मापदण्डविपरीत संकलन गर्दा कतिपय रूख एकैपटक सुकेर नष्ट भएका छन् । ब्लेजको साइज ठूलो पारेर एकैपटक संकलन गरिँदा मध्यपहाडी क्षेत्रका सल्लाघारी विनाश हुँदै छन् ।

मध्यपश्चिमका जाजरकोट, सुर्खेत, दैलेख, कालिकोट, मुगु, सल्यान, प्यूठान, रुकुम, रोल्पा र दाङमा ती कम्पनीले खोटो संकलन गरिरहेका छन् । आव ०७२/७३ मा सामुदायिक वनबाट मात्रै ९ हजार ८ सय ९६ टन खोटो संकलन गरियो । अस्वस्थ प्रतिस्पर्धा, वन प्राविधिक र उपभोक्ता समितिसँग मिलेमतोले कम्पनीलाई निर्देशिका लत्याउन सहज भएको छ । यदाकदा वन कर्मचारी र समितिले 'पर्याप्त फाइदा' नपाउँदा मात्र संकलनमा प्रतिबन्ध लगाउने गरिन्छ । दैलेखमा कार्यरत एक खोटो कम्पनीका कर्मचारीले भने, 'वन कर्मचारीलाई खुसी बनाउन सकिएन भने मापदण्ड हुबहु पालना गरे पनि केही हुँदैन ।' सबै कुरा वन रेन्जरको हातमा हुने भएकाले उनीहरूको चाहना पूरा गर्नु आफूहरूको बाध्यता रहेको उनको भनाइ छ ।

सल्लाका रूखका बोक्रा ताछेर कोनिकल सोलीमा खोटो जम्मा गरिन्छ । सोली भरिन सामान्यतः एक साता लाग्छ । यसरी संकलित खोटो जिल्ला वनको अनुमति लिएर सम्बन्धित कारखानासम्म पुऱ्याउने गरिन्छ । निर्देशिकाअनुसार खोटो कम्पनीले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनका सर्त पालना, ३० सेमि व्यासभन्दा बढी भएका रूखहरूबाट मात्र संकलन, रूखमा पर्न सक्ने हानि-नोक्सानीबारे कामदारलाई तालिम, वर्षभरिमा बढीमा ३२ रिल मात्र बनाउन पाइने, चरा र अन्य वन्यजन्तुले वासस्थान बनाएको रूखमा खोटो संकलन गर्न नहुने, प्रतिहेक्टर कम्तीमा ५ वटा माउ रूख जोगाउनुपर्ने मापदण्ड पूरा गर्नुपर्छ । त्यस्तै, रिल (ब्लेज) को साइज ३२/१६ सेमि मात्र हुनुपर्छ । माटोको अम्लीयपनबारे तीन-तीन वर्षमा एक पटक नमुना संकलन गरी प्रयोगशालाबाट जाँच गर्नुपर्ने, जमिनबाट १ मिटर ३० सेमिमाथि कम्तीमा ३० सेमि व्यास भएका रूखबाट मात्र संकलन गर्नुपर्छ ।

१२ कम्पनीले खोटो संकलनका नाममा मध्यपश्चिम जिल्लाका सल्लाघारी दोहन गरिरहेका छन्



दैलेखको वासुधारा वनमा खोटो संकलन गरिँदै । तस्बिर : कान्तिपुर

स्वस्तिक रोजिन एन्ड टर्पेन्टाइन इन्डस्ट्रिज प्रालिका दैलेख जिल्ला निरीक्षक बाबुराम पराजुलीले वृक्षरोपण गर्नुपर्ने क्षेत्रबारे जिल्ला वन कार्यालयले नतोकिदिँदा समस्या परेको बताए । 'कतिपय कामदारबाट त्रुटि भएको छ,' उनले भने, 'जानीजानी कम्पनीले विधि-प्रक्रिया मिचेको छैन । समुदायसँग काम गर्दा हामीलाई पनि अप्ठ्यारो छ ।'

खोटो कम्पनीबाट वन कर्मचारीले रकम लिने गरेको सूचना मध्यपश्चिम क्षेत्रीय वन निर्देशनालयलमा पनि पुगेको एक कर्मचारीले बताए । 'खोटो कम्पनीबाटै हाम्रा कतिपय कर्मचारीको गुजारा चलेको पाएको छ,' ती कर्मचारीले भने, 'पैसा, गाडी, खाजा-नास्ता जति भन्यो कम्पनी बेहोर्न तयार हुँदोरहेछ ।'

निर्देशनालयका निमित्त प्रमुख अनिरुद्र ठाकुरले खोटो संकलन कार्यको प्रभावकारी अनुगमन हुन नसकेको स्वीकारे । कम्पनीका प्रतिनिधिसहित जिल्ला वन, वन उपभोक्ता समिति सम्मिलित मिटिङ बोलाएर खोटो संकलनमा देखिएका समस्या समाधान गर्न आफूले पहल गरे पनि सफल नभएको गुनासो पोखे । 'डाइरेक्टर सा'पले चासो नदिँदा बैठक बस्न सकेन' उनले भने । पुरानाभन्दा नयाँ कम्पनीले विधि-प्रक्रिया मिचेको ठाकुरले बताए । क्षेत्रीय वनलाई हस्तक्षेपकारी भूमिका नहुँदा अनुगमनको नतिजा पनि कार्यान्वयन हुन नसकेको उनको भनाइ ।

उद्घाटनमा राज्यमन्त्रीको लर्को

■ आश गुरुङ

लमजुङ- सिँचाइ राज्यमन्त्री सुरेन्द्र आचार्यले बिहीबार राइनास नगरपालिकाको नगर परिषद् उद्घाटन गरे । राइनास क्षेत्रको अवलोकनपछि उनी तनहुँ दुलेगौंडातर्फ गए । उनै सिँचाइ राज्यमन्त्री आचार्यले १५ दिनअघि पुस १३ मा समीभञ्ज्याङस्थित सम्झना माविको वार्षिकोत्सव कार्यक्रम उद्घाटन गरेका थिए ।

बुधबारमात्रै शिक्षा राज्यमन्त्री धनमाया विक खनालले श्रीमञ्ज्याङस्थित लक्ष्मी माविको वार्षिकोत्सव उद्घाटन गरिन् । मंगलबार स्वास्थ्य राज्यमन्त्री तारामान गुरुङ बेंसीसहरमा आयोजित पूर्णखोप सुनिश्चितता जिल्ला घोषणा कार्यक्रममा अतिथि भए । पार्टीका कार्यकर्ता भेटघाट, केही सामुदायिक संघसंस्थाको निरीक्षण गरी उनी बुधबार फर्के ।

केही दिनदेखि लगातारजसो राज्यमन्त्रीको आगमनले प्रजिअ, डीएसपी र अनुसन्धान प्रमुख उनीहरूलाई पछ्याउँदै हिँड्न बाध्य छन् । तिनै राज्यमन्त्रीलाई तनहुँ सीमा क्षेत्रदेखि 'स्कर्टिङ' गर्ने, स्वागत तथा पुऱ्याउने गर्नु नै सुरक्षा प्रमुख तथा प्रहरीको दैनिकी बन्ने गरेको छ ।

राज्यमन्त्रीहरू दिनका दिन आउने गरेपछि कार्यालयको दैनिक कार्यसम्पादनमा समस्या पर्ने प्रजिअ मोहनबहादुर जिसीले बताए । डीएसपी समीरचन्द्र खरेलका अनुसार जिल्ला प्रहरी कार्यालयमा रहेका दुई इन्स्पेक्टर सरुवा भइसकेका छन् । बाहिर गएपछि सिंगो प्रहरी कार्यालय सईको भरमा छाड्नुपरेको छ । 'इन्सपेक्टर पनि नहुने, म पनि नहुने । दैनिक कामकाजमा समस्या हुने नै भयो,' उनले भने ।

मन्त्री नआए पनि सरकारी कार्यालयले गर्ने कार्यक्रम बढी हुने गरेकाले पनि समस्या परेको

'मन्त्रालयमै कामविहीन भएपछि विद्यालयको वार्षिकोत्सव र परिषद् उद्घाटन व्यस्त'

प्रजिअ जिसीले बताए । पहिलेपहिले मन्त्री आउने भनेपछि स्वागत गर्न स्थानीयको लर्को लाग्थ्यो । हिजोआज मन्त्री आएपछि औपचारिक कार्यक्रममा स्वागत र बस्ने होटलमा कार्यकर्ता पुगेर खादा लगाइदिने कामबाहेक केही नहुने बेंसीसहर हाइस्कुल चोकका ईश्वरप्रसाद श्रेष्ठले बताए । 'मन्त्रीले जनताको लागिभन्दा कार्यकर्ताको काम गर्न थाले । जनतामा निराशा पैदा हुँदै गएको छ,' उनले भने ।

जिल्लामा एक महिनाको अवधिमा मात्रै १२ जना 'भीआइपी' आइसकेका छन् । उनीहरूले एकदेखि दुईदिनसम्म खर्चने गरेका छन् । पुस २२ गते आएका स्थानीय विकास राज्यमन्त्री श्रीप्रसाद जबेगु बेंसीसहर नगरपरिषद्को कार्यक्रममा भाग लिएर उक्त दिन नै फर्के ।

नेपाली कांग्रेसका निवर्तमान जिल्ला सभापति कृष्णप्रसाद कोइरालाले राज्यमन्त्रीहरू कामबीहिन बनेको टिप्पणी गर्छन् । 'मन्त्रालयमै कामविहीन भएपछि अहिले विद्यालयको वार्षिकउत्सव र परिषद् उद्घाटन व्यस्त छन् । नीति निर्माणमा ध्यान छैन,' उनले भने ।

अरूण फाइनान्स लि.	१८०	१८९	२५९०	९
अरूणभ्याली हाइड्रोपावर डेभलपमेट क.लि.	२४९	२५३	६४८२	४
एसियन लाइफ इन्स्योरेन्स क. लि.	१४२०	१४२०	४१७	०
बैंक अफ काठमाडौं लुम्बिनी लि.	६१९	६१४	११०३५	-५
बरूण हाइड्रोपावर क. लि.	२७६	२८५	११०	९
भार्गव विकास बैंक	३७६	३७१	२४१	-५
बुटवल पावर क. लि.	५५०	५६०	१२०	१०
सेन्चुरी कमर्सियल बैंक लि.	३३२	३३४	३२७१	२
छिमेक लघुवित्त विकास बैंक लि.	११४०	११४०	२५०१	०
चिलिमे हाइड्रोपावर क.	८१७	८१७	५११२	०
सिटिजन बैंक इन्टरनेशनल लि.	४८५	४९०	१३९२७	५
सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट	३८७५	३८९९	३४०	२४
सिमिल बैंक लि.	२५१	२५२	१६७१३	१
सिमिल बैंक लि. संस्थापक	१३५	१३५	१०८३४१	०
देव विकास बैंक लि.	२११	२०६	१८२७	-५
एभरेष्ट बैंक लि.	१९२५	१९२५	५५१३	०
एभरेष्ट इन्स्योरेन्स क.लि.	१५५०	१५५०	२०२०	०
फष्टमाइक्रो फाइनान्स डे. बैंक लि.	८८२	८८३	७२५	१
गरिमा विकास बैंक लि.	३८६	३८८	३४८०	२
ग्लोबल आईएमइ बैंक लि.	४२८	४२३	३६६७	-५
ग्लोबल आईएमई समुन्नत स्किम १	१०.२०	१०.५०	१५०००	०.३०
ग्रिन डेभलपमेन्ट बैंक लि.	४९२	५३३	२१२५	४१
गुहेश्वरी मर्चेन्ट बैंक एन्ड फा. लि.	२२६	२२४	८५०	-२
गुराश लाइफ इन्स्योरेन्स क. लि.	६८७	७०५	२४८०	१८
हाम्रो विकास बैंक	४१६	४००	१३३०	-१६
हिमालयन बैंक लि.	९००	९०२	१०५५	२
हिमालयन जनरल इन्स्योरेन्स लि.	१३५६	१३२९	८७२	-२७
जलविद्युत लगानी तथा विकास क.	२२८	२२४	८०३१	-४
जानकी फाइनान्स लि.	२४६	२४५	९००	-१
जनउत्थान सामुदायिक लघुवित्त विकास बैंक	१८००	१७३०	२२०	-७०
ज्योती विकास बैंक	२७०	२८०	३२२	१०
कैलाश विकास बैंक	३४३	३४०	१४७२	-३
कालिका माइक्रोक्रेडिट डेभलपमेन्ट बैंक	१४३०	१४२०	१११६	-१०
कर्णाली डेभलपमेन्ट बैंक लि.	३५९	३२५	१५२७	-३४
खानीखोला हाइड्रोपावर क. लि.	३२१	३५३	२००	३२
कुमारी बैंक लि.	५५९	५५७	१५०५८	-२
ललितपुर फाइनान्स लि.	१६४	१७३	४५०	९
लक्ष्मी बैंक लि.	७०५	७६३	५०४५६	५८
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.	११६५	११४०	५११	-२५
लाइफ इन्स्योरेन्स क. लि.	२५०५	२५०८	९३०	३
लुम्बिनी फाइनान्स लि.	२५३	२६०	२३१	७
लुम्बिनी जनरल इन्स्योरेन्स लि.	१३१०	१३१५	२४१०	५
माछापुच्छे बैंक लि.	४००	४०२	४५९५	२
महालक्ष्मी विकास बैंक लि.	२८४	२८०	१६८५	-४
मञ्जुश्री फाइनान्स लि.	१८६	१७७	४८०	-९
मेगा बैंक लि.	४९०	४९०	५७८७	०
मितेरी डेभलपमेन्ट बैंक	५०१	४९५	२३०	-६
मिथिला लघुवित्त विकास बैंक	८८२	८५०	१४९	-३२
मुक्तिनाथ विकास बैंक	७८०	७८३	२७९९	३
नबिल ब्यालेन्स फन्ड १	१९.५०	१९.२०	७१६८	-०.३०
नबिल बैंक लि.	१५६५	१५६०	१९८२	-५
नबिल बैंक लि. संस्थापक	११६०	११५५	४८५	-५
नागबेली लघुवित्त विकास बैंक	२१२०	२१२०	४५५	०
नेशनल हाइड्रो पावर क. लि.	१४०	१४०	१०४९०	०
नेशनल लाइफ इन्स्योरेन्स क. लि.	२०४०	२०४०	२१२३	०
एनबी इन्स्योरेन्स क.लि.	१०५३	१००७	७५७८	-४६
नेको इन्स्योरेन्स क. लि.	८२५	८२९	१८२६	४
नेपाल बंगलादेश बैंक लि.	७४०	७४२	६९३८	२
नेपाल बैंक लि.	४०६	४०५	१२२६०	-१
नेपाल दुरसंचार संस्थान	६९५	६९५	५२१५	०
नेपाल इन्स्योरेन्स क. लि.	८७०	८५४	२००	-१६
नेपाल इन्भेष्टमेन्ट बैंक लि.	७१४	७१५	११०५५	१
नेपाल इन्भेष्टमेन्ट बैंक संस्थापक	६५७	६६३	४९६	६
नेपाल लाइफ इन्स्योरेन्स क.लि.	२८५०	२८४०	५८९१	-१०
नेपाल एसबीआई बैंक लि.	१४१५	१४१८	१३२९	३
न्यान्दी ग्रुप पावर लि.	२९१	२९५	१०३०	४
एनआईबीएल समृद्धि फन्ड १	११.५०	११.३०	१०९९५	-०.२०
एनआईसी एसिया बैंक लि.	५००	५०५	११६३४	५
निर्धन उत्थान बैंक लि.	१३०८	१२८५	१७०	-२३
एनएलजी इन्स्योरेन्स क.लि.	१२७४	१२७०	३३०	-४
एनएमबी बैंक लि.	५११	५१०	९७११	-१
ओरियन्टेल होटल लि.	४७५	४६०	१४४४	-१५
पोखरा फाइनान्स लि.	२४९	२४४	३२२०	-५
प्रभु इन्स्योरेन्स क. लि.	१०९१	१०९०	१११८	-१
प्रिमियर इन्स्योरेन्स क. लि.	१४२०	१४४०	११८५	२०
प्राइम लाइफ इन्स्योरेन्स क. लि.	१६४५	१६९०	३९९४	४५
प्रुडेन्सियल इन्स्योरेन्स क. लि.	११६०	११७४	१५१०	१४
पूर्णिमा विकास बैंक लि.	३२२	३३०	१२३०	८
राप्तीभेरी विकास बैंक	३६१	३६१	१९८	०
राष्ट्रिय बीमा संस्थान	१०९१४	१०९१४	४५	०
रिलायवल माइक्रोफाइनान्स वित्तिय संस्था	१२११	१२७०	४४	५९
रिडी हाइड्रो पावर क.	२१८	२२२	२७६५	४
रूलर माइक्रोफाइनान्स डे. सेन्टर	५९५	६०१	१२३	६
सगरमाथा फाइनान्स लि.	२५६	२५०	८००	-६
सगरमाथा इन्स्योरेन्स क. लि.	१२००	१२१८	१२९०	१८
सहयोगी किवास बैंक	३५६	३६५	६००५	९
साना किसान विकास बैंक लि.	१०२०	१०५०	२६६	३०
सानिमा बैंक लि.	५३५	५३९	४६८२	४
सानिमा माई हाइड्रोपावर लि.	८००	७८८	१०८२	-१२
सप्तकोशी डेभलपमेन्ट बैंक लि.	२९०	२९०	५३४	०
सांग्रीला डेभलपमेन्ट बैंक लि.	३३६	३३०	४६	-६
शिखर इन्स्योरेन्स क.लि.	२१०५	२११९	१९४२	१४
साइन रेसुङ्गा डेभलपमेन्ट बैंक	३४०	३३२	१०५६	-८
सिद्धार्थ बैंक लि.	९८१	९९६	१८०७२	१५
सिद्धार्थ डेभलपमेण्ड बैंक लि.	३२०	३२२	२१४७	२
सिद्धार्थ इन्स्योरेन्स क. लि.	१३२०	१३१९	२४४०	-१
सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम १	२३.२३	२३	२१७५०५०	-०.२३
सोल्टी होटल लि.	३१९	३१४	७००	-५
स्ट्यान्डर्ड चार्टर्ड बैंक लि.	१९७६	१९९८	४३२१	२२
सनराईज बैंक लि.	४८९	४९२	२३९५	३
सूर्य लाइफ इन्स्योरेन्स क. लि.	६८४	६९२	१२११	८
स्वालम्बन विकास बैंक	१२७५	१२८०	३०९	५
स्वरोजगार लघुवित्त विकास बैंक	१७३४	१७००	८५	-३४
सिनर्जी फाइनान्स लि.	१४२	१४२	७००	०
टुरिज्म डेभलपमेन्ट बैंक	४२५	४३०	६१४	५
युनाइटेड इन्स्योरेन्स क. (नेपाल) लि.	११४६	११३५	१२३०	-११
विभोर सोसाइटी डेभलपमेन्ट बैंक	१८३	१८५	३२३१	२
विजय लघुवित्त वित्तिय संस्था	८००	७९९	२२३	-१
वमी माइक्रोफाइनान्स वित्तिय संस्था	१३६०	१३४०	६०५	-२०
यती डेभलपमेन्ट बैंक लि.	२७१	२७१	१००५	०

कुल कारोबार मूल्य : ३२२,७४५,८८१ कारोबार संख्या : ,४४३
सेयर संख्या : २,६७७,०१३ नेप्से : १,४७९.८६(३.३५)

NIC ASIA

एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं, वडा नं. ११
फोन नं.: ९७७-०१-५१११९७७/७८/८८, फ्याक्स: ९७७-०१-५१११९८०

वोनस शेयर अभौतिकीकरण सम्बन्धी सूचना

मिति २०७३/०६/१८ मा सम्पन्न यस बैंकको १९ औं वार्षिक साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुँजीको २६% वोनश शेयर नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण भई मिति २०७३/०६/१८ सम्म शेयर अभौतिकीकरण गराईसक्नु भएका शेयरधनी महानुभावहरुको Demat खातामा जम्मा भई सकेको व्यहोरा अनुरोध छ । साथै शेयर अभौतिकीकरण नगरीसक्नु भएका शेयरधनी महानुभावहरुलाई आफ्नो नाममा रहेका शेयरहरुलाई अभौतिकीकरण गर्नुहुन अनुरोध गर्दछौं । यस बैंकले जारी गरेका तथा भविष्यमा जारी गर्ने वोनश/हकप्रद शेयर अभौतिकीकरण भए पश्चात् मात्र कारोवार हुने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुले आफ्नो नाममा भएका सम्पूर्ण शेयरहरु अभौतिकीकरण गर्नुहुन अनुरोध गर्दछौं ।

शेयरहरु अभौतिकीकरण गर्नुपुर्व धितोपत्र निक्षेप खाता (Demat Account) खोल्नुपर्ने भएको हुँदा शेयरधनी महानुभावहरुले आफ्नो हालसालै खिचिएको फोटो तथा नागरिकताको प्रमाणपत्र सहित आफुलाई पायक पर्ने यस बैंकको कुनै पनि शाखा कार्यालयमा वा निक्षेप सदस्यकोमा Demat खाता खोली सोको जानकारी यस बैंकको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लि. लाई गराउनु हुन अनुरोध छ ।

NIC ASIA बैंक पनि, साथी पनि

NIC ASIA

ISO 9001 Certified Bank

एन आई सी एशिया बैंक लि.

Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact No.: +977-01-5111177/78/79, Fax No.: +977-01-5111180

INVITATION FOR SEALED QUOTATIONS AND BIDS

NIC Asia Bank solicits sealed quotation from interested parties for interior construction/civil works as well as electrical & allied works to be executed for its upcoming branches at Bhumahi-Nawalparasi, Sauraha Farsatikar-Rupandehi, Dhakdhahi-Rupandhi, Magaragadhi-Bardiya, Gamgadhi-Mugu and Bauniya-Kailali. In addition, the Bank also invites sealed bids for supply/delivery, lifting and placing of branded & certified metal security equipment (defender safe, cash box and fire resistant filing cabinet) for its upcoming 40 new branches.

Interested parties can obtain Request for Quotation (RFQ) and bid document from Bank's General Administration & Project Department at Registered Office, Thapathali upon payment of nonrefundable document fee for NPR. 1,000 for each segment (branch projects and metal security equipment).

The details of minimum eligibility/criteria can be found on **www.nicasiabank.com/about-us/notice** heading "Invitation for Sealed Quotation and Bids for Interior Construction of Six Branches and Supply/Delivery of Metal Security Equipment".

Sealed quotations for branch projects are to be submitted within close of business on January 19, 2017 and sealed bids for metal security equipment is to be submitted within close of business on January 27, 2017 in the prescribed format.

Sealed quotation/bid should be addressed to General Administration & Project Department and must be submitted in person. Sealed quotation/bid received after the deadline will not be accepted.

Sealed quotation/bid sent through Mail/Courier will neither be accepted for any consideration nor will they be returned to the sender.

The Banker Bank of the Year 2007 NEPAL | The Banker Bank of the Year 2013 NEPAL

NIC ASIA बैंक पनि, साथी पनि

बाँकी रकम चुक्ता गरी सवारी साधन बुझि लिने ३५ दिने सूचना

(मिति २०७३।०९।२९)

यस कम्पनीका विभिन्न कार्यालयहरुको परिसरमा रहेका तपसिलमा उल्लेख गरिएका सवारी साधनहरु विगत लामो समय देखि कम्पनीको परिसरमा पार्किङ्ग गरि राखिएका वा मर्मत कार्य वापतको रकम चुक्ता गर्न बाँकी रकम चुक्ता नभएका सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा कम्पनीको बाँकी बक्यौता रकम वा मर्मत शुल्क तथा पार्किङ्गको सम्पूर्ण शुल्क चुक्ता गरि यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको कार्यालयमा सम्पर्क गरि सवारी साधन बुझि लिएर जानु हुन अनुरोध गरिन्छ। तोकिएको मिति भित्र उक्त सवारी साधन बुझि लिई कम्पनीको ठाउँ खालि नगरेमा उक्त सवारी साधन कम्पनी परिसरबाट हटाइने र तत् पश्चात उक्त सवारी साधनहरु उपर कम्पनीको कुनै जिम्मेवारी नरहने र बाँकी लेना रकम प्रचलित कानुन बमोजिम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

SN	Vehicle No.	Vehicle Model	SN	Vehicle No.	Vehicle Model
1	BA 6 CHA 5599	INDICA	4	BA 3 CHA 9873	INDICA
2	BA 9 CHA 858	NANO STANDARD	5	BA 3 CHA 7932	SAFARI
3	BA 6 CHA 4272	XETA GLG	6	BA 7 CHA 4362	VISTA

सिप्रदी ट्रेडिङ्ग प्रा.लि.
चन्द्रागिरी न.पा. वडा नं. २५, नयाँ नैकाप, काठमाण्डौं।
फोन नं. ४३११५०१, मोबाइल: ९८५१२१२५७१

सानिमा बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार शुरू गरिएको बारे सूचना।

सानिमा बैंक लिमिटेडमा बागमती डेभलपमेन्ट बैंक लिमिटेड गाभिई सानिमा बैंक लिमिटेडको नामबाट आजको मिति २०७३/०९/२९ (तद्नुसार जनवरी १३, २०१७, शुक्रबार) देखि एकीकृत कारोबार शुरु गरिएको सहर्ष जानकारी गराँउदछौं । यस अवसरमा हाम्रा सम्पूर्ण ग्राहकमहानुभाव, कर्मचारीवर्ग, शेयरधनीज्युहरु, नियमनकारी निकाय तथा शुभेच्छुकहरु समक्ष हार्दिक धन्यवाद ज्ञापन गर्दै बैंकले आगामी दिनहरुमा आफ्नो उपस्थितीलाई अझै विस्तार गर्दै सबल अनि विश्वसनीय बैंकको रुपमा निरन्तर बैकिङ्ग सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

SanimaBank www.sanimabank.com

पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोन: +९७७-१-४४२८९७९
फ्याक्स: +९७७-१-४४२८९६९ ईमेल: sanima@sanimabank.com

शिक्षा,स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर

धरान उप-महानगरपालिका कार्यालय

धरान, सुनसरी, नेपाल

परामर्श सेवाको आशय पत्र (EOI) आह्वानको सूचना

उपयुक्त सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त बजेटबाट यस नगरपालिकाको बृहत/एकीकृत शहरी विकास योजना (Comprehensive/Integrated Urban Devlopment Plan) तयार गर्न परामर्शदाता नियुक्त गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक परामर्शदाता फर्म, संस्था वा कम्पनीहरुबाट यो सुचना प्रकाशन भएको १५ दिन भित्रमा आशयपत्र (Expression of Interest) पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि धरानबाट प्रकाशित ब्लाष्ट टाइम्स दैनिकमा मिति २०७३।०९।२९ मा प्रकाशित सूचना वा यस नगरपालिकाको वेब साइट www.dharan.gov.np मा राखिएको विस्तृत सूचना अध्ययन गर्नुहुन जानकारी गराइएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

परीक्षा नियन्त्रण कार्यालय

सानोठिमि, भक्तपुरको

प्राविधिक एस.एल.सी.तहको विशेष मौका परीक्षा सम्बन्धि अत्यन्त जरुरी सूचना !!!

सूचना प्रकाशित मिति २०७३/०९/२९

यस परिषद् तथा परिषद्बाट सम्बन्धन प्राप्त प्राविधिक एस.एल.सी. तहको विभिन्न कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरुबाट २०५४ साल देखि २०६८ सालमा रजिष्ट्रेशन भई प्रशिक्षण पुरा गरी हाल सम्म अनुत्तिर्ण भएका प्रशिक्षार्थीहरुको लागि २०७४ वैशाख महिनामा संचालन हुने प्राविधिक एस.एल.सी.तहको विशेष मौका परीक्षामा सम्मिलित हुन सम्बन्धित प्रशिक्षार्थीहरुबाट अनुत्तिर्ण भएको लब्धाङ्क पत्र परीक्षा आवेदन फाराममा संलग्न राखी परीक्षा आवेदन फाराम भराई Excel Programme मा (Alphabetic order) अनिवार्यरुपमा प्रशिक्षार्थीको विषयगत समष्टिगत विवरण भरी Hard copy र Soft Copy (CD) एक / एक थान सहित फाईल खडा गरि यही २०७३ माघ १ गते देखि २०७३ माघ २१ गतेभित्र एक विषय मात्र अनुत्तिर्ण भएकाको हकमा नियमित शुल्क (प्रति आवेदन फाराम वापत रु. २००।- (दुई सय) तथा सो भन्दा वढि विषय अनुत्तिर्ण भएकाको हकमा प्रति विषय रु. १५०।- (एक सय पचास) का दरले थप हुने रकम र सो अवधिभन्दा पछि (२०७३ माघ २२ गते देखि २०७३ फाल्गुण ८ गते सम्म) परिक्षा फाराम बुझाउनेको हकमा विलम्ब शुल्क वापत प्रति आवेदन फाराम रु. २००।- (दुई सय) थप गरि जम्मा हुन आउने रकम सहित परिक्षा नियन्त्रण कार्यालयको रा.वा. बैङ्क, सानोठिमी स्थित च.हि.नं. १७३०००००११०१, पश्चिम क्षेत्र क्षेत्रीय कार्यालयको कोहलपुर स्थित रा.वा. बैङ्क च.हि.न ४२८०००००९१९०१, मध्य क्षेत्र क्षेत्रीय कार्यालयको भरपुर स्थित रा.वा. बैङ्क च.हि.नं ६६७१ र पूर्व क्षेत्र क्षेत्रीय कार्यालयको ईटहरी स्थित रा.वा. बैङ्क, च.हि.नं २५५०००१२७८०१ मा रकम दाखिला हुने गरी खिचिएको भौचर संलग्न राखी तोकिएको स्थानमा परिक्षा आवेदन फाराम बुझाउनु हुन सम्बन्धित शिक्षण संस्था एवं प्रशिक्षार्थीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समय भित्र फाराम नबुझाउने प्रशिक्षार्थीहरुलाई परीक्षामा सम्मिलित गराईने छैन ।

परीक्षा फाराम बुझाउने स्थान :

१. प्रा.शि.तथा. व्या.ता.परिषद्, प.नि.का , सानोठिमि, भक्तपुर
२. मध्य क्षेत्र क्षेत्रीय कार्यालय , भरतपुर ,चितवन
३. पुर्व क्षेत्र क्षेत्रीय कार्यालय, ईटहरी , सुनसरी
४. पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय , कोहलपुर, बांके

परिक्षा केन्द्र:

१. वालजु स्कूल अफ ईन्जिनियरिङ एण्ड टेक्नोलोजि परीक्षा केन्द्र : काठमाण्डौ उपत्यका ,नुवाकोट,काभ्रे,दोलखा ,रामेछाप, सिन्धुली र ओखलढुङ्गा ,धादीङ र सोलुखुम्वु अन्तर्गतका शिक्षण संस्थाहरु
२. स्कुल अफ हेल्थ साईन्स परीक्षा केन्द्र : मध्य क्षेत्र क्षेत्रीय कार्यालय , भरतपुर ,चितवन अन्तर्गतका सम्पुर्ण शिक्षण संस्थाहरु
३. विराट हेल्थ क्याम्पस ईटहरी सुनसरी परीक्षा केन्द्र : पुर्व क्षेत्र क्षेत्रीय कार्यालय, ईटहरी ,सुनसरी अन्तर्गतका सम्पुर्ण शिक्षण संस्थाहरु
४. भेरी प्राविधिक शिक्षालय ,नेपालगंज ,बांके परीक्षा केन्द्र : पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय , कोहलपुर, बांके अन्तर्गतका सम्पुर्ण शिक्षण संस्थाहरु

परीक्षा नियन्त्रक

रोकिएन नदी दोहन

■ कृष्ण थापा

नुवाकोट- पासाङ ल्हामु मार्गको तादी खोलाबाट ढुंगा, गिट्टी र बालुवा झिक्ने क्रम रोकिएको छैन। अवैध क्रसर उद्योगले नदीजन्य पदार्थ निकालिरहेका छन्। सम्बन्धित निकायले चासो नदिएकाले नदी दोहन नरोकिएको स्थानीयवासीको आरोप छ।

प्रहरी, प्रशासन, जिविस र घरेलुलाई नियन्त्रण गर्न धेरैपटक भन्दा पनि सुनुवाइ नभएको स्थानीयवासी बद्री त्रिपाठीले बताए। 'जिल्लाका चारै निकायको संलग्नता र मिलेमतो छ,' उनले भने, 'तादी चौकीलाई भन्यो, उनीहरूले नै ढुंगा, गिट्टी, बालुवा झिक्नेलाई भगाइदिन्छन्।' सम्बन्धित निकाय एक अर्कालाई देखाएर पन्छिने गरेको उनले बताए।

प्रहरी, प्रशासन, जिविस र घरेलुले ढुंगा, गिट्टी, बालुवा झिक्न नियन्त्रणमा लागेका छैनन्। ती निकाय एक अर्कालाई देखाएर पन्छिने गरेका छन्

प्रहरीलाई स्थानीयबासीले गएर गुनासो गर्दा जिल्ला विकास समितिलाई देखाउने गर्छन्। 'हामी एलडीओ सापको निर्देशनमा चल्ने हो,' जिल्ला प्रहरी कार्यालय प्रमुख डीएसपी ऋषिराम कँडेलले भने, 'जिविसले भूकम्प पीडितका लागि खुकुलो गरेको भन्ने सुन्छु। उतै बुझ्नुहोला।'

वातावरणीय प्रभाव मूल्यांकन गरेका ठाउँमा कार्यविधि बनाएर वातावरण विनाश नहुने गरी भूकम्पपीडितलाई १/२ मिनी टाटा ढुंगा, गिट्टी र बालुवा दिने गरिएको जिविसले जनाएको छ।

तादी खोलामा स्काभेटरले बालुवा झिकिरहेको भेटिए पनि प्रहरीले समातेका छैनन्। तादी प्रहरी चौकी २ सय मिटर नजिक छ। तर प्रहरीले नै ढुंगा, गिट्टी, बालुवा झिक्नेलाई सघाइ रहेको स्थानीयको आरोप छ।

नदी नजिकै ढुंगा, गिटी र बालुवा ओसारपसार गर्दा स्थानीवासीलाई धुलो, धुवाँ र ध्वनी प्रदूषण भएकाले वस्न समस्या भएको छ।

जिल्लामा १० क्रसर र २६ बालुवा प्रशोधन उद्योग दर्ता छन्। तर, साउनयता नवीकरण गरेका छैनन्। तीनै उद्योगले ऐनमा नदीमा हेभी इक्विमेन्ट प्रयोग गर्न नपाइने प्रावधान मानेका छैनन्।



कपिलवस्तुको तौलिहवास्थित बजारमा गुड (सखर) बिक्री गर्दै व्यवसायी । माघ १ गते मनाइने माघे संक्रान्ति पर्वमा गुडका परिकार खाइने हुँदा बजारमा बिक्री बढेको छ ।
तस्बिर : मनोज/कान्तिपुर

आफैंले तोकेको मूल्यभन्दा तोलामै ३ हजार बढी लिएर बिक्री

■ राजु चौधरी

काठमाडौं- सुनचाँदी व्यवसायी महासंघले बिहीबारका लागि प्रतितोला छापावाला सुनको मूल्य ५४ हजार ६ सय (दस ग्राम ४६ हजार ८ सय १०) रुपैयाँ तोक्यो । तेजाबी सुन प्रतितोला ५४ हजार ३ सय (दस ग्राम ४६ हजार ६ सय ९५)रुपैयाँ निर्धारण गरे । तर, सर्वसाधारणले भने तोलाको करिब ५७ हजार रुपैयाँ तिर्न बाध्य भएका छन् । गहना व्यवसायीले सुन अभाव भन्दै आफैंले तोकेको मूल्य विपरीत सर्वसाधारणबाट बढी मूल्य असुल्दै आएका हुन् । यसको पुष्टि स्वयं व्यवसायीले नै गर्छन् ।

'बिहेको सिजन भएकाले दैनिक माग करिब ४० किलो पुगेको छ । तर, राष्ट्र बैंकले १५ किलो मात्रै वितरण गरेको छ । मागअनुसार आपूर्ति नहुँदा कालोबजारी सुरु भएको छ,' सुनचाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष तेजरत्न शाक्यले भने, 'सर्वसाधारणहरू तोलामै २ हजार ५ सयदेखि ३ हजार रुपैयाँ तिर्न बाध्य छन् ।'

महासंघले अन्तर्राष्ट्रिय बजारअनुसार सुनको मूल्य निर्धारण गर्छ । सोहीअनुसार वाणिज्य बैंकबाट व्यवसायीले सुन खरिद गर्छन् । व्यवसायीले भने आफैंले तोकेको मूल्य विपरीत बढी असुल्दै आएका छन् । महासंघका वरिष्ठ उपाध्यक्ष मानिकरत्न शाक्यले बजारमा चरम अभावले दुईचार रुपैयाँ बढी लिँदा अन्यथा भन्न नमिल्ने बताए ।

'पुस पहिलो सातादेखि सुन अभाव छ । अभावले अनधिकृत रूपमा व्यवसायी सल्बलाउन थालेका छन् । सर्वसाधारणको माग पूरा गर्न केही व्यवसायीले अनधिकृत सुन बढी मूल्यमा खरिद गर्छन्,' उनले भने, 'बढी मूल्य तिरी खरिद गरिएको सुन सर्वसाधारणलाई बिक्री गर्दा केही महँगो पर्छ । त्यसलाई अन्यथा लिन मिल्दैन ।'

व्यवसायीले अभावको बहानामा बढी मूल्य असुलेकामा उपभोक्ताकर्मीहरूले विरोध जनाएका छन् । गहना व्यवसायीले तोकेकै मूल्य लिनुपर्ने उनीहरूको भनाइ छ । 'आफैंले तोकेको मूल्य कार्यान्वयन नगर्नु व्यवसायीको ठगी धन्दा हो । सर्वसाधारणलाई बेकुफ बनाउने र राज्यलाई धम्काउने काम भयो,' राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले भने, 'महासंघले तोकेको मूल्यभन्दा बढी असुल्न पाइँदैन ।' केही व्यवसायीले आफूखुसी मूल्य निर्धारण गर्दै आएपछि महासंघले मूल्य तोक्नुको औचित्य नरहेको जनाएको छ । उपत्यकाको हकमा गहना व्यवसायीले सातामा ५ तोला सुन पाउँछन् । माग हवातै बढेकाले हाल गहनाको अर्डर लिने अवस्था नरहेको व्यवसायीहरू दाबी गर्छन् ।

'खुद्रासँगै होलसेलमा पनि सुन छैन । दुई तोलाभन्दा बढीको अर्डर लिन सकेका छैनौं । बढी अर्डर गर्ने सर्वसाधारणलाई फर्काउन बाध्य छौं,' पूर्वअध्यक्ष शाक्यले भने, 'हाल अभाव र कालोबजारीले सुनको मूल्य तोक्नुको औचित्य नै भएन ।' सुनको आपूर्ति कमजोर हुँदा सर्वसाधारणलाई मर्का परेको उनको भनाइ छ । मंसिर, माघ, फागुन, वैशाख, जेठ र असार विवाहको मुख्य सिजन मानिन्छ । विवाहमा गरगहनाको माग बढ्ने हुँदा व्यवसायीको कारोबार पनि सोहीअनुसारले वृद्धि हुन्छ । सामान्य अवस्थामा सुनको दैनिक माग १५ किलो हो । विवाहको सिजनमा माग बढेर दैनिक करिब ३५ किलो नाघ्छ ।

राष्ट्र बैंकले सुन आयात गरेर व्यवसायीलाई बिक्री गर्ने अनुमति वाणिज्य बैंकलाई मात्र दिएको छ । वाणिज्य बैंकले पालैपालो गरी दैनिक १५ किलो सुन आयात गर्न पाउँछन् । उनीहरूले दक्षिण अफ्रिका, संयुक्त अरब इमिरेट्स (यूएई), हङकङ, स्विटजरल्यान्डलगायतका मुलुकबाट आयात गर्दै आएका छन् । आयातित सुन सुनचाँदी व्यवसायी महासंघ, सुनचाँदी कला व्यवसायी संघ र रत्न तथा आभूषण महासंघको सिफारिसमा बैंकले गहना व्यवसायीलाई वितरण गर्दै आएका छन् । सुन आयात र लगानी निरुत्साहित गर्न राष्ट्र बैंकले कार्यविधि बनाएर कोटा प्रणालीमा सुन आयात र वितरणको व्यवस्था गर्दै आएको छ । कार्यविधिअनुसार बैंकबाट व्यवसायीले दिनको १५ किलो मात्रै किन्न पाउँछन् । चाडवाड र सिजनमा भने मागअनुसार कोटा बढाएर २० पुऱ्याउँदै आएको छ । तर, यसपालि सिजन सुरु हुँदा पनि कोटा भने वृद्धि गरिएको छैन । जसले गर्दा बजारमा समस्या देखिएको व्यवसायीहरू दाबी छ ।

रत्न तथा आभूषण महासंघका अध्यक्ष रमेश महर्जनका अनुसार उपत्यकासँगै जिल्लामा झन चरम अभाव भएको छ । सुन उपलब्ध नहुँदा पसल नै बन्द गर्ने अवस्थामा पुगेको उनको भनाइ छ । सुनको कोटा वृद्धि भए समस्या तत्काल समाधान हुने व्यवसायीको दाबी छ । कोटा वृद्धिका लागि पटकपटक राष्ट्र बैंकलाई आग्रह र ज्ञापनपत्र बुझाउँदा पनि जिम्मेवार नदेखिएको उनीहरूको आरोप छ ।

'राष्ट्र बैंकका कर्मचारीसँग छलफल गर्दा कोटा वृद्धि गर्ने आश्वासन दिन्छ । कार्यन्वयन हुन सकेको छैन । माघमा सुनको माग थप बढ्छ,' अध्यक्ष रमेश महर्जनले भने, 'कोटा वृद्धि नहुँदा गलत काम गर्ने व्यवसायीलाई थप प्रोत्साहन मिल्छ ।'

महासंघका अनुसार साउन १ गतेदेखि भन्सारले ५० ग्रामसम्म ल्याउन पाउने नियममा बन्देज लगाएकाले पनि असर परेको जनाएको छ । वैदेशिक रोजगारीमा जाने नेपालीले ल्याएको सुनले एक तिहाइ पूर्ति हुन्थ्यो । तर, ५० ग्राम सुन आयात गर्न पाउँदैनन् । जसले गर्दा थप अभाव भएको हो । 'अघिल्लो वर्ष ग्राहक आफैं सुन बिक्री गर्न आउँथे । हाल ५० ग्राम सुन आयात बन्देज छ,' कञ्चन आभूषणका सञ्चालक सुदीप श्रेष्ठले भने, 'जसले गर्दा थप अभाव भएको हो ।' यता राष्ट्र बैंकले कोटा वृद्धिका लागि वाणिज्य मन्त्रालयसँग आग्रह गरेको जनाएको छ । मन्त्रालयलको अनुमतिपश्चात् सुनको कोटा बढाइने बैंकको दाबी छ ।

- **व्यवसायीको ठगी धन्दा हो :** उपभोक्ता अधिकारकर्मी
- **अभावले केही बढी लिएको हो, अन्यथा भन्न मिल्दैन :** सुनचाँदी व्यवसायी महासंघ
- **राष्ट्र बैंकले सुनको कोटा वृद्धि नगर्दा समस्या :** रत्न तथा आभूषण महासंघ

'प्राइभेसी' सम्झौतापछि मात्र आइफोनमा फोरजी

■ विष्णु पोखरेल

काठमाडौं- आइफोन निर्माता एप्पलले गोपनीयता (प्राइभेसी) सम्बन्धी सम्झौता गरेर मात्र नेपाल टेलिकमको नेटवर्कमा चौथो पुस्ताको मोबाइल सेवा (फोरजी) चल्ने बनाइदिने प्रस्ताव गरेको छ । परीक्षणका क्रममा आइफोनमा फोरजी नचलेपछि टेलिकमले सेवा चल्ने बनाइदिन निर्माता एप्पललाई पत्राचार गरेको थियो । एप्पलले टेलिकमको प्रस्तावमा 'प्राइभेसी' सम्झौता गरेपछि मात्र उसको नेटवर्कमा फोरजी चल्ने बनाइदिने जवाफ दिएको हो ।

टेलिकमले १२ दिन अघिदेखि काठमाडौं र पोखरामा नेपालमै पहिलो पटक फोरजी सेवा सुरु गरिसकेको छ । टेलिकमको नेटवर्कलाई एप्पलले आफ्नो प्रणालीमा 'इनेबल' नगरेकाले हालसम्म आइफोन प्रयोगकर्ताले भने फोरजी चलाउन पाएका छैनन् ।

नेपाल टेलिकमले समयमै आइफोमा फोरजी चल्ने (कम्प्याटिबल) बनाउन पहल नगरेकाले सेवा सुरु भइसक्दा समेत आइफोनमा चल्न नसकेको हो । हाल भने टेलिकमले एप्पलको प्रस्ताव स्वीकार गर्दै 'प्राइभेसी' सम्झौता गर्ने जवाफ पठाइसकेको छ । 'एप्पलले केही सम्झौताहरू गर्नुपर्ने भनेको छ,' टेलिकमका सहप्रवक्ता शोभन अधिकारीले भने, 'त्यस अनुरुप हामीले पत्र पठाइसकेका छौं, अब चाँडै सम्झौता भएर फोरजी चल्छ ।'

उनले एप्पलसँग सम्झौता भएर फोरजी चल्ने समय भने यकिन भन्न नसकिने बताए ।

सेवा सुरु गर्नुपूर्व टेलिकमले फोरजी परीक्षणका क्रममा आइफोनमा नचल्ने पत्ता लागेको थियो । त्यसपछि आइफोनको नेपाली बिक्रेतामार्फत टेलिकमले एप्पललाई पत्राचार गरेको हो । एप्पलले टेलिकमको नेटवर्कका लागि तोकिएको 'लोकेसन इनेबल' नगरेकाले समस्या भएको टेलिकमका अधिकारीहरूले बताउँदै आएका छन् । एप्पल आफ्ना उपकरण र नेक्टका सञ्चालक पवन भिमसेरिया बताए । 'म आइतबार सिंगापुर जाँदै छु, उनीहरूले प्रतिनिधि नपठाई हुने/नहुने त्यसबेला तय हुन्छ,' उनले भने ।

एप्पलले आफ्ना उपकरणमा 'लोकेसन इनेबल' गरेपछि मात्र निश्चित प्रविधि चल्ने प्रणाली विकास गरेकाले समस्या भएको भिमसेरियाले बताए । नेपाल टेलिकमको लोकेसन कोड '४२ ९०१' लाई एप्पलले हालसम्म 'इनेबल' गरेको छैन । यो 'इनेबल' नभई फोरजी चल्दैन । टेलिकमका

- **सम्झौता गर्ने भइसक्यौं :** टेलिकम
- **जापानबाट ल्याएका आइफोनमा भने नचल्ने**

प्रयोगकर्ताको 'प्राइभेसी' सुरक्षामा बढी सचेत रहँदै आएको छ ।

'प्राइभेसी' कै कारण देखाउँदै गत वर्ष अमेरिकामा १४ जनाको ज्यान लिने गरी हमला गर्ने एक व्यक्तिको आइफोन 'अनलग' गर्नसमेत एप्पलले मानेको थिएन । स्थानीय अदालतले दिएको आदेशलाई समेत उसले मानेन । फोरजी सेवामा डाटाको गति उच्च हुने र त्यसबाट विभिन्न खाले सेवा चल्ने हुँदा प्रयोगकर्ताका धेरै विवरणहरू एप्पलको सर्भर र आइक्लाउडमा समेत स्टोर हुन्छन् ।

एप्पलले 'प्राइभेसी' सम्झौता गर्न सिंगापुरबाट आफ्ना प्रतिनिधि नेपाल पठाउने तयारी गरेको नेपालका लागि एप्पलको बिक्रेता जेनेरेसन अधिकारीहरूका अनुसार २ लाखभन्दा बढी आइफोन प्रयोगकर्ताले टेलिकमको नेटवर्क प्रयोग गर्छन् । त्यसमध्ये करिब १ लाख ७० हजार जति आइफोनमा भने फोरजी चल्ने देखिएको छ । आइफोनका 'फोर(एस', 'फाइभ', 'फाइभ-सी', 'सिक्स', 'सिक्स-एस', 'सेभेन' र 'सेभेन-प्लस' मोडलमा फोरजी चल्छ ।

जापानबाट ल्याएकोमा नचल्ने

जापानबाट ल्याइएका आइफोनमा भने फोरजी नचल्ने देखिएको छ । 'जापानका लागि एप्पलले सस्तो दरमा आइफोन दिने गरेको छ,' भिमसेरियाले भने, 'जापानबाट ल्याइएका आइफोनमा भने उनीहरूले फोरजी चल्ने बनाइदिने छैनन् ।' जापानबाट ल्याएका आइफोनमा थ्रिजीसमेत चल्दैन । जापानबाट आउने सबै आइफोन त्यहाँका सेवा प्रदायकसँगको 'बन्डलिङ' मा खरिद गरिएका हुन्छन् । त्यसले नेपालमा ल्याएर 'अनलक' गर्दासमेत समस्या हुने गरेको छ ।

'जापानबाट आएका आइफोनमा समस्या देखिएपछि हामीले एप्पललाई यसबारे सोधेका थियौं,' भिमसेरियाले भने, 'उसले जापानबाट आइफोन आए त्यो अवैधानिक हुने भन्दै त्यस्ता सेटमा कुनै पनि सेवा चल्ने बनाउन इन्कार गऱ्यो ।'

१२ दिनमा ३४ हजार प्रयोगकर्ता

नेपाल टेलिकमले फोरजी सेवा सुरु गरेको १२ दिनमा ३४ हजारभन्दा बढीले फोरजी सेवा चलाउन सुरु गरेका छन् । 'विहीबारसम्ममा ३४ हजारभन्दा बढीले फोरजी सस्क्राइब गरेका छन्,' टेलिकमका सहप्रवक्ता अधिकारीले भने, 'यो काठमाडौं र पोखरा दुवै स्थानको तथ्यांक हो ।' टेलिकमले यही पुस १७ गतेदेखि काठमाडौं र पोखराबाट फोरजी सेवा सुरु गरेको हो । हाललाई पोस्टपेडमा मात्र यो सेवा सुरु गरिएकाले प्रयोगकर्ता खासै धेरै नदेखिएको हो । टेलिकमले ३२ शमलव ४ मेगाबाइट्स प्रति सेकेन्ड (एमबीपीएस) गतिको इन्टरनेट सेवासहितको फोरजी सुरु गरेको हो । टेलिकमले जनवरी महिनाभरका लागि ४ दिनका निम्ति ४ जीबी फोरजी डाटा सित्तैमा दिएको छ ।

मन्त्रीलाई 'किसानको पोको'

काठमाडौं (कास)- राजधानीमा आयोजित एक कार्यक्रममा सहकारी तथा गरिबी निवारणमन्त्री हृदयराम थानीलाई कृषकहरूले 'किसानको पोको' प्रदान गरेका छन् । कार्यक्रममा आयोजकहरूले किसानको पोको, सामुदायिक खेती र पारिवारिक खेतीलगायतका घोषणा गर्दै उक्त पोको मन्त्रीलाई उपहार दिएका हुन् । कार्यक्रममा मन्त्री थानीले कृषि सहकारीको पक्षमा रहेको जनाउँदै सामूहिक कृषिकर्ममा लागेकाहरूको अहित हुने ऐनलाई सम्बोधनपछि मात्रै पारित गर्ने बताए । कार्यक्रमस्थल बानेश्वरमा विभिन्न जिल्लामा उत्पादित गुणस्तरीय कृषि उपभोग्य वस्तु राखेर बनाइएको किसानको पोको बिक्री वितरणका लागि राखिएको थियो । कार्यक्रमका आयोजक संस्थाका कपिल गौतमका अनुसार किसानको पोको कार्यक्रम केही जिल्लामा लोकप्रिय भएकाले थप ठाउँमा समेत लागू गर्ने निर्णय गरिएको बताए । 'सामुदायिक खेतीमार्फत समूहबाट उत्पादित कृषिजन्य वस्तु खरिद गर्ने र त्यसमा काम गर्नेलाई प्रतिदिन ५ सय रुपैयाँ दिने गरी १० वर्षे योजना ल्याइएको छ,' उनले भने, 'दुई वर्षअघि सरकारसँग मिलेर घोषणा गरिएको पारिवारिक खेतीलाई पनि सन २०२४ सम्म निरन्तरता दिने कार्यक्रम बनाएका छौं ।' नेपाल कृषि सहकारी केन्द्रीय संघले आयोजना गरेको कार्यक्रममा नेपालमा ६९ जिल्लामा कृषि सहकारी रहेको र सदस्य संघसंस्थाको संख्या ८ सय ५० रहेको जानकारी दिइएको थियो । यसैगरी १ हजार १ सय ५७ गाविसमा सेवा प्रदान गरिएको, ७ लाख ५० हजार घुरधुरी कृषि समूहमा आबद्ध रहेको, ५६ लाख जनसंख्या लाभान्वित भएको जानकारीसमेत दिइएको थियो । संघका अध्यक्ष खेमबहादुर पाठकले आबद्ध संस्थामा महिलाको सहभागिता ७३ प्रतिशत रहेको जनाउँदै सदस्य संस्थाको कुल आन्तरिक पुँजी १९ लाख १६ करोड र संस्था सदस्यको लगानी २९ अर्ब २१ करोड रुपैयाँ रहेको बताए । उनले भने, 'संघ साना किसानद्वारा प्रवर्द्धित भएकाले सहकारीजस्तो ठगीको सम्भावना यसमा छैन ।

ट्याक्सी व्यवसायीको सिन्डिकेटले यात्रु मारमा

■ विद्या राई

भोजपुर- यहाँका ट्याक्सी व्यवसायीले लगाएको सिन्डिकेटका कारण यात्रुले सास्ती खेप्दै छन् । जिल्लाको दक्षिणी क्षेत्रमा ठूला बस सञ्चालनमा उनीहरूले अवरोध गर्दै सिन्डिकेट लगाएका छन् । बस सञ्चालनका लागि स्थानीयबासीले पटक-पटक माग गरे पनि सञ्चालन गर्न दिइएको छैन । साना गाडी समयमा नचल्ने र महँगो भाडा दरले सर्वसाधारण समस्यामा परेका छन् ।

जिल्लाको दक्षिणी घोडेटार ४८ किमि, लेर्खकको पाँचधारे ४४ किमि, दिङला ३८ किमि, बयाङ, वालांखा, युँ, भ्याउपोखरीलगायतको क्षेत्रमा साना गाडी मात्रै चल्छन् । सदरमुकामबाट छुट्ने प्रायः सबै ल्यान्डरोभरले महँगो भाडा लिन्छन् । दुर्गम गाउँका स्थानीयबासीको साना गाडीमा पहुँच नपुग्ने भएपछि २ देखि ३ दिनसम्म हिँडेर सदरमुकाम पुग्न बाध्य छन् । 'सदरमुकाम दिङलासम्म ५ सय रुपैयाँ भाडा तिर्नुपर्छ, त्यो पनि कतिबेला जाने हो टुंगो हुन्न,' यात्रु सौगत गौतमले भने, 'गाडीवालाको लापरबाही छ, मनपरी भाडा हुन्छ ।'

जिल्ला ग्रामीण तथा कृषि सडकहरूमा ल्यान्डरोभर गाडी मात्र चल्ने र उनीहरूकै एकलौटीका कारण दुर्गमदेखि सदरमुकाम आवतजावत गर्ने सर्वसाधारण मारमा पर्दै आएका हुन् । समयमा गाडी नचल्ने, महँगो भाडादर र गाडीवालाको व्यवहारले यात्रु आजित छन् । गाउँ-गाउँमा यातायातको सञ्जाल द्रुत गतिमा विस्तार भए पनि



भोजपुर सदरमुकामदेखि दक्षिणी भेगमा चल्ने साना गाडी ।
तस्बिर : विद्या/कान्तिपुर

समयमा गाडी नचल्ने र चले पनि चर्को भाडाले थप समस्या छ । उत्तरी पडानन्द नगरपालिका क्षेत्रभित्रको ग्रामीण र कृषि सडक जोडिँदासमेत बस सेवा जोडिन सकेको छैन । 'बस सञ्चालनका लागि नगरपालिकाले समेत चासो दिएको छैन,' पडानन्द नगरपालिका ८ की गीता राईले भनिन्, 'भाडादर अनियमित छ, कसैले नियन्त्रण गर्ने प्रयास गरेको छैन ।' साना गाडीले एकलौटी गरेकाले सर्वसाधारण मारमा परेको उनले सुनाइन् ।

स्थानीयबासी र सरोकारवाला निकायको पहलले सदरमुकामदेखि बैदारभन्ज्याङ (३० किमि) सम्म केही समयअघिसम्म बस सञ्चालन गरियो । तर, साना गाडीको अवरोधका कारण ३ दिनपछि बन्द भयो । 'ट्याक्सी व्यवसायीहरूको अवरोधका कारण हामीले पनि पहल गरेर पनि सञ्चालन गर्न सकेका छैनौं,' स्थानीय नेता भोजबहादुर भुजेलले भने, 'बस व्यवसायी र ट्याक्सी व्यवसायीहरूको सहमति भएमा बस सञ्चालन गर्न सकिने थियो ।'

सञ्चालनका लागि बस व्यवसायी संघले धेरैपटक पहल गरेको बताए । 'हामी बस सञ्चालनको लागि ३ पटकसम्म दिइला गयौं,' अध्यक्ष गोपाल मोक्तानले भने, 'त्यस बेला त्यस क्षेत्रका बासिन्दाले पनि सहयोग गरेनन् ।' बस सञ्चालनका लागि जिल्लाको सबै क्षेत्रमा पहल भइरहेको र सडक मर्मत गरेर भए पनि यात्रुलाई सुलभ यात्रा गराउने पक्षमा रहेको उनले बताए ।

यता घोडेटारसम्म बस पुऱ्याउनका लागि सडक मर्मत भइरहेको छ । सडक मर्मतपछि दैनिक बस सञ्चालन हुनेछ । स्थानीय विकास अधिकारी 'एलडीओ' सीता परियारका अनुसार दिङला-भोजपुर सडक मर्मतका लागि लिखित माग आएको छैन ।



किष्ट मेडिकल कलेजको BDS मा भर्ना सम्बन्धी सूचना

बिगत ९ बर्ष देखि चिकित्सा विज्ञान विषय अध्यापन गराउदै आईरहेको यस किष्ट मेडिकल कलेजमा शैक्षिक सत्र २०७३/०७४ को लागि **Bachelors'of Dental Surgery (BDS)** कार्यक्रम अन्तर्गत केहि सिटहरू रिक्त रहन आएको हुँदा त्रिभुबन विश्वबिद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानद्वारा लिएको प्रवेश परिक्षा पास भएका सम्बन्धित ईच्छुक योग्य उम्मेदवारहरूलाई भर्ना आवेदनका लागि सूचित गरिन्छ ।

पुनश्चः MBBS प्रवेश परीक्षा पास भएका तर BDS अध्ययन गर्न ईच्छुक विद्यार्थीहरू समेतले आवेदन गर्न पाउँने व्यहोरा समेत सूचित गरिन्छ ।

साथै **MBBS** र **BDS** मा भर्ना भएका सम्पूर्ण विद्यार्थीहरूलाई यहि मिति २०७३ माघ ५ गते विहान ठीक १० बजेदेखि अभिमुखिकरण कक्षा सञ्चालन हुने हुँदा हस्पिटल भवनको अडिटोरियम हलमा उपस्थितीको लागि सूचित गरिन्छ ।

भर्ना समिति
किष्ट मेडिकल कलेज
महालक्ष्मी न.पा.१६ ईमाडोल,ललितपुर ।

उद्योगी र ग्यास बिक्रेताबीच वार्ता

बुटवल (कास)- जिल्ला प्रशासन कार्यालय रूपन्देहीको पहलमा उद्योगी र ग्यास बिक्रेताबीच बिहीबार वार्ता भएको छ। बिक्रेताले पाउने कमिसन यथावत् राख्नुपर्ने माग गर्दै ग्यास बिक्री गर्न छाडेपछि कार्यालयमा बैठक बसेको हो। ग्यास बिक्रेताले प्रतिसिलिन्डर ५० रुपैयाँ कमिसनमा ग्यास बेच्दै आएका थिए। उद्योगले लागत नउठेको भन्दै घटाएर ३२ रुपैयाँ कायम गरेको थियो। पहिले पाउँदै आएको कमिसन यथावत् राख्नुपर्ने भन्दै ग्यास बिक्रेताले ग्यास उठाउन छाडेका छन्। माग पूरा गर्न ३ दिनदेखि उद्योगमा धर्नासमेत दिए।

पुनर्निर्माणमा विद्यार्थी खटाइने

कान्तिपुर संवाददाता

काठमाडौं- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सिभिल इन्जिनियरिङ अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीलाई एक महिनाका लागि पुनर्निर्माण स्वयंसेवकका रूपमा खटाउने निर्णय गरेको छ। बिहीबार बसेको ४० प्राधिकरणको औं बैठकले विभिन्न विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङ संकायमा पढिरहेका विद्यार्थीलाई आगामी माघ २१ देखि फागुन २० गतेसम्म स्वयंसेवकका रूपमा खटाउने निर्णय गरेको हो। त्यसका लागि विश्वविद्यालयहरूलाई निर्देशन दिन प्रधानमन्त्रीलाई अनुरोध गर्ने निर्णय बैठकले गरेको छ।

'मैले व्यक्तिगत रूपमा पनि विश्वविद्यालयका उपकुलपतिज्यूहरूलाई आग्रह गरिसकेको छु,' प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत गोविन्द पोखरेलले भने, 'प्रधानमन्त्री विश्वविद्यालयमा कुलपतिसमेत हुने भएकाले उहाँलाई निर्देशनका लागि प्रस्ताव गरेका हौं।' पुनर्निर्माणले गति नलिइरहेकाले त्यसलाई अघि बढाउन र इन्जिनियरहरूको अभाव पूर्ति गर्न यस्तो निर्णय गरिएको पोखरेलले बताए।

बैठकले पुनर्निर्माण र लाभग्राहीसम्बन्धी विभिन्न ७० हजार गुनासोलाई फर्स्योट गर्नेसम्बन्धी सिफारिस

विद्यार्थीलाई माघ २१ देखि फागुन २० सम्म स्वयंसेवकमा खटाउने निर्णय गरेको हो

स्वीकृत गरेको छ। बैठकले प्राधिकरणअन्तर्गतको केन्द्रीय गुनासो सुनुवाइ समितिको निर्णयअनुसार पेस भएका गुनासो फर्स्योट गरेको उनले बताए। समितिमा लाभग्राहीअन्तर्गत पर्ने १८ हजार ५ सय, गैरलाभग्राहीअन्तर्गत पर्ने ३० हजार ९ सय २५, फिल्ड सर्भेक्षण गर्नुपर्ने १७ हजार ६ सय ५४ र फिल्ड भेरिफिकेसन गर्नुपर्ने ३ हजार ४ सय ३२ गुनासो आएका छन्। सम्बोधन भएका गुनासोको नामावली सम्बन्धित गाविस र नगरपालिकामा प्रकाशन गर्ने व्यवस्था मिलाउन स्थानीय विकास मन्त्रालयअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन एकाइलाई निर्देशन दिने निर्णय पनि बैठकले गरेको छ। यसैगरी फिल्ड सर्भेक्षण र फिल्ड भेरिफिकेसन कार्य भने हाल उपलब्ध जनशक्तिको प्रयोग गरी माघ मसान्तभित्र सम्पन्न गर्न सहरी विकास मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन एकाइलाई जिम्मेवारी दिने निर्णय भएको छ।

प्राधिकरणको बैठकले एकीकृत नमुना बस्ती विकास गर्न पुनर्निर्माण जागरण अभियान चलाउने, स्थानीय जनसहभागिता जुटाउने, स्वयंसेवक परिचालन गर्ने र प्रचारप्रसार गर्ने कार्यका लागि धुर्मुस सुन्तली फाउन्डेसनजस्ता गैरनाफामूलक संस्थालाई प्रस्ताव पेस गर्न आहवान गर्ने निर्णयसमेत गरेको छ।

भारतीय सहयोग

माईस्थान-गौशाला-समसी सडक बन्ने

रवीन्द्र उप्रेती

महोत्तरी- भारतीय सहयोगमा माईस्थान-गौशाला-समसी सडक बन्ने भएको छ। भौतिक पूर्वाधार तथा यातायातमन्त्री रमेश लेखकले बिहीबार शिलान्यास गरेपछि उक्त सडक बन्ने विश्वास जागेको हो।

व्यापारिक र पर्यटकीय महत्त्वको यो सडक भारत सरकारको अनुदान सहयोगमा निर्माण हुन लागेको मन्त्री लेखकले बताए। 'योसमेत हुलाकी सडकअन्तर्गत ८ सय किमि निर्माणको प्रक्रियामा छ,' उनले भने, 'यसमध्ये १० सडक भारतीय सहयोग र ८ नेपाल सरकारले निर्माण गर्न लागेका छ।' अब तराईका जिल्ला छिट्टै नै सडक सुविधाबाट सम्पन्न हुने उनले बताए।

पूर्वपश्चिम लोकमार्गलाई भारतीय सीमासँग जोडने यो सडक भारतीय ठेकेदार कम्पनी भिस्वा-बीभीएसआर जेभीले कामै नगरी भागेपछि दशकदेखि अलपत्र अवस्थामा थियो। 'अब यो सडक बन्दैन कि भन्ने कसैले आशंका नगरे हुन्छ,' मन्त्री लेखकले भने, 'बजेट विनियोजन भई ठेक्कासमेत लागि सकेकाले २ लेनको यो सडक आगामी ३ वर्षभित्र कालोपत्रे भइसक्नेछ।' उनले पूर्वपश्चिम राजमार्गको लक्ष्मीनिया चोकदेखि भरपुर फुलकाहा हुँदै रघुनाथपुर जोड्ने सडक कालोपत्रे गर्न प्राथमिकतामा राखेको जानकारी गराए।

भोजपुरमा चियाखेती विस्तार

भोजपुर (कास)- जिल्लाका कृषक चियाखेतीतर्फ आकर्षित भएका छन्। चियाखेतीले मनग्य आम्दानी दिने भएर यसप्रति आकर्षण बढेको हो।

बाँझिएका, खुला चौर, खर्कहरूमा चियाखेती विस्तार भइरहेको छ। थामडाडा-टेम्के-सिलिचुङ कृषि सहकारी संस्थाले ३ वर्षदेखि कृषकहरूसँग समन्वय गरेर १ हजार ३३ हेक्टर क्षेत्रफलमा खेती विस्तारमा लागेको छ।

दक्षिणी भेगका युँ, बयाङ, देवन्टार, ढेन्टाङ, पुर्णे डाँडा, भञ्ज्याङखर्क, पाप्माखाम र ओखेमा ४ लाख डाली विरुवा रोपिएका छन्।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड धनकुटासँग सहकारीले समन्वय गरेर कृषकलाई विरुवा उपलब्ध गराइरहेको सरोकार व्यक्ति 'फोकल पर्सन' दीपक बान्तावाले बताए। 'दशकभित्रमा इलाम जिल्लाजस्तै हाम्रो जिल्लालाई पनि चियाखेतीमा अग्रस्थान दिलाउन अगाडि बढेका छौं,' उनले भने। चियाखेतीसँगै चिराइतो, पाखनवेदजस्ता जडीबुटीको समेत व्यवस्थापन र व्यवसायीकरण गरी स्थानीयस्तरमा आर्थिक उपार्जनका लागि सहयोग पुग्ने बयाङका सुरेन्द्र राईले बताए। पकेट क्षेत्रमा नर्सरी स्थापना गरी बगान विस्तार भइरहेको छ।

मेशिन बिक्रीमा

ईच्छुक उद्यमिहरुलाई निम्न चालु अवस्थाको प्लाष्टिक मेशिनरी सामानहरु अति न्यून मूल्यमा विक्रीमा। मौका नचुकाउनुहोस् !!!

1. Three Layear Complete Plant- 2 Set (Kolsite made)
2. Side Sealing Machine-1 Set (Mamata made)
3. Two Color Roto Printing - 1 Set (Indian made)

सम्पर्क फोन: ९८५१०२०१३४, ९८५१०२२८३५

नेपाल सरकार
उद्योग मन्त्रालय

दरखास्त आह्वान सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०७३।९।२९

घरेलु तथा साना उद्योग विकास समिति, त्रिपुरेश्वर, काठमाडौंमा रिक्त रहेको कार्यकारी निर्देशक पद उद्योग मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनका लागि छनौट गर्दा अपनाउनु पर्ने कार्यविधि, २०७३ को दफा ३ को उपदफा (३) बमोजिम खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पूरा गरेका इच्छुक उम्मेदवारहरुले उक्त समितिको प्रशासन शाखामा यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उम्मेदवारको लागि योग्यता :

मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर तह उत्तिर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेको र तीस वर्ष उमेर पूरा भएको नेपाली नागरिक।

दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :

शैक्षिक योग्यता, अनुभव, तालिम, नागरिकताको प्रमाणपत्रका प्रतिलिपीहरु, बढिमा ३ पेजको वैयक्तिक विवरण, उद्योग मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनका लागि छनौट गर्दा अपनाउनु पर्ने कार्यविधि, २०७३ को दफा ४ को उपदफा (२) को खण्ड (क) बमोजिम बढिमा १५ पेजको शिलबन्दी व्यवसायिक कार्ययोजना।

द्रष्टव्य:

दरखास्त फाराम, कार्यकारी निर्देशकको कार्यविवरण, दस्तुर र सो सम्बन्धी अन्य जानकारी दरखास्त दिने स्थानबाट उपलब्ध हुनेछ।

यो सूचनासँग सम्बन्धित छनौट कार्यविधि, २०७३ उद्योग मन्त्रालयको वेभसाईट WWW.Moi.gov.np मा समेत उपलब्ध छ।

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
डीन कार्यालयको

अत्यन्त जरूरी सूचना

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी यस अध्ययन संस्थानको प्राज्ञिक नियन्त्रणमा रहेका मेडिकल कलेजहरुलाई तोकिएको मापदण्डका आधारमा मेरिट लिष्ट अनुसार भर्ना गर्न तथा तोकिए बमोजिमको मात्र शुल्क लिई भर्ना गर्नु पर्नेमा सो अनुसार नभएको भन्ने परीक्षार्थीहरुबाट लिखित जानकारी प्राप्त भएको हुँदा यस कार्यालयको गंभीर ध्यानाकर्षण भएको छ। अतः यस अध्ययन संस्थानबाट सम्बन्धन प्राप्त मेडिकल कलेजहरुले मिति २०७३।९।२७ को यस अध्ययन संस्थानको Web site मा प्रकाशित भर्ना सम्बन्धि सूचना अनुसार सम्बन्धित कलेजको लागि छुट्याइएको सिट संख्या भित्र सिमित रही निर्धारित शुल्क मात्र लिने गरी भर्ना गर्न गराउन सम्बन्धित सबै सरोकारवालाहरुमा सूचित गरिन्छ।

डीन
चिकित्सा शास्त्र अध्ययन संस्थान

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

डिभिजन सडक कार्यालय, बुटवल

सडक सीमा अतिक्रमण हटाउने बारेको अत्यन्त जरूरी सूचना

यस डिभिजन सडक कार्यालय बुटवलको कार्य क्षेत्र अन्तर्गत पर्ने महेन्द्र राजमार्गको नारायणघाट देखि बुटवलसम्म सडकको केन्द्र रेखा देखि दायाँ बायाँ २५/२५ मिटर भित्र सडक सीमा अतिक्रमण गरी राखिएका निर्माण सामाग्री, ढुङ्गा, गिट्टी, बालुवा तथा अनाधिकृत रुपमा बनाईएका घर, टहरा, टंकी र पर्खाल लगायत अन्य सामाग्रीहरु ३५ दिनभित्र हटाई सडक निर्माण साथै सडक यातायातलाई सुचारु र सुरक्षित बनाउने कार्यमा सहयोग गरिदिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना गरिएको छ । यदी तोकिएको समयभित्र उपरोक्त संरचना तथा निर्माण सामाग्रीहरु नहटाईएमा "सार्वजनिक सडक ऐन २०३१" अनुसार प्रहरी र प्रशासनको सहयोगमा हटाईने र हटाउँदा लाग्ने खर्च सम्बन्धित संघ, संस्था वा व्यक्तिबाटै असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

डिभिजन प्रमुख

German Development Cooperation

giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

INVITATION FOR BID

Tender No. 911052279

Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH is a global service provider in the field of international cooperation for sustainable development.

Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH represented by GIZ Office Kathmandu invites sealed bids from eligible and authorized Manufacturers/ distributors/suppliers for supply and delivery of Air purifiers and filters.

SN	Description of Items	Quantity
1	Air Purifiers and filters	98 nos.

Eligible Criteria:

- Firm/ company registered with Government of Nepal and having a PAN/VAT certificate.
- Having tax clearance certificate of up to 2071/72 B.S.
- Supply and Service maintenance experience of more than 2 years
- Financial Turnover of above NPR 10 million/annum for last 2 years

A complete set of the tender document can be obtained free of charge upon submission of a formal written application and copy of firm/company registration certificate & VAT certificate from the Reception Desk from 12 January to 23 January between 9:00 – 17:00 hours.

German Development Cooperation Office, Kathmandu
Sanepa, Lalitpur, Nepal
Tel: 5523228; Email: info.nepal@giz.de

Sealed bids should be submitted to the above office on or before **17:00 hours, 23 January, 2017** Bids received after the deadline shall not be accepted.

GIZ reserves the right to reject any or all bids or accept wholly or partly without giving assigning any reason whatsoever.

गणेशमान सिंह मेमोरियल हस्पिटल एण्ड रिसर्च सेन्टर

महालक्ष्मीस्थान-१५, ललितपुर

आवश्यकता

यस अस्पतालमा तपसिलमा उल्लेखित पदमा कर्मचारीको आवश्यकता परेकोले तुरुन्त सम्पर्क राख्नु हुन सम्बन्धीत सबैमा यो जानकारी गराईन्छ।

१.	मेडिकल डाईरेक्टर	- १
२.	रेडियोलोजिष्ट	- १
३.	स्त्री तथा प्रसुती रोग विशेषज्ञ	- १
४.	हाडजोर्नी तथा नसा रोग विशेषज्ञ	- १
५.	जनरल सर्जन	- १
६.	बाल रोग विशेषज्ञ	- १
६.	मेडिकल अफिसर	- ५
७.	सुरक्षा गार्ड	- २
८.	ड्राईभर	- २

सम्पूर्ण कागजात सहित मिति २०७३ माघ २० गते भित्र अस्पताल प्रशासनमा बुझाउनु हुन सम्बन्धीत सबैमा यो जानकारी गराईन्छ।

सम्पर्क नं.: ०१-५५३०८८५, ५५२३४२०, ५५४४२४४ र ९८६१७७०६२२
E-mail: ganeshmansinghhospital@gmail.com

पदपूर्ति समिति

पोखरा विश्वविद्यालय

चौधौं दीक्षान्त समारोहमा भाग लिन आवेदन फाराम भर्ने सम्बन्धी सूचना

पोखरा विश्वविद्यालयको २०७३ साल फाल्गुण ९ गते (20th February, 2017) मा आयोजना हुन गइरहेको चौधौं दीक्षान्त समारोहमा भाग लिन २०७३ साल माघ २० गते (2nd February, 2017) सम्ममा स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरी ट्रान्सक्रिप्टका लागि आवेदन गरिसकेका विद्यार्थीहरुले पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, ढुङ्गेपाटन, लेखनाथ र पोखरा विश्वविद्यालय काठमाण्डौ सम्पर्क कार्यालय, रातोपुल गौशाला, काठमाण्डौमा २०७३ साल माघ २७ गते (9th February, 2017) भित्र आइपुग्ने गरी देहाय अनुसार रीत पुऱ्याई आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विस्तृत विवरण :

१) आवेदन फाराम पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, लेखनाथ-१२, ढुङ्गेपाटन, कास्की तथा पोखरा विश्वविद्यालय, काठमाण्डौ सम्पर्क कार्यालय, रातोपुल गौशाला, काठमाण्डौबाट निःशुल्क प्राप्त गर्न सकिनेछ।

२) आवेदन फाराम बुझाउँदा दीक्षान्त समारोहमा भाग लिने तहको सक्कल ट्रान्सक्रिप्ट रुजु गराई उक्त ट्रान्सक्रिप्टको प्रतिलिपि एक प्रति, नागरिकता प्रमाणपत्र को प्रतिलिपि एक प्रति, पासपोर्ट साइजको फोटो २ प्रति अनिवार्य बुझाउनुपर्नेछ।

३) आवेदन फारामसाथ दीक्षान्त शुल्क वापत रु. ३,५००/- (तीन हजार पाँच सय) र दीक्षान्त पोशाक (गाउन, ह्याट र स्कार्फ) धरौटी शुल्क वापत रु. २,०००/- (दुई हजार) गरी जम्मा रु. ५,५००/- PU Exam Control Office नाममा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडमा रहेको खाता नं. ०११०५०२००११९३८ वा कामना विकास बैङ्क लिमिटेड, लेखनाथमा रहेको खाता नम्बर ००१०००२२१०A मा जम्मा गरेको सक्कल बैङ्क भौचर लेखा शाखामा बुझाई सोको रसिद लिनुपर्नेछ। उक्त रकम नेपाल इन्भेष्टमेन्ट बैंकको जुनसुकै शाखामा जम्मा गर्न सकिनेछ।

४) दीक्षान्त पोशाक वितरण तथा धरौटी फिर्ता लिन आउँदा अनिवार्य रुपमा सक्कल नगदी रसिद पेश गर्नुपर्नेछ।

५) दीक्षान्त पोशाक वितरण २०७३ साल फाल्गुण ७ र ८ गतेका दिन बिहान १०:०० बजेदेखि बेलुका ४:३० बजेसम्म परीक्षा नियन्त्रण कार्यालय, ढुङ्गेपाटन, लेखनाथबाट हुनेछ। दीक्षान्त समारोहका दिनमा दीक्षान्त पोशाक वितरण गर्ने, धरौटी तथा दीक्षान्त पोशाक फिर्ता गरिने कार्य हुने छैन।

६) धरौटी फिर्ता २०७३ साल फाल्गुण १० गते बिहान ८:०० बजेदेखि बेलुका ४:०० बजेसम्म परीक्षा नियन्त्रण कार्यालय, ढुङ्गेपाटन, लेखनाथबाट हुनेछ। धरौटी र दीक्षान्त पोशाक काठमाण्डौ सम्पर्क कार्यलयबाट फिर्ता बुझ्किने छैन।

७) दीक्षान्त समारोहमा भाग लिन आवेदन नदिने विद्यार्थीहरुलाई दीक्षान्त समारोहमा सम्मिलित गराइने छैन।

८) अन्य विस्तृत जानकारीका लागि पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, लेखनाथ-१२, ढुङ्गेपाटन, कास्की तथा पोखरा विश्वविद्यालय काठमाण्डौ सम्पर्क कार्यालय, रातोपुल काठमाण्डौ एवं सम्बन्धित कलेजहरुमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

नोट:

- दीक्षान्त आवेदन फाराम पोखरा विश्वविद्यालयको आधिकारिक वेब साइट www.pu.edu.np बाट पनि डाउनलोड सकिनेछ।
- दीक्षान्त समारोहमा भाग नलिने विद्यार्थीहरुले **दीक्षान्त समारोह सम्पन्न भइसकेपछि** आवेदन फाराम सहित नियमानुसार रु. ४,०००।- (अक्षेरुपी चार हजार रुपैयाँ मात्र) शुल्क बुझाई प्रमाणपत्र लिन सक्नेछन्।
- यस अगाडी ग्रेस लिष्टमा समावेश भइसकेका विद्यार्थीहरुले दीक्षान्त समारोहमा भाग लिन पाउने छैन। चौधौं दीक्षान्त समारोह अगाडी नै उपाधिका निमित्त निर्धारित सम्पूर्ण आवश्यकता पुरा गरी परीक्षा समेत उत्तीर्ण गरेका तर प्राविधिक कारणबाट ग्रेस लिष्टमा समाविष्ट हुन नसकेका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमाण सहित यस कार्यालयमा मिति २०७३।१०।२० गते सम्ममा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

परीक्षा नियन्त्रण कार्यालय
पोखरा विश्वविद्यालय

UN HABITAT
FOR A BETTER URBAN FUTURE

Call for Expression of Interest (EOI) for
Implementing Partners for implementing Global Sanitation Fund (GSF) Programme

Date of First Publication: 13 January 2017

The United Nations Human Settlement Programme (UN-Habitat) Nepal being an Executing Agency (EA) for GSF in Nepal is implementing the Sanitation & Hygiene program in Sunsari District from 2012. In this regard, UN-HABITAT is seeking an EXPRESSION OF INTEREST from interested organization to continue implement GSF programme in already GSF working VDCs of the district. Following criteria are applicable for eligibility of the organization in EOI process:

- **Non-Governmental Organizations (NGOs), & Community Based Organizations (CBO).**
- **Organizations must be local or from neighboring districts (Saptari and Morang)**
- **Organizations who had already worked with UN-Habitat/GSF programme in Sunsari district need not to apply**

The EOI submission form and requirement as well as programme details can be downloaded from
EOI form: http://www.unhabitat.org.np/files/eoiform.docx
EOI letter: http://www.unhabitat.org.np/files/eoiletter.docx

For reference
TOR Sunsari Sanitation Campaign: http://www.unhabitat.org.np/files/torsunsarigsf.pdf

Organizations interested should submit their EXPRESSION OF INTEREST (in ENGLISH) along with supporting documents addressing to **Programme Manager, Global Sanitation Fund Program, United Nations Human Settlements Programme (UN-Habitat), UN-House, P.O.Box 107, Lalitpur, Nepal.**

The EOI can be submitted electronically (preferable) at eoi.nepal@unhabitat.org.np but hard copy is mandatory. The total files size of the electronic submission to be within the limit of 10 MB. The EOI (hard copy and electronic) should reach the above mentioned address not later than **24 January 2017 by 17:30 hrs**

कलेज बस बिक्रिमा

प्रथम पटक प्रकाशित मितिः २०७३/०९/२५

यस कलेज अफ एप्लाईड बिजिनेसको नाममा रहेको EICHER Company को 2001 सालमा बनेको च्यासिस नं MC224FFR021074979 इन्जिन नं E483A10968807 Model No. 10.70 RHD 'F' भएको चालु हालतको ३३+२ सिट क्षमताको वा १ क ४१११ नम्बरको कलेज बस बिक्रि गर्नु पर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति वा संघ संस्थाहरूले आफुले खरीद गर्न चाहेको मूल्य तोकी सिलबन्दी कोटेशन यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बुझाउन सूचीत गरीन्छ। प्राप्त कोटेशन माथी विचार गरी बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कलेजमा सुरक्षित रहेको समेत जानकारी गराउँदछौं।

ईच्छुक खरीदकर्ताले बसको निरिक्षण गर्न चाहेमा विहान ९:३० बजे देखि अपरान्ह २:३० बजे सम्ममा यस कलेज रहेको स्थान गंगाहिटि चाबहिलमा आई निरिक्षण गर्न सकिनेछ। अन्य जानकारीको लागि फोन नम्बर ४४७६११९ वा ४४६२७३६मा सम्पर्क राख्नसकिने छ।

ACF

LACCoS conserve to live

SHORT INVITATION NOTICE FOR SEALED BID

Langtang Area Conservation Concern Society (LACCoS) is a Rasuwa based NGO and has been implementing Water Supply, Sanitation and Hygiene (WASH) program in Five VDCs (Dandagaun, Thulogaun, Bhorle, Dhaibung, Laharepauwa) of Rasuwa with the support of ACTION CONTRE LA FAIM

Presently, LACCoS intends to award a TENDER for Supply of WASH Materials in above mentioned VDCs. Details instructions and tender documents are available on request through email at **info.laccos@gmail.com** or may be collected in person from

Logistic Department
Langtang Area Conservation Concern Society (LACCoS)
Dhunche-5, Rasuwa, Nepal
Telephone: 010-540210
Between 9 AM - 5 PM (Sunday - Friday)

The deadline for submission of sealed bids is 30 January, 2017 by 1700 hours Nepal Standard Time. Documents received after this time shall not be accepted. Bid opening will be done on 31 January, 2017 at 1500 hours NST at LACCoS Office Dhunche

Note: LACCoS reserves the right to reject any or all bids or accept wholly or partly or award contract to one or more bidders without giving assigning reason whatsoever.

kantipur.ekantipur.com

खेलकुद



सानीको शैली

राजधानीमा जारी सर्वाधिक पुरस्कार राशिको महिला डबल लिग भलिबलमा प्रतिस्पर्धा गर्दै १० वर्षीया महिमा खड्का । उनी जस्तै खेलाडीको बाहुल्य रहेको टिम विजेश्वरी ज्ञान मन्दिरले बिहीबार नेपाल पुलिस क्लबसँग प्रतिस्पर्धा गरेको थियो ।

नेपाली राइनोजसँग एपीएफ स्तब्ध

कान्तिपुर संवाददाता



कौशल अधिकारी

रुस्लान कप क्रिकेटमा बिहीबार एपीएफ क्लबविरुद्ध बलिङ गर्दै नेपाली राइनोजका शरद भेषावकर । साथमा एपीएफका ब्याट्समयान भुवन कार्की ।

काठमाडौं- दावेदार नेपाल एपीएफ क्लब दोस्रो रुस्लान कप क्रिकेट प्रतियोगिताको पहिलो खेलमै पराजित भएको छ । घरेलु क्रिकेटमा पहिलो खेल खेलिरहेको नेपाली राइनोजले बिहीबार सातौं राष्ट्रिय खेलकुदको स्वर्ण पदक विजेता एपीएफलाई ५ विकेटले स्तब्ध पाऱ्यो ।

राइनोजले टस जितेपछि ब्याटिङ गर्न आएको एपीएफले निर्धारित २० ओभरमा ८ विकेट गुमाई १ सय २३ रनमात्र बनाउन सक्यो । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा कप्तान शरद भेषावकर र सोनु तामाङले नटआउट इनिङ्स खेलेर नेपाली राइनोजलाई ४ बलअघि नै विजय दिलाए ।

शरदले २५ बलमा २० रन जोडे । सोनुले १४ बल खेली ४ चौका र २ छक्का प्रहार गर्दै ३३ रन बनाए । प्रकाश विष्ट २, रुपेश श्रीवास्तव शून्य र शिव तण्डुकार ७ रनमा आउट भएपछि अर्का ओपनर सन्जय श्रेष्ठले १४ बलमा ५ चौका र १ छक्का प्रहार गरी २६ रन बनाए । उनले राइनोजको इनिङ्स तन्काएका थिए । शरद र सोनुको जोडी क्रिजमा जम्नु अगाडि जितेन्द्रसिंह ठकुरीले ३१ बलमा ३ चौका र १ छक्का मद्दतमा ३२ रन बनाएका थिए । एपीएफका बसन्त रेग्मीले २ तथा भुवन कार्की र कप्तान पारस खड्काले १-१ विकेट लिए ।

बलिङमा दुई विकेट पनि लिएकाले शरद म्यान अफ द म्याच चुनिए । उनले एपीएफका आसिफ शेख र पारसलाई आउट गरेका थिए । तल्लो क्रममा भुवन कार्कीले ३३ रन बनाएपछि एपीएफको स्कोर हेर्न लायक बनेको थियो । उनले १६ बल खेली ३ चौका र २ छक्का प्रहार गरे । पारस तथा ओपनरद्वय आसिफ र सुवास खक्रेल समान १८ रनमा आउट भए । प्रदीप ऐरी १, ज्ञानेन्द्र मल्ल ७, वसन्त रेग्मी ३ र पृथु बाँस्कोटा ७ रनमा आउट भएपछि एपीएफ दबाबमा परेको हो । शरदले ४ ओभरमा १६ रन खर्चेर २ तथा सुशील कँडेल, पवन सर्राफ, रिजन ढकाल र रुपेश श्रीवास्तवले १-१ विकेट लिए ।

अर्को खेलमा महबुब आलमको अलराउन्ड प्रदर्शनमा हिमालयन हवाइट हाउस कलेजले पीसी फाइटर ११ लाई १ सय ७ रनले पराजित गऱ्यो । हसिम अन्सारी, आकाश थापा, पुष्प थापा शून्यमा आउट भए पनि महबुबको ५१ रनमा टस हारेको हाइट हाउसले ९ विकेट गुमाई १ सय ६९ रन बनायो । महबुबले ४५ बल खेल्दै ५ चौका र ४ छक्का प्रहार गरे । ओपनर सुवेन्दु पाण्डेले २८ बलमा ८ चौकासहित ३८, प्रनित थापामगरले १८ बलमा ५ चौका र १ छक्का प्रहार गरी ३२ र अमरसिंह राउटेलाले १९ बलमा २ चौकामा २५ रन बनाए ।

पीसीका चन्द्रदेव जोशीले ३, चन्द्रदेव पन्त र अरुण चन्दले २-२ तथा अनिल अर्यालले १ विकेट लिए । पीसी फाइटर १६ ओभरमा ६२ रनमै अलआउट भयो । नरेश चन्दले २२ र अरुणले १२ रन बनाउनु बाहेक अन्यले दोहोरो स्कोर बनाउन सकेनन् । महबुबले २ रन खर्चेर ३, सन्दीप ढुंगाना र हसिमले २-२ तथा अमरसिंहले १ विकेट लिए ।

मनाङ उपाधि नजिक

खप्तड गोल्डकप

■ डीआर पन्त



धनगढी रंगशालामा खप्तड गोल्डकपको सेमिफाइनलमा भिड्दै दिल्ली युनाइटेड र मनाङ मर्स्याङ्दीका खेलाडी । *तस्विर : डीआर/कान्तिपुर*

धनगढी- सुदूरपश्चिम खप्तड गोल्डकप फुटबलमा बिहीबार दिल्ली युनाइटेडलाई ३-१ ले हराउँदै मनाङ मर्स्याङ्दी क्लब उपाधि दावेदार बनेको छ । धनगढीमा जारी प्रथम अन्तर्राष्ट्रिय आमन्त्रित गोल्डकपको फाइनलमा मनाङले आयोजक सुदूरपश्चिम ११ र संकटा क्लबबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ । सुदूर र संकटा दोस्रो सेमिफाइनलमा शुक्रबार भिड्दै छन् ।

मनाङको जितमा कप्तान अनिल गुरुङले दुई र विदेशी खेलाडी आफिज ओलावालेले एक गोल गरेका थिए । खेलमा अनिल म्यान अफ द म्याच घोषित भए ।

दोस्रो मिनेटमै थोपीको गोलबाट अग्रता लिएको दिल्लीले त्यसलाई धेरै बेर टिकाउन सकेन । सातौं मिनेटमा कप्तान अनिलले गोल गरेर मनाङलाई बराबरीमा ल्याएका थिए । त्यसपछि दिल्लीले निरन्तर दबाब बेहोऱ्यो । मध्यान्तर हुनैलाग्दा (४४ मिनेट) मा ओलावालेको गोलबाट मनाङले अग्रता दोब्बर बनायो । अन्तिमसम्म त्यसलाई कायम राखेको मनाङका लागि ८९ औं मिनेटमा अनिलले व्यक्तिगत दोस्रो गोल गर्दै विजय सुनिश्चित पारेका थिए ।

मनाङका प्रशिक्षक छिरिङ लोप्साङ गुरुङले आफ्ना खेलाडीले दिल्लीविरुद्ध राम्रो खेलेको बताए । सुरुमै गोल खाएर दबाबमा परे पनि सबैले राम्रो खेल्दा जित सहज भएको उनको भनाइ थियो । उनले फाइनलमा प्रतिद्वन्द्वीअनुसार रणनीति बनाइने बताए । कप्तान अनिलले सम्हालिएर खेल्दा सफलता पाएको प्रतिक्रिया दिए । उनले भने, 'हामी उपाधि दावेदार हौं ।'

दिल्लीका प्रशिक्षक क्लेब्सन वार्टेले खेल निकै रोचक भएको बताउँदै राम्रो खेलेर पनि हार्नुपरेको बताए । उनले भने, 'पटक पटकको मौकाबाट चुकेका कारण हाऱ्यौं ।'

दिल्लीका कप्तान डन लेप्चाले भने आफूहरूले राम्रो खेले पनि बढी राम्रो खेल्ने टिमको जित भएको स्विकारे ।

शुक्रबार सुदूरपश्चिम ११ र संकटाबीच खेल हुँदैछ ।

बार्सिलोना क्वाटरफाइनलमा

म्याड्रिड (एएफपी)- लियोनल मेसीको उत्कृष्ट फ्रिकिक गोलसहित साबिक विजेता बार्सिलोनाले एथ्लेटिको बिलबाओमाथि ३-१ को जित हात पार्दै कोपा डेल रेको क्वाटरफाइनलमा स्थान सुरक्षित गरेको छ । गएका ३ खेलमा मेसीले निर्णायक फ्रिकिक गोल गरेका छन् । टोलीका लागि ब्राजिली नेयमारले दोस्रो हाफमा गोल गरे । यो उनले झन्डै ३ महिनापछि पाएको स्कोरिङ सफलता हो । उनकै पासमा पहिलो हाफमा उरुग्वेली खेलाडी लुइस स्वारेजले गोल गरेका थिए ।

पहिलो लेगमा २-१ ले हारेको बार्सिलोना समग्रमा ४-३ ले अगाडि बढ्यो । मंगलबारको खेलमा चाहिँ एट्लेटिको म्याड्रिड लास पाल्मासँग ३-२ ले हारेर पनि क्वाटरफाइनल यात्रा तय गर्न सफल भयो । रियल म्याड्रिडले बिहीबार सेभियासँग दोस्रो लेग खेल्दैछ ।

यसै गरी इटालियन कपअन्तर्गत बुधबार युभेन्ट्स र फिओरेन्टिना क्वाटरफाइनल पुगेका छन् । पाब्लो डिबालाको एक गोल र उनकै योगदानमा अर्को गोल हुँदा युभेन्ट्सले एटलान्टालाई ३-२ ले हरायो । फिओरेन्टिनाले चाहिँ किइभो भेरेनाविरुद्ध १-० को कठिन जित पायो ।

स्कुल क्रिकेट लिग हुने

काठमाडौं (कास)- एक्सपर्ट नेपाल स्कुल क्रिकेट लिगको आयोजना हुने भएको छ । हिमालयन क्रिकेट एकेडेमी (एचसीए) ले आयोजना गर्ने प्रतियोगितामा विभिन्न जिल्ला र क्षेत्र गरी ८ टिमको सहभागिता रहने छ । क्रिकेटको प्रमुख सहरहरू काठमाडौं, पोखरा, चितवन, धनगढी, महेन्द्रनगर, भैरहवा, नेपालगन्ज र झापामा पहिलो चरणका खेलहरू हुने छन् ।

माघ १५ बाट सुरु हुने प्रतियोगितामा पहिलो चरणमा यी आठ क्षेत्रका स्कुलहरूले खेल्ने छन् । त्यसको विजेता अन्तिम चरणलाई छानिन्छ । पहिलो चरणमा सबै जिल्ला र क्षेत्रको विजेतालाई १ लाख र उपविजेतालाई ५० हजार बराबरको खेल सामग्री प्रदान गरिने छ । देशभरका कुल १ सय विद्यालयले भाग लिने आयोजकको दावी छ ।

प्रतियोगिताका उत्कृष्ट १५ खेलाडीलाई सीसीआरसी कलेजमा पढ्न र एचसीएमा प्रशिक्षण व्यवस्था मिलाइने छ । साथै उनीहरूलाई खेल



डुमीमा लगाइएको प्रतियोगिताको जर्सी प्रदर्शन गर्ने क्रममा आयोजक र प्रायोजक पदाधिकारी ।

सामग्री प्रदान गर्नुका साथै अप्रिलमा बंगलादेश भ्रमणमा 'एक्सपोजर' दिन लगिने आयोजकले जनाएको छ । 'पढेर मात्र होइन खेलेर पनि छात्रवृत्ति पाइन्छ भनेर अभिभावकलाई बुझाउने प्रयासमा हुनेछ यो प्रतियोगिता,' आयोजक एचसीएका संस्थापक सुवास प्रधानले भने, 'नेपाली क्रिकेटका लागि स्थानीय स्तरको प्रतियोगिता जरुरी भएकाले विद्यालय क्षेत्र रोजेका हौं ।'

एचसीएकै अर्का संस्थापक शक्ति भण्डारीले एक जिल्लामा कम्तीमा १२ विद्यालयले सहभागिता जनाउने र काठमाडौंमा सहभागी टिम बढी हुने बताए । उनका अनुसार एउटा विद्यालयलाई कम्तीमा दुई खेल खेल्न दिने वातावरण बनाइएको छ । 'घरेलु क्रिकेटमा क्रेज रहेका जिल्ला र क्षेत्रलाई अहिले समेटेका हौं, अर्को वर्ष अरु जिल्ला थप्नेछौं,' भण्डारीले भने । कञ्चनपुरबाट प्रतियोगिता सुरु हुनेछ ।

प्रतियोगिताको प्रायोजकमा एक्सपर्ट एजुकेसन एन्ड भिसा सर्भिस छ । त्यसका ग्लोबल निर्देशक बद्री अर्यालले प्रतियोगितालाई स्तरीय बनाउन आफ्नो संस्थाले कुनै कसुर बाँकी नराख्ने बताए ।

नेपाल ६ स्थान उक्लियो

काठमाडौं (कास)- एएफसी सोलिडारिटी कप र बंगबन्धु गोल्डकप च्याम्पियन नेपाली राष्ट्रिय फुटबल टिम बिहीबार जारी नयाँ फिफा वरीयतामा ६ स्थान माथि चढ्दै १ सय ७५ औंमा पुगेको छ ।

सिनियर राष्ट्रिय टिमले चार वर्षयता खेलेका अन्तर्राष्ट्रिय खेलका आधारमा तय गरिने फिफा वरीयतामा दक्षिण एसियाली महारथी भारत पनि ६ स्थान उक्लिएको छ । साफ च्याम्पियन भारत १ सय २९ औं स्थानमा पुग्यो । नौ स्थान सुधारेको माल्दिभ्स १ सय ४५ औंमा छ । दक्षिण एसियाबाट मध्यएसियामा सरेको अफगानिस्तान ५ स्थान गुमाएर १ सय ५१ औंमा झरेको छ ।

एक स्थान उक्लिएको भुटान १ सय ७६ औंमा छ भने बंगलादेशले ५ र श्रीलंकाले पनि १ स्थान गुमाएका छन् । बंगलादेश १ सय ९०, श्रीलंका १ सय ९६ र पाकिस्तान १ सय ९७ औं स्थानमा छन् । शीर्ष दसमा अर्जेन्टिना (१), ब्राजिल (२), जर्मनी (३), चिली (४), बेल्जियम (५), कोलम्बिया (६), फ्रान्स (७), पोर्चुगल (८), उरुग्वे (९) र स्पेन (१०) यथावत् छन् ।





शिवराम शीर्षस्थानमा



आरएनजीसीको गल्फ कोर्समा बिहीबार बल प्रहार गर्ने क्रममा शिवराम श्रेष्ठ । तेस्रो दिन उनले खेलमा अग्रता लिएका छन् । *तस्बिर : प्रताप थापा/कान्तिपुर*

कान्तिपुर संवाददाता

काठमाडौं- शिवराम श्रेष्ठ दुई स्ट्रोकले जयरामलाई उछिन्दै रोयल नेपाल गल्फ क्लबमा भइरहेको सूर्य नेपाल च्यालेन्ज गल्फको तेस्रो दिन बिहीबार शीर्षस्थानमा उक्लिएका छन् ।

नम्बर १ नेपाली प्रो शिवरामले तेस्रो दिन दुई अन्डर ६६ स्कोर गरे । ५४ होलको समाप्तिमा उनको कुल स्कोर चार अन्डर २ सय भएको छ । अघिल्लो दिन शीर्षमा रहेका गल्फर जयराम श्रेष्ठले पाँच ओभर ७३ खेलेपछि शिवरामका लागि शीर्षको बाटो खुलेको थियो । जयरामको समग्र स्कोर २ अन्डर सय २ छ ।

भुवन नगरकोटी दुई ओभर ७० स्कोर गर्दै तेस्रो स्थानमा रहे । उनको कुल स्कोर इभन पार २ सय ४ छ । इभन पार ६८ खेलेका रामे मगर कुल २ ओभर २ सय ६ सहित चौथो स्थानमा छन् । सन्जय लामाको प्रदर्शन बिहीबार बिर्सनलायक रह्यो । नौ ओभर ७७ खेलेपछि उनी पाँचौं स्थानमा पुगेका छन् । उनको कुल स्कोर ३ ओभर २ सय ७ भएको छ ।

शिवराम र चूडाबहादुर भण्डारीले मात्र तेस्रो चरणको स्कोर अन्डरमा राख्न सके । चूडाले १ अन्डर ६७ को कार्ड बनाए । उनी कुल ५ ओभर २ सय नौ स्कोरसहित छैटौंमा छन् । उनीसँग १ स्ट्रोक अन्तरमा छन् रवि खड्का । रविले तेस्रो चरणमा ७० स्ट्रोक खेले । पहिलो दिन शीर्षस्थानमा रहेका धनबहादुर थापा ७ ओभर ७५ खेल्दै आठौं स्थानमा पुगे । उनको समग्र स्कोर आठ ओभर २ सय १२ छ ।

कुल चार लाख रुपैयाँ पुरस्कारको प्रतियोगितामा भेट्रान प्रो दीपक मगर ७१ सट खेल्दै कुल १० ओभर २ सय १४ स्कोरसहित नवौं स्थानमा रहे । रामकृष्ण श्रेष्ठ, विकास अधिकारी, सूर्यप्रसाद शर्मा र एमेच्योर मिथुन राई समान ११ ओभर २ सय १५ स्कोरमा छन् । तेस्रो चरणमा रामकृष्ण र विकासले ७५-७५, सूर्यले ७१ तथा मिथुनले ७४ स्ट्रोक खेलेका थिए ।

शिवरामले सुरुका नौ होलमा १ ओभर ३५ स्कोर गरे । उनी पछिल्ला नौ होल ३ अन्डर ३१ मा टुंग्याउँदै शीर्षमा पुगेका हुन् । उनी तेस्रो र नवौं होलमा बोगीमा परेका थिए । उनले ११, १३ र १४ औं होलमा पनि बर्डी बनाए । जयरामका लागि सुरुका नौ होलको प्रदर्शन फितलो रह्यो । सुरुका नौ होलमा चार ओभर ३८ खेलेका उनले पछिल्ला नौ होलमा १ ओभर ३५ स्कोर गरे । उनले पाँच बर्डी बनाए पनि तीन डबलबोगी र चार बोगी बेहोरेका थिए ।

ओल्ड ट्राफोर्डमा विशेष भेट



जोसे मोउरिन्हो



योर्गन क्लोप

म्यानचेस्टर (एएफपी)- म्यानचेस्टर युनाइटेड आठ वर्षयताकै सबैभन्दा लामो अविजित यात्रामा छ । सँगसँगै यो टोली कतै पुरानो पारामा गइरहेको भन्ने पनि लाग्दैछ । डिसेम्बर ८ यता सबै प्रतियोगितामा गरी सरासर प्राप्त ९ जित मूल्यांकन गर्दा यस्तो केही अनुभव हुन्छ । एक महिना अवधिमा युनाइटेड भिडेको बलियो प्रतिद्वन्द्वी मान्न मिल्ने टोली टोटेनहम मात्रै थियो । डिसेम्बर ११ मा टोटेनहमले यसपाला साबिक लय देखाउन नसक्दा जोसे मोउरिन्होको टोलीले १-० को कठिन नतिजा निकाल्यो । अरु त ती टोली हुन् जो प्रिमियर लिगमा मिडटेबलभन्दा खासै माथि जान सक्दैनन् वा रिडिङजस्तो टिम थियो, जो यति बेला एफए कपमा सीमित छ ।

युनाइटेडको खास परीक्षा आउनेवाला छ । आइतबार (जनवरी १५ मा) लिभरपुलसँग प्रिमियर लिगमा भिड्दा त्यो परीक्षाको सुरुवात हुनेछ । इंग्लिस फुटबलमा युनाइटेडका लागि उपाधि दाबेदारका रूपमा रहँदा मात्र इज्जत छ । ओल्ड ट्राफोर्डमा युनाइटेडले यसपालि जित्यो भने लिभरपुलसँग २ अंकको सानिध्यमा पुग्नेछ । यति बेला पहिलो स्थानको चेल्सीले आधा सिजन सकिएको अवस्थामा युनाइटेडसँग १० अंकको अग्रता राखेको छ । चेल्सीले शनिबार साबिक विजेता लेस्टर सिटीसँग खेल्दैछ ।

पक्कै रोचक बन्दैछ, मोउरिन्होले लिभरपुलसँगको खेललाई कसरी लिन्छन् भन्ने कुरा । अक्टोबर १७ मा एनफिल्डमा गोलरहित बराबरी खेल्दा उनले रक्षात्मक रणनीति अपनाएका थिए । जसका कारण खुला पाराले स्कोर गर्ने लिभरपुल रोकिन पुग्यो । उनी तिनै व्यक्ति हुन्, जसले लिभरपुरलाई 'संसारको अन्तिम आश्चर्य' भनेर खिस्याएका थिए ।

तीन महिनापछि युनाइटेड ओल्ड ट्राफोर्डमा आक्रामक पारामा जाने अनुमान छ, किनकि यसैबाट टोलीले पछिल्लो समय गोल निकाल्न सकिरहेको छ । के ३५ वर्षे स्विडिस स्ट्राइकर जाल्टन इब्राहिमोभिचको स्वास्थ्य ठीक होला र उनले गत १२ खेलका १२ गोलको शृंखला तन्काउने काम गर्न सक्लान् ?

टोली पक्कै यति बेला जम्न खोजिरहेको छ । पाउल पोग्बा र हेनरिक मिखाटरयान पनि टोलीमा छन् जसले जुनसुकै बेला खेल परिवर्तन गर्न सक्छन् ।

लिभरपुलका लागि पनि यो समय त्यति उपयुक्त छैन । हुन त यसले गएका ६ मध्ये ४ खेल जितेको छ । ऊसँग हार्नेमा म्यानचेस्टर सिटी र एभर्टनसमेत परे । लिभरपुलका मुख्य हतियार हुन् साडियो माने । यी स्ट्राइकर अफ्रिकी नेसन्स कप खेल्न गएका छन् । फिलिप काउटिन्हो भर्खर चोटबाट उठेका छन् ।

लिभरपुलले लिगकप सेमिफाइनल पहिलो लेगमा साउथह्याम्पटनसँग बुधबार १-० ले हाऱ्यो । 'हामीलाई ओल्ड ट्राफोर्डमा राम्रो प्रदर्शन जरुरी छ । यो कुरा हामीले महसुस गरिसक्यौं,' व्यवस्थापक योर्गन क्लोपले भने ।

छोटकरी

रेडियो सेमिफाइनलमा

काठमाडौं (कास)- रेडियो नेपाल बिहीबार अन्तपूर्ण पोस्टसँग बराबरी खेल्दै आठौं मिडिया कप फुटबल प्रतियोगिताको सेमिफाइनल पुगेको छ । दशरथ रंगशालामा समूह 'बी' को लिगमा रेडियोले गोलरहित बराबरी खेलेपछि गोलअन्तरका आधारमा अन्तिम चार सुरक्षित गरेको हो । तीन टिमको यस समूहबाट इमेज च्यानल विजेता हुँदै सेमिफाइनल पुगिसकेको छ । अन्नपूर्णका गोलरक्षक सरोज बेजु म्यान अफ द म्याच चुनिए ।

मिस्टर हिमालय हुने

काठमाडौं (कास)- नेपाल शारीरिक सुगठन तथा फिट्नेस संघले छैटौं मिस्टर हिमालय शारीरिक सुगठन प्रतियोगिता चैतमा गर्ने भएको छ । चैत २५ र २६ मा राजधानीमा हुने प्रतियोगितामा ६ तौल समूहमा प्रतिस्पर्धा हुनेछ । विजेताले २ लाख ७५ हजार पुरस्कार जित्ने छन् । पुरस्कार गत वर्षभन्दा ५० हजार बढी रहेको आयोजक संघका महासचिव राजन श्रेष्ठले बताए । पहिलोपल्ट पुरुष फिट्नेस फिजिक्स र महिला एथ्लेटिक्स फिजिक्स विधामा प्रतिस्पर्धा गराइने छ ।

खुकुरी टी-२० कप

काठमाडौं (कास)- भक्तपुरस्थित सैनिक आवासीय मावि को मैदानमा माघ १ देखि खुकुरी च्यालेन्जर टी-२० कप क्रिकेट प्रतियोगिता हुने भएको छ । खुकुरी ईएनटीले आयोजना गर्ने प्रतियोगितामा १६ टिमले भाग लिने छन् । विजेताले २ लाख र उपविजेताले १ लाख पुरस्कार पाउने स्पर्धा माघ १६ सम्म चल्नेछ ।

आर्मीमाथि न्यू डायमन्ड हाबी

काठमाडौं (कास)- न्यू डायमन्ड एकेडेमीले बिहीबार त्रिभुवन आर्मी क्लबलाई हराउँदै १२औं ढोरपाटन डबल लिग महिला भलिबल प्रतियोगितामा आफ्नो अग्रता कायमै राखेको छ ।

नयाँ बसपार्कस्थित नवनिर्मित कोर्टमा बिहीबार न्यू डायमन्डले आर्मीलाई २५-६, २५-४, २५-१५ को सोझो सेटमा हरायो । यो जितसँगै डायमन्डको कुल १८ अंक भएको छ । बिहीबारै नेपाल पुलिस क्लब र भारतीय खेलाडीको बाहुल्यता रहेको रिड मोडल कलेज पनि विजयी भए । पुलिसले विजेश्वरी ज्ञान मन्दिरलाई २५-६, २५-४, २५-७ को सोझो सेटमा हरायो । ७ खेलबाट पुलिसको १५ अंक भएको छ । टोली अंकतालिकाको दोस्रो स्थानमा प्रवेश गऱ्यो ।

चार खेलसम्म अपराजित एपीएफ क्लब भने बिहीबार रिड मोडलसँग ३-१ सेटमा हाऱ्यो । रिड मोडल २५-१८, २२-२५, २५-२२, २७-२५ ले विजयी भयो । ५ खेलबाट १२ अंक जोडेको एपीएफ तेस्रो स्थानमा झरेको छ । चौथोमा पश्चिमाञ्चल क्षेत्रीय भलिबल संघ छ ।

पश्चिमाञ्चलले दुवै खेल जित्यो । पहिलो खेलमा चन्डेश्वरी युवा क्लब रामेछापलाई २५-१३, २५-१२, २५-१५ ले र आयोजक ढोरपाटन स्पोर्टस क्लबलाई २५-९, २५-१३, २५-६ ले हरायो । उसले ४ खेलबाट ९ अंक जोड्यो । आर्मीले पनि ५ खेलबाट ९ अंक नै जोडेको छ । आयोजक ढोरपाटनले ६ खेलबाट ८ र चन्डेश्वरीले ७ खेलबाट ७ अंक जोडे । विजेश्वरी र न्यू डायमन्ड स्पोर्टस क्लब अंकविहीन छन् ।



पुलिस क्लबकी कामना विष्ट (रातो) को स्पाइक रोक्ने प्रयासमा विजेश्वरीका खेलाडी । *तस्बिर : कौशल अधिकारी/कान्तिपुर*

विदेशीसहित १२ टिम

आहा रारा गोल्डकप

कान्तिपुर संवाददाता

पोखरा- पोखरा रंगशालामा मंगलबार सुरु हुने पश्चिमाञ्चलकै प्रतिष्ठित फुटबल स्पर्धा आहा-रारा गोल्डकपको १५ औं संस्करणमा तीन विदेशीसहित १२ टिमले प्रतिस्पर्धा गर्ने भएका छन् ।

प्रतियोगिताका लागि मैदान मर्मत र रंगरोगनको तयारी अन्तिम चरणमा पुगेको आयोजक सहारा क्लबले बिहीबार जनाएको छ । यसपालि पाहुना टोलीमा अमेरिकाबाट टिम अमेरिकन नेप्लिज एसोसिएसन, बंगलादेशको फराँसगन्ज स्पोर्टिङ क्लब ढाका र भारतको सिक्किम फुटबल क्लब आउने निश्चित भएको छ ।

नेपालका लक्ष्मी हुन्डाई मनाङ मर्स्याङ्दी, त्रिभुवन आर्मी, एपीएफ, नेपाल पुलिस, संकटा, धरान फुटबल क्लब, सुदूरपश्चिम-११ धनगढी, रमपम झापा-११ र आयोजक सहारा क्लबले भाग लिने छन् ।

विजेताले ५ लाख १ हजार र उपविजेताले २ लाख ५१ हजार पुरस्कार जित्ने छन् । गत वर्ष आर्मीलाई १-० ले हराउँदै मनाङले उपाधि जितेको थियो ।

आयोजक क्लब अध्यक्ष वीरभद्र आचार्यले भने, 'खेलतालिका तयार पार्दैछौं, छिटै सार्वजनिक हुन्छ ।' १४ औं संस्करणबाट ३५ लाख बचत गरेको आयोजकले जनाएको छ । दोबिल्लामा एकेडेमी बनाएर फुटबलर उत्पादन गर्न विभिन्न जिल्लाबाट २७ जनालाई आवासीय सुविधासहित सहाराले प्रशिक्षण दिँदै आएको छ ।

रासायनिक मल तथा कृषि जन्य औजारहरुको लागि डिलरको आवश्यकता

बेला इन्भेस्टमेन्ट कम्पनी प्राइभेट लिमिटेड कृषि सम्बन्धित रासायनिक मल तथा कृषि जन्य औजारहरूको आयात तथा बिक्रिको लागि नेपाल सरकारबाट अनुमती प्राप्त कम्पनी **KUNHUA Export Import Private Limited** को नेपालका लागि आधिकारिक बिक्रेता हो ।

यस कम्पनीलाई प्रत्येक जिल्लामा डिलरको आवश्यकता परेको हुँदा इच्छुक व्यक्ति, संस्था, तथा सहकारीले दिइएको निम्न ठेगनामा सम्पर्क गर्नु होला ।

केन्द्रिय कार्यालय
बेला इन्भेस्टमेन्ट कम्पनी प्राइभेट लिमिटेड
कृष्ण भवन, नारायण गोपाल चोक, काठमाडौं
फोन नम्बर: ०१-४३७७५८५, ९८०१८२०५००, ९८०११८२५०४
इमेल: belainvestmentcompany@gmail.com

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट काठमाण्डौ

बैंक तथा नगद काउण्टर खुला रहने सम्बन्धी सूचना

मिति २०७३ पौष २९ गते शुक्रवारका दिन करदाताहरुको सुविधाको लागि आन्तरिक राजस्व बिभाग अन्तर्गतका नगद काउण्टर एवं राजस्व संकलनको अनुमति पाएका बैंकका शाखा तथा काउण्टरहरुबाट दिनको ४ बजेसम्म राजस्व बुझ्ने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

गौरवका साथ तिरौं कर,
समृद्ध राष्ट्र हाम्रो रहर ।



तयारी कक्षा
शाखा अधिकृत
विशेष लेखनसिप
ने.वि.प्रा. इलेक्ट्रीकल इन्जिनियर/सब-इन्जिनियर
राष्ट्रिय बाणिज्य बैंक
(३, ४, ५ तह बिशेष)
Civil Engineer/Sub-Engineer
H.A/CMA/ANM
ना.सु./खरिदार
शिक्षक सेवा (मा.वि./नि.मा.वि.)
शिक्षा प्रास
अधिकृत क्याडेट
(होस्टलको सुविधा समेत छ) समय:विहान/बेलुकी
नयाँ कक्षा संचालन हुदैछ ।
Apex Educational Academy
Infront of Shanker Dev Campus
Putalisadak, Kathmandu
Ph:4168143, 4168485, 9851044979

तयारी कक्षा
प्रा.स./शिक्षक सेवा/ना.सु./खरिदार
नयाँ कक्षा : आइतवार, माघ २ गतेदेखि
संचय कोष/विद्युत प्राधिकरण
नयाँ कक्षा : सोमवार, माघ ३ गतेदेखि
राष्ट्र बैंक/वाणिज्य बैंक
नयाँ कक्षा : आइतवार, माघ २ गतेदेखि
कोरियन भाषा
दैनिक परीक्षा सहित ३ घण्टा कक्षा
दैनिक Free Exam को लागि मात्र पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Multi Professional Academy
(MPA), Bagbazar
01-4246024/4254301

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. २१/०४९-५०, अध्यक्ष तथा प्रवन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुधीर शर्मा**

विराटनगरको बजेट १ अर्ब ८९ करोड

कान्तिपुर संवाददाता

मोरङ- विराटनगर उपमहानगरपालिकाले आगामी वर्षका लागि १ अर्ब ८९ करोड ६३ लाख ६१ हजारको बजेट सार्वजनिक गरेको छ।

उपमहानगरपालिकाले बिहीबार आयोजना गरेको नीति, कार्यक्रम तथा बजेट सार्वजनिकीकरण कार्यक्रममा कार्यकारी अधिकृत दीपक कोइरालाले आर्थिक वर्ष २०७४/०७५ का लागि उक्त बजेट सार्वजनिक गरेका हुन्। उक्त बजेटमध्ये चालू खर्चमा १७ करोड ४५ लाख ३८ हजार, सामाजिक सुरक्षामा १५ करोड, भौतिक पूर्वाधार निर्माणमा ४४ करोड ९१ लाख ७८ हजार, वातावरण तथा सरसफाइमा २ करोड ५० लाख ९५ हजार, सामाजिक विकासमा ४ करोड ७५ लाख ५० हजार विनियोजन गरेको हो।

यस्तै, महिला लक्षित कार्यक्रमका लागि २५ लाख २० हजार, बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि १ करोड ९६ लाख तथा दलित, आदिवासी, जनजाति, मुस्लिम, पिछडावर्ग, ज्येष्ठ नागरिक, अपांगताका लागि ३७ लाख ३५ हजार रुपैयाँ विनियोजन गरेको छ। मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार परियोजना तथा क्षेत्रीय सहरी विकास परियोजनातर्फ १ करोड ५० लाख बजेट विनियोजन गरेको छ।

उक्त बजेटमध्ये आन्तरिक स्रोतबाट २७ करोड १४ लाख ४० हजार, सरकारको ससर्त अनुदानबाट ४३ करोड ७० लाख २९ हजार, निःसर्त अनुदानबाट ६ करोड ५३ लाख ३० हजार, विभिन्न निकाय तथा दातृ संस्थाबाट ६४ लाख

सडक, फोहोर व्यवस्थापन, सौर्य सडक बत्तीलाई प्राथमिकता

३४ हजार, नगर विकास कोष ऋण सहयोगबाट ५ करोड र जनसहभागिताबाट १ करोड ६१ लाख २८ हजार रुपैयाँ आय हुने कार्यकारी अधिकृत कोइरालाले बताए। आधुनिक र गुणस्तरीय सडक, ढल, वातावरणमैत्री फोहोर व्यवस्थापन, सार्वजनिक यातायात, सुविधासम्पन्न बसपार्क, सौर्य सडक बत्ती, भ्यू टावर निर्माण, नागरिकमैत्री सेवा प्रवाहलाई बजेटमा प्राथमिकता दिइएको छ। चालु आर्थिक वर्षको संशोधित बजेट ९२ करोड ५१ लाख १० हजार रुपैयाँ रहेको कोइरालाले जानकारी दिए।

जनकपुरको बजेट १ अर्ब ३६ करोड

जनकपुर- जनकपुर उपमहानगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ का लागि १ अर्ब ३६ करोड ४५ लाख २७ हजार रुपैयाँको आय-व्यय प्रस्तुत गरेको छ। प्रस्तावित बजेटमा आन्तरिक आयतर्फ ६ करोड ९१ लाख ९१ हजारमात्र छ भने बाँकी बाह्य आयबाट पूरा गरिने उल्लेख छ।

जनकपुर उपमहानगरपालिकाको बिहीबार सम्पन्न तेस्रो नगरपरिषद्मा कार्यकारी अधिकृत पुण्यप्रसाद लुइँटेलले आव २०७४/०७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्दै धार्मिक पर्यटन, स्थानीय उत्पादन, शिक्षा, स्वास्थ्य तथा खुला दिसामुक्त अभियान आदिलाई प्राथकिता दिने बताए। यसैगरी नगर विकास योजना तर्जुमा, नगरको आवधिक योजना निर्माण, सहस्राब्दी लक्ष्य, स्थानीय पूर्वाधार विकास नीति तथा जिल्ला सडक यातायात गुरुयोजनालाई प्रमुख प्राथमिकता दिइएको उल्लेख छ। उच्च अदालत जनकपुरका न्यायाधीश शिवनारायण यादवले नगरपरिषदको उद्घाटन गरेका थिए।



जिशिकामा विवाद

विद्यार्थी १२, देखाइयो ४३

डम्बरसिं राई

खोटाङ- शिक्षा अधिकारी र स्रोत व्यक्तिबीच विवाद चुलिएको छ। शिक्षा अधिकारीले स्रोत व्यक्तिहरूले विद्यालय अनुगमन नगरेको भन्दै स्पष्टीकरण सोधेपछि सुरु विवाद चुलिएको हो।

शिक्षा अधिकारी ज्ञानमणि नेपालले विद्यालय निरीक्षणमा नखटिने, मादक पदार्थ सेवन गर्ने तथा अनियमित गर्ने शिक्षकहरूलाई राजिनामा गर्न लगाएपछि सम्बन्ध चिसिएको हो। स्रोत व्यक्तिले भने शैक्षिक क्षेत्रमा आतंक मच्चाएको भन्दै शिक्षा कार्यालयले आयोजना गरेको कुनै पनि कार्यक्रममा सहभागी नहुने जनाएका छन्। शिक्षा कार्यालयले पुस ११ गते आयोजना गरेको बैठक उनीहरूले बहिष्कार गरे।

- अनियमित गर्ने शिक्षक कारबाहीमा
- शिक्षा अधिकारीले आतंक फैलाए : स्रोत व्यक्ति
- गर्नुपर्ने काम नगर्ने र गर्न नहुने काम गर्नेलाई कारबाही गरेको हुँ : जिल्ला शिक्षा अधिकारी

स्रोत व्यक्तिहरूले प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्कीसमक्ष शिक्षा अधिकारी सच्चिनु पर्ने माग राखेका छन्। स्रोत व्यक्ति समाजका अध्यक्ष पञ्चकुमार राईले कमिकमजोरी हुनेसाथ राजिनामा माग्नुले शैक्षिक क्षेत्र आतङ्कित भएको गुनासो गरे।

शिक्षा अधिकारी नेपालले विद्यालय अनुगमन नगरेको भन्दै लक्ष्मी मावि काहुले स्रोत केन्द्रका स्रोतव्यक्ति नारायण पाण्डे, सरस्वती मावि अर्खौले केन्द्रका स्रोत व्यक्ति फुलेश्वर यादव, विद्योदय मावि दोर्पाचिउरीडाँडा स्रोत केन्द्रका स्रोत व्यक्ति पञ्चकुमार राई, सरस्वती मावि दिक्तेल स्रोत केन्द्रका स्रोतव्यक्ति झनकबहादुर थापा लगायतलाई स्पष्टीकरण सोधका थिए। त्यस्तै विद्यालय अनुगमनमा निर्मलीडाँडा-१ स्थित पेलुङ प्राविका प्रअ कृष्णबहादुर केसीले विद्यार्थी संख्या बढाएर पाठ्यपुस्तक, छात्रवृत्ति, शैक्षिक सामग्री लगायतको रकम अनियमितता गरेको पाइएको छ। केसीले उक्त विद्यालयमा भएका १२ वास्तविक विद्यार्थीबाट ४३ जना नक्कली विद्यार्थी बनाएर अनियमितता गरेको भन्दै राजीनामा दिन लगाएर स्वीकृत गरेका थिए। उक्त विद्यालयले पेस गरेको फाइल प्रमाणित गर्ने स्रोतव्यक्ति पञ्चकुमार राईलाई स्पष्टीकरण सोधिएको शिक्षा अधिकारी नेपालले जनाए। 'अनुगमनमा प्रअ केसीले ३१ नक्कली विद्यार्थी बनाएर विभिन्न शीर्षकको रकम निकासा गरेको पाइयो', शिक्षा अधिकारी नेपालले भने, 'त्यसको डरले राजीनामा लेखेपछि स्वीकृत गरिदिएँ।'

अनुगमनमा निर्मलीडाँडास्थित साप्सु जयपति एकेडेमी इङलस बोर्डिङ स्कुलले शाखा भनेर परीक्षा लिने सदरमुकामस्थित दिक्तेल इङलस् बोर्डिङ स्कूललाई पनि स्पष्टीकरण सोधिएको शिक्षा अधिकारी नेपालले बताए। 'शिक्षा ऐनमा शाखा सञ्चालन गर्ने व्यवस्था नभएकाले स्पष्टीकरण सोधिएको छ', नेपालले भने, 'कुन ऐन अन्तर्गत शाखा सञ्चालन गरेर परीक्षा लिइएको हो ? भनेर स्पष्टीकरण सोधिएको छ, मनासिब जवाफ नआएर कानुन अनुसार कारबाही हुन्छ।' उक्त साप्सु जयपति एकेडेमी इङलस बोर्डिङ स्कुल खोल्ने निर्मलीडाँडा-३ स्थित महेन्द्रोदय आधारभूत विद्यालयका प्रअ सखरमान केसीलाई समेत स्पष्टीकरण सोधिएको छ। 'शिक्षा ऐन विपरीत विद्यालयका प्रअले बोर्डिङमा लगानी गरेर सञ्चालन गरेको पाइयो।' शिक्षा अधिकारी नेपालले भने, 'त्यसका आधारमा प्रअलाई स्पष्टीकरण सोधिएको छ।'

यसबाहेक मादक पदार्थ सेवन गर्ने, विद्यालयमा अनुपस्थित, पुरै घण्टीसम्म कक्षामा नबस्ने लगायतका शिक्षकहरूलाई धमाधम कारबाहीको दायरामा ल्याउन सुरु गर्नासाथ स्रोत व्यक्तिहरू शिक्षा कार्यालयप्रति रुष्ट हुँदै गएको शिक्षा अधिकारी नेपालले सुनाए। अगनुमनको क्रममा अर्खौलेस्थित सरस्वती मावि का प्रअ डिकसेर राईले रक्सी आएर विद्यालय आएपछि राजीनामा गराइएको शिक्षा अधिकारी नेपालले जनाए।

त्यस्तै अनुगमनमै नेपा-८ रामपुरस्थित जनता आधारभूत विद्यालयका शिक्षक लक्ष्मीप्रसाद राई र दिक्तेल पोखरीस्थित सरस्वती आधारभूत विद्यालयका शिक्षक मिनबहादुर खत्रीलाई पनि राजीनामा गराइएको थियो। मुलुकै शैक्षिक अवस्था कमजोर ठहरिएको खोटाङमा शिक्षा अधिकारी नेपाल आउनासाथ विद्यालय सुधारको अभियान थालिएको हो। यसले जिल्लाभरका शैक्षिक संस्थाहरूमा तरङ्ग छाएको छ। शिक्षा अधिकारीको अभियानले शैक्षिक क्षेत्र सुधारोन्मुख भएको सरस्वती मावि का प्रअ ध्यानबहादुर राईले बताए।

इलाका पशुसेवा सहायकको भरमा

भोजपुर (कास)- च्याङ्ग्रे गाविसको इलाका पशुसेवा दुई महिनादेखि कार्यालय सहयोगीको भरमा सञ्चालन हुँदै आएको छ। ४ जनाको दरबन्दी रहे पनि कार्यालय प्रमुख र सहायकमात्रै कार्यरत थिए। प्रमुख नन्दलाल ठाकुरले दुई महिनाअघि अवकाश लिए। रिक्त दरबन्दीमा पदपूर्ति नहुँदा अहिले सहायक कुमार श्रेष्ठको भरमा चलेको छ।

दक्ष प्राविधिकसहितको दरबन्दी रहे पनि कर्मचारी नहुँदा काममा कठिनाइ आइपरेको हो। कार्यालय सहायकले कार्यालय २/३ घण्टा खोलेर बन्द गर्ने गरेको च्याङ्ग्रे ७ का उदयबहादुर कार्कीले बताए। यस कार्यालयको च्याङ्ग्रेसँगै श्यामसिला, आम्तेक, तिवारीभन्ज्याङ, बास्तिम, सानोदुम्मा, ठूलोदुम्मासहित ७ गाविस कार्यक्षेत्रमा पर्छ।

पीडितको तथ्यांक संकलन सुरु

कान्तिपुर संवाददाता

भोजपुर- पुनर्निर्माण प्राधिकरणले जिल्लामा भूकम्पपीडितको तथ्यांक संकलन सुरु गरेको छ। उसले इन्जिनियर र सामाजिक परिचालक बुधबारबाट गाउँमा खटाएको छ। २ नगरपालिका र ५४ गाविसमा २९ जना इन्जिनियर र २९ सामाजिक परिचालक तोकिएका छन्। उनीहरूले २९ वटा क्लस्टरमा लगत सर्भे गर्नेछन्।

१८ वटा क्लस्टरमा एक-एक इन्जिनियर र सामाजिक परिचालकको टोली गाउँ पसिसकेका छन्। ११ वटा क्लस्टरका लागि काठमाडौंबाट इन्जिनियर आउन बाँकी छ। शुक्रबारसम्म जिल्ला आइपुग्ने हुँदा लगत्तै कार्यक्षेत्रमा खटाइने जिविसका तथ्यांक अधिकृत एवं फोकल पर्सन धनकुमार राईले बताए। टोलीले ४५ दिनभित्र तथ्यांक संकलन गरिसक्नुपर्नेछ। एक टोलीको भागमा ३ सय ६० घर भूकम्पपीडित परेका छन्। एक घरको तथ्यांक संकलन गर्न करिब २ घण्टा लाग्ने गरेको छ।

एक टोलीले एक दिनमा ८ घरमा तथ्यांक लिन भ्याउने प्राधिकरणको अनुमान छ। भौगोलिक कठिनाइका कारण ४/५ घरमा मात्र सर्भे गर्न सकिने इन्जिनियरले बताएका छन्।

सर्भे ३ तहमा गरिन्छ। पहिलो पूर्वाधार पक्ष, दोस्रो पीडितको मनोवैज्ञानिक पक्ष र तेस्रो भूकम्पले सामाजिक, सांस्कृतिक पक्षमा पारेको असर। यहाँ २ हजार ३ सय ५५ घर क्षति भएको गृह मन्त्रालयको अघिल्लो तथ्यांकमा उल्लेख थियो। तर पछिल्लो समय १० हजार ४ सय २६ घर क्षति भएको तथ्यांक सार्वजनिक गरिएको छ। भूकम्पले क्षति पुऱ्याएका घरलाई ५ तहमा वर्गीकरण गरिनेछ।



औषधि पसल बन्द गरिने

जनकपुर (कास)- सहायक प्रमुख जिल्ला अधिकारी राजेश गिरीलाई निलम्बन गर्नुपर्ने भन्दै ६ सूत्रीय माग राखेर नेपाल औषधि व्यवसायी संघ, जनकपुर शाखाले शुक्रबारदेखि पसल बन्द गर्ने बताएको छ।

संघर्ष समितिका संयोजक केदारनाथ पाठकले सहायक प्रजिअ गिरीको गैरकानुनी हस्तक्षेपका कारण औषधि पसल बन्द गर्नुपरेको बताए। गत मंगलबार सहायक प्रजिअ गिरीको नेतृत्वमा जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख सचिदानन्द देव तथा राजस्व कार्यालयका प्रतिनिधिसहितको टोलीले जनकपुर अञ्चल अस्पताल आसपासका दर्जनौं पसल, निजी क्लिनिक तथा नर्सिङहोममा छापा मारी तालाबन्दी गरेको थियो। बिनालाइसेन्स औषधि पसल सञ्चालन गर्दै आएका सञ्चालकहरू भने अ-आफ्ना पसलमा ताला लगाई भागेका थिए। औषधि व्यवसायी संघका पदाधिकारीले विधिवत् दर्ता भएर सञ्चालनमा रहेका ६ औषधि पसल तथा पोलिक्लिनिकमा समेत तालाबन्दी गरेको भन्दै सहायक प्रजिअविरुद्ध आक्रोश पोखेका थिए।

'औषधि पसलमा तालाबन्दी गर्ने अधिकार औषधि व्यवस्था विभागलाई पनि छैन। दर्ता नवीकरण नभएका सञ्चालकलाई जरिवाना गर्न सकिन्छ तर तालाबन्दी गर्न पाईदैन,' पाठकले भने। जनस्वास्थ्य अधिकृत देवले आवश्यक प्रक्रिया पूरा नगरी सञ्चालन भएका औषधि पसल, क्लिनिक तथा नर्सिङहोममाथि कारवाही अगाडि बढाइएको बताए। प्रजिअ दिलीपकुमार चापागाईंले व्यवसायीहरूले पसल बन्द गर्ने निर्णय गर्दा पनि जिल्ला प्रशासन कार्यालयलाई कुनै जानकारी नदिएको बताए।







तपाईंको आज

मेष	खटपट	तुला	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पूण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानी	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पूर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७३ साल माघ १ गते शनिबार तदनुरुप १४ जनवरी २०१७ माघ कृष्णपक्ष द्वितीया तिथि दिनको २:५८ बजेसम्म उप्रान्त तृतिया तिथि, अश्लेषा नक्षत्र रात्रिको १:३२ बजेसम्म उप्रान्त मघा नक्षत्र, प्रीति योग रात्रिको ७:८ बजेसम्म उप्रान्त आयुष्मान् योग वणिजकरण रात्रिको २:३३ बजेसम्म उप्रान्त भद्रा करण कर्कट राशिमा रात्रिको १:३२ बजेसम्म उप्रान्त सिंह राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर/अमृत वाणी
६:००	जीवन विज्ञान/ज्योतिष मन्थन
६:४०	स्काइ सप
७:००	कान्तिपुर समाचार
८:००	कान्तिपुर न्यूज
८:३०	राइज एण्ड साइन
९:००	हेडलाइन न्यूज
९:०५	मार्गदर्शन
१०:००	कान्तिपुर समाचार
१०:३०	धनाधनघस
११:००	हेडलाइन न्यूज
११:०५	समाकन २
१२:००	कान्तिपुर समाचार
१२:३०	हर्के हल्दार
१:००	हेडलाइन न्यूज
१:०५	डिठ्ठासाब
१:३०	किलो टेंगो माइक
२:००	मृगी
५:००	हेडलाइन न्यूज
५:०५	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	म्युजिक समिट
७:००	कान्तिपुर समाचार
७:३०	इन्फो प्लस
८:००	कान्तिपुर समाचार
९:००	डिठ्ठासाब
९:३०	परिवर्तन
१०:३०	कान्तिपुर न्यूज
११:००	कान्तिपुर समाचार
११:३०	इन्फो प्लस
१२:००	कल कान्तिपुर
१:००	कान्तिपुर न्यूज
१:३०	डिठ्ठा साब
२:००	कान्तिपुर समाचार
२:३०	म्युजिक समिट
३:००	कान्तिपुर समाचार
३:३०	परिवर्तन
४:३०	डिठ्ठा साब

रेडियो कान्तिपुर ९६.१

हरेक दिन २४ सै घन्टा हरपलको साथी

००:०१	ननस्टप नेपाली आधुनिक सङ्ग
०१:०२	ननस्टप नेपाली पप सङ्ग
०२:०४	ननस्टप हिन्दी सङ्ग
०४:०५	ननस्टप भजन
६:२५	भक्ति अनुष्ठान (जनार्दन)
०६:५५	कान्तिपुर डायरी
०७:३०	द हेड लाइनर्स
८:००	मानसिक स्वास्थ्यमा कोसिस
९:००	गुडमर्निङ शो (गिरिश)
९:१०	कान्तिपुर डायरी
०९:५५	ट्राफिक अपडेट (नेपाल ट्राफी)
१०:००	किक स्टार्ट (सञ्जय)
११:००	न्यू रिलिज (रेमन)
१२:००	फेमिना (चाँदनी)
१२:१०	कान्तिपुर डायरी
१३:००	ब्रन्च विफ मृगिका (मृगिका)
१५:००	के छ नेपाल (रेमन)
१५:५५	कान्तिपुर डायरी
१६:००	सौराइ (कृष्ण)
१७:००	सिने विवज (चाँदनी)
१८:००	फेनाटिक फ्राइडे (रिमता/महेश)
१८:३०	हेप्पी लाइफ (हेम सुवेदी)
१९:००	कान्तिपुर डायरी
२०:००	प्लेट्रोनिक्स (सञ्जय)
२१:००	वेल नो टेन्सन (दीपक/अम्बिका)
२१:३०	कान्तिपुर डायरी
२२:००	इन्द्रेणी
२३:००	क्लब निक्स (गिरिश)
२४:००	इलिवेन्थ ह्यवर (सञ्जय)

अस्पताल र विविध

वारुण यन्त्र (विराटनगर)	०२१-४२००००
वारुण यन्त्र (इटहरी)	५८०१०१
वारुण यन्त्र (धरान)	५२०१९९
वारुण यन्त्र (इनरुवा)	५६०१०१
वारुण यन्त्र (दमक)	५८०१०१
वारुण यन्त्र (भद्रपुर)	५२०१०१
कोशी अञ्चल अस्पताल (विराटनगर)	५३०१०३, ५२४२३४
बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	५२५५५५
मेची अञ्चल अस्पताल, भद्रपुर	५२००२४
रक्त सञ्चार सेवा केन्द्र (विराटनगर)	५२३३२६
विराटनगर आँखा अस्पताल (विराटनगर)	४३६३६०
एडभान्स अर्थो एण्ड डेन्टल केयर, विराटनगर	०२१-५२५६३४

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
ठेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२५४/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शवबाहन	४४१८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०, ९७५१०४६५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४१२२९९
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

हिमालमा तराईका चितुवा

■ आश गुरुङ

लमजुङ- सामान्यतय: चितुवा तराईदेखि मध्यपहाडी क्षेत्रमा बस्ने जंगली मांसाहारी जनावर हो। तर, त्यही चितुवा उच्च हिमाली क्षेत्रमा पाइन थालेको छ।

हिमाली जिल्ला मनाङको माथिल्लो मनाङस्थित हुम्डे, पिसाङ र घ्यारू क्षेत्रमा तराई तथा पहाडमा पाइने चितुवा फेला परेको छ। यसअघि हिउँचितुवा पाइने उक्त ठाउँमा पहिलोपटक साधारण चितुवा फेला परेको राष्ट्रिय प्रकृति संरक्षण कोषले जनाएको छ। कोषका संरक्षण अधिकृत पारसविक्रम सिंहका अनुसार अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाभित्र पर्ने मनाङको निस्याङ भ्याली (माथिल्लो क्षेत्रका ७ गाविस) मा गरिएको अध्ययन अनुसन्धानका क्रममा हिउँ चितुवा पाइने ठाउँमा साधारण चितुवा फेला परेको हो। कस्तुरीको अध्ययन अनुसन्धानका लागि राखिएका स्वचालित क्यामराको ट्रयापमा चितुवा परेको उनले बताए। 'हामीले कस्तुरीको आनीबानी अध्ययनका लागि ५२ वटा क्यामरा राखेका थियौं। तीनवटा क्यामरामा साधारण चितुवा कैद भएको छ', उनले भने, 'तराई र पहाडमा पाइने चितुवा हिमालमा पाइन थालेपछि हामीलाई अचम्म लागेको छ।'

उनका अनुसार अक्टोबर पहिलो सातादेखि डिसेम्बर पहिलो सातासम्म राखेका क्यामराको ट्रयापमा चितुवासँगै हिउँचितुवा, फ्याउरो, झारल, घोरल, नाउर, मृग लगायतका जंगली जनावर परेका छन्। मनाङको हुम्डेमा ३ हजार ९ सय ८८ मिटर, पिसाङमा ३ हजार ८ सय २० र घ्यारूमा ३ हजार ७ सय मिटर उचाइमा चितुवा फेला परेको उनले बताए। 'यतिको उचाइमा साधारण चितुवा बाँच्न सक्ने भए पनि मनाङमा अहिलेसम्म फेला परेको थिएन। यति चिसो र जाडो ठाउँमा चितुवा फेला पर्ने कल्पना गरेका थिएनौं', उनले भने, 'माथिल्लो मनाङमा चितुवा फेला परेको यो पहिलो रेकर्ड हो। अझै अध्ययन अनुसन्धान र संरक्षण गर्नुपर्ने देखिएको छ।'



हिमाली जिल्ला मनाङको माथिल्लो मनाङस्थित पिसाङको जंगल (३ हजार ८ सय २० मि उचाइ) मा स्वचालित क्यामराको ट्रयापमा परेको तराई र पहाडमा पाइने चितुवा। *तस्विर सौजन्य: राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी)*

मनाङको तापक्रम अहिले माइनसमा छ। उनका अनुसार ३/४ वर्षअघि मुस्ताङको जोमसोम क्षेत्रमा करिब ४ हजार मिटरमा साधारण चितुवा फेला परेको थियो। उनका अनुसार यसअघि तल्लो मनाङ क्षेत्रको २ हजार ६ मिटर उचाइसम्म चितुवा फेला परेको थियो। नेपालमा तराईको ३ सय मिटरदेखि माथि मध्यपहाडी क्षेत्रसम्म चितुवा पाइन्छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) द्वारा गठित संरक्षण क्षेत्र व्यवस्थापन समिति मनाङका अध्यक्ष विनोद गुरुङका अनुसार हिमाली क्षेत्रमा तातो बढ्दै गएकाले तल्लो क्षेत्रमा पाइने चितुवा माथिल्लो क्षेत्रमा आएको हुनसक्छ। 'म आफैंले देखेको त छैन। कालो चितुवा (साधारण चितुवा) देखियो भनेर बूढाहरूले भन्ने गरेका छन्', उनले भने, 'जीवनमै पहिलोपटक हिमाली क्षेत्रमा चितुवा देखेपछि बूढाहरू छक्क पर्नुभएको छ।' पछिल्लो समय हिउँदका बेला त्यति धेरै चिसो नहुने र बर्खायाममा माथिल्लो क्षेत्रमा सरेका चितुवा अहिले देखिन थालेको हुनसक्ने उनले बताए। 'चिसो मौसममा पनि तातो हुन थाल्नु ग्लोबल वार्मिङ (जलवायु परिवर्तन) को कारण होला। त्यही ठाउँमा चितुवा भेटिनु यसकै कारण हुनसक्छ', उनले भने, 'नत्र अहिलेसम्म नदेखिएको चितुवा हिमाली क्षेत्रमा किन आउनु र ?'

त्रिभुवन विश्वविद्यालयको वन्यजन्तुसम्बन्धी प्राध्यापक करणबहादुर शाहले आहाराको खोजीका क्रममा हिमाली क्षेत्रमा चितुवा गएको हुनसक्ने बताए। उनका अनुसार मनाङका लागि यो नयाँ भए पनि नेपालका लागि भने यो नयाँ होइन। उनले यसअघि आफैंले मुगुको लांगु उपत्यकाको ४ हजार ५ मिटरमा चितुवा रेकर्ड गरेको बताए। यस्तै, कञ्चनजंगामा ४ हजार ८ सय मिटर उचाइमा चितुवा क्यामरा ट्रयापमा परेको बताए। 'मनास्लुमा चितुवाले हिउँचितुवा मार्‍यो भन्ने खबर पनि आएको थियो', उनले भने, 'हिमाली क्षेत्रमा चितुवा बढी देखिएको हुनसक्छ। अन्य देशमा ५ हजार मिटरसम्म गएको रेकर्ड छ।'

रूखहरू भएको ठाउँमा चितुवा जानसक्ने र हिउँचितुवाकै बासस्थानमा चितुवा पनि बस्न सक्ने उनले बताए।

धानसित आलु साट्दै

नवलपरासी (कास)- जिल्लाको पहाडी गाविसका किसानले नगदमा आलु बिक्री गर्न मान्दैनन्। आलुको बजार भाउको पनि वास्ता छैन। धौवादी २ की मोतीसरा कानुमगरले आलु लगाउन थालेको ५ वर्ष भयो। तर, अहिलेसम्म नगदमा बिक्री गरेकी छैनन्। उनको आलु खेर पनि गएको छैन। बरु त्यसले भात खाने धोको पुरा गरेको छ।

आफ्नो १० कट्ठा जमिनमा मौसम अनुसारको तरकारी लगाउने किसानले आलु र पिडालु नगदमा बेच्न मान्दैनन्। 'आफ्नो भएको सबै जग्गामा तरकारी छ, धान लगाउन नपाएपछि चामल कहांबाट ल्याउनु, त्यसैले धान संग मात्र आलु साट्छौं,' मगरले भनिन। बजारको चामल मिठो नहुने र महङगो हुने भन्दै यहांका किसानले आलु, पिंडालु कावासोती, कुमारवर्ति ,पिठौली लगायतका धान उत्पादन हुने क्षेत्रमा लगेर साट्ने गर्दछन्।

अधिकासं मगर समुदायका मानिसको बसोबास रहेको धौवादीमा व्यावसायिक तरकारी खेती हुने गर्दछ। काक्रो, टमाटर, लौका, खुसार्नी लगायतका तरकारी बारीमै नगदमा बेच्ने किसानले आलु भने बिक्री गर्दैनन। गाउँका अधिकांस मानिसको मुख्य पेसा व्यावसायिक तरकारी खेती भएकाले अन्न उब्जाउ हुँदैन। पहाडी गाविसका अधिकांस किसानले आफूले उत्पादन गरेका फलफूल र तरकारीसँग बजार आएर अन्नपात साटेर लैजाने गर्छन्। कुमारवर्तीका भोग प्रसाद महतोका अनुसार परापूर्वकालदेखि थारू र मगर समुदायमा 'इष्ट' राख्ने चलन थियो। थारूहरूले तराईमा धान उत्पादन गर्ने र पहाडका मगर समुदायले पिंडालु, सुन्तला, अदुवा लगायतका सामानसँग धान साट्ने परम्परा अनुसार केही स्थानमा अझैपनि यो प्रचलन रही आएको बताए।

यो प्रचलनले तराई र पहाडका स्थानीयबीच आपसी मेलमिलाप र सहिष्णुतासमेत फैलिएको थियो। तर अहिले यो परम्मपरा लोप भए पनि तरकारीसँग अन्नपात साट्ने चलन भने कायमै छ। पहिले एक डालो आलु बराबर एक डाला धान साटिने गरिन्थ्यो तर अहीले १ आलु २ धान भएको छ। पहिले पहिले यो प्रचलन भए पनि अहिले भने नगदमा भन्दा धान वा अन्य अन्नमा साट्दा फाइदा हुने हुदा स्थानीय किसानले यस्तो गरेका हुन्। समुहमा मिलेर डोको वा अन्य साधनमा बजार ल्याउने र गाउँ गाउँमा लगेर धान, मकै, गहुसँग साट्ने गरिन्छ। यसरी तराईका किसानले समेत नगद तिर्नुभन्दा आफैले उत्पादन गरेको अन्नपातसँग तरकारी साट्न पाउदा खुसी भएर साट्ने गर्छन्।

देवघाट मेलाको तयारी

भरतपुर (कास)- पवित्र तीर्थस्थल देवघाटधाममा प्रत्येक वर्ष आयोजना हुने माघे संक्रान्ति मेला २०७३ को तयारी पूरा भएको छ। बर्सैनि मेला भर्न लाखौंको भक्तालु आउने गर्छन्। मेलालाई व्यवस्थित गर्न देवघाट क्षेत्र विकास समितिले वृद्ध, वृद्धा, अशक्त, अपाङ, बिरामीलाई धाम वारपार गर्न नदीमा निःशुल्क डुंगाको व्यवस्था गरिएको छ।

चितवन र तनहुँ जिल्ला जोड्ने झोलङे पुललाई व्यवस्थापन गर्न मेला अवधिभर पुलमा निर्माण सामग्री, पराल लगायतका बढी तौल भएका सामग्री ओसार पसारमा रोक लगाइएको समितिका अध्यक्ष टंकनाथ पौडेलले बताए। 'हामीले पुलमा कुनै किसिमको घटना हुन नदिन जोखिममा पर्ने समानहरू ओसार-पसारमा प्रतिबन्ध लगाएका छौं', उनले भने, 'मेला भर्न आउने लाखौं भक्तजनहरू पुलबाट वारपार गर्ने हुँदा त्यसलाई सहज बनाउन लागि परेका छौं।'

मेलालाई भव्य र सभ्य बनाउन १ सय ११ सदस्यीय मेला व्यवस्थापन समिति गठन गरिएको पौडेलले जानकारी दिए। संक्रान्तिका बेला देशभरबाट यहाँ स्नान गर्न भक्तजन आउँछन्। घाटलाई व्यवस्थित बनाउन आवश्यक स्वयम सेवक परिचालन, चितवन, नवलपरासी, तनहुं लगायतका छिमेकी जिल्ला तथा भारतबाट समेत भक्तजनको मेलामा सहभागिता रहने हुँदा देवघाट क्षेत्र प्रवेश गर्ने ठाउँमा सहज बनाउन लागिएको छ। समितिका अनुसार यस वर्षको मेलामा देवघाटधाममा करिब ४ लाखको हाराहारीमा भक्तजन आउने अनुमान गरिएको छ। हिन्दू धर्मअनुसार संक्रान्तीमा कालीगण्डकी र त्रिशुलीको संगम नदीमा नुहाए पवित्र हुने धामिक आस्था छ।

देवघाटमा शनिवार बिहानदेखि भक्तालुको ठुलो भिड लाग्छ। छिमेकी मुलुक भारतसँगै विभिन्न जिल्लाबाट आएर नुहाउने र पूजापाठ गर्ने भक्तालुको बाक्लो घुइँचो लाग्ने छ। यहाँ आउने भक्तालुलाई स्नान र पुजा आजालाई व्यवस्थित बनाउन समिति र स्थानीय प्रशासनले कडा सुरक्षा प्रदान गर्ने जनाएको छ। 'हामीले कुनै अप्रिय घटना हुन नदिन ठुलो संख्यामा सुरक्षाकर्मी परिचालनको तयारी गरेका छौं', जिल्ला प्रहरी प्रमुख एसपी दीपक थापाले भने, 'अघिल्लो वर्षको तुलनामा यस पटक धेरै भक्तालु आउने अनुमान गरिएकाले त्यही अनुसारको सुरक्षाव्यवस्था मिलाइएको छ।' देवघाटको चोकचोकमा सुरक्षाकर्मी तैनाथ गरिन लागिएको छ। देवघाट पारी तनहु मन्दिरबाट वारपार गर्न नारायणीमा च्याफ्टिङको व्यवस्था गरिएको समितिले जनाएको छ।

चाकुले फेरिएको जीवन

■ प्रताप विष्ट

हेटौंडा- थोरै लगानी, सानो उत्पादनबाट पनि रोजगारीको सृजना गर्नुको साथै जीवनस्तरमा परिवर्तन ल्याउन सक्छ भन्ने यहाँका एक दम्पत्तीले देखाएका छन। हेटौडा ४ का कमल ढोडरीले एक दशकदेखि चाकु, पुष्टकारी, र अैठे उत्पादन गरेर ६ महिलालाई रोजगारी दिएका छन। यसको व्यापारबाट वर्षमा झण्डै २५ लाखको कारोबार हुन्छ। यसको आम्दानीले दुई छोरालाई उच्च शिक्षा हासिल गराउन सफल भएका छन।

हेटौडाको गर्दोहीमा १० धुर जमिनमा घर बनाएर बसेका ढोडरी दम्पत्तिले ऋण लिएर सुरुमा चाकु र पुष्टकारी उत्पादन गरेका थिए। उनीहरू आफैले यस्तो सामग्री बनाउन सिकेका थिए। यी वस्तुको माग बढेपछि उनीहरूले काम गर्ने मजदुरको संख्या पनि थप्दै गएका छन। माघे संक्रान्तिका लागि उनले ५ लाख रुपैयाँभन्दा बढीको चाकु उत्पादन गरी बिक्री गरिसकेका छन। संक्रान्तिमा चाकुको माग बढी हुने भएकाले पुस महिना भरी बनाउन लागी परेको ढोडरीले बताए। 'अरु समयमा अैठे र पुष्टिकारी उत्पादन गर्ने गर्छौं,' उनले भने।



हेटौंडा उपमहागनरपालिका ४ स्थित चाकु उद्योगमा काम गर्दै महिला। *तस्विर : प्रताप/कान्तिपुर*

सुरुमा यस्तो समाग्री बनाउदा छिमेकीले ढोडरी दम्पत्तीलाई हेयको दृष्टिले हेर्थे। अहिले उनीहरूको हेर्ने दृष्टिकोण पनि फेरिएको छ। 'मेहेनती मानिसलाई वर्षको ८/१० लाख कमाउन विदेश जानु पर्दैन' ढोडरीले भने, 'मेरा लागि यही मलेसिया, कतार छ।' घरेलु उद्योगमा न्यु हिमालयन इन्डष्टिज फार्म दर्ता गरेर उद्योग सञ्चालन गरिरहेका छन।

खुवा, चिनी र ग्लोकोज मिसावट गरेर चाकु बनाउने गर्छन्। चाकु उद्योगसँगै उनले कागजको थाल र प्लेट उत्पादन गर्ने कारखाना खोल्ने तयारीमा जुटेका छन्। एक साता भित्रमा भारतबाट मेशिन आएपछि उत्पादन सुरु गर्ने उनले जनाए।

छोटकरी

युवा संघमा विवाद

लमजुङ (कास)- युवा संघ लमजुङमा समानान्तर कमिटी गठन भएको छ। कमिटी गठनसँगै संगठनको विवाद सतहमा आएको छ। एउटा समूहले ऋषि बस्नेतको अध्यक्षतामा दुवै निर्वाचन क्षेत्रको संयोजकसहित २५ सदस्यीय कमिटी गठन भएको भन्दै बिहीबार पत्रकार सम्मेलन गरेको छ। अर्को समुहले दिवाकर वराल (वासु) को अध्यक्षतामा दुवै निर्वाचन क्षेत्रको संयोजकसहित ३६ सदस्यीय कमिटी भएको विज्ञप्ति जारी गरेको छ। बस्नेतको कमिटीमा एकजनामात्रै उपाध्यक्ष राखिएको छ। वराल अध्यक्ष रहेको कमिटीमा तीनजनालाई उपाध्यक्ष बनाइएको छ। बस्नेत ओली पक्षधर र बराल नेपाल पक्षधर मानिन्छन्। तर, दुवैले कुनै पनि गुट र कुनै नेताको पक्षधर नभएको र सर्वसम्मत कमिटी गठन भएको दाबी गरेका गर्दै सामाजिक सञ्जालमा प्रचार गरेका छन्। बस्नेततर्फका उपाध्यक्ष भनिएका मेखबहादुर गुरुङ बराल नेतृत्वको कमिटीका पनि उपाध्यक्षमा छन्। कमल गुरुङ र गजेन्द्र बस्नेत दुवै नेतृत्वको क्षेत्र नम्बर १ र २ का संयोजकमा छन्। बस्नेत पक्षले सहसचिवमा राखेको भनिएका गंगाबहादुर घले बराल समूहको सूचिमा उपाध्यक्ष पदमा छन्। बराल पक्षको सूचिमा सचिव पदमा रहेका सुमन गुरुङको नाम बस्नेत पक्षको सूचिमा सदस्यमा छ।

व्यास नगरको बजेट ३० करोड

तनहुँ (कास)- व्यास नगरपालिकाको २६ औं परिषदले उज्यालो, सफा र हरियो नगरपालिका बनाउने निर्णयसहित आगामी आवका लागि ३० करोड ३६ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ। राष्ट्रिय भवन निर्माण संहितालाई कडाईका साथ लाग् गर्ने नीति लिएको कार्यकारी अधिकृत डिल्लीराम सिग्देलले बताए। नगरले चालु वर्षभित्रै सबै प्लाष्टिक मुक्त बनाएर कागज र कपडाका झोला प्रयोगमा ल्याउने तयारी गरिरहेको छ। सिग्देलले आगामी वर्ष पूँजिगत तर्फ २६ करोड ८३ लाख रुपैयाँ बिनियोजन गरेको जानकारी दिए। चालु तर्फ ४ करोड ७१ लाख रुपैयाँ बिनियोजन भएको छ। नेपालकै पहिलो वातावरण मैत्री नगर घोषणा गर्ने काम आव २०७४/७५ मा पुरा हुने उनले बताए।

पुतलीबजारको बजेट १८ करोड


स्याङ्जा (कास)- पुतलीबजार नगरपालिकाले बिहीबार २९ औं नगर परिषद गर्दै आगामी आवका लागि १८ करोडको बजेट तथा कार्यक्रम सार्वजानिक गरेको छ। कुल बजेटमा १ करोड २० लाख आन्तरीक स्रोत र १६ करोड ८२ लाख बाह्य स्रोतबाट जुटाइने घोषणा कार्यकारी अधिकृत लेखनाथ न्यौपानेले गरे। सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा कार्यक्रमतर्फ ७ करोड ५८ लाख १९ हजार छ भने लक्षित विकास कार्यक्रमतर्फ १ करोड २३ लाख ५३ हजार विनियोजन गरिएको छ। महिला, जनजाति, अपांग, बालबालिका, दलित र विपन्नका लागि बजेटको १० प्रतिशतले रकम छुट्याइएको उनले बताए।

यस्तै गत वर्ष नगरपालिका घोषित भिरकोटले आगामी आर्थिक वर्षका लागि करिब १० करोडको बजेट सार्वजनिक गरेको छ। बुधबार भएको नगर परिषदमा कार्यकारी अधिकृत झविश्वर रेग्मीले चालुतर्फ ४ करोड र पूँजीगततर्फ ५ करोड ७३ लाखको बजेट सार्वजनिक गरेका हुन्।

सेनाद्वारा शिविर

भरतपुर (कास)- नेपाली सेनाको दि फेमस दल गण भरतपुरले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ। भरतपुर अस्पताल, क्लिनिक नेपाल र भरतपुर आँखा अस्पतालको सहकार्यमा कालिका नगरपालिकाको गैराबारीका बुधबार शिविर सञ्चालन गरिएको हो। शिविरमा अस्पतलका प्रसुती रोग, नाक, कान, घांटी, हाडजोर्नी, जनरल फिजिसियन, जनरल सर्जन तथा भरतपुर आँखा अस्पतालका आँखा रोग विशेषज्ञ, नेपाली सेनाका डाक्टर अधिकृतले बिरामीलाई स्वास्थ्य परीक्षण गरेका थिए। शिविरमा क्लिनिक नेपालको टिमद्वारा निःशुल्क औषधि वितरण गरिएको थियो। शिविरमा शक्तिखोर, सिद्धि, गैराबारी इलाकाका स्थानीय महिला १ सय ६० र पुरुष १ सय १५ जनाले सेवा लिएका थिए।







› तपाईको आज

मेष	खटपट	तुला	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पूण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानी	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पूर्ण

› भोलिको पात्रो

विक्रम संवत् २०७३ साल माघ १ गते शनिबार तदनुरुप १४ जनवरी २०१७ माघ कृष्णपक्ष द्वितीया तिथि दिनको २:५८ बजेसम्म उप्रान्त तृतिया तिथि, अश्लेषा नक्षत्र रात्रिको १:३२ बजेसम्म उप्रान्त मघा नक्षत्र, प्रीति योग रात्रिको ७:८ बजेसम्म उप्रान्त आयुष्मान् योग वणिजकरण रात्रिको २:३३ बजेसम्म उप्रान्त भद्रा करण कर्कट राशिमा रात्रिको १:३२ बजेसम्म उप्रान्त सिंह राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर/अमृत वाणी
६:००	जीवन विज्ञान/ज्योतिष मन्थन
६:४०	स्काइ सप
७:००	कान्तिपुर समाचार
८:००	कान्तिपुर न्यूज
८:३०	राइज एण्ड साइन
९:००	हेडलाइन न्यूज
९:०५	मार्ग्दर्शन
१०:००	कान्तिपुर समाचार
१०:३०	एमएनएस
११:००	हेडलाइन न्यूज
११:०५	समाकन २
१२:००	कान्तिपुर समाचार
१२:३०	हर्के हल्दार
१:००	हेडलाइन न्यूज
१:०५	डिठ्ठासाब
१:३०	किलो टेंगो माइक
२:००	मृगी
५:००	हेडलाइन न्यूज
५:०५	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	म्युजिक समिट
७:००	कान्तिपुर समाचार
७:३०	इन्फो प्लस
८:००	कान्तिपुर समाचार
९:००	डिठ्ठासाब
९:३०	परिवर्तन
१०:३०	कान्तिपुर न्यूज
११:००	कान्तिपुर समाचार
११:३०	इन्फो प्लस
१२:००	कल कान्तिपुर
१:००	कान्तिपुर न्यूज
१:३०	डिठ्ठा साब
२:००	कान्तिपुर समाचार
२:३०	म्युजिक समिट
३:००	कान्तिपुर समाचार
३:३०	परिवर्तन
४:३०	डिठ्ठा साब

रेडियो कान्तिपुर ९६.१

हरेक दिन २४ सै घन्टा हरपलको साथी

00:01	ननस्टप नेपाली आधुनिक सङ्स
01:02	ननस्टप नेपाली पप सङ्स
02:08	ननस्टप हिन्दी सङ्स
08:05	ननस्टप भजन
६:२५	भक्ति अनुष्ठान (जनार्दन)
06:55	कान्तिपुर डायरी
09:30	द हेड लाइनर्स
८:00	मानसिक स्वास्थ्यमा कोसिस
९:00	गुडमर्निङ शो (गिरिश)
९:१0	कान्तिपुर डायरी
0९:५५	ट्राफिक अपडेट (नेपाल प्रहरी)
१0:00	किक स्टार्ट (सञ्जय)
११:00	न्यु रिलिज (रेमन)
१२:00	फेमिना (चाँदनी)
१२:१0	कान्तिपुर डायरी
१३:00	ब्रन्च विफ भूमिका (भूमिका)
१५:00	के छ नेपाल (रेमन)
१५:१५	कान्तिपुर डायरी
१६:00	सौराइ (कृष्ण)
१७:00	सिने विज्ञ (चाँदनी)
१८:00	फेनाटिक फ्राइडे (रिमता/महेश)
१८:३0	हेप्पी लाइफ (हेम सुवेदी)
१९:00	कान्तिपुर डायरी
२0:00	प्लेग्रोनिक्स (सञ्जय)
२१:00	वेल नो टेन्सन (दीपक/अनिबका)
२१:३0	कान्तिपुर डायरी
२२:00	इन्द्रेणी
२३:00	क्लब मिक्स (गिरिश)
२४:00	इलिवेन्थ हावर (सञ्जय)

अस्पताल र विविध

चितवनका महत्त्वपूर्ण नम्बर

एम्बुलेन्स रेडक्रस	०५६-५२०१३३
रक्तसंचार केन्द्र भरतपुर	०५६-५२०८८०
दमकल भरतपुर	०५६-५२१०८३
भरतपुर अस्पताल	०५६-५२०१११/५२६३००
बिपि कोइराला क्यान्सर अस्पताल	५२६५०१/५२६४०२
कलेज अफ मेडिकल साइन्सेस	५२४०१३/५२५०१२
चितवन मेडिकल कलेज	५३२९३३/५३३२०१
चितवन अस्पताल	५२७९०९/५२२२०२
आँखा अस्पताल भरतपुर	५२०३३३
जिल्ला प्रहरी कार्यालय	०५६-५२६२४१ /५२०१५५
जिल्ला ट्राफिक कार्यालय	०५६-५२४८९२
प्रहरी कार्यालय गुटिलन	०५६-५४००८३
प्रहरी कन्ट्रोल	१००

नवलपरासीका महत्त्वपूर्ण नम्बर

रेडक्रस कावासोती	०७८-५४०४१८
जिल्ला अस्पताल परासी	०७८-५२०५०३
दमकल परासी	०७८-५२०१०१
मध्यबिन्दु सामुदायिक अस्पताल	०७८-५४०६१६/६९३०४४
प्राकृतिक चिकित्सालय रजहर	०७८-५६५४७५
जिल्ला प्रहरी	०७८-५२०१९२/५२०२००
जिल्ला ट्राफिक नवलपरासी	०७८-५४००३०
प्रहरी कार्यालय उँडाकोट	०५६-५०१९९२
प्रहरी कार्यालय रजहर	०७८-५६५१००
प्रहरी कार्यालय कावासोती	०७८-५४०१७२
प्रहरी कार्यालय सुनवल	०७८-५४०१००

पोखराका महत्त्वपूर्ण नम्बरहरू

रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस	०६१-५२१०२१
कास्की रेडक्रस	०६१-५२०३७७
दमकल सेवा	०६१-५२०२२२
शव बाहन सेवा (सिद्धार्थ वलब)	०६१-५३०२००
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२००६६/६७
मनिपाल शिक्षण अस्पताल	०६१-५२६४९६/७०/९८
गण्डकी मेडिकल कलेज	०६१-५४०२५३
हिमालय आँखा अस्पताल	०६१-६६१९६८
पोस्त्रा विश्वविद्यालय, लेखनाथ	०६१-५६९०६६/५६१५६६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि ११११/०६१-६६४८१२
क्षेत्रीय प्रहरी कार्यालय	०६१-५२५००/९८५६०२८३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८५६०३५५०९
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०८१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५१२७२०८७

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२९९८८
त्रिवि शिक्षण अस्पताल	४४१७७०७
प्रसुति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३०६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१८६०६
मानसिक अस्पताल	५५२५३३३
कान्ति बाल अस्पताल	४१९४७९८/४४२७४५२
काठमाडौं मोडल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२९२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४९८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९०६५१०४४५१०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्नर निःशुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर ट्यावर्स संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

च्याउ खेतीमा आकर्षण बढ्दो

कान्तिपुर संवाददाता

कञ्चनपुर- कोही पराल काटदै थिए । कतै काटेको पराल पानीमा भिजाउने काम भइरहेको थियो । कतिपय भिजाएको परललाई ठूलो ड्रमभित्र हालेर बाफमा निर्मलीकरण गरिरहेका थिए । एक ठाउँमा भेला भएका केही व्यक्ति परालसँगै च्याउको बीउ प्लास्टिकको ब्यागमा भरिरहेका थिए । यो दृश्य हो बुधबार सशस्त्र प्रहरीको गड्डाचौकीस्थित भन्सार तथा राजस्व गुल्मभित्रको ।

जिल्ला कृषि विकासले च्याउ खेतीसम्बन्धी तालिम सञ्चालन गरेपछि गुल्मका जवान तथा अधिकृतहरू यसतर्फ निकै आकर्षित देखिन्थे । इन्चार्ज डीएसपी नेत्र केसीसहितका अधिकृत र जवान च्याउ खेतीको तालिममा सहभागी भएका थिए । उनीहरू उत्सुकतासाथ ध्यान दिइरहेका थिए ।

'यो निकै काम लाग्ने तालिम रहेछ,' च्याउ खेती तालिम सकिएपछि डीएसपी केसीले भने, 'यहाँ भएका सबैले आ-आफ्नो गाउँ तथा टोलमा यसबारे जानकारी दिन सक्छन् ।' उनले च्याउ खेतीबाट ब्यारेकमा समेत बाहिरबाट आयात हुने तरकारीको खपत घटाउन सकिने बताए ।

तालिममा सीमावर्ती भारतीय सीमा सुरक्षा बल (एसएसबी) का जवानसमेत सहभागी भए । उनीहरूले पनि कृषि विकास कार्यालयका प्राविधिकलाई खेतीबारे जिज्ञासा राखिरहेका थिए । तालिममा सहभागी अधिकांशले ब्यारेकसँगै आफ्नो घरमा समेत च्याउ उत्पादन गर्ने प्रतिक्रिया दिए । कृषि विकासले आयोजना गरेका च्याउ खेतीसम्बन्धी तालिममा अन्य ठाउँमा पनि सहभागिता उत्साहजनक रहेको प्राविधिक बताउँछन् ।

कृषि कार्यालयले च्याउ उत्पादनलाई बढाउने उद्देश्यसहित विभिन्न ठाउँमा तालिम प्रदान गर्दै आएको छ । यस वर्षमात्रै सशस्त्र प्रहरीको गुल्मसँगै, वृद्धाश्रम, सहकारी र महिला समूहलगायत गरी आधा दर्जनभन्दा बढी संघसंस्थालाई तालिम प्रदान गरिएको कृषिका बाली संरक्षण अधिकृत देवीदत्त कलौनीले बताए । 'टनेल निर्माणदेखि च्याउ राख्नेसम्म सबै सीप सिकाउँदै आएका छौं,' उनले भने, 'यसले च्याउ खेतीमा आकर्षण बढाएको छ ।' हालका केही वर्षयता जिल्लामा च्याउ खेतीप्रति कृषकको आकर्षण बढ्दै गए पनि बीउको उपलब्धता र प्राविधिक ज्ञान अभाव रहेको देखिन्छ । 'आगामी वर्षसम्म जिल्लामा च्याउ उत्पादन पर्याप्त गर्न सकिने देखिन्छ,' कलौनीले भने, 'अन्य तरकारीभन्दा कम समयमा उत्पादन हुन्छ ।' उनले जिल्लाका विभिन्न सहकारी तथा कृषक समूहबाट तालिम र बीउको माग भइरहेको बताए ।

कृषि विकास कार्यालयले विपन्न तथा लक्षित वर्गलाई पनि च्याउ खेतीकै लागि टनेल निर्माण आदिमा अनुदान दिँदै आएको छ । यस वर्ष २० कृषकलाई अनुदान र तालिम प्रदान गरिएको हो । मागअनुसार सहकारी र समूहलाई पनि तालिम दिने गरेको बाली संरक्षण अधिकृत कलौनीले बताए । उनले पछिल्लो समय च्याउको माग बढ्दै गएकाले कृषकहरू यसतर्फ आकर्षित हुन थालेको बताए । कतिपयले घरमै खानका लागि भए पनि च्याउ खेती गर्न थालेका छन् ।



सशस्त्र प्रहरी ब्यारेक गड्डाचौकीमा बुधबार आयोजित च्याउ खेतीसम्बन्धी तालिममा सहभागी । *तस्विर : भवानी भट्ट/कान्तिपुर*

उच्चमावि नहुँदा पढाइ अधुरै

एसएलसीपछि ६० प्रतिशत विद्यार्थी विदेश उड्छन्

कान्तिपुर संवाददाता

रुकुम- राडुसी ७, का टेकबहादुर पुन एसएलसीपछि विद्यालय गएनन् । ०७२ को एसएलसी परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण पुनले पढ्ने चाहना हुँदाहुँदै विद्यालय छाड्नुपऱ्यो । एसएलसीका मार्कसिट बाकसमा थन्काएर उनी वैदेशिक रोजगारीका लागि उडे । राडसी ६, का ठगेन्द्र बुढाको पनि एसएलसीपछि पढाइ अघि बढाउन सकेनन् । बुढाले पनि एसएलसीका मार्कसिट घरमा राखेर विदेश गए ।

गाउँमै १२ कक्षासम्म पढाइ नहुँदा पुन र बुढाजस्तै राडसीका धेरैले एसएलसी पछिको पढाइलाई निरन्तरता दिन सकेका छैनन् । आर्थिक अवस्था कमजोर भएका कारण घर छाडेर अर्को ठाउँमा गएर पढ्न नसक्दा त्यस क्षेत्रका विद्यार्थी विदेश भासिने गरेका छन् । एसएलसीपछि विदेश उड्नेको सूची राडसीमा लामै भएको छ । हरेक वर्ष एसएलसी उत्तीर्ण गर्नेमध्ये ६० प्रतिशतभन्दा बढी विदेश जाने गरेको स्थानीय शिक्षक टोपजंग बुढाले बताए । गाविसभर ३ विद्यालय छन् । २ वटा आधारभूत र एक मावि । राडसी ५ स्थित सिद्धमण्डली माविमा १० कक्षासम्म पढाइ हुन्छ ।

एसएलसीपछिको पढाइका लागि राडसीवासीले घर छाड्नै पर्छ । नजिक ११ र १२ पढाइ हुने विद्यालय नहुँदा धेरैले पढ्ने चाहनालाई बन्धक बनाउनुपर्ने अवस्था रहेको हो । यहाँका न्यून संख्यामा मात्रै जिल्ला बाहिर गएर पढ्छन् । उनीहरूमध्ये केही छिमेकी गाविसका उच्चमावि भर्ना हुन्छन् । धेरैजसो भने एसएलसीपछिको औपचारिक पढाइ छाड्न बाध्य हुने स्थानीयले बताए ।

राडसीनजिक रुकुमकोटको रुक्मिणी मावि र प्वाङको हिमालय मावि नायगाड पर्छ । त्यहाँ पढ्नलाई पनि घर छाड्नै पर्छ । 'यहाँका अधिकांश विद्यार्थीलाई एसएलसीपछिको पढाइका लागि घर नछाडी सम्भव छैन,' शिक्षक बुढाले भने, 'घर छाडेर पढ्ने आर्थिक अवस्था धेरैको छैन र एसएलसीपछि विदेशिनुको विकल्प पनि छैन ।' गाविसको एकमात्रै सिद्धमण्डली माविका प्रधानाध्यापक चिताराम केसीले आर्थिक अवस्था कमजोर भएकाले एसएलसीपछिको पढाइ छाड्नुपर्ने बाध्यता रहेको बताए । 'घरबाटै पठनपाठन भ्याउने गरी प्लस टु पढाइ हुने विद्यालय राडसी नजिक छैन,' प्रअ केसीले भने, 'एसएलसीपछिको पढाइ गर्न घर छाड्नै पर्ने अवस्था यहाँको छ ।' उनका अनुसार उक्त विद्यालयको कक्षा १० मा हरेक वर्ष ४० देखि ५० जनासम्म विद्यार्थीले अध्ययन गर्ने गर्छन् । यसअघि प्लस टुसम्मको पढाइ सञ्चालन गर्ने विद्यालयको तयारी सफल हुन सकेन । निजी स्रोतबाट नियुक्त गरिएका शिक्षक राख्ने र हटाउने विषयमा कुरा नमिल्दा प्लस टु सञ्चालन गर्न समस्या भएको एक अभिभावकले बताए । 'नाखा र राडसी दुई गाउँको बीचमा रहेको विद्यालयमा शिक्षक नियुक्त गर्ने विषयमा दुई गाउँबीच कुरा नमिल्दा समस्या भइरहेको छ,' ती अभिभावकले भने ।

भवनको कोटा वितरणमा किचलो

बझाङ (कास)- विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत भवन निर्माण तथा मर्मत कोटा वितरण हुन नसक्दा विवाद बढ्दै गएको छ । भदौभित्रै वितरण गरिनुपर्ने भवन निर्माणका योजना भागबन्डाको विवाद नमिल्दा अहिलेसम्म केही हुन सकेका छैनन् ।

तत्कालीन जिल्ला शिक्षा अधिकारी मदनकुमार थापाले सरुवा हुनै लाग्दा गत असोज दोस्रो साता जिल्ला शिक्षाअन्तर्गतको भौतिक सुविधा विस्तार कार्यक्रम छनोट समितिको बैठक राखेर भवन निर्माणका योजना वितरण गरेका थिए । उनले योजना वितरण गरेलगत्तै ठूलो रकम कमिसन लिएको र राजनीतिक दललाई बेवास्ता गरेको भन्दै कांग्रेस, एमाले र माओवादी केन्द्र प्रमुख नेताले विरोध गरेपछि निर्णय कार्यान्वयन हुन सकिरहेको छैन । राजनीतिक दलको विरोधमा अहिले जिल्ला शिक्षा अधिकारी सूर्यबहादुर सिंह र केही कर्मचारीको पनि समर्थन रहेको छ ।

थापाले अनियमितता गरेको भन्दै दलहरूले जिल्ला प्रशासन र अख्तियारमा समेत उजुरी गरेका थिए । असोज १५ मा सरुवा भएका थापाले ३ दिनपछि योजना वितरणको निर्णय गरेको र असोज १४ को मिति राखिएको शिक्षाका एक कर्मचारीले बताए । 'कसैलाई जानकारी नै नगराई रातारात भवनको योजना वितरण गरेर भाग्नुको पछाडि के कारण हुन्छ ?' उनले भने, 'त्यहाँ ठूलो कमिसनको खेल छ ।' तर हाल हुम्लामा कार्यरत जिशिअ थापाले आफूले नियमअनुसार नै काम गरेको दाबी गरेका छन् । 'दलहरूले भागबन्डा गरी खाने प्रचलन रहेकोमा त्यो नहुँदा विरोध भएको हो,' उनले भने । योजना वितरण विवाद चुलिँदै गएपछि वास्तविकता बुझ्नका लागि क्षेत्रीय निर्देशकको नेतृत्वमा छानबिन टोली नै गठन गरेको छ ।

स्थलगत अनुगमनमा आएका क्षेत्रीय निर्देशक लालजंग चौहानले तत्कालीन शिक्षा अधिकारी मदन थापाले कर्मचारीको दायित्व र कर्तव्यबाट विचलित भएर योजना वितरण गरेको बताए । 'शिक्षा मन्त्रालयले योजना कसरी वितरण गर्ने भन्ने निर्देशिका नै नबनाएको अवस्थामा हतारमा बाँडिएको पाइएको छ,' उनले भने, 'यसमा कर्मचारीले आफ्नो पेसागत मर्यादा उल्लंघन गरेको देखिएको छ ।'

यो वर्ष जिल्लामा ४९ वटा २ कोठे भवन, ७ वटा ४ कोठे र ८० वटा भवन मर्मतका लागि कोटा प्राप्त भएका छन् ।

सिँचाइ समस्याले गाउँले विस्थापित

बैतडी (कास)- गाउँमा सिँचाइ र खानेपानीको सुविधा अवरुद्ध भएपछि मेलौली ३ स्यालतडी गाउँका ५० परिवार ९ वर्षदेखि विस्थापित छन् ।

उक्त गाउँमा पहिरोले ५ सय ५० मिटर कुलो भत्काएपछि ८ सय रोपनी खेत बाँझो बनेको हो । आकाशे पानीका भरमा उत्पादन नहुँदा गाउँ छाड्ने अवस्था आएको स्थानीयले बताए । ०६४ सालमा पहिरोले कुलो बगाउँदा खाद्यान्न उत्पादन हुन छाडेपछि गाउँले बसाइँ सरेका हुन् ।

वर्षमा ३ सिजन बाली उत्पादन हुने खेतमा अहिले सिस्नु र झारपात उम्रिएको छ । खानेपानी बोकेरै जुटाउन सकिने अवस्था भए पनि सिँचाइको व्यवस्था नहुँदा गाउँका ३१ परिवार छिमेकी महारुद गाविस ६ मा सरेका हुन् । अन्य परिवारको स्यालतडीमा बस्दै आएका छन् । उनीहरूलाई खाद्यान्न जुटाउन समस्या भएको छ । नदी किनारको धान खेत पाखो बारी बनेपछि उत्पादन नै हुन छाडेको स्थानीय बताउँछन् ।

तीन किलोमिटर टाढा सुरनया गाडबाट परम्परागत कुलोबाट सिँचाइ गर्दै आएका थिए । बगाएको कुलो मर्मत गर्न सकिने अवस्था नहुँदा खेत बाँझो बनेको हो ।

स्वास्थ्यचौकी जान ३ घण्टा



मुगुस्थित स्वास्थ्यचौकीको चौरमा शनिबार घाम ताप्दै बिरामी । अत्यधिक चिसोका कारण अस्पतालमा भर्ना भएका बिरामीलाई कठिनाइ भएको छ । *तस्विर : राजबहादुर शाही/कान्तिपुर*

सत्यान (कास)- स्थानीय ढोरपिपलवासीलाई नजिकैको स्वास्थ्य चौकी पुग्न ३ घण्टा हिँड्नुपर्छ । कुपिन्डे दह, माँझकाडा र घाँजरीपिपल गाविसको मध्य भागमा पर्ने भए पनि स्वास्थ्य उपचार लिन स्थानीयलाई सास्ती भएको हो । स्वास्थ्य संस्थासम्म यातायात सुविधा नभएकाले उपचारका लागि हिँडेर जानुको विकल्प छैन ।

स्वास्थ्य संस्था टाढा भएकै कारण स्थानीय २ सयभन्दा बढी परिवार उपचारबाट प्रभावित छन् । सानोतिनो उपचारका लागि पनि सुर्खेतको मालारानीस्थित निजी क्लिनिक जान बाध्य भएको स्थानीयले जनाए । आफ्नै गाविसमा स्वास्थ्य संस्था भएर पनि टाढा हुँदा सेवाबाट वञ्चित हुनुपरेको स्थानीय बेलधर बुढाथोकीले बताए ।

यसले हिँड्न नसक्नेहरू बढी प्रभावित भएका छन् ।

अहिलेसम्म उपचारका लागि आफ्नो गाविसको स्वास्थ्यचौकी नगएको स्थानीय विमला खडकाले बताइन् । 'गर्भवती महिला बढी समस्यामा छन्,' उनले भनिन्, 'मासिक जाँच गराउनै समस्या छ । सुत्केरी गराउन त टाढाको कुरा भएको छ ।'

अपराध अनुसन्धान प्रभावकारीका लागि अभियान

■ **कृष्णप्रसाद गौतम**

नेपालगन्ज- अन्चल प्रहरी कार्यालय भेरीले अपराध अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन अभियान सञ्चालन गरेको छ । कार्यालयले अभियानअन्तर्गत बुधबार भेरी अञ्चलका प्रहरी प्रमुखसहित ५५ जना अनुसन्धान अधिकृतको कार्य समीक्षा भेला आयोजना गऱ्यो ।

भेलामा प्रहरी अधिकृतहरूले प्रहरीको अपराध अनुसन्धान र अभियोजन पक्षमा देखापरेका समस्या र चुनौतीको पहिचान, मुद्दाहरूको अवस्थालगायतमा छलफल गरिएको छ । आपराधिक सूचना संकलन, अनुसन्धानका क्रममा देखा परेको समस्या लगायतको विषयमा छलफल र प्रशिक्षण दिइएको कार्यालयले जनाएको छ । अञ्चल प्रहरी प्रमुख एसएसपी धिरु बस्न्यातका अनुसार भेलाले अपराध रोकथाम, जोखिममा परेका महिला र बालबालिकाको उद्धार तथा अनुसन्धानमा संस्थागत तथा कार्य शैलीगत सुधारमा सहयोग पुऱ्याएको छ । 'अनुसन्धानमा देखिएका कमी कमजोरीहरूको पहिचान र त्यसको समाधानका लागि पहलबारे मार्गनिर्देशन गरिएको छ,' उनले भने, 'यसले प्रहरी अधिकृतहरूको अनुसन्धान प्रक्रियालाई सशक्त बनाएको छ ।'

भेरी अञ्चलका बाँके, बर्दिया, सुर्खेत, दैलेख र जाजरकोटमा रहेका १ सय ९८ प्रहरी इकाईको अपराध अनुसन्धान प्रक्रियालाई प्रभावकारी बनाइन थालेको उनले बताए । कार्यालयका अनुसार अपराध अनुसन्धानका लागि विभिन्न जिल्लामा १६ पटक विभिन्न तालिम सञ्चालन गरिएको छ । तालिममार्फत ५ सय ४० प्रहरी जवानलाई प्रशिक्षित गरिएको हो । भेरी अञ्चलमा वर्षमा १ हजार ६ सय ७ मुद्दा दर्ता हुने प्रहरीले जनाएको छ । एक प्रहरी इकाईको भागमा १ सय २८ मुद्दा दायर हुने गरेको छ । एक वर्षको अवधिमा १ हजार ४ सय ३१ मध्ये १ हजार २ सय १९ जनालाई अभियुक्त पक्राउ परेको कार्यालयले जनाएको छ । मध्यपश्चिम प्रहरी प्रमुख डीआईजी माधवप्रसाद नेपालले अपराध अनुसन्धान कार्यमा भेरी अञ्चल सबैभन्दा उत्कृष्ट भएको बताए ।







तपाईंको आज

मेष	खटपट	तुला	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पूण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानी	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पूर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७३ साल माघ १ गते शनिबार तदनुरुप १४ जनवरी २०१७ माघ कृष्णपक्ष द्वितीया तिथि दिनको २:५८ बजेसम्म उप्रान्त तृतीया तिथि, अश्लेषा नक्षत्र रात्रिको १:३२ बजेसम्म उप्रान्त मघा नक्षत्र, प्रीति योग रात्रिको ७:८ बजेसम्म उप्रान्त आयुष्मान् योग वणिजकरण रात्रिको २:३३ बजेसम्म उप्रान्त भद्रा करण कर्कट राशिमा रात्रिको १:३२ बजेसम्म उप्रान्त सिंह राशिमा । ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर/अमृत वाणी
६:००	जीवन विज्ञान/ज्योतिष मन्थन
६:४०	स्काइ सप
७:००	कान्तिपुर समाचार
८:००	कान्तिपुर न्यूज
८:३०	राइज एण्ड साइन
९:००	हेडलाइन न्यूज
९:०५	मार्गदर्शन
१०:००	कान्तिपुर समाचार
१०:३०	एमएनएस
११:००	हेडलाइन न्यूज
११:०५	समाकन २
१२:००	कान्तिपुर समाचार
१२:३०	हर्के हल्दार
१:००	हेडलाइन न्यूज
१:०५	डिठ्ठासाब
१:३०	किलो टेंगो माइक
२:००	मृगी
५:००	हेडलाइन न्यूज
५:०५	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	न्युजिक समिट
७:००	कान्तिपुर समाचार
७:३०	इन्फो प्लस
८:००	कान्तिपुर समाचार
९:००	डिठ्ठासाब
९:३०	परिवर्तन
१०:३०	कान्तिपुर न्यूज
११:००	कान्तिपुर समाचार
११:३०	इन्फो प्लस
१२:००	कल कान्तिपुर
१:००	कान्तिपुर न्यूज
१:३०	डिठ्ठा साब
२:००	कान्तिपुर समाचार
२:३०	न्युजिक समिट
३:००	कान्तिपुर समाचार
३:३०	परिवर्तन
४:३०	डिठ्ठा साब

रेडियो कान्तिपुर ९६.१

हरेक दिन २४ सै घन्टा हरपलको साथी

00:०१	ननस्टप नेपाली आधुनिक सङ्गस
०१:०२	ननस्टप नेपाली पप सङ्गस
०२:०८	ननस्टप हिन्दी सङ्गस
०८:०५	ननस्टप भजन
६:२५	भक्ति अनुष्ठान (जनार्दन)
०६:५५	कान्तिपुर डायरी
०७:३०	द हेड लाइनर्स
८:००	मानसिक स्वास्थ्यमा कोसिस
९:००	गुडमर्निङ शो (ठिरिश)
९:१०	कान्तिपुर डायरी
०९:५५	ट्राफिक अपडेट (नेपाल प्रहरी)
१०:००	किक स्टार्ट (सञ्जय)
११:००	न्यु रिलिज (रेमन)
१२:००	फेमिना (चाँदनी)
१२:१०	कान्तिपुर डायरी
१३:००	ब्रन्च विफ भूमिका (भूमिका)
१५:००	के छ नेपाल (रेमन)
१५:१५	कान्तिपुर डायरी
१६:००	सौराइ (कृष्ण)
१७:००	सिले विवज (चाँदनी)
१८:००	फेनाटिक फ्राइडे (रिमता/महेश)
१८:३०	हेप्पी लाइफ (हेम सुवेदी)
१९:००	कान्तिपुर डायरी
२०:००	प्लेट्रोनिक्स (सञ्जय)
२१:००	वेल नो ठेन्सन (दीपक/अम्बिका)
२१:३०	कान्तिपुर डायरी
२२:००	इन्द्रेणी
२३:००	क्लब मिक्स (ठिरिश)
२४:००	इलिवेन्थ हावर (सञ्जय)

अस्पताल र विविध

नेपालगन्जका महत्वपूर्ण टेलिफोन

मेरी अञ्चल अस्पताल	५२०१९३
जिल्ला प्रहरी कार्यालय	५२०२१९
वडा प्रहरी कार्यालय	५२०२२९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०१०४
बारुण यन्त्र	५२०१९९
रेडक्रस ब्लड बैंक	५२०१७४

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१९९१
जिल्ला प्रहरी कार्यालय	५२१२००
वडा प्रहरी कार्यालय	५२१२२२
नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२१९०२
महाकाली बस व्यवसायी समिति	५२१६२७/५२१२८९

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१५४०
वडा प्रहरी कार्यालय	५२१२२९
नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार तथा एम्बुलेन्स सेवा	५२१६००
जिल्ला प्रशासन कार्यालय	५२१९०१
बस व्यवसायी समिति (टिकट काउन्टर)	५२१२४२
धनगढी नगरपालिका (दमकल)	१०१
टीकापुर (दमकल)	५६०४९९
टीकापुर अस्पताल	५६०१५०

काठमाडौंका महत्वपूर्ण टेलिफोन

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३३३
नेपाल आँखा बैंक	४४२३६८३
नेपाल आँखा अस्पताल	४२५०४१९
तिलगंगा आँखा अस्पताल	४४२३६८३
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२०६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२७८८
भक्तपुर अस्पताल	६६१०६६६
मानसिक अस्पताल	५५२९३३३
कान्ति बाल अस्पताल	४४१६७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडीकेयर मेगनल अस्पताल	४४६०८६७
मेडीकेयर मेगनल अस्पताल (एम्बुलेन्स)	४४६०८६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०९८१
नेपाल अर्थोपेडिक अस्पताल	४४२७०२५
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७१६०३
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११०५७/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२२०८६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४९८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५१०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४९२२९२
देव कर्नर नि:शुल्क शववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००
नेपाल मिटर ब्यवसायी संघ	४२२४३७४

कान्तिपुर

kantipur.ekantipur.com

शुक्रबार

कान्तिपुरको शुक्रबार परिशिष्टाङ्क

२९ पुस २०७३



सोमपाल

अक्सनमा आधारित धनगढी प्रिमियर लिगका निम्ति ६ सहरका फ्रेन्चाइज टिम कसरी तयार भए त ?

डीपीएल धमाका



राजु घिसिङ
twitter: @rghising



सागर

नेपाली क्रिकेटमा चर्चित नाम हुन्, महबुब आलम। नेपाली राष्ट्रिय टिमले ६ वर्षयता माथिल्लो स्तरमा सफलता हात पार्दै जाँदा भने उनी पछाडि पर्दै गए। उनलाई विशेष गरी विश्व क्रिकेट लिग डिभिजन फाइभमा मोजाम्बिकविरुद्ध सन् २००८ मा लिएको १० विकेटको उपलब्धिका लागि सम्झिइने गरिन्छ। उनको फर्म खस्किएको छ तर उनी क्रिकेटबाट भने टाढिएका छैनन्। राष्ट्रिय टिममा नपरेको दुई वर्ष भइसके पनि उनीमाथि सगरमाथा सिमेन्ट धनगढी प्रिमियर लिग (डीपीएल) को अक्सनमा उच्चतम मूल्य लाग्यो।

अलराउन्डर महबुबलाई सिवाइसी अत्तरियाले १ लाख मूल्य लगाएको हो। उनले आफ्नो स्किलअनुसार पिचमा दिमाग लगाउने हो भने यो मूल्य अस्वाभाविक होइन। उनीसँगै अहिलेका स्टारहरू सागर पुन, सोमपाल कामी र करण केसीले पनि उच्चतम मूल्य पाएका थिए। यी तीन खेलाडीलाई कसले लिने भन्ने होड नै चल्यो र त्यसको निर्णय गर्न लक्की ड्र नै गर्नुपरेको थियो।

एक वर्षअघि मात्र राष्ट्रिय टिममा पुगेका फास्ट बलर करणलाई पनि अत्तरियाले भित्र्याएको हो। दुई वर्षदेखि नेपाली फास्ट बलिङको नेतृत्व गरिरहेका सोमपाललाई काठमाडौं गोल्डेन्सले लियो। अलराउन्डर सागर स्किलफुल ब्याटसम्यान पनि हुन् त उनले अन्तर्राष्ट्रिय क्रिकेटमा आफ्नो कौशल देखाउन सकेका छैनन्। सन् २०११ यता निरन्तर नेपाली टिममा रहँदै आएका उनलाई कञ्चनपुर आइकोनिक्सबाट डीपीएल खेल्नेछन्।

घरेलु क्रिकेटमा आक्रमक ब्याटिङ गर्दै आएका राष्ट्रिय टिमका ओपनर ब्याटसम्यान नरेश बुढाऐरलाई काठमाडौं गोल्डेन्सले ९५ हजारमा बोली लगायो। पारस खड्काको कप्तानीमा रहेको टिम चौराहा धनगढीले अलराउन्डर पृथु बाँस्कोटालाई ९० हजारमा भित्र्यायो। विस्फोटक ब्याटसम्यान प्रदीप ऐरीका लागि पनि अत्तरियाले ९० हजार खर्च गऱ्यो। भुवन कार्की, अविनाश कर्ण, सिद्धान्त लोहनी, सुनील धमला, दीपेन्द्रसिंह ऐरी, सुवास खकुरेल, विक्रम सोब, राजेश पुलामी, आरिफ शेख र सन्दीप सुनारले पनि ८०-८० हजार भाउ पाए।

लेगस्पिनर सन्दीप लामिछानेलाई ६० हजारमै विराटनगर किङ्सले पायो। उनी खेलाडी वर्गीकरणमा 'बी' क्याटगोरीमा थिए र त्यसमा उच्चतम मूल्य ८० हजारसम्म बोली लाग्ने अपेक्षा गरिएको थियो। तर, अरू फ्रेन्चाइजसँग खर्च गर्ने रकम नहुँदा विराटनगरले सन्दीप सस्तोमै पाएको हो।

यू-१९ का ब्याटसम्यान शंकर रानालाई रूपन्देही च्यालेन्जर्सले लगाएको ४५ हजारलाई ओभररेटेड मानिएको छ। उसले दोस्रो विकेटकिपरको खोजीमा प्रकाश केसीलाई पनि ५० हजार लगायो। भेट्टान खेलाडी प्रफुल्ल वैद्यका लागि ३० हजार लगाउनुपरेको विराटनगरले प्रनित थापामगरका लागि पनि ५० हजार तिर्नुपऱ्यो।

राष्ट्रिय टिमबाट खेलिसकेका विकेटकिपर/ब्याट्सम्यान महेश क्षत्री र ओपनर परेस लोहनी तथा यू-१९ बाट खेलेका फास्ट बलर यज्ञमान कुमाललाई अक्सनमा बोली नै लागेन। उमेर समूह वा राष्ट्रिय टिमबाट अन्तर्राष्ट्रिय प्रतियोगिता नखेलेका चार-चार खेलाडीसहित एउटा टिमले अक्सनबाट १४ खेलाडी लिएका थिए। ६ सहरका ६ फ्रेन्चाइज टिमका कप्तानहरू यसअघि नै लक्की ड्र बाट निश्चित गरिएको थियो।

> "ठूला कुरा सबैले गर्छन् तर काम गर्दैनन्। हामीचाहिं धनगढीलाई नै क्रिकेट सहर बनाउँछौं।"

कप्तानसहित १५ खेलाडीका निम्ति एक टिमले ८ लाख ५० हजारसम्म लगानी गर्न पाउने सीमा तोकिएको थियो। कप्तानका लागि प्रत्येक टिमले समान पारिश्रमिक १ लाख ५० हजार तोकेका छन्। याक एन्ड यती होटलमा शनिबार भएको अक्सनमा कञ्चनपुरले शतप्रतिशत रकम खर्च गऱ्यो भने विराटनगरले सबभन्दा बढी १ लाख ५० हजार जोगाएको थियो।

धनगढी क्रिकेट एकेडेमी (डीसीए) र सुदूरपश्चिम कलेज (एसपीए) ले संयुक्त रूपमा आयोजना गर्न लागेको डीपीएल नेपाली क्रिकेटकै सबभन्दा ठूलो ट्वान्टी-ट्वान्टी प्रतियोगिता हुने देखिएको छ। इन्डियन प्रिमियर लिग (आईपीएल) शैलीको डीपीएल आयोजनामा १ करोड ६० लाख बढी खर्च हुने अनुमान गरिएको छ। यसमा पुरस्कार मात्रै २८ लाख ५० हजार बढी छ, जुन नेपाली क्रिकेटमा हालसम्मकै सबभन्दा बढी हो। र, फ्रेन्चाइज टिम बनाएर अक्सनबाट खेलाडी लिँदै नेपालमा सञ्चालन हुन लागेको पहिलो प्रतियोगिता पनि डीपीएल नै हो। डीपीएल चैत ५ देखि १९ सम्म धनगढीमा सञ्चालन हुनेछ। यसमा १९ खेल हुनेछ र ती सबै अञ्चल प्रहरी कार्यालयको मैदानमा हुनेछन्।

'क्रिकेट क्रेज बढ्दो छ। क्रिकेटर बन्न चाहने युवा बढिरहेका छन् तर उनीहरूका लागि खेल्ने प्रतियोगिता छैन। राष्ट्रिय प्रतियोगिता नभएको तीन वर्ष भइसकेको छ,' राष्ट्रिय टिमका कप्तान पारस खड्काले भने, 'यस्तो अवस्थामा डीपीएल क्रिकेट खेलाडीका निम्ति राम्रो प्लेटफर्म हो, जसले खेल्ने मात्र होइन, नेपाली क्रिकेटलाई नै व्यवसायिक बनाउने सुरुआत गरेको छ।' कलेजमा छँदा उनीभन्दा एक ब्याच सिनियर सुवास शाहीको कन्सेप्टमा डीपीएल आएको हो र उनैको अगुवाइमा आयोजना हुँदैछ।

'क्रिकेटमा अफगानिस्तानलाई पनि हराएर अगाडि बढ्ने हाम्रो सम्भावना छ तर आन्तरिक खिचातानी र स्वार्थको खेलको कारण नेपाली क्रिकेट पछाडि पर्दै गएको छ,' धनगढीमा क्रिकेट रंगशाला निर्माणको अभियानमा लागेका डीसीएका अध्यक्ष शाहीले भने, 'ठूला कुरा सबैले गर्छन् तर काम गर्दैनन्। काम नगरेसम्म विकास हुँदैन। त्यसैले धनगढीलाई नै क्रिकेटको सहरका रूपमा स्थापित गर्ने लक्ष्यसाथ हामी लागेका हौं। त्यसैको अभियानमा डीपीएल आयोजना गर्दैछौं।'

डीपीएल घोषणा गर्दा दुई टिम मात्र खेल्न तयार थिए। क्रिकेटका केही हस्ती नै पनि उनले प्रायोजक खोज्दासमेत टिम हाँक्न तयार भएनन्। तर, खेलाडीको अक्सन नजिकिँदै जाँदा टिम बनाउन चाहने पनि बढ्न थाले। त्यसबाट ६ टिम छनोट गरेका शाहीले प्रायोजक खोज्ने क्रममा तीन महिनाअघि काठमाडौंमा भएको भेटमा भनेका थिए- 'एक कट्ठा जग्गा बेचेर भए पनि डीपीएल आयोजना गर्नुपऱ्यो।' अब उनले जग्गा बेच्नुपर्ने अवस्था टर्दै गएको छ। अहिले डीपीएलले राष्ट्रिय-स्थानीयस्तरका दर्जन बढी प्रायोजक-पार्टनर पाइसकेको छ। ६ सहरका टिमसँग पनि प्रायोजक जोडिन थालेका छन्। यसले स्थानीयलाई पनि अनरसिप अनुभव गराएको छ।

डीसीएले गत वर्ष अक्सनबाटै खेलाडी लिएर धनगढी क्रिकेट लिग (डीसीएल) आयोजना गरेको थियो। त्यसमा फ्रेन्चाइजका रूपमा स्थानीय टोलका पाँच टिमले प्रतिस्पर्धा गरेका थिए। उक्त प्रतियोगिता डीपीएलको अभ्यास पनि थियो। डीसीएलको सफलतापछि नै सहकर्मीहरूलाई लिएर शाही डीपीएल आयोजनाका लागि तातिएका थिए। डीसीएलमा १८ हजारमा महबुबलाई लिएको अत्तरियालाई त्यसै बेलादेखि ठूलो फ्रेन्चाइज टिमका रूप दिन सिर्जनशील युवा क्लब जुटेको थियो।



करण



महबुब

तस्बिरहरू : कौशल



भित्र



पेज II
काठमाडौं कफी



पेज II | युथ स्टेसन



पेज IV | FRIDAY फेस

पेज II
लभ साशाको संसार

लभ साशाको संसार



गोकर्ण गौतम
gokarna.gtm@gmail.com



भिसा गर्लको प्रिमियरमा दंग पर्दै पुगेकी थिइन्, केकी अधिकारी। छोटो-मीठो भूमिका थियो उनको तर जसै फिल्म हेरिन्, उत्साह त्यसै उडेर गएछ। उनी आफैंले आफू पर्दामा आए/गएको पत्तै पाइनन्, आमदर्शकको त के कुरा ! कोमल मनकी केकीले निर्देशक प्रचण्डमान श्रेष्ठसँग यही बह पोखिन्। प्रचण्डले फिस्स हाँदै भनेछन्- 'यसपटक यस्तै भयो, अर्को फिल्ममा तिम्रो लिड रोल पक्का।' केकीले पत्याइनन्। उनलाई लागेछ, प्रचण्डले फकाउन मात्र यस्तो भनेका हुन्। तर त्यो 'जोक' थिएन।

भलै प्रचण्डको वचन पूरा हुन चार वर्ष लाग्यो। हिजो बिहीवार (पुस २८) बाट प्रचण्ड निर्देशित र केकी अभिनीत लभ साशा रिलिज भएको छ। प्रचण्ड रहस्य खोल्छन्, 'भिसा गर्ल रिलिज पहिल्यै यसको प्लट दिमागमा आइसकेको थियो। त्यतिबेलै केकीलाई खेलाउँछु भनेर निधो गरिसकेको थिएँ।' यसमा केकीको अपोजिटमा छन्, अभिनेता कर्म। जो प्रचण्डको 'अल टाइमफेट एक्टर' हुन्। उनको पहिलो स्क्रिप्ट फस्ट लभ र पहिलो निर्देशन भिसा गर्ल दुवैमा कर्म छुटेका थिएनन्। तर लभ साशालाई लिएर केकी सबभन्दा 'एक्साइटेड' देखिन्छिन्। किन त ? भन्छिन्, 'यो फिल्मबाट मेरो दुई वटा चाह पूरा भएको छ। प्रचण्डको निर्देशनमा काम गर्ने अनि कर्मसँग स्किन सेयर गर्ने।' डेब्यु फिल्म सानो संसार हेरेदेखि नै कर्मको फ्यान रहिछिन्, केकी।

प्रचण्डले लभ साशाका लागि औपचारिक प्रस्ताव राख्दा केकी अमेरिका थिइन्। उनी नेपाल फर्कने र स्क्रिप्टको फस्ट ड्राफ्ट तयार हुने मिति करिब उस्तै थियो। स्क्रिप्ट पढेपछि छक्कै परिछन्, डेढ दर्जन ज्यादा फिल्मकी यी हिरोइनले यस्तो 'फाइन स्क्रिप्ट' भेटेकै थिइनन् रे। आफूले खोजेजस्तै प्रोजेक्ट हात लागेको आभास भएछ उनलाई। पारिवारिक र लभस्टोरी फिल्ममा रुचाइएकी केकी भन्छिन्, 'मैले मात्र होइन, लभ साशामा आजको पुस्ताले कहीं न कहीं आफूलाई पाउँछन्। जीवनसँग अति नजिक छ यो फिल्म।'

हिरोइन मात्र किन, निर्देशकबाटै कन्टेन्टको कुरा सुनौं न त।

प्रचण्डका अनुसार आफू र आफ्ना साथीभाइहरूको जीवन भोगाइको प्रतिफल हो, लभ साशा। आजको समयमा नेपालमै बस्ने युवायुवती पनि विश्वव्यापी सञ्जालमा जोडिएका छन्, आधुनिकता र प्रविधिको उच्चतम विकासलाई अनुभूत गर्न पाएका छन्। अर्थात् फस्ट वर्ल्डकै युवा पुस्ताको झैं 'एक्सपोजर' पाएका छन्। तर बस्ने त यही समाजमा हो, जहाँ पुरातनवादी सोच हावी छ, सांस्कृतिक रूपमा बाँधिनुपर्छ। मनमा धेरै इच्छा हुन्छ, अभिव्यक्त गर्न सक्दैनन्। पढाइ पूरा हुन पाएको हुन्न, विवाहको प्रेसर आइलाग्छ। प्रचण्ड सुनाउँछन्, 'यी दुई विपरीत माहोलका कारण आन्तरिक द्वन्द्वमा फस्न बाध्य युवायुवतीको मनोवैज्ञानिक पक्षलाई कथामा उधिनेको छु।'

फिल्ममा दुई मुख्य चरित्र छन्, पर्ल (कर्म) अनि साशा (केकी)। पर्लको अर्थ मोती हुन्छ भने आर्य संस्कृतिमा साशाले मानवताकी देवी भन्ने बुझाउँछ। थिएटर हुँदै फिल्मी दुनियाँमा फड्को मारेका कर्म पनि यी दुवै पात्रमा 'मिड ट्वान्टीज' का केटाकेटीले आफूलाई अनुभूत गर्ने दावी गर्छन्। तर जीवनसँगको सामीप्यता देखाउने र सरल न्यारेसन भएको लभ साशाको सुटिङ भने बडो जटिल भइदियो। कतिसम्म भने फुरुङ्ग पर्दै पोखरास्थित सेटमा पुगेकी केकीलाई एकाध दिनपछि कहिले भागौं जस्तो भएछ। नहोस् पनि कसरी, हरेक सिनका लागि २० टेक त सामान्य हुन्थ्यो। कुनै-कुनैमा त ५० टेक सम्म।

'मलाई त प्रचण्डको काम गर्ने शैली थाहा थियो। त्यसमाथि निर्देशकले चाहेजस्तो काम ननिक्ली सयौं टेक भए पनि 'गिफ-अप' गर्नु हुन्न भन्नेमा निश्चित थिएँ/छु' कर्मले सुटिङका सुरुवाती दिन सम्झिए, 'तर केकी त पूरै नर्भस र हतोत्साहित भइन्।' केकी आफैं पनि आफ्नो 'इगो हर्ट' भएको स्विकार्छिन्।

तर दस दिन सुटिङ हुन नपाउँदै एउटा दुःखद घटना घट्यो, प्रचण्डको बुबाको देहान्त भयो। सुटिङ रोकियो। यही अवधिमा केकीले आफूलाई 'ट्रान्सफर्म' गरिन्। भन्छिन्, 'अलि ड्रामाटिक र लाउड एक्टिङ गरिरहेको बानीले गर्दा समस्या आएको थियो तर पछि मैले गर्नुपर्ने र निर्देशकले चाहेको काम ठम्माएँ।' कर्मको साथविना आफूमा यो बदलाव सम्भव नहुने उनको भनाइ छ। केकी र कर्मको इच्छा अनुरूप नै प्रचण्डले फेरि सुरुबाटै सुटिङ सुरु गरे। त्यसपछि त तीनै जनाले चाहे जस्तो काम निस्कियो। शंकै छैन, कर्म र केकी दुवै प्रतिभाशाली कलाकार हुन्। प्रचण्ड चाहिँ उनीहरूको कुन पक्षबाट बढी प्रभावित होलान् त ? अभिनयमा स्वभाविकता खोज्ने यी निर्देशक भन्छन्, 'कर्म निकै इमानदार र मिहिनेती कलाकार हो। केकीको चाहिँ पात्रलाई आत्मसात् गरेपछि अभिनय तह नै अर्कै हुँदोरहेछ, एकदमै जीवन्त खालको।'

फस्ट लभले राम्रो व्यापार गरे पनि प्रचण्डको भिसा गर्ल बक्स अफिसमा सफल हुन सकेन। यो एक दशकको अवधिमा कर्म अभिनीत झन्डै डेढ दर्जन फिल्म रिलिज भए तर सानो संसारपछि उनीप्रतिको पलाएको अपेक्षा पूरा हुन सकेन, अधिकांश फिल्म फ्लप भए, लुटलगायतका हिट भएका एकाध फिल्मको जस पनि उनले पाएनन्, फलतः उनको छवि 'अनलक्की एक्टर' का रूपमा बन्न थालेको छ। केकीको हविगत पनि कर्मको भन्दा भिन्न छैन, म्युजिक भिडियोमा राज गरेपछि फिल्मी 'इन्ट्री' मारेकी केकी अभिनीत पछिल्ला फिल्मले न पैसा कमाए, न प्रशंसा। बरु नयाँ हिरोइनको बोलवाला बढेको छ। अर्थात्, प्रचण्ड, कर्म र केकीको करिअरका लागि लभ साशाको व्यापार र प्रतिक्रिया अर्थपूर्ण छ। त्यसमाथि यो फिल्ममा प्रचण्ड निर्देशक अनि कर्म र केकी कलाकार मात्र होइनन्, तीनै जनाको पनि सेयर छ। डर त होला नि ? यो प्रश्न उनीहरूलाई छुट्टाछुट्टै गरिएको थियो तर उत्तरको सार उस्तै थियो, 'नर्भस पनि छौं, एक्साइटेड पनि। तर हामीले इमानदार र मिहिनेत गरेर काम गरेका छौं। त्यसैले अडियन्सको ताली वा गाली जे पाए पनि हामीलाई स्वीकार्य छ।'

#क्याफे

लामाको चुलो



सुरज कुँवर
facebook.com\1stnepali

तस्विरहरू : हेमन्त श्रेष्ठ



नमेनु छ। न त वाईफाई। भित्र पस्नेबित्तिकै रेस्टुरेन्ट वा क्याफे जस्तो नि लाग्दैन। सामुदायिक स्कुलका जस्तै बेन्च र चारखुट्टे टेबल छन्। वेटर अर्डर टिप्न नि आउँदैनन्। भान्साभित्र तामाङ लुक्स भएका महिला डेक्चीमा भात पकाउँदै देखिन्छन्। कुकरमा दालको सिट्ठी लाग्दैछ। बाहिर टेबलमा हात धोएर बसेकाले अर्डर टिपाएको सुनिन्छ, 'ल दुई ठाउँमा खाना लगाइहाल्नुहोस् हतार छ। काममा फर्किहाल्नुपर्ने छ।'

यस्तो दृश्य संवाद प्रायः हरेक दिन विहानको खाना खाने समयमा एयरपोर्ट अघिल्तिरको लामा भान्साघरमा देखिन्छ। १० वर्षअघि यो भान्साघर जस्तो थियो, अहिले पनि त्यस्तै छ। १० लाखभन्दा कम लगानीमा थालिएको यो हेर्दा सामान्य भान्साघर हो। तर, यहाँ खान आइपुग्ने ग्राहकचाहिँ अचम्मै छन्। 'हेलिकप्टरका साहु, जहाजका मालिक, सञ्चालक, पाइलट, एयरलाइन्स, अध्यागमनका कर्मचारीलगायत यहाँ पाक्ने नेपाली खानाका पारखी हुन्,' सञ्चालक बीआर लामा भन्छन्। ती अतिथि यहाँ स्टिलको थालीमा गाउँले पारामा पस्किने खानाको स्वाद लिन चुक्दैनन्। तपाईं नि भोकले व्याकुल भएर नेपाली खाना टेस्ट गर्न पुगिहाल्नुभयो भने कि त खाली टेबल नपाइएला, पाइए भात सकिएको अवस्था पनि हुन सक्ला। तर भान्साघरकी सञ्चालिका मती लामाले भोकले दोब्रिएको तपाईंको पेटका लागि गुन्द्रुकको अचार, गाउँको चामलको भात, अकबरे खुर्सानीको अचार, घिउ, मोही केहीबेरमै पस्केर ल्याइदिन्छिन्। 'हाम्रो विशेषता भनेकै नेपाली टेस्ट मात्रै हो,' सञ्चालक लामाले भने।

बीआरलाई यो पसल सञ्चालनमा दिदीबहिनी उषा, निशा र मनीषा अनि भाइ सानुरामले साथ दिएका छन्। यहाँ नेपाली खाना र भुटन मात्रै पाइन्छ।

तामाङ पृष्ठभूमिबाट आएको भए पनि नेपाली खानामा मात्रै आफ्नो परिवारले ४० वर्ष बिताइसकेको बीआरले बताए। 'भान्साघर भनेका छौं, तर यहाँ न ढिँडो पाक्छ न त अन्य तामाङ परिकार। हामी दालभातमै मात्र केन्द्रित भयौं/छौं,' रामेछाप थातथलो भएका बीआरले भने।

खासमा यो पेसा उनका ठूलाबा गणेशले सुरु गरेका हुन्। ०३४ सालमा गणेशले सिनामंगलमा कुखुराको मासु, भटमास आदि खाजा बनाउन सुरु गरे। त्यसबेला कालो कोट लगाउने भन्सारका सुब्बासापहरूको खाजा खाने अड्डाका रूपमा त्यो पसल चल्यो। तिनै कालो कोट लगाउनेहरूले नै भनेपछि गणेशले खाना बनाउन पनि सुरुवात गरे। 'गाउँमा ढिँडो र गुन्द्रुकले मात्रै नपुग्ने भएपछि उबेला दौंतरीहरूको लहलहैमा लागेर बनारस पुगेको थिएँ, त्यहीं पुगेपछि दालभात देखें। होटलमा काम गरें। त्यतै सिकेको सीपलाई यता काठमाडौं फर्केपछि उतारें,' ७४ वर्षले भने। त्यसबेला सिनामंगल खुबै चल्तीको बजार थियो। भन्सारमा माल छुट्टाउन आउनेहरू सिनामंगलमा खोलिएका फेमस होटलसम्म पुग्थे। आधुनिक खाजा अन्तर्गत चाउचाउको जमाना थियो। सादा खाना र स्पेसल खाना खुबै चल्तीमा थिए। गणेश पुराना दिन सम्झँदै भन्छन्, 'त्यसबेला म ११ रुपैयाँ मासिक तलबमा इन्डियन एयरलाइन्सको लोडर भई काम गरिरहेको थिएँ, जब होटल चलाउन थालें, यताको कमाइले आकर्षित गरेपछि जागिर छाडें, दालभात बिक्री गर्न थालें, यो क्रमलाई मेरा सन्तानहरूले पनि निरन्तरता दिइरहेका छन्। भान्साघरले दैनिक १ सय ५० जनालाई खाना खुवाउन सक्छ।



योङ कन्जरभेसनिस्ट



मनोज पौडेल
twitter : raipurashiva

उनको सानैदेखि नेचर र वाइल्डलाइफमा रुचि थियो। अहिले त्यसैलाई राम्ररी जान्न-बुझ्न पाउँदा खुसी छिन् र भविष्यसमेत यसैमा खोज्ने सोचमा छिन्। किम्स कलेज काठमाडौंबाट वातावरण व्यवस्थापनमा स्नातक सक्न लागेकी २२ वर्षीया आस्था जोशी भन्छिन्, 'रुचिकै क्षेत्रमा अवसरको राम्रो सम्भावना देखें, त्यसैले अब दोधारमा नपरी नेचर र वाइल्डलाइफ प्रोफेसन बनाउँछु।'

इलामका सञ्जयराज तामाङ आफूलाई चरा बढी मन पर्ने भएकाले चरा संरक्षणमै भविष्य खोज्ने बताए। वन विज्ञान अध्ययन संस्थान पोखरामा बीएस्सी (फरेस्ट्री) तेस्रो वर्ष दोस्रो सेमेस्टर पढ्दै छन् २२ वर्षे तामाङ। उनी पनि अब चरा पर्यटनलाई प्रोफेसन बनाउने रे।

काठमाडौंकी स्वेच्छा श्रेष्ठ वन्यजन्तुमै विज्ञता लिने बताउँछिन्। गोल्डेन गेट कलेजमा वातावरण विज्ञानमा स्नातकोत्तर दोस्रो सेमेस्टर पढ्दै गरेकी २४ वर्षीया श्रेष्ठले भनिन्, 'मैले पढ्दै गरेको विषय निकै लचिलो थियो जता पनि गएर काम गर्न सकिन्थ्यो। तर अब म वाइल्डलाइफ कन्जरभेसनलाई नै प्रोफेसन बनाउने निर्णयमा पुगेको छु।'

जोशी, तामाङ र श्रेष्ठ जस्तै अहिले ११ योङ कन्जरभेसनिस्ट नेचर र वाइल्डलाइफमा भविष्य खोज्न लागेका छन्। उनीहरूले 'प्रकृतिका साथीहरू' नामक संस्थाले दिएको ३ साताको प्रशिक्षणमा एकआपसलाई भेटी छलफल गर्ने मौका पाए।

काठमाडौंमा एक साताको सैद्धान्तिक ज्ञान लिएपछि व्यावहारिक ज्ञानका लागि उनीहरू नवलपरासीको अमलटारी मध्यवर्ती क्षेत्र र कपिलवस्तुको जगदीशपुर ताल आएका थिए।

जुलोजी, वन, वातावरण र भेटरिनरीमा स्नातक र स्नातकोत्तर अध्ययनरत ८८ प्रतिस्पर्धीबाट ११ युवायुवती प्रशिक्षणका लागि छानिएका थिए। उनीहरूलाई वन्यजन्तु, उनीहरूको आहार विहार, सर्प, भ्यागुता, चरा, पुतली तथा मानव र वन्यजन्तुबीचको सम्बन्ध बारे ज्ञान दिइएको थियो। दिसा (लेड) बाट कुन वन्यजन्तुको हो भनेर कसरी थाहा पाउने भन्नेबारेमा पनि जानकारी दिइएको थियो। वन्यजन्तुको क्यामरा ट्रयाप, जीपीएस, चरा गणना विधि, अनुसन्धान र विश्लेषण विधिका बारेमा विशेष प्रशिक्षण दिइयो।

नवलपरासीको अमलटारी मध्यवर्ती क्षेत्रको जंगलमै लगेर उनीलाई बाघ, गैंडा, हात्ती र चितुवा गणनाबारे जानकारी दिइयो। त्यस्तै चराको स्वर्ग मानिने जगदीशपुर तालमा चरा अवलोकन र गणनाबारे सिकाइयो।

'संरक्षण क्षेत्रमा जनशक्तिको निकै अभाव छ,' 'प्रकृतिका साथीहरू' का कार्यकारी निर्देशक राजु आचार्यले भने, 'पुराना विज्ञ र युवा संरक्षणकर्मीको बीचमा ठूलो ग्याप छ। त्यसैलाई पूर्ति गर्न अभियान चलाएका हौं।'

मनोज



नयाँ स्वादको सुरुवात



विजय तिमल्सिना
bjtimalsina@gmail.com

अमेरिकाको लस भेगासमा हरेक अंग्रेजी वर्षको पहिलो महिनामा हुने प्रविधि प्रदर्शनी ठूलादेखि साना कम्पनी र व्यक्तिका लागि आफ्नो प्रडक्ट सार्वजनिक गर्ने महत्त्वपूर्ण थलो हुने गर्छ। मेलाले वर्षभरि सार्वजनिक हुन सक्ने महत्त्वपूर्ण 'टेक प्रडक्ड' को अनुमान पनि दिन्छ। यस्ता मेलामा प्रायःजसो ठूला कम्पनीकै वर्चस्व हुने भए पनि हरेक वर्ष केही साना कम्पनीका साना प्रडक्ट पनि महत्त्वपूर्ण हुने गर्छन्।

प्रविधि क्षेत्रमा चासो राख्नेका लागि हरेक नयाँ वर्षको पहिलो साता विशेष हुने गर्छ। अंग्रेजी नयाँ वर्षको पहिलो साता अमेरिकाको लस भेगासमा हुने कन्ज्युमर इलेक्ट्रोनिक्स शो यस्तो मेला हो जसले प्रविधिमा रुचि देखाउनेका लागि ध्यान तान्ने गर्छ। यो वर्ष जनवरी ५-८ सम्म तीन दिन यो मेलाले ध्यान खिच्यो।

ठूला कम्पनीले आफ्नो आगामी प्रविधिका बारेमा जानकारी दिने, सार्वजनिक गर्ने र साना कम्पनीहरूले पनि आफूले गरेको उपलब्धि सार्वजनिक गर्ने थलोका रूपमा यो मेलालाई हेर्ने गरिन्छ। अघिल्लो वर्ष यो मेलामा सबैभन्दा बढी चर्चा गरिएको भर्चुअल रियालिटी वर्षभरि समाचारको हेडलाइन बनिरह्यो।

यो वर्ष भने मेलामा आर्टिफिसियल इन्टेलिजेन्सको चर्चा धेरै भयो। अमजेनको एलेक्सा, माइक्रोसफ्टको कर्टाना, गुगल असिस्टेन्टजस्ता आर्टिफिसियल इन्टेलिजेन्स सपोर्ट विभिन्न डिभाइसहरू मेलामा सार्वजनिक भए। त्योबाहेक, यो मेला रोबोटका कारण पनि चर्चित बन्यो। लुगा पट्याउन सक्ने रोबोट होस् वा परिवारका सदस्यको आनीबानी बुझी सोहीअनुसारको क्रियाकलाप गर्न सक्ने रोबोटहरू आगन्तुकका लागि आकर्षण बने।

यो वर्ष पनि मेलामा केही यस्ता साना इन्नोभेसनहरू छन् जसले प्रविधि र दैनिक जीवनलाई जोड्न सघाउनेछ। फ्रान्सेली कम्पनीले बनाएको स्मार्ट स्कार्फ यस्तै एउटा उदाहरण हो। स्कार्फमा राखिएको मास्कलाई प्रयोगकर्ताले प्रदूषण बढी भएका बेला प्रयोग गर्न सक्छन्। साथै, स्कार्फसँग कनेन्ट गर्न सकिने एपले प्रयोगकर्तालाई तत्काल प्रदूषणको मात्राबारे जानकारी दिनेछ।



एजेन्सी

अघिल्लो वर्षभरि माइक्रोसफ्टको कर्टाना, अमेजन एलेक्सा, गुगल असिस्टेन्ट र एप्पलको सिरीको चर्चा भए। यी भर्चुअल असिस्टेन्टहरू प्रयोगकर्ताले आवाजले दिएको निर्देशन पालना गर्नका लागि लोकप्रिय भएका थिए। यो वर्षको मेलामा पनि यी कुराहरू प्राथमिकतामा छन्।

स्मार्टफोनले तापक्रम नियन्त्रण गर्न सकिने जुत्ता पनि यो वर्ष मेलाको आकर्षण बनेको छ। डिजिसोलले बनाएको यो जुत्तामा प्रयोगकर्ताले स्मार्टफोनको सहायतामा तापक्रम नियन्त्रण गर्न सक्नेछन्। ट्राभल एक्सेसरी बिक्री गर्ने अमेरिकी कम्पनी बिब्लीबले बनाएको लगेज कभर पनि मेलाको आकर्षण बनेको छ। जसलाई प्रयोगकर्ताले स्मार्टफोन एपको सहायतामा ट्रयाक गर्न सक्छन् र एयरपोर्टसहित अन्य स्थानबाट आफ्नो लगेज हराए थाहा पाउन सक्छन्। बरोबर यात्रा गर्नेहरूका लागि यस्तो कभर प्रभावकारी हुन सक्छ।

मेलामा रोयल मुनले सार्वजनिक गरेको पोर्टेबल बिग स्क्रिन पनि प्रयोगकर्ताको आकर्षण भएको छ। भर्चुअल रियालिटी डिभाइसजस्तो देखिने यो डिभाइस प्रयोगकर्ताले स्मार्टफोनबाट गेम खेल्न र भिडियो हेर्नका लागि प्रयोग गर्न सक्छन्, त्यो पनि आइम्याक्समा बसेको अनुभव गर्ने गरी। यसले टीभी, फोन र ल्यापटपबाट पनि टुडी र थ्रीडी कन्टेन्ट प्ले सपोर्ट गर्न सक्छ।

ओरो साउन्डले मेलामा सार्वजनिक गरेको सेलेक्टिभ हेयरिङ पनि मेलामा उपलब्ध नयाँ डिभाइस हो। जसले प्रयोगकर्तालाई अनावश्यक हल्ला नियन्त्रण गरी सुन्न चाहेको आवाज मात्रै सुन्न सहयोग गर्न सक्छ। यो सानो डिभाइसमा आठ वटा माइक्रोफोन र थुप्रै स्पिकर जडान गरिएको कम्पनीको दावी छ जसले प्रयोगकर्तालाई चाहेको आवाज मात्रै सुन्न सघाउनेछ।

अघिल्लो वर्षभरि माइक्रोसफ्टको कर्टाना, अमेजन एलेक्सा, गुगल असिस्टेन्ट र एप्पलको सिरीको चर्चा भए। यी भर्चुअल असिस्टेन्टहरू प्रयोगकर्ताले आवाजले दिएको निर्देशन पालना गर्नका लागि लोकप्रिय भएका थिए। यो वर्षको मेलामा पनि यी कुराहरू प्राथमिकतामा छन्। प्रयोगकर्ताले आवाजमार्फत दिएको निर्देशनअनुसार काम गर्न सक्ने थुप्रै स्पिकर र डिभाइसहरू यो वर्षको प्रदर्शनीमा राखिएका छन्। यीमध्ये केही डिभाइसहरूले गुगल असिस्टेन्ट, अमेजनको एलेक्साजस्ता भर्चुअल असिस्टेन्ट सपोर्ट गर्नेछन्।

अर्को महिना मोबाइल वर्ल्ड कंग्रेस हुने भएकाले मोबाइल उत्पादकहरूका लागि भने कन्ज्युमर इलेक्ट्रोनिक्स शो खासै महत्त्वको हुँदैन। तर, यो वर्ष ठूला ब्रान्डले प्रदर्शन गरेको टेलिभिजन डिस्प्ले आकर्षणका केन्द्र बनेका छन्। यसमा पानासोनिक, एलजी, सोनी र सामसुङ अगाडि छन्। सामसुङले आफूले अघिल्लो वर्ष सार्वजनिक गरेको दोबार्न मिल्ने स्क्रिनसहितको स्मार्टफोन अबको दुई वर्षभित्र सार्वजनिक गर्ने योजना सार्वजनिक गरिसकेको छ।

-एजेन्सीको सहयोगमा

हेलो टेक

भिडियोमा अटो क्याप्सन

फेसबुकले पेजका लागि नयाँ फिचर सुरु गरेको छ। यद्यपि यो अहिले अमेरिकाका केही पेजका लागि मात्रै सीमित छ। अटो सब टाइटल नाम दिइएको फिचरले पेजमा अपलोड गरिएका अंग्रेजी भाषाका भिडियोका लागि स्वतः सब टाइटल देखाउनेछ र पेज इडिटरहरूले यसलाई सच्याउन मिल्नेछ।

यो फिचर सुरु भएका पेजका प्रयोगकर्ताका अनुसार स्वचालित रूपमा लेखिएको सबटाइटलमा गल्ती हुने सम्भावना धेरै छन्। पेज एडिटरले यसलाई सच्याउनुपर्ने हुन्छ।

फेसबुकले आजभन्दा तीन वर्षअघि भिडियो अपलोड सुविधा सुरु गरेको थियो। फेसबुक न्युजफिडमा म्युट भिडियो देखिन्छ। न्युजफिड स्क्रोल गर्दा अनावश्यक भिडियोको आवाज सुन्न नपरोस् भन्नका लागि यस्तो उपाय लगाइएको थियो।

अटो सबटाइटल सुविधाले भने प्रयोगकर्तालाई आवाजबिना पनि भिडियोको कन्टेन्ट बुझ्ने सुविधा दिनेछ। यो अमेरिका बाहिरको पेजमा कहिले सुरु हुनेछ र अन्य भाषाको भिडियोका लागि यो सुविधा हुनेछ कि छैन फेसबुकले खुलाएको छैन।

एलजीको पातलो टीभी

एजेन्सी



स्क्रिन टेक्नोलोजीमा ध्यान दिइरहेको एलजीले सम्भवतः संसारकै पातलो टेलिभिजन सार्वजनिक गरेको छ। अमेरिकाको लस भेगासमा भएको कन्ज्युमर इलेक्ट्रोनिक्स शोमा कम्पनीले ओलेड टीभी सार्वजनिक गरेको हो जसका मोटाइ जम्मा तीन दशमलव ८५ मिलिमिटर अर्थात् शून्य दशमलव १५ इन्च मात्र छ।

कम्पनीको अनुसार यसको तौल १८ पाउन्ड मात्र छ। यो ७७ इन्चको चौडाइ र २७ इन्च उचाइको साइजमा छ। यसको तौल ३२ इन्चको धेरै एलसीडीभन्दा कम छ। यसको पछाडि प्रयोग गरिएको म्याग्नेटले टीभीलाई भित्तामा टाँसिन सघाउनेछ भने माथिल्लो भागमा झुन्ड्याउने अप्सन रहने कम्पनीले जनाएको छ। एलसीले यो टीभीलाई यही मार्चदेखि बजारमा पठाउने भएको छ।

बहुउपयोगी प्रोजेक्टर

अहिले प्रयोगमा भइरहेका प्रोजेक्टरको प्रयोगमा सीमितता र बोक्नका लागि भन्झटिलो छन्। तर, सोनी एक्सपेरियाले नयाँ प्रोजेक्टर सार्वजनिक गरेको छ जसको आकार मोबाइल फोनभन्दा केही ठूलो मात्र छ र प्रयोजन धेरै।

सोनी एक्सपेरियाले लस भेगासमा भएको कन्ज्युमर इलेक्ट्रोनिक्स शोमा सार्वजनिक गरेको प्रोजेक्टरले भित्तामा ८० इन्चसम्मको भर्चुअल स्क्रिन देखाउन सक्छ। साथै, प्रयोगकर्ताले यसबाहेकको काममा पनि यसलाई प्रयोग गर्न सक्छन्। यसलाई भर्चुअल स्क्रिनका रूपमा पनि प्रयोग गर्न सकिन्छ। यसले भित्तामा बनाएको स्क्रिनमा प्रयोगकर्ताले टाइम गर्न सक्छन्।

इन्टरनेट चलाउने, गीत र भिडियो बजाउने, गेम खेल्ने, भिडियो च्याट गर्ने, गुगल भ्वाइस सर्च गर्नेलगायतको काममा यसलाई प्रयोग गर्न सकिने कम्पनीको दावी छ। कम्पनीले यसलाई प्रडक्टका रूपमा केही महिनामै बजार पठाउँदै छ।

युथ स्टेसन

युवाको जमघट गर्ने लोभलाग्दो थलो बनेको छ युवालय

तस्बिरहरू : अंगद ढकाल



सोसल वर्कका विद्यार्थी एउटा स्माइली प्रोजेक्ट लिएर युवालय पुगे। प्रोजेक्ट थियो 'स्टप कम्प्लेनिङ, स्टार्ट वर्किङ'। उनीहरूले आफूहरूमा पाएको खुस लागू पनि गरिका छन्।

जगदीश्वर पाण्डे
jagdishkun@gmail.com



जाडोमा तातो कफी पिउँदै साथीहरूसँग गफिनुको मजा कसलाई पो हुन्न र। त्यही ठाउँमा किताब पढ्न, इन्टरनेट चलाउन पाइए झन् कति मजा !

गत वर्षयता १६ देखि ३० वर्षसम्मका विभिन्न तहमा पढ्ने, अनेक काम गर्ने युवाको जक्सन हो युवालय। युवाहरूको चाहना के हुन्, उनीहरूका समस्या के हुन्, के पढ्न, जान्न, सिक्न, पिउन मन पराउँछन्, कहाँ बस्न रुचाउँछन् भनेर राम्रै रिसर्च गरी २०१५ को मार्चबाट खोलिएको युवालय यतिबेला निकै चर्चित छ। युथ एक्सन नेपालको टोलीले सन् २००९ मा स्वीडेनको लुन्ड सहरमा युथ स्टेसन देखेपछि नेपाल आएर त्यसैलाई रेप्लिकेट गरेको हो।

युवालयमा क्याफे, लाइब्रेरी, कम्प्युटर रुम, इन्टरएक्सन रुम र सिटिङ रुम छन्। ती सबै ठाउँमा युवा खचाखच थिए। हेर्दा लाग्थ्यो, तन्नेरी सम्मेलन चल्दैछ।

युवालयले युवालाई शारीरिक, मानसिकका साथै करिअरसम्बन्धी उपयोगी जानकारी दिन सम्बन्धित क्षेत्रका विशेषज्ञहरूलाई समेत बोलाउने रहेछ। युवालयका सञ्चालक तथा युथ एक्सन नेपालका अध्यक्ष लक्ष्मी निरौलाका अनुसार विभिन्न कार्यक्रममा स्वयंसेवकका रूपमा युवालाई पठाउने समेत गरिएको छ।

पोखराकी २३ वर्षीया प्रतिभा बास्तोला बानेश्वरमा बस्छिन्। पोखरा विश्वविद्यालयबाट बीएस्सी इनभार्मेन्ट साइन्स एन्ड म्यानेजमेन्ट सकेकी उनको इच्छा अब एक वर्ष सोसल वर्कमै बिताउनेछ। पढ्नमा तेज भएकै कारण उनले फुल स्कलरसिपमा बीएस्सी पूरा गरिन्। तर उनको समस्या सोसलाइजेसनमा थियो। तर जब दुई महिनाअघि उनी युवालयमा आइन्, उनको शैली नै परिवर्तन भयो। 'पहिले कोठाबाट कलेज जाने र त्यहाँबाट फर्केर कोठामै फर्कने हुन्थ्यो। पढ्नेमात्र हुन्थ्यो। अहिले यहाँ आएपछि मेरो आत्मविश्वास नै बढेको छ,' स्वतन्त्र शैलीमा उनले भनिन्, 'यहाँ हरेक सातामा हुने विभिन्न कार्यक्रममा सहभागी हुन मन पर्छ।'

सेन्ट जेभियरका विद्यार्थीद्वय आदेश भट्टराई र श्वेता आचार्य पनि युवालयमा एक वर्षअघि पुगे, साथी प्रिया कार्कीको साथमा। सोसल वर्कका विद्यार्थी तीनै जना मिलेर एउटा प्रोजेक्ट नै बनाएर ल्याएका थिए। प्रोजेक्टको नाम छ- 'स्टप कम्प्लेनिङ, स्टार्ट वर्किङ अर्थात् गुनासो छाड र काम थाल।' उनीहरूको जोसिलो प्रोजेक्टलाई लिएर युवालयका सबैले प्रशंसा गरे। 'बाटोमा फोहोर देखे भने किन टिपेर फाल्दैनन् र गुनासो गर्छन्,' भक्तपुरका २१ वर्षे आदेश भन्छन्, 'त्यसो गर्नुको साटो त आफैंले काम गरे भइहाल्थ्यो नि।'

लामो कपाल, पातलो दाह्री र जुंगे लुक्सका आदेश योगा गुरु पनि हुन्। युवालयमा आएपछि प्रोत्साहन पाएको मान्छन् उनी। 'आफ्ना कुरा राख्न पायौं। अन्यको सुन्यौं। त्यसले धेरै मद्दत गऱ्यो,' उनको निचोड थियो।

भ्याप्प दाह्री पालेका सुनीलकुमार शर्मा आफ्नो नागरिकताको नाम भन्दा 'शर्मा जी' भनेर चिनिन रुचाउँछन्। एक वर्षअघि जनवरीमै उनले एक मित्रबाट थाहा पाए, युवालयमा लेखक अमर न्यौपाने जाँदैछन् भनेर। त्यसपछि के चाहियो र ? उनी खुरुखुरु अमरको अन्तरक्रिया कार्यक्रममा सहभागी हुन पुगे। 'लेखनका बारेमा सोध्न चाहेको सोधे र उत्तर पनि पाएँ,' उनले सम्झिए, 'ज्यादै खुसी लागेको थियो।' त्यसपछि उनी यहाँको नियमित भिजिटर भए। पूठानका शर्मा कालोपुलमा बस्छन् र अहिले शंकरदेव क्याम्पसमा फाइनान्समा मास्टरको थेसिस गर्ने तयारीमा छन्।










FRIDAY फेस



मीठो मुस्कान
गायकद्वय बद्री पंगेनी र प्रमोद खरेल धादिङमा ।
-हरिहरसिंह राठौर



दुई पुस्ता
अभिनेत्री रेखा थापा आफ्नी आमासँग काठमाडौंमा ।
-अंगद ढकाल



भोक मीठो
अभिनेत्री ऋचा शर्मा होटल याक एन्ड यतीमा ।
-कौशल अधिकारी



शान्तिको वृक्षरोपण
चिनियाँ बुद्धिस्ट एसोसिएसन अध्यक्ष स्वे चाङ र उपाध्यक्ष मास्टर इन सुन लुम्बिनीको चिनियाँ विहारमा ।
-मनोज पौडेल

पुराना साथी
साहित्यकारद्वय रोचक घिमिरे र नरेन्द्रराज शर्मा मन्थलीमा ।
-गणेश राई



मेरो अर्को रूप
पूर्व कृषिमन्त्री छविलाल विश्वकर्मा पुतलीसडकमा ।
-मधु शाही



हामी साथी
नीलम चन्द र शुभेच्छा खड्का दरबारमार्गमा ।
-महेश प्रधान



